३१५
भक्तपुर मासिक
Bhaktapur Monthly
कार्तिक २०७९
ISSN 2705-4454



# भक्तपुर नपाको सेवा प्रवाह एवम असल अभ्यासहरूको अध्ययन गर्न आएको पाकिस्तानी प्रतिनिधिमण्डल


- नेमकिपाको घोषणापत्र २०७९ (सारसङ्क्षेपमा)
- भक्तपुर आफैं एक राजनैतिक विश्वविद्यालय
- शासक दलहरूबीच गठबन्धन : विचारशून्य राजनीति
- स्वास्थ्य क्षेत्र निजीकरणले जनताले दुख पाउँदैछन्
- १५ लाखमै डाक्टर !
- श्रीतलेजुभवानीको था पूजाहरू
- चिकपा महासचिव सी चिङफिङलाई अध्यक्ष बिजुक्छेँको बधाई सन्देश
- भक्तपुरका उम्मेदवारहरू
- सम्पदा सहरको सपना
- भक्तपुर नपाका गतिविधिहरू




पुरानै स्वरूपमा पुन:निर्माणाधिन इन्द्रायणी द्य:छेँ

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित


☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६
website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality



BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#(★cÆ !@★g];#!$#★lj-;#@)&(sflt§★A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘युद्धको लागि तयार सेनासँग भन्दा पनि बैंकिङ्ग संस्थासँग डराउनुपर्छ ।’– थोमस जेफर्सन

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नेमकिपाको घोषणापत्र २०७९ सार्वजनिक | – | ३ |
| २) | नेमकिपाको घोषणापत्र २०७९ (सारसङ्क्षेपमा) | – | ४ |
| ३) | भक्तपुर आफै एक राजनैतिक विश्वविद्यालय | प्रधान | ६ |
| ४) | शासक दलहरूबीच गठबन्धन : विचारशून्य राजनीति | विवेक | ८ |
| ५) | स्वास्थ्य क्षेत्र निजीकरणले जनताले दुख पाउँदैछन् | सुनिल प्रजापति, प्रमुख | १० |
| ६) | डेंगु सम्बन्धी फिलिपिन्सको अनुभव आज उपयोगी भएको अनुभव गर्दैछु | डा. अमर प्रजापति | १२ |
| ७) | १५ लाखमै डाक्टर ! | हरिहर तिमिल्सिना | १३ |
| ८) | रु. १५ लाखमा डाक्टर बनाउने उद्देश्यमा सरकार किन बाधक ? | – | १५ |
| ९) | श्रीतलेजुभवानीको था पूजाहरू | ओम धौभडेल | १६ |
| १०) | विश्वविद्यालय र कलेजहरूसमेत गुप्त प्रहरी ? | – | २१ |
| ११) | सय वर्षपछिको भक्तपुर (५) | नारायणमान बिजुक्छेँ | २२ |
| १२) | समालोचनाया सिद्धान्त (८) | प्रो.माणिकलाल श्रेष्ठ | २७ |
| १३) | चिकपा केन्द्रीय समितिको महासचिवमा सि चिनफिङ पुनः निर्वाचित | – | २९ |
| १४) | चिकपा महासचिव सी चिनफिङलाई अध्यक्ष बिजुक्छेँको बधाई सन्देश | – | ३० |
| १५) | वाङमय शताब्दीपुरुष सत्यमोहन जोशीको निधन | – | ३१ |
| १६) | नेमकिपाका भक्तपुरमा उम्मेदवारहरू | – | ३२ |
| १७) | भक्तपुरको प्राचीन, मध्य र आधुनिककाल | न्हुछेरत्न बुद्धाचार्य | ३५ |
| १८) | जनप्रतिनिधिले सबै खाले समस्यासँग जुध्नु पर्दछ | कुशल | ३८ |
| १९) | सम्पदा सहरको सपना | गोकर्ण गौतम | ४१ |
| २०) | हाम्रो प्यारो भक्तपुर | ममता सुवेदी | ४४ |
| २१) | फोहोरको उचित व्यवस्थापनसहित समृद्ध राष्ट्र बनाऔँ | सत्यराम कासिछ्वा | ४५ |
| २२) | खेलाडी तथा प्रशिक्षक आशराम सुवाल | राजकुमार लघु | ४६ |
| २३) | बयालीसौँ नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न | – | ४८ |
| २४) | भाषा र संस्कृति, हाम्रो अमूल्य निधि | सुन्दर राजचल | ५६ |
| २५) | नपाका प्रमुख उपप्रमुखहरू | – | ५८ |
| २६) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ६० |
| २७) | अनुभवको आदान-प्रदान | – | ७० |
| २८) | ‘जनप्रतिनिधिहरूको भ्रमणहरूको आदानप्रदानले दुई देशको मित्रतालाई अगाडि बढाउनेछ’ | सुनिल प्रजापति | ७२ |
| २९) | ‘भक्तपुर नपाको सेवा प्रवाहदेखि प्रभावित छौं’ | शाहीद अली, प्रमुख | ७३ |
| ३०) | भक्तपुर नपा गतिविधि | – | ७४ |
| ३१) | विविध समाचार | – | ८४ |
| ३२) | आफ्नो भाग्यरेखा आफै कोर्ने अवसर (सम्पादकको पृष्ठ) | – | १०४ |


**साथमा**


बसिबियाँलो-७⁄ संक्षेपमा-९७⁄ Khwopa Hospital Bhadra Report 2079-99/ असोज महिनाको पर्यटक तथ्याङ्क-१००⁄ विश्वमा कोभिड-१९ को स्थिति-१०१⁄ हाम्रो स्वास्थ्य-१०३⁄ थाहा पाइराखौँ-१०३⁄ रंगीनपृष्ठ - क देखि घ

# नेमकिपाको जोड देशको सीमा र सार्वभौमिकता रक्षामा

## नेमकिपाको घोषणापत्र २०७९ सार्वजनिक




मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनको लागि नेपाल मजदुर किसान पार्टीले कार्तिक ८ गते चुनावी घोषणापत्र सार्वजनिक गऱ्यो । काठमाडौँमा आयोजित पत्रकार सम्मेलनबीच पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले घोषणा पत्र सार्वजनिक गर्नुभएको हो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले शासक दलहरूको आफ्ना कमी कमजोरीबारे जनताबीच छलफल नहोस् भनी चुनावी घोषणापत्र सार्वजनिक नभएको बताउनुभयो ।

'शासक दलको घोषणापत्र सार्वजनिक भएपछि तिनको आलोचनामा नेमकिपाले घोषणापत्र सार्वजनिक गर्ने सोच थियो । तर, उनीहरूले घोषणापत्र सार्वजनिक गर्न विलम्ब गरेपछि नेमकिपाले निर्वाचना घोषणापत्र सार्वजनिक गरेको हो । शासक दलहरूका घोषणापत्र सार्वजनिक भएपछि हामीले



तिनको आलोचनासहित जनतासमक्ष जानेछौँ', उहाँले भन्नुभयो ।

उहाँले चुनावलाई नेमकिपाले दुई चार मत बढाउनभन्दा अन्तर्राष्ट्रिय परिस्थितिबारे शासक दल र नेमकिपाको मतभिन्नता र देशलाई आजको अवस्थामा पुऱ्याउन कुन कुन शासक दल दोषी छन् भनी जनतासमक्ष बुझाउन जनताको घर घर जाने समयको रूपमा उपयोग गर्ने बताउनुभयो ।

नेमकिपाले प्राप्त गर्ने मतले देशमा क्रान्तिको परिस्थिति तयार भए नभएकोबारे सङ्केत गर्ने उल्लेख गर्नुहुँदै उहाँले संसारभर र नेपालमा पनि चुनावी मतले दक्षिणपन्थी विचारधारा बलियो बन्दै गएको धारणा राख्नुभयो ।

शासक दलहरूले बनाएका दुई चुनावी गठबन्धनबारे प्रस्ट मत राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले दुईमध्ये कुनै पनि गठबन्धनमा सामेल हुनु फोहोर पानीमा नुहाएर सफा हुन खोज्नुजस्तै असम्भव हुने बताउनुभयो ।

'दुई गठबन्धनमध्ये जुनसुकैमा सामेल हुनु एउटै कुरा हो', उहाँले भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले देशको विकास गर्न विदेशी पुँजी नभई नहुने धारणा गलत भएको भन्नुहुँदै राष्ट्रिय पुँजीको विकास गरे देशमा रोजगारीका अवसर बढ्नुका साथै कृषि र त्यसमा आधारित उद्योगको विकास हुने बताउनुभयो ।

पत्रकारहरूका विभिन्न जिज्ञासा मेट्ने क्रममा उहाँले संरा अमेरिकी युटा राज्यसँग नेपाल सरकारले एसपीपी सम्झौता गर्नु नेपालको सार्वभौमिकता अस्वीकार गर्नुहुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले नेमकिपाले देशको सीमा र सार्वभौमिकता रक्षामा जोड दिएको प्रस्ट पार्नुहुँदै नेमकिपाले आगामी संसद्मा पनि प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले सार्वजनिक घोषणापत्रको सारसङ्क्षेप प्रस्तुत गर्नुभएको थियो ।

# नेमकिपाको घोषणापत्र २०७९

**(सारसङ्क्षेपमा)**

## भूमिका

● निर्वाचन क्रान्तिको सङ्केत दिने एक 'ब्यारोमिटर' हो ।

● नेपाली जनताले नेपाल मजदुर किसान पार्टीको चुनाव चिह्न मादलमा छाप लगाई हाम्रा धेरै उम्मेदवारहरूलाई विजयी गराउनुभएमा नेपाल र नेपाली जनताको हितमा छिट्टै ठूलो परिवर्तन ल्याउन बाटो खुल्नेछ ।

## राष्ट्रिय परिस्थितिको सार सङ्क्षेप

● 'नागरिकता विधेयक' पारित नभएकै कारण नेपालमा भारतले अघोषित नाकाबन्दी गर्दै छ । नेपालमा रासायनिक मलको अभाव यसको एक ज्वलन्त उदाहरण हो ।

● देशघाती एमसीसी (नेपालमा अमेरिकी स्वार्थको लगानी एवम् सैन्य मोर्चा), एसपीपी (अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने सैन्य साझेदारी), अरुण-तेस्रो, सेती र कर्णाली नदी योजना र 'नागरिकता विधेयक' पारित गरेको शेरबहादुर देउवा नेतृत्वको नेका, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत गठबन्धन सरकार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको शिविरमा प्रवेश गर्दै छ । यसले सत्ता गठबन्धन दलहरू देश र जनताको विरोधमा भएको प्रस्ट देखायो ।

● प्रमुख प्रतिपक्ष एमाले पनि सडक र सदनमा सक्रिय भूमिका खेल्न तर्सेकोले देशको प्रतिगामी सरकारलाई मनपरी गर्न सहयोग पुगेको हो । केही स्थानको हार-जितको विषयमा एमालेको बढी ध्यान केन्द्रित हुनुको अर्थ उसले देशको हितमा नीतिगत सङ्घर्षमा ध्यान नदिनु र पुनः पुँजीवादी सत्ताको भागबन्डामा एमाले लाग्नु राजनीतिक रूपमा अशक्त साबित हुनु हो ।

● नेपाली काङ्ग्रेस नेतृत्वको गठबन्धन र एमाले नेतृत्वको गठबन्धन दुवै सारमा एउटै सिक्काका दुई पाटा हुन् भन्ने प्रस्ट छ । यी दुवै सिद्धान्तहीन

गठबन्धन पुँजीवादी सरकारको भागबन्डा गर्ने चाँजोपाँजो मात्र हो ।

● कृष्णप्रसाद भट्टराई नेतृत्वको नेपाली काङ्ग्रेसको सरकारको पालामा ज्यान सजाय खारेज गरिएकै कारण अपराध बढेको र शासक दलहरू राजनीतिको नाममा अपराधीकरणतर्फ लागेको हो ।

● नेपालीको सम्पत्ति र पुँजीलाई विदेशमा लान नपाउने ऐन–कानुन तत्काल बनाउन आवश्यक छ । ती पुँजीलाई देशकै विकासमा लगाउन राष्ट्रिय पुँजीपतिहरूलाई उत्साहित गर्नुपर्छ ।

● अपराधीहरूको पक्ष लिने र अपराधलाई प्रोत्साहन गर्ने राजनीतिक दल, सङ्घ–संस्था र व्यक्तिलाई समेत कानुन उल्लङ्घन गरेको अपराध मानी दण्ड–जरिवाना असुल उपर गराउन नयाँ विधेयक निर्माणमा नेमकिपाले सदन र सडकमा आवाज उठाउनेछ ।

## अन्तर्राष्ट्रिय परिस्थितिको सार सङ्क्षेप :

● कोभिड–१९ महामारी र संरा अमेरिकाको चीनविरुद्ध व्यापारयुद्ध सुरु भएपछि संसारको अर्थतन्त्रमा नकारात्मक असर पऱ्यो । संसारमा इन्धन र खाद्यान्न सङ्कट बढ्यो ।

● रुसबाट अलग्ग भएका राज्यहरूलाई 'नाटो' मा संलग्न नगराउने आफ्नो समझदारी र वचनबद्धतालाई पनि संरा अमेरिकाले निर्लज्जतापूर्वक घात गऱ्यो ।

● सन् २०१४ देखि युक्रेनले बहुमत रुसी बसोबास भएको डोनबास र लुहान्स्क गणतन्त्रमा आक्रमण गऱ्यो ।

● जर्जिया, अर्मेनिया, अजरबैजान, तुर्कमेनिस्तान, उज्वेकिस्तान, कजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तानलाई समेत 'नाटो' को सदस्य बनाएर मस्कोदेखि ब्लादिभोस्तकसम्मको रुसी महासङ्घलाई नाटोमा आबद्ध गराउने अमेरिका र 'नाटो' को षड्यन्त्र हो ।

● अमेरिकामा एकातिर राजनीतिक बन्दीहरूमाथिको अत्याचार बढ्दो छ भने अर्कोतिर धनी र गरिबको विभाजन झन्झन् फराकिलो हुँदै छ । अमेरिका आर्थिकरूपमा ऱ्हासोन्मुख अवस्थामा छ ।

● काश्मीर मामिला, श्रीलङ्काको आर्थिक सङ्कट, बङ्गलादेशको आर्थिक स्थिति र नेपालको राजनीतिक तथा आर्थिक समस्यामा भारतीय विदेश नीति नै जिम्मेवार छ ।

## संसद्‌मा हाम्रा प्रतिनिधिहरूको आवाज -

● काम पनि नगर्ने, ठेक्का पनि नछोडी देश र जनतालाई धोका दिने ठेकेदारहरूलाई कडाभन्दा कडा सजाय दिनुका साथै ठेक्काबाट वञ्चित गर्ने ऐन–कानुन संसद्‌बाट तर्जुमा गराउन संसद्‌मा हाम्रा प्रतिनिधिहरूले आवाज उठाउनु हुनेछ ।

● शिक्षासँग खेलकुद, कला, गीत–सङ्गीत र संस्कृतिसमेत जोडिएको हुँदा शिक्षाको बजेट बढेमा स्वास्थ्य सेवाको खर्च कम हुनेछ ।

● मल कारखाना खोल्ने, नहर र पानीपोखरीहरू बनाई सिँचाइको बन्दोवस्त गर्ने तथा कृषि विशेषज्ञ र किसानहरूको सल्लाहमा जिल्लाजिल्लामा कृषि विकासबारे योजना तत्काल सुरु गराउन सङ्घर्ष गर्नुहुनेछ ।

● नयाँ पुस्तालाई अङ्ग्रेजी वा विदेशी भाषा, गणित र विज्ञान विषयमा अब्बल बनाउनुका साथै नागरिकशास्त्र, अर्थशास्त्र, भूगोल, इतिहास, संस्कृति र राजनीतिशास्त्रको अध्ययनमा ध्यान दिन सबै विश्वविद्यालयलाई घच्घच्याउन एक शैक्षिक अभियान र सङ्घर्ष आवश्यक छ ।

● औषधी व्यवस्था विभागभित्रको जनविरोधी, भ्रष्टाचारी र भन्सार कार्यालयप्रवृत्ति र अन्य भेदभावको विरोधमा जनस्तरबाटै कारबाही गर्न जनतासँग आह्वान गर्न जरुरी छ ।

● डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मीहरूलाई सघन तालिम र अध्ययनपछि तत्काल आ–आफ्नो जिल्ला अस्पताल र दुर्गम स्थानमा खटाउने तथा सोअनुसार आर्थिक सहुलियत एवम् स्वास्थ्य सामग्री पनि उपलब्ध गराउन कडा नीति अवलम्बन गराउनु आवश्यक छ ।

● स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिइएको खण्डमा सङ्घीयताको आवश्यकता नरहेको नेमकिपाको अडान अहिले पनि स्पष्ट छ ।

● जनताको सांस्कृतिक स्तरको उचाइले गाउँ र सहरलाई आ–आफ्नो खुट्टामा उभिन बल प्रदान गर्नेछ । कम समयमै गाउँ र सहरको भेद हट्दै जाने कार्यमा योगदानको अनुभव गरिनेछ ।

# भक्तपुर आफैं एक राजनैतिक विश्वविद्यालय

प्रधान

साठी वर्ष अगाडिदेखि भक्तपुर नगर र जिल्लामा वैचारिक परिवर्तन देखापरेको आधार मानेमा फरक नपर्ला। भियतनाममा अमेरिकी साम्राज्यवादको आक्रमण भएको बेला थियो त्यो। साथै अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा संशोधनवादको विरोधमा ठूलो सैद्धान्तिक सङ्घर्ष भइरहेको थियो। त्यही बेला नेपालमा भूमिसुधारको घोषणा भएको थियो।

भक्तपुर नगरमा जोताहा किसानको रात्रि किसान कक्षा सञ्चालन भएको थियो। रात्रि कक्षामा साँवा अक्षर चिन्नु, पुँजीवादी क्रान्ति (बेलायती राज्य क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सेली राज्य क्रान्ति) तथा पेरिस कम्युन (कम्युनिस्ट क्रान्ति), रुसको बोल्शेविक क्रान्ति, कोरियाको मुक्ति युद्ध, चिनियाँ क्रान्ति, भियतनाम, लावस र कम्बोडियाको समाजवादी आक्रमणविरोधी सङ्घर्ष, क्युवाली क्रान्ति, भारतको नक्सलवादी आन्दोलन र भारतीय कम्युनिस्ट आन्दोलनमा संशोधनवादको प्रभावको बारेमा समेत कक्षा सञ्चालन हुन्थ्यो।

पाठ्यपुस्तकहरूको कमीको कारण पुँजीवादी समाचारपत्रहरूकै समाचार र छापेका छापाहरूबाटै काम चलाइन्थ्यो। किसान तथा विद्यार्थीलाई राजनैतिक कक्षा सञ्चालन गरिन्थ्यो।

२० वर्षपहिलेका किसान कार्यकर्ता नै भक्तपुरको नयाँ समाज निर्माणका मेरुदण्ड थिए। २० वर्षपछिका किसानका छोरा-छोरीहरू आज शिक्षक, प्राध्यापक, इन्जिनियर, डाक्टर, स्वास्थ्यकर्मी र देश-विदेशमा समेत विज्ञान र प्रविधि क्षेत्रमा कार्यरत छन्। यसको बाछिटा भक्तपुर नगर बाहिर देखिँदै छ- आ-आफ्नै सामाजिक परिवेशका कारण। अब नगरका शिक्षित युवाहरूमा दुई भागमा छुट्टिएको विश्लेषण गर्नु आवश्यक छ। पहिलो एक पक्षमा समाजको प्रगतिप्रति समर्पित र दोस्रो आफ्नै 'शुभ-लाभ' लाई प्राथमिकता दिने, चौकी छोड्ने, विश्वासघात गर्ने र पुँजीवादप्रति विश्वास गर्नेहरू अर्को पक्षमा छन्।

पुँजीवादी समाजमा 'शुभ-लाभ' नयाँ विषय होइन। दसैं र तिहारमा लक्ष्मीको पूजा गर्ने र पसल-पसलमा पहिले 'शुभ-लाभ' भनेर तेल मिसाइएकै सिंदुरे रङले पसलहरू सजाइन्थ्यो। त्यही पुँजीवादी र आत्म-केन्द्रित प्रवृत्ति निम्न-पुँजीवादी वर्गमा छ्यास्छ्यास्ती देखापर्‍यो। हरेक स-साना व्यापारी, साहु-महाजन, इँटाभट्टाका मालिक, ठेकेदार, घर-जग्गाका व्यापारी, ट्रक र बस व्यवसायीदेखि हवाईसेवालगायतका पुँजीपति वर्ग यही कित्तामा पर्छ। त्रिविका प्राध्यापक, निजी विश्वविद्यालय र खासगरी मेडिकल कलेजका सञ्चालक र यसका हिस्सेदारहरू यही कित्तामा पर्छन्। तिनीहरू जे गरेर हुन्छ, आर्थिकरूपले माथि उठ्न खोज्छन्। 'जे गरेर हुन्छ' भन्नुको अर्थ चाकडी-चुक्लीदेखि अनेक अपराध कर्म गरेर, दाजुभाइलाई समेत व्यापारको हिस्सा नदिएर वा राजनैतिक दलबदल गरी हत्याहिंसा र बेइमानीलाई पचाउन र जोगिन राज्ययन्त्रलाई प्रयोग गर्छन्। अध्ययनको नाममा विदेशमा पठाउने म्यानपावर कम्पनीहरू पनि यसै कित्तामा पर्छन्।

आफ्नो ज्यान जोगाउन वा पैसाको निम्ति अमेरिकी स्वतन्त्रता आन्दोलनमा केही सैनिक कमान्डरहरूले आफू खटिएको चौकी छोडेर बेलायती शत्रु सेनालाई बाटो छोडिदिएका थिए। यसरी, स्वतन्त्रता आन्दोलनलाई विश्वासघात गरिएको थियो। यसैलाई लडाइँमा 'चौकी छोड्नु' भनिन्छ। ती विश्वासघातीमध्ये केही शत्रुसँग मिल्न गए, केहीलाई ज्यान सजाय दिइयो। बेलायती घूस खोलेर हेर्दा केहीले नक्कली नोट भिडाइएको पाए।

दोस्रो विश्वयुद्धमा शत्रुलाई बाटो छोड्ने र भाग्नेहरूलाई सोभियत सङ्घमा आफ्नै साथी (सिपाहीहरू) ले गोली हानेर मार्थे।

समाजको विकास उत्थानको निम्ति समर्पित हुनुपर्नेमा केही कर्मचारीले विदेश पढ्न जाने र आफ्नो चरित्र निर्माणको नाममा शत्रुको दलाललाई पदमा राखेर जाने गर्छन्। केही स्कूल, विश्वविद्यालय, अस्पताल र प्रहरी-सेनाको सेवासमेत छोडेर विदेशको सेवा गर्न पुग्छन् र तिनीहरूबाटै विदेशीले आफ्नो स्वार्थको काम गर्न लगाउँछन्। नेपाल-अङ्ग्रेजको लडाइँको बेला यस्ता घटनाहरू भएका थिए। तिब्बत-अङ्ग्रेज युद्धमा कतिपय विश्वासघाती तिब्बती ठूला-बडाले कलकत्तामा गई देशको

विरोधमा हस्ताक्षर गरी देशलाई विश्वासघात गरे। बेलायती उपनिवेशवादको कारण आजसम्म पनि चीन-भारत सीमा विवाद बाँकी छ।

अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव नेपालमा पर्नु स्वाभाविक हो। शेरबहादुर देउवाको सरकार आएपछि एमसीसी सम्झौता संसद्बाट अनुमोदन गरियो। नागरिकता विधेयक पारित गरियो। युक्रेनको समर्थन गरियो। चीनसँगको घनिष्ठतामा खुकुलोपन देखिएको छ। यसबाट शासक दलहरूको 'गठबन्धन' प्रतिगामी र अमेरिका-भारत एसिया-प्रशान्त गठबन्धनकै सहयोगी हुने त होइन भन्ने प्रश्न गर्ने प्रशस्त सम्भावना देखिएको छ। 'सौताको रिसले पोइको नाक काट्ने' उखानअनुसार 'कम्युनिस्ट - समाजवादी माओवादीहरू' ले सानो स्वार्थको कारण ठूलो भड्खालोमा जाने तयारी त गर्दै छैनन् भनी ध्यान पुऱ्याउनुपर्ने देखिँदै छ।

माथिका सबै पृष्ठभूमिलाई ध्यानमा राख्दा नेपाल मजदुर किसान पार्टीलाई जिल्ला-जिल्लामा 'समूल नष्ट' गर्ने उद्देश्यले 'पञ्चायतको बदला लिने' भित्री मनसाय राख्नेहरू आज त्रिविमा विराजमान छन्। तिनीहरूको हरेक गतिविधि र विचार प्रतिगामी छ भनी अड्कल काट्न ख्वप विश्वविद्यालयबारेको पक्षपाती नीतिले नै प्रस्ट छ। साथै जिल्लाजिल्लामा नेमकिपालाई शिक्षा क्षेत्रबाटै र शिक्षित भनिने कार्यकर्ताहरूलाई नै अन्तरध्वंशको गोटीको रूपमा प्रयोग गरेको जानकारहरूलाई प्रस्ट छ। 'प्राध्यापक' पद नै घूस र प्रतिगामी राजनीतिक 'ग्लुकोज' बनाइँदै छ। यस अर्थमा शिक्षा क्षेत्र आफै 'क्रान्तिका बारुद खाना' नभई प्रतिगामी कार्यकर्ता र 'एजेन्ट' तयार गर्ने कालकोठरी बन्दै छ।

दलालहरू भौतिक संरचनालाई क्षति पुऱ्याउन सक्छन् तर विचारको स्पष्टता र दृढतालाई कमजोर बनाउन सक्दैनन्। एमाले र एमाओवादी केन्द्रको कुन गुट ठीक कुन बेठीक भन्ने कुराको छिनोफानो समयले गर्नेछ, त्यसबेला नेमकिपालाई अन्तरध्वंश गरेर कुन वर्ग र शक्तिलाई मलजल गर्ने अपराध क-कसले गरे प्रस्ट हुँदै जानेछ। हो, जनताको आँखा दूरबीनसरह हुन्छ। ५-१० जनालाई 'एजेन्ट' बनाएर इतिहासको पाङग्रालाई मोड्न सकिन्न। आ-आफ्नो चौकी छोड्नेलाई एक दिन सजाय मिल्ने नै छ। समयमा आत्मआलोचना गर्नेहरू जोगिनेछन्। सुधारका विपक्षमा रहनेहरू परिवर्तनको बाढीबाट बगाउनेछन्- तिनीहरूलाई कुनै पनि पदधारी 'एजेन्ट' हरूले जोगाउन सक्ने छैनन्।

# बासिबियाँलो



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्



चित्रको माथि दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन्?

(चित्र : इन्टरनेट)

# शासक दलहरूबीच गठबन्धन : विचार शून्य राजनीति

विवेक

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकिँदै गर्दा जनतामा राजनीतिप्रति चासो बढ्दै छ। शासक दलहरूले प्रजातन्त्रको नाउँमा गरिरहेको स्वेच्छाचारी कामको परिणाम आज जनतामा राजनीतिप्रति नै वितृष्णा आएको छ। शासक दलहरूबीच गठबन्धन गरेर निर्वाचन लड्ने कुरा बाहिरिएसँगै कार्यकर्ताहरूमा असन्तोष र जनतामा निराशा छाएको छ। जनता आफूले चाहेको दल र उम्मेदवारलाई मत दिनबाट वञ्चित हुँदै छन् भने कार्यकर्ताहरू हिजो वर्ग दुश्मन घोषणा गरी सङ्घर्ष गरेका दल र उम्मेदवारहरूलाई भोट माग्न र दिन बाध्य छन्। विचार र सिद्धान्तलाई त्यागेर जसरी पनि जित्ने नीतिको परिणाम आजको स्थिति हो। शासक दलहरूको अलग अलग गठबन्धनको कारण प्रजातन्त्र र गणतन्त्रकै उपहास भइरहेको छ।

बहुदलीय व्यवस्थामा दलहरूबीच प्रतिस्पर्धा हुने गर्छ। राजनैतिक दलहरूले एउटा न एउटा वर्गको प्रतिनिधित्व गरेको हुन्छ। वर्ग, धर्म, भाषा, जातीय वा क्षेत्रीय मुद्दालाई राजनैतिक दलहरूले आफ्नो पार्टीको स्थापनाको आधार बनाएको हुन्छ। उद्देश्य पूरा गर्न पार्टीले निश्चित विचार र सिद्धान्त बोकेको हुन्छ। त्यही विचारको आधारमा पार्टी निर्वाचनमा जान्छ र निर्वाचनमा बहुमत स्थानमा जित हासिल गरेमा सरकारमा गएर आफ्नो विचार र सिद्धान्तको कार्यन्वयन गर्छ। उसले देखेको आदर्श समाज निर्माण गर्ने कोसिस गर्छ। निर्वाचनको बेला दलहरूबाट जारी गरिने निर्वाचन घोषणापत्रमार्फत कामको प्रतिबद्धता जारी गरेको हुन्छ। त्यसैले निर्वाचनलाई घोषणापत्रहरू बीचको लडाइँ पनि भनिन्छ। तर निर्वाचनमा भाग लिँदैमा सबै दलहरू सरकारमा जान्छन् भन्ने होइन। पूँजीवादी सरकारहरूले गरेका नराम्रा कामहरू जनताबीच उदाङ्ग्याउन र जन विरोधी विधेयक, प्रस्ताव वा अन्तराष्ट्रिय सन्धि सम्झौताहरू सजिलै पारित हुन नदिन तथा जनताको पक्षमा कानून निर्माणको लागि जोड दिन पनि कतिपय दलहरूले निर्वाचनलाई उपयोग गरेका हुन्छन्।

प्रजातान्त्रिक मूल्य र मान्यतालाई त्यागेर अहिले शासक दलहरू सिद्धान्तहीन गठबन्धन गर्दैछन्। राजनीतिलाई सेवा भन्दा पनि एक पटक लगानी गरी ५ वर्षसम्म देशको सम्पति लुट्ने अवसरको रूपमा लिँदैछन्। नेका नेतृत्वको गठबन्धनमा माओवादी, एकिकृत समाजवादी, लोसपा र राजमो छन् भने एमाले नेतृत्वमा राप्रपा, राप्रपा नेपाल, जसपालगायतका दलहरू छन्। ती गठबन्धनको संरचना हेर्दा राजनीति विचार शून्य भएको देखिन्छ। विचार शून्य राजनीतिले देशलाई सही दिशामा अगाडि बढाउन सक्दैन।

राजनीतिमा गठबन्धन वा संयुक्त मोर्चा हुने गर्छ तर त्यो विचार मिल्नेहरूबीच हुन्छ। साझा शत्रुलाई पराजित गर्नको निम्ति आवश्यकताअनुसार संयुक्त मोर्चा पनि हुने गर्छ। उद्देश्य प्राप्तिपछि फेरि आ–आफ्नै विचार र सिद्धान्तको राजनीतिलाई अगाडि बढाउँछ। पंचायती शासनकालमा निर्दलीयताको विरुद्ध बहुदलीय पक्षधरहरू एक भई आन्दोलन गरे भने २०५९ सालमा राजा ज्ञानेन्द्रले प्रतिगमन गरेपछि त्यसको विरुद्ध विभिन्न राजनैतिक दलहरूको संयुक्त मोर्चा गठन गरी आन्दोलनमा होमे र देशमा राजतन्त्र अन्त्य गरी गणतन्त्र स्थापना गरे। त्यसपछि दलहरूले आ–आफ्नो सिद्धान्तबमोजिम पार्टी गतिविधिहरू गर्दैछन्। यो नै बहुदलीय व्यवस्थाको विशेषता हो।

वर्ग र विचार मिल्नेहरू बीच गठबन्धन हुनु आश्चर्यको विषय होइन। एकले अर्कोलाई वर्ग दुश्मन घोषणा गरेकाहरूबीच २/४ स्थान निर्वाचन जित्न अनैतिक गठबन्धन गर्नु भने ठूलो आश्चर्यको विषय हो। नेका र माओवादी वैचारिक रूपमा ठिक उल्टा धारका पार्टीहरू हुन्। आफूलाई वामपन्थी दाबी गर्ने दलहरूबीच गठबन्धन गरेको भए त्यो एउटा कुरा हुन्थ्यो तर यहाँ त एमालेविरुद्ध नेका, माओवादी, एकिकृत समाजवादी, लोसपा र राजमो एक ठाउँमा छन्। यो कुन मार्क्सवादी दर्शन, पूँजीवादी प्रजातन्त्रको मूल्य र मान्यतासँग मेल खान्छ ? सङ्घीयताको घोर विरोध गर्ने राजमो र सङ्घीयता नभई देश विकास हुदैँन भन्ने माओवादी अहिले एकै ठाँउमा छन्। जातीय पहिचान दिएन भनेर मधेस आन्दोलन चर्काउने लोसपा र नेका सबै एकै ठाउँमा छन्। विचारहीन राजनीति गरेर जनतालाई झुक्याउने वा ठग्ने बाहेक अब यो गठबन्धनले जितेमा के पो गर्न सक्छ ?

एमालेले आफूलाई कम्युनिस्ट पार्टी दाबी गर्छ। कम्युनिस्टहरू सिद्धान्ततः गणतन्त्रवादी हुन्छन्। निर्वाचन जित्न एमालेले राप्रपा, राप्रपा नेपालसँग गठबन्धन गर्यो। राप्रपा र राप्रपा नेपाल जसरी पनि देशमा राजतन्त्रको पुनःस्थापना गरी छाड्ने अठोटका साथ लागिरहेका पार्टीहरू हुन्। त्यसै गरी केही समय अघिसम्म जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव एमालेको विरुद्ध नेकासँगै मिलेर सडक आन्दोलनमा

थिए। संसद विघटनको विरोधमा संविधानको रक्षाको लागि भन्दै केपी ओलीलाई प्रतिगामीको संज्ञा दिँदै सडकमा थिए उनी। अहिले केपी ओलीसितै मिलेर चुनाव लड्दैछन्। अझ संविधान जारी पछि उपेन्द्र यादव र राजेन्द्र महतो पहिचानको आन्दोलनको नाम दिई भारतबाट नाकाबन्दीसमेत गराएको नेपाली जनताले बिर्सेका छैनन्। यो गठबन्धन विदेशी प्रभुको खेल नभए कुन विचार र सिद्धान्तले काम गरेको हो भनेर बुझ्ने ?

गठबन्धनले जितेमा नेपालमा अब कस्तो शासन व्यवस्था आउँछ स्पष्ट छैन। चुनाव गठबन्धन गरी लड्ने पार्टीहरूले अलग अलग घोषणापत्र जारी गर्दैछन्। यसबाट जनता झन् अन्योलमा परे। सरकारमा जानु भनेको घोषणापत्रलाई कार्यान्वयन गर्नु हो। नेका र एमालेको नेतृत्वको गठबन्धनले जितेमा कुन पार्टीको घोषणापत्र कार्यान्वयन हुने हो ? शासक राजनैतिक दलहरूले सिद्धान्तहीन गठबन्धन गरेकै कारण अहिले जनतामा दलहरूको सट्टा स्वतन्त्र उम्मेदवारहरूप्रति आकर्षण बढेको देखिन्छ। केही स्वतन्त्र उम्मेदवारहरू दलहरूको चर्को आलोचना गर्दै दलहरूको विकल्पमा उम्मेद्वारी दिएको दाबी गर्दैछन्। बहुदलीय व्यवस्थामा दलको विकल्प दल नै हुन्छ। स्वतन्त्रहरूको कुनै ठोस् विचार हुँदैन र विचारबिनाको जतिसुकै व्यक्तिहरू जितेमा तिनीहरूले काम गर्न सक्दैनन्। अन्ततः राजनैतिक दलहरूले नै देशको नेतृत्व गर्ने हो। राजनीतिलाई व्यापार बनाउनेहरूकै कारण अहिले मनाङबाट एकजना बद्नाम व्यक्ति निर्विरोध निर्वाचित भए। नेपालको राजनीति कतातिर जाँदैछ भन्ने एक उदाहरण हो त्यो। अबका निर्वाचनमा कतिजना ठेकेदार, भ्रष्टाचारी, तस्करहरू निर्वाचित हुनेछन्, त्यो हेर्न बाँकी नै छ। शासक दलहरूले निर्वाचन जित्नेलाई टिकट दिने नीति अवलम्बन गरेको देखिन्छ। करोडौँ खर्च गर्न सक्नेहरू त ठेकेदारहरू वा अवैध रूपमा अकुत सम्पत्ति थुपारी राखेकाहरू नै हुन्छन्। त्यस्ता व्यक्तिहरू सांसद र मन्त्री भएमा देशको हालत के हुन्छ ? २०४६ साल पछि अहिलेसम्मको दृष्यले सबैले बुझी सकेका छन्। सिद्धान्तहीन राजनीतिले अराजकतालाई प्रश्रय दिन्छ। त्यो देश डुब्दै जाने सङ्केत हो। यसबारे नेपाली जनता सचेत हुनु जरुरी छ।

यस्ता अनैतिक राजनैतिक गठबन्धन अहिले मात्रै होइन नेका र एमालेले २०४६ सालको आन्दोलनपछि पटक पटक गरे। २०५३ सालमा एमालेको समर्थनमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भए भने त्यसपछि नेकाको समर्थनमा सूर्यबहादुर थापा प्रधानमन्त्री बने। ३० वर्षसम्म जनतालाई दबाउने पूर्व पंचहरूले प्रधानमन्त्री बन्ने सपनामा पनि देखेका थिएनन् होला। तर नेका र एमालेका नेताहरू एकले अर्कोलाई सिध्याउने होडमा लाग्दा पंचहरूलाई नेता बनाउने अवस्थामा पुगे। त्यसपछि कमल थापा पटक पटक उप प्रधानमन्त्री र मन्त्री भए। अहिले एमालेको 'सूर्य' चिन्ह लिएर कमल थापा निर्वाचन लड्नु पनि सिद्धान्तहीन राजनीतिकै सिलसिला हो। चन्द र थापालाई एमाले र नेकाले काँधमा चढाएर प्रधानमन्त्री बनाएको गलत नजिर कै यो निरन्तरता हो।

नेपाल मजदुर किसान पार्टी कुनै पनि गठबन्धनमा नलागी आफ्नै पौरखले चुनाव लड्दै छ। देशघाती एमसीसी र नागरिकता विधेयकको विरोधमा एक्लै सडक आन्दोलन गर्दै आएको नेमकिपाले देशभर प्रत्यक्ष तर्फ ५१ जिल्लामा १०९ जना उम्मेदवार उठाएको छ। विचारको राजनीति के हो र राजनैतिक दललाई कसरी विचारले निर्देशित गर्छ भने एक उदाहरण नेमकिपा बनेको छ। नेमकिपाले पदको निम्ति हिजो पनि कसैसँग सम्झौता गरेन र आज पनि एक्लै निर्वाचनको मैदानमा उत्रेको छ। सचेत नागरिकहरूले नेमकिपाको नीतिको खुलेर प्रशंशा गर्दैछन्।

पूँजीवादी व्यवस्थामा संसद भनेको पूँजीपति वर्गले गरेका अवैध कामहरूलाई वैधता दिने थलोमात्र हुने गर्छ। त्यसबाट काम गरी खाने वर्गको हित हुन सक्दैन। तापनि कामदार वर्गीय पार्टीले निर्वाचनमा भाग लिनु समाजवादी क्रान्तिको तयारीको निम्ति आवश्यक मात्रै होइन अपरिहार्य छ भन्ने कुरा विश्व कम्युनिष्ट आन्दोलनले दिएको शिक्षा हो।

संसदमा गएर जनताको हित विपरीतका विधेयकहरू रोक्ने, अन्तराष्ट्रिय सन्धि सम्झौताहरू खारेजीको लागि लड्ने र जनपक्षीय कानुनहरूमा जोड दिने नीति नेपाल मजदुर किसान पार्टीले लिएको छ। यही नीतिलाई अझ सशक्त ढङ्गले अगाडि बढाउन नेमकिपाले निर्वाचनलाई उपयोग गर्दैछ।

अहिलेका सचेत नेपाली नागरिकहरू नेमकिपाको विचार, सिद्धान्त र अडानबारे परिचित छन्। ठूलठूला दलहरू सिद्धान्तहीन राजनीतितर्फ लागिरहेको बेला नेमकिपाले देशको राजनीतिलाई सही दिशानिर्देश गर्दैछ। निर्वाचनमा कति स्थान जित्नेभन्दा पनि विचार र सिद्धान्तले निर्देशित पार्टीले मात्रै समाजलाई अगाडि बढाउन सम्भव छ। ठूला दलहरू विचारहीन राजनीतिमा अग्रसर भइरहँदा नेमकिपाले वैज्ञानिक समाजवादी विचार जनताको घरघरमा पुऱ्याउँदैछ।

विचारबिनाको भिडलाई राजनैतिक दल ठान्ने र बहुमत प्राप्त हुनुलाई नै देश लुट्ने लाइसेन्स बुझ्ने शासक दलहरूलाई हराउनु नै यति बेला नेपाली नागरिकहरूको पहिलो कर्तव्य हो। भ्रष्टाचारी, गुण्डा, तस्कर, बेइमान भनी सधैँ गाली गलौज गर्ने ती नै गलत व्यक्तिहरूलाई पुनः विजयी बनाए त्यसमा जित्नेभन्दा पनि जिताउने जनता कम दोषी हुँदैनन्। त्यसैले नेपाली जनताले यो निर्वाचन देशभक्त र देशघातीबीचको लडाइँको रूपमा लिनु पर्छ र देशभक्त पार्टी र उम्मेदवारहरूलाई जिताउन सबै मिलेर लाग्नु आवश्यक छ।

# स्वास्थ्य क्षेत्र निजीकरणले जनताले दुख पाउँदैछन्



सुनिल प्रजापति, प्रमुख भनपा

नेपालमा स्वास्थ्य उपचार सेवा सर्वसाधारण जनताको पहुँच बाहिर जाँदैछ । जटिल रोगको उपचारको लागि लाखौं खर्च गर्नुपर्ने कारण गरिबहरू उपचारबिना मर्नु पर्ने अवस्था छ । दैनिकजसो समाचार पत्रमा आइरहने यस्ता खबरहरूबारे सरकारमा बसेका मन्त्री र नेताहरू बेखबर जस्तै छन् ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा पहुँच हुने हक प्रदान गरेको छ (धारा ३५) । तर त्यो संविधान प्रदत्त मौलिक हकसमेत जनताले उपभोग गर्न पाउँदैनन् । कयौँ सरकारी अस्पतालहरूमा निःशुल्क वितरण हुने भनिएको औषधी नै हुँदैनन् वा डाक्टरले लेखिदिँदैनन् । अहिलेसम्म पनि कयौँ जिल्ला अस्पतालहरूमा समेत विशेषज्ञ चिकित्सकको सेवा उपलब्ध छैनन् । यसर्थ संविधानमा उल्लेखित निःशुल्क उपचार र उपचारमा समान पहुँच देखाउने दाँतमात्रै भएको छ ।

हाम्रा मन्त्रीहरू कति गैरजिम्मेवार अभिव्यक्ति दिन्छन् भन्ने एक उदाहरण तत्कालीन स्वास्थ्यमन्त्री उपेन्द्र यादवलाई लिन सकिन्छ । २०७५ सालमा स्वास्थ्य मन्त्रीको हैसियतले कजाकस्तानमा भएको 'स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने विश्वव्यापी प्रयास'को ४० औँ वर्षगाँठको अवसरमा आयोजित कार्यक्रममा उनले भाग लिए । त्यस कार्यक्रममा संबोधनको क्रममा उनले 'गरिब देशले सबैको लागि स्वास्थ्य कार्यक्रम लागू गर्न नसक्ने' बताए । अझ उनले भिखारी शैलीमा भने– हामीसँग पैसा छैन । दाताहरूले दिएमा उपचार गर्नेछौँ । मन्त्रीको उक्त अभिव्यक्ति संविधानविपरीत त थियो नै नेपाल र नेपाली जनताको बेइज्जत पनि भयो ।

हाम्रा मन्त्रीहरूसँग नैतिकता, लाज र शरम पनि छैन । जहाँ पायो त्यहाँ जे पायो त्यही बोल्ने । संविधान र कानुनलाई पनि ख्याल नगरी अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालकै बेइज्जत गर्ने गर्छन् । विदेश भ्रमण गर्न पायो भन्दैमा देशकै बद्नाम हुने गरी बोल्नु कदापि राम्रो होइन ।

संविधान जारी भएको ७ वर्ष बित्यो तर स्वास्थ्य उपचारमा समान पहुँच पुऱ्याउने संविधानको मौलिक हकले सुनिश्चित गरेको विषय अहिलेसम्म कार्यान्वयन हुन सकेन । स्वास्थ्य मन्त्रालय नीति तथा योजना महाशाखाका प्रमुख डा. कृष्ण पौडेल यसको पुष्टि गर्छन् । उनका अनुसार अझै '२० ओटा जिल्ला स्वास्थ्यको विशेषज्ञ सेवाको पहुँचमा पुगेको छैन' ।

सिद्धान्त र व्यवहारमा कति फरक छ भन्ने यी त केही उदाहरणमात्रै हुन् । यसको मुख्य कारण आर्थिक उदारीकरण हो । नेपाल सरकारले उदारीकरणको नीति अवलम्बन गरेपछि स्वास्थ्य उपचारलाई पनि किनबेचको वस्तु बनाइयो । जहाँ किनबेचको कुरा आउँछ, त्यहाँ हरेक विषय नाफासित जोडिएकै हुन्छ । बजारलाई स्वतन्त्र छाड्ने र राज्यले कुनै किसिमको हस्तक्षेप नगर्ने नीति नै उदारवाद हो । यस सिद्धान्तअनुसार राज्य नागरिकको उत्तरदायित्वबाट पछि हट्ने र हरेक विषयको जिम्मेवार व्यक्ति स्वयम्लाई बनाउने गरिन्छ । यो पुँजीवादी नीति सामु घुँडा टेक्नेहरूले कहिल्यै पनि व्यापक जनताको हित गर्न सक्दैनन् । व्यापक जनताको हित र सीमित व्यक्तिको हित खोज्ने – यी ठीक विपरीत कुरा हुन् । उदारीकरणको पक्षपातीहरू थोरै व्यक्तिमा सम्पत्ति केन्द्रित भएको चाहन्छन् भने त्यसको ठिक विपरीत समाजवादका पक्षधरहरू उत्पादनका मुख्य मुख्य साधनहरू राज्यको स्वामित्वमा ल्याई राज्य संयन्त्र बलियो बनाउन चाहन्छन् । यही नै पुँजीवाद र समाजवादबीचको भिन्नता हो ।

सन् १९९३ मा विश्व बैंकले स्वास्थ्य क्षेत्रलाई लगानीयोग्य क्षेत्र भनी तोकेपछि गरिब र विकासोन्मुख देशहरूका निजी क्षेत्रलाई लगानीको लागि प्रेरित गऱ्यो । त्यसको परिणाम संसारका गरिब जनताले उपचारको लागि महँगो पैसा तिर्नुपर्ने भयो । परिणाम गरिबहरू उपचारबिना मर्न बाध्य भए । नेपाल सरकारले विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) काअनुसार पनि स्वास्थ्यको लागि बजेट विनियोजन गरेको छैन । डब्लुएचओले स्वास्थ्यको लागि देशको कूल बजेटको १० प्रतिशत विनियोजन गर्नुपर्ने भने पनि नेपाल सरकारले आ.व. २०७८।७९ मा कूल बजेटको ८.५९ प्रतिशतमात्रै विनियोजन गरेको थियो । चालू आ.व.

०७९।८० मा त्योभन्दा पनि कम ६.८७ प्रतिशत मात्रै विनियोजन गरेको छ। यसरी स्वास्थ्य उपचार गर्ने नागरिकको दायित्वबाट सरकार झन् झन् पछि हट्दै गएको व्यवहारबाट पुष्टि हुँदैछ। नेपालको संविधानले समाजवादको आधारहरू तयार गर्दै जाने उद्देश्य राखेको छ। नेपाल सरकार भने संविधानले निर्दिष्ट गरेको ठीक उल्टो बाटोमा हिँड्दैछ। पुँजीवादको बाटो समातेर समाजवादको आधारहरू तयार हुन सक्दैन।

कति सरकारी अस्पतालहरूमा बिरामीले डाक्टर भेट्न पाउँदैनन्। डाक्टरहरू अस्पतालमा हाजिर हुन्छन् तर काम भने निजी क्लिनिकमा गर्छन्। जनकपुर अस्पतालमा घण्टौँ डाक्टरलाई कुर्दा पनि भेट नभएपछि एक बिरामी कुरुवाले दिएको प्रतिक्रियाले स्थिति बुझ्न सहयोग गर्छ। उनी भन्छन्– अस्पतालमा डाक्टर भेट्नु भनेको मन्दिरमा साक्षात भगवान भेट्नु जत्तिकै हो।

हामी समाजवादी देश क्युबाबाट सिक्न खोज्दैछौँ। त्यहाँ सिटामोलदेखि क्यान्सरसम्मको उपचार निःशुल्क हुन्छ। बस्ती बस्तीमा स्वास्थ्य केन्द्रहरूको बन्दोबस्त छ। प्रत्येक घरमा डाक्टर पुग्ने व्यवस्था छ। घरघरमा गएर चिकित्सकहरूले वातावरण, सरसफाइ, भेन्टिलेसन, बस्ने ठाउँमा प्रकाशको व्यवस्था ठीक छ वा छैन अनुगमन गरी आवश्यकताअनुसार स्वास्थ्यसम्बन्धी सुझावहरू दिने गर्छन्। प्रत्येक नागरिक २० मिनेट भित्र स्वास्थ्य केन्द्रसम्म पुग्ने व्यवस्था छ। संसारकै राम्रो उपचारको व्यवस्था भएको देश हो क्यूबा। त्यहाँ उपचारबिना कोही मर्नुपर्दैन। असहाय छन् भने चिकित्सकहरू स्वयम् घरमा गएर उपचार गर्छन्। यही हो समाजवादी व्यवस्थाको विशेषता।

नेपालमा गरिब जनतालाई उपचारको पहुँचभित्र ल्याउन स्वास्थ्य बीमा लागू गरियो। तर पैसाको लागि जथाभावी नक्कली बिलहरू भर्नाले बिमा आफै सङ्कटमा परेको बताइन्छ। पाटन अस्पताललाई ३ करोड र बीपी अस्पताललाई २ करोड ८२ लाख बिमा दाबी अस्वीकार भन्ने समाचारले पनि गलत नियतले बिमा रकम दाबी गरेको प्रष्ट हुन्छ। पाटन एकैजनालाई १८ हजार टाब्लेट, अपरेसन नगरेको बिरामीको अपरेसनको दाबीजस्ता समाचार पनि उदारीकरणकै परिणाम हो। सरकारी अस्पताललाई विश्वसनीय र भरपर्दो बनाउन सबै अस्पतालहरूमा बिमाको व्यवस्था हुनु जरुरी छ। निजी क्षेत्र नाफाकै लागि अस्पताल स्थापना गरेको हुँदा त्यहाँ पनि बिमाको सुविधा दिँदा अहिले समस्या आएको हो। सरकारी संयन्त्रले समय समयमा राम्रो अनुगमनको व्यवस्था गरी निजी क्षेत्रमा बिमाको सुविधा नदिनु नै राम्रो हो।

कोरोना सङ्क्रमणबीच २०७८ साल वैशाख १७ गते ख्वप अस्पतालले औपचारिक परिचय पाएको हो। हुन त २०७३ सालमै २५ शय्याको अस्पतालले स्वीकृति पाइसकेको थियो। बिरामीको चाप र जनविश्वासको आधारमा अस्पताल विधिवत सञ्चालनपछि जनतालाई धेरै मद्दत पुगेको छ। अहिले दैनिक ७।८ सयको सङ्ख्यामा बिरामीहरूको उपचार भइरहेको छ। गत वर्ष १ लाख ७६ हजार बिरामीको उपचार भयो भने यो आर्थिक वर्षमा अझ बढ्ने निश्चित छ। ख्वप अस्पतालबाट भक्तपुरको मात्रै होइन देश भरिकै जनताको सेवा भइरहेको छ। जनताको चाहना र आवश्यकताअनुसार सेवा सुविधालाई पनि बढाउँदै लाने प्रयास गर्दैछौँ।

२०७९ जेठ २३ गतेबाट बागमति प्रदेशबाट ख्वप अस्पताललाई १०० शय्याको स्वीकृति प्राप्त भएको छ। शिक्षा, सम्पदा संरक्षण, सरसफाइ झैँ स्वास्थ्य क्षेत्रमा पनि भक्तपुर नमुना बन्दैछ। घरदैलो नर्सिङ, वडा वडामा चिकित्सकसहित स्वास्थ्य केन्द्रहरूको स्थापनाले अत्यन्त सहज तरिकाबाट नागरिकहरूलाई स्वास्थ्य सुविधा दिइरहेका छौँ। हामीले चाहँदा चाहँदै गर्न नसकेको थुप्रै कामहरू गर्न बाँकी छन्। हाम्रा कमी कमजोरीहरूलाई औँल्याएर धेरैले आलोचना पनि गर्नुभएको छ। सही र तथ्यपरक आलोचनाहरूको आत्मसात गर्दै सुधार पनि गरिरहेका छौँ। हामीले अबका केही वर्षभित्रै ख्वप अस्पताललाई देशकै प्रतिष्ठित र व्यवस्थित अस्पतालको रूपमा विकास गर्ने उद्देश्य लिएका छौँ। त्यो उद्देश्य पूरा गर्ने जिम्मेवारी अस्पतालमा कार्यरत चिकित्सक कर्मचारीहरूको हातमा छ। जनताको सेवा गर्ने भावनालाई ध्यानमा राखी यहाँका कर्मचारी चिकित्सकहरूले काम गर्नुहुने आशा गर्छौँ।

अन्त्यमा, २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीद्वारा जारी गरिएको घोषणापत्रलाई अक्षरसः पालना गर्दै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सभ्य र सुसंस्कृत समाज निर्माणको अभियानमा हामी निरन्तर लागिरहने छौँ। जनताको इच्छा र चाहना पूरा गर्न हाम्रा चिकित्सक, कर्मचारीहरू सक्षम हुनेछन् भन्ने आशा गर्छौं।

*(ख्वप अस्पताल र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा असोज १४ गते भएको शुभकामना आदानप्रदान कार्यक्रममा नगर प्रमुख एवम् अस्पताल व्यवस्थापन समितिका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्य)*

# डेंगु सम्बन्धी फिलिपिन्सको अनुभव आज उपयोगी भएको अनुभव गर्दैछु



डा. अमर प्रजापति,
इन्टरनल मेडिसिन विशेषज्ञ

मानव समाजको विकाससँगै मानिसहरूको जीवनशैली पनि परिवर्तन हुँदैछ। परिवर्तित जीवनशैलीसँगै मानव समाजमा विभिन्न रोगको उत्पत्ति भएको पाइन्छ। कुनै दीर्घ (क्रोनिक) रोग, कुनै तीव्र (एक्युट) रोग, कुनै सर्ने (इन्फेक्सियस) रोगहरूले मानिसको स्वास्थ्यमा असर पारिरहेका हुन्छन्। विभिन्न रोगहरूले महामारीको रूप लिँदा लाखौं मानिसहरूले ज्यान गुमाउँदै छन्।

सन् २०१९ बाट सुरु भएको कोभिड १९ को महामारी हामी सबैले अनुभव गऱ्यौं। भक्तपुर नगरपालिका, ख्वप अस्पताल र हामी सबैको साझा प्रयासले भक्तपुरमा कोभिडका बिरामीहरूको उपचार र रोकथामको उचित व्यवस्थापनको प्रयास भयो।

हामी अहिले डेंगु रोगको महामारीका बीचमा छौं। २०७९ असोज १३ गतेसम्मको तथ्याङ्कअनुसार यो वर्ष नेपालमा २८,००० सङ्क्रमित रहेको छ भने ३८ जनाले ज्यान गुमाएको सार्वजनिक भएको छ। ख्वप अस्पतालमा अहिलेसम्म ८४ जना डेंगुका बिरामी भर्ना भए भने कति बिरामीहरू निको भएर डिस्चार्ज भइसकेका छन्। अहिले पनि कतिपय बिरामीहरू उपचारार्थ भर्ना भइरहेका छन्। हामी सचेत भएन भने यो रोग अझ बढी जनतामा फैलिन सक्छ।

सन् १९५३ देखि १९५४ मा फिलिपिन्सबाट सुरु भएको डेंगु रोग विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को तथ्याङ्कअनुसार वर्षेनी ५ करोड मानिसमा डेंगु रोग सङ्क्रमित भएको पाइन्छ। डेंगु रोग सार्ने लामखुट्टे एडिस एजेप्टि र एडिज एल्बोपिक्टसको वासस्थान भूमध्ये रेखाको उत्तर र दक्षिणको भाग ट्रपिकल र सब ट्रपिकल क्षेत्र हो। यस स्थानमा प्रत्येक वर्ष डेंगुको प्रकोप बढ्ने गर्दछ।

डब्लु एचओ साउथ इस्ट एसियालाई डेंगु रोगको प्रभावित क्षेत्रमा वर्गीकरण गरेको छ। जसमा फिलिपिन्स, भारत, थाइल्याण्ड, श्रीलंकालगायतका देशहरू क वर्गमा पर्छन्। क वर्गमा वार्षिक रूपमा डेंगुको रोग महामारीको रूपमा फैलिने क्षेत्र पर्दछ।

त्यस्तै ख वर्गमा नेपाल र भुटान पर्दछ, जहाँ डेंगु रोग कुनै वर्ष फैलिने र कुनै वर्ष नफैलिने हुन्छ। त्यस्तै ग वर्गमा प्रजग कोरिया पर्दछ, जहाँ अहिलेसम्म डेंगु देखापरेको छैन।

फिलिपिन्समा एमडी अध्ययनको क्रममा डेंगुका बिरामीहरूको उपचार गर्ने मौका पाएँ। फिलिपिन्सको अनुभव आज फलदायी भएको अनुभव गर्दैछु। फिलिपिन्सको चिकित्सा शिक्षातर्फ राम्रो पक्ष भनेको त्यहाँ सबै रोगहरूको नेशनल गाइडलाइन बनाएको हुन्छ। फिलिपिन्स कलेज अफ फिजिसियन्ले उपचारको अन्तर्राष्ट्रिय मान्यताअनुसार आफ्नो छुट्टै अध्ययन गरी उपचार सम्बन्धी निर्देशिका बनाउने गर्दछ।

डेंगु लागेको लामखुट्टेमा आफ्नो थुकको ग्रन्थीमा डेंगुका भाइरसहरू जम्मा भएर बसेको हुन्छ। २ देखि ३ हप्ताको लामखुट्टेको जीवनकालमा उक्त सङ्क्रमित लामखुट्टेले जति मानिसलाई तोकेको हुन्छ ती सबै व्यक्तिलाई डेंगु रोग लाग्ने गर्दछ। सङ्क्रमित लामखुट्टेले तोकेको २ देखि ७ दिनमा डेंगुको लक्षणहरू देखा पर्ने गर्दछ।

## डेंगु रोगको वर्गीकरण

**क)** खतराका लक्षण नभएको डेंगु (डेंगु विथ आउट वार्निङ साइन) यो अवस्थामा डेंगु लागेको बिरामीलाई ज्वरो आउने, खटिरा आउने र जोर्नी दुख्ने गर्दछ।

**ख)** खतराको लक्षण भएको डेंगु (डेंगु विथ वार्निङ साइन) यो अवस्थामा बिरामीलाई निकै पेट दुख्ने, बान्ता हुने, पेट तथा फोक्सोमा पानी जम्ने, मुख, नाक, गोडाबाट रगत बग्ने, कलेजो सुन्निने हुन्छ।


**ग)** सिभिएर डेंगु यो अवस्थामा बिरामीलाई धेरै रक्तश्राव हुने, श्वास फेर्न गाह्रो हुने र मृत्युसम्म हुनसक्छ।

डेंगु रोग लाग्दा तेस्रोदेखि सातौं दिनसम्मको अवधि क्रिटिकल फेज हो। यो समयमा प्लेटिलेट्स कम हुँदै जाने, ज्वरो कम हुने र प्लाज्मा घट्दै गएर विभिन्न अङ्गहरूमा असर पर्ने गर्दछ।

डेंगु रोगको निश्चित उपचार नभएको र यो रोग आफै निको हुने रोग हो। डेंगु लागेमा तुरुन्तै चिकित्सकको सल्लाहमा औषधि सेवन गर्नुपर्छ र नियमित रगत जाँच गर्नुपर्ने हुन्छ। डेंगु रोगबाट बच्न लामखुट्टेको वासस्थान नष्ट गर्नुपर्ने हुन्छ। यसको लागि हामी आफै सचेत भई पानी जम्ने स्थानहरू सफा गर्नु आवश्यक छ।

*(ख्वप अस्पताल र ख्वप बहु प्राविधिक संस्थानको आयोजनामा असोज १४ गते भएको शुभकामना आदान प्रदान कार्यक्रममा डा. अमर प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार सङ्क्षेप)*

# १५ लाखमै डाक्टर !





## हरिहर तिमिल्सिना

शिक्षक मित्र बिरामी भएर स्वास्थ्य परीक्षणका लागि कुनै अस्पतालमा गएछन् । जँचाउने पालो आएपछि टिकट पछ्याएर गोजीमा हालेछन् अनि लामो सुस्केरा हालेर नजँचाई घर फर्किएछन् । कारण के रहेछ भने बिरामी जाँच्न बसेका डाक्टरलाई उनले कक्षा ११/१२ मा पढाएका रहेछन् । जो कक्षाका लद्दु विद्यार्थीमध्ये एक थियो रे । बोर्ड परीक्षा दिएको ६/८ महिनामा नै उनले के त्यस्तो चमत्कार गरेर डाक्टरी पढ्न नाम निकाले होला ? 'यस्तो डाक्टरले रोग निको पार्नुको सट्टा मलाई उल्टापुल्टा उपचार गरेर रोग थपिदिन सक्छ' भन्ने आशंकाले उनी फर्किएका रहेछन् । कामना गरौँ यो उदाहरणले सबैलाई नछोओस् । यो एउटा अपवादमूलक घटना बन्न पुगोस् । आफ्नो क्षमताले डाक्टर बन्नेको सङ्ख्या पनि यो मुलुकमा ठूलो छ । अब त क्षमताले मात्रै कहाँ पुग्छ र ? महँगो शुल्क ठीक पार्न नसक्नेले डाक्टर बन्ने सपना नदेखे पनि हुन्छ । क्षमता भएर पनि डाक्टर बन्न नपाएका, आफ्नो घरखेत बेचेर डाक्टर भएका अनि डाक्टर बन्ने सपना बोकेर विदेसिन बाध्य भएका सबै नेपालीप्रति हामी सबैको हार्दिक सम्मान छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएको चरम व्यापारीकरणले जनमानस आक्रान्त छ । यतिखेर खरायोको रेखदेखको जिम्मेवारी सिंहलाई दिनु र मुलुकको शिक्षा–स्वास्थ्य सुधारको जिम्मेवारी व्यापारीलाई दिनु उस्तै उस्तै भएको छ । सिंहको पञ्जाबाट मुक्त हुन कथाको खरायोले जस्तो गर्न वास्तविक जीवनमा सम्भव छैन । यसका लागि भक्तपुर नगरपालिका र ख्वप सञ्जालको जस्तो सङ्घर्ष, प्रतिबद्धता र जनमुखी सोच चाहिन्छ । भक्तपुर नगरपालिका र ख्वप सञ्जालको पछिल्लो योजनाले सबैको ध्यान खिचेको छ । सर्वसाधारण जनताले यसलाई हृदयबाटै स्वागत र नमन गरिरहेका छन् तर नीति निर्माताहरूको हृदयसम्म यो कुरो पुग्न नसकेको आभास भइरहेको छ । ख्वप विश्वविद्यालय स्थापना गर्न दिने हो भने हामी १५ लाखमा डाक्टर उत्पादन गरेर देखाइदिन्छौँ भनेर सांसद प्रेम सुवालले प्रतिनिधिसभामा पटकपटक उद्घोष गरिरहेका दृश्य देखिन्छन् ।

प्राचीन सांस्कृतिक नगरी भक्तपुर शैक्षिक नगरी पनि हो । भक्तपुर आफैमा एक खुला विश्वविद्यालय हुँदै हो तर आफ्नै एउटा छुट्टै विश्वविद्यालय स्थापना गर्नका लागि वर्षौंदेखि तड्पिरहेको छ । भक्तपुर नगरपालिकालाई किन चाहियो छुट्टै विश्वविद्यालय भन्ने प्रश्न उब्जिन पनि सक्छ । यस प्रश्नको उत्तर खोज्नुअघि हामी २०५० को दशकअघिको नेपालको शिक्षा प्रणालीमा फर्किनु पर्ने हुन्छ । जतिखेर सरकारले प्रवीणता प्रमाणपत्र तह खारेज गरेर दस जोड दुईको अवधारणा ल्याएको थियो । प्रवीणता प्रमाणपत्र तह हटेपछि जतातत्तै प्लस टुहरू उम्रिए । आफ्नो हैसियत, विज्ञापन, पहुँच, शक्ति र तडकभडकको गुलियो छर्दै प्लस टु कलेजले आफूले सकेको शुल्क असुल्न थाले । यसरी सस्तो प्रवीणता प्रमाणपत्र तहको शिक्षा महँगो सौदामा गएर टुंगियो । मूल्यका हिसाबले अभिभावकहरू सुनसित पित्तलको सौदाबाजीमा सहभागी हुन अभिशप्त भए ।

**१५ लाखमा नेपालमै डाक्टर उत्पादन भएको हेर्न आमनेपाली नागरिक आतुर भएर पर्खिरहेका छन् । यसका लागि ख्वपमात्रै होइन, अझ धेरै गुणस्तरीय विश्वविद्यालय खोल्ने वातावरण सिर्जना गराउनु होस् ।**

क्याम्पसबाट सरुवा भएको शिक्षा स्कुलमा पुगेर घटुवा भयो । प्रवीणता प्रमाणपत्र तह राम्रो थियो भन्ने मेरो आशय पटक्कै होइन । यसको पठनपाठन र मूल्याङ्कन प्रणाली पनि परम्परागत ढुसीयुक्त र कर्मकाण्डी थियो । तर, यसलाई सुधारेर राम्रो बनाउनु पर्नेमा मुलुकको

शिक्षा चरम अराजकतातिर धकेलियो। राज्यले सबैभन्दा सस्तो गर्नुपर्ने शिक्षा-स्वास्थ्य सबैभन्दा महँगो हुन पुग्यो। यस्तै धोकाधडीको बीचमा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप कलेजले २०५६ सालदेखि नै सस्तो एवं गुणस्तरीय प्लस टु सेवाको सुरुआत गऱ्यो। यसले अभिभावकको मनमा आशाको टुसा अंकुराई दिने काम गऱ्यो। वागीश्वरी, शारदा, बासु, आदर्शलगायतका स्कुलले ख्वपको पदचाप पछ्याए। छिमेकी जिल्ला काभ्रेको बनेपा, धुलिखेल, पनौतीदेखि लिएर काँठको उत्तर पूर्वी भेगका अभिभावक र विद्यार्थीको रोजाइमा यी कलेजहरू पर्न थाले। क्रमशः यिनको ख्याति नेपालभर फैलियो। प्लस टु महँगो मात्रै हुँदैन, सस्तो र गुणस्तरीय पनि हुनसक्छ भनेर यिनले उदाहरण प्रस्तुत गरे। अभिभावक गद्‌गद् भई आभार व्यक्त गरिरहेकै छन्।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप कलेज त्यतिमै चुप बसेन। अरूले सञ्चालन गरेको भन्दा दुईगुना सस्तोमा सिभिल र आर्किटेक्चर इन्जिनियरिङका कक्षाहरू सञ्चालनमा ल्यायो। साथै इलेक्ट्रोनिक, कम्प्युटर, कम्युनिकेसनदेखि अर्थक्वेक इन्जिनियरिङसम्म धेरै सस्तो मूल्यमा पढाउन थाल्यो। यसबाट हौसिएको ख्वप सञ्जालले सर्वसुलभ मेडिकल कलेज स्थापनाको सपना सजायो। फलस्वरूप २०७३ सालमा ख्वप विश्वविद्यालयको विधेयक संसद्‌मा दर्ता गरायो। ख्वप विश्वविद्यालय बनाउने अवस्था सिर्जना भएको खण्डमा हामी १५ लाखभित्रमा डाक्टरी पढाइ दिन्छौँ भन्दा डराउनु पर्ने कारण के त ? कसैले सस्तोमा पढाउँछु, मलाई काम गर्ने मौका देऊभन्दा टाउको दुखाउनु पर्ने कारण के हुन्छ ? एकाध छात्रवृत्तिको कुरालाई एकछिन थाँती राख्दै छातीमा हात राखेर भनौँ त, के हाम्रो मेडिकल शिक्षामा गरिबगुरुवाको पहुँच छ ? के उनीहरूलाई यो अवसर दिन मिल्दैन ? के उनीहरूका सपना हुँदैनन् ? गरिबका छोराछोरीको पहुँच पुग्ने गरी ख्वपले ल्याएको यो प्रस्तावलाई मलजल गर्ने हो कि जरैसित उखलेर फाल्ने प्रपञ्च गर्ने ?

राजनीति नै गर्नु परे अरू विषयमा गरौँला। जनसेवासित प्रत्यक्ष सरोकार राख्ने शिक्षा र स्वास्थ्यमा अब धेरै राजनीति नगरौँ। सक्छौँ ख्वपको जस्तो अभियान देशैभरि चलाऔँ। सक्दैनौँ, ख्वपलाई काम गर्ने वातावरणको सिर्जना गरौँ। छल, छाम, लुट, अराजकता र षड्‌यन्त्रको भुँमरीबीचमा एउटा आशाको दियो टिम्टिमाउन खोजिरहेको छ। कृपया यसलाई निभ्न नदिऔँ। ख्वपलाई रोक्नुको भित्री रहस्य के छ, थाहा छैन। आमजनतालाई त्यतातिर पस्नु पनि छैन, यसको गहिराई खोतल्नु पनि छैन। संविधानले ग्यारेन्टी गरेको हकअधिकार नागरिक भएर प्रयोग गर्न पाए पुग्छ। आफूले पूरा गर्न नसकेका सपना सन्तानमार्फत पूरा गर्न पाए पुग्छ। रकम अभावले थन्किएका सपना यसरी थोरै बजेटमै पूरा गर्ने दिन आए आमनागरिक खुसी हुने थिए। अन्ततः त्यसको फाइदा पूरै नेपालीलाई हुनेछ। बाहिरबाट हेर्दा संसद् भवन, शिक्षा मन्त्रालय र सरकार ख्वपको अभियानबाट डराएको जस्तो देखिन थालेको छ। नत्र पेस गरेको एक दशक हुन लागदासम्म ख्वप विश्वविद्यालयको विधेयकलाई लुकाउनुपर्ने, दबाउनुपर्ने अनि पेल्नुपर्ने त्यस्तो के कारण छ ? यो मुलुकलाई अझै पनि हजारौँ स्वास्थ्यकर्मीको खाँचो छ। मेडिकल शिक्षालगायतका उच्च शिक्षाका लागि प्रत्येक वर्ष मुलुकको ५०औँ अर्ब विदेशीको पोल्टामा जाने गरेको छ। यतातिर सोच्नु पर्दैन ?

कूटनीतिक नियोगमा काम गर्न फिनल्यान्डबाट नेपाल आएका एक मित्र छन्। भेटमा उनले भनेका थिए, 'नेपाल बहुत सुन्दर देश हो। यहाँ, कृषि, पर्यटन, शिक्षा र स्वास्थ्यको विकासको अपार सम्भावना छ। यहाँको भूमि यति सुन्दर छ कि यहाँ साँच्चै सुन फल्छ तर हाम्रो देशमा त एउटै कुरा मात्र फल्छ, त्यो हो हिउँ।' जिस्किएको भावमा जिज्ञासा राखेको थिएँ- 'तपाईंहरू के गरेर खानुहुन्छ त ?' उनले गर्व गर्दै भनेका थिए- 'हामीसित यस्ता विश्वविद्यालय छन् जसले हामीलाई संसारलाई नै बाँड्न पुग्ने गरी ज्ञान, सीप र शिक्षा सिकाउँछन्। हामी तिनै ज्ञान, सीप र शिक्षा संसारभर फैलाएर बाँचिरहेका छौँ।'

आफ्नो देशका विश्वविद्यालयहरूलाई झल्झली सम्झिएँ। त्यहाँको राजनीति, बेथिति र बान्ता आउने वातावरण सम्झिएँ अनि आफैंलाई धिक्कारेँ। मेरो देशले भारत र चीनजस्ता विशाल जनसङ्ख्या भएका मुलुकको मार्ग पछ्याउँदै आफूलाई तेस्रो स्थानमा उभ्याएर विदेशी विश्वविद्यालयलाई विद्यार्थी आपूर्ति गरिरहेको छ। भन्नलाई हामी आफूलाई गरिब भनिरहेका छौँ। तर हामी उनीहरूका लागि ठूलो बजार र आर्थिक स्रोत भएका छौँ। यस्तो बेलामा पनि गुणस्तरीय विश्वविद्यालय खोलेर मातृभूमिको सेवा गर्छु भन्नेलाई हतोत्साहित र निषेध गर्नु कसैका लागि पनि हितमा छैन। यदि केही व्यक्तिको हितमा छ भने पनि त्यसलाई निरुत्साहित गरेर आम मानिसको हित हेर्नुपर्छ सरकारले।

समान अवसर र अधिकार लोकतान्त्रिक गणतन्त्रको प्राण हो। के हाम्रो वर्तमान शिक्षा र स्वास्थ्य

प्रणालीमा जनताका लागि समान अवसर र अधिकार छ ? शिक्षा र स्वास्थ्यका विषयमा कहिलेसम्म झुट, धोका र छलछामको राजनीति गरिरहने ? जनतालाई कहिलेसम्म लोकतान्त्रिक गणतन्त्रको पिँजडामा थुनेर राख्ने ? हे मेरो देशका भाग्य विधाताहरू ! आफूलाई लोकतान्त्रिक गणतन्त्रका प्रणेता ठान्ने महानुभावहरू !!! हे यो देशको मुहार फेर्छु भनेर कसम खानुभएका राजनीतिका कुशल खेलाडीहरू !!! ख्वप विश्वविद्यालयको विधेयकलाई अब धेरै नअड्काउनुहोस् । ख्वप विश्वविद्यालयले १५ लाखमा डाक्टर उत्पादन गरेको दिन हेर्न नेपाली जनता आतुर भएर पर्खिरहेका छन् । ख्वप मात्रै होइन, अझ धेरै गुणस्तरीय विश्वविद्यालय खोल्ने वातावरण सिर्जना गराउनुहोस् । नेपालीले विदेशमा पसिना बगाएर पठाएको रेमिट्यान्समा मात्र आँखा नलगाउनुहोस् । रेमिट्यान्स भित्र्याउनु नै छ भने डाक्टर बनाएर गुणस्तरीय कार्यका लागि युवालाई विदेश पठाउनु होस् । शिक्षाको नाउँमा बाहिरिने अर्बौं रुपैयाँलाई रोक्ने रणनीति पनि ल्याउनुहोस् । शिक्षाको नाउँमा बर्सेनि ५० औँ अर्ब रुपैयाँ बाहिरिँदा तपाईंको मन पोल्दैन ?

*(अन्नपूर्णपोस्ट, २५ असोज २०७९)*

# रु. १५ लाखमा डाक्टर बनाउने उद्देश्यमा सरकार किन बाधक !

नेकाको नेतृत्वमा बनेको गठबन्धनको सरकार गतिलो सरकार होइन । माओवादी केन्द्र, एकीकृत समाजवादी र राजमोजस्ता 'कम्युनिस्ट' भनिने दलहरू सम्मिलित वर्तमान सरकार पुँजीपति वर्गकै सरकार भएकोमा शङ्का छैन । भक्तपुर नगरपालिकाले रु. १५ लाखमा डाक्टर बन्न पाउने मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय खोल्न स्वीकृत माग गरेको दशक बित्यो । सस्तोमा डाक्टर बन्न पाउने शिक्षा दिन ख्वप विश्वविद्यालय खोल्न माग गर्दा पनि सरकार स्वीकृति दिँदैन । हुन त सरकार आफैले रु. १५ लाखमा डाक्टर पढ्न पाउने व्यवस्था गर्नुपर्ने हो । तर, भक्तपुर नगरपालिकाले रु. १५ लाखमा डाक्टर बन्न पाउने कलेज खोल्न माग गर्दा सरकार किन स्वीकृति दिँदैन ? स्वीकृति दिन किन ढिलाइ गरिरहेको हो ? सस्तोमा डाक्टर बन्न पाउने शिक्षा दिने नपाको उद्देश्यमा स्वीकृति नदिइकन सरकार किन बाधा दिन्छ ?

सरकार आफैले सस्तोमा गुणस्तरीय शिक्षा दिन अघि सर्नुपर्ने हो । सस्तोमा डाक्टरी शिक्षा दिने भक्तपुर नगरपालिकाको प्रयासमा सरकार किन बाधा पुऱ्याउँछ या ख्वप विश्वविद्यालय खोल्न सरकार किन स्वीकृति दिँदैन ? देशभर डाक्टरहरू पुऱ्याउन, स्वास्थ्य सेवा सर्वसुलभ गर्न सरकार आफै गुणस्तरीय सुलभ शिक्षा दिन लाग्नुपर्ने हो । सरकार आफैले सस्तोमा डाक्टर बन्ने शिक्षा दिनुपर्ने हो । तर, यहाँ सस्तोमा गुणस्तरीय शिक्षा दिने प्रयास गर्दा पनि बाधा दिन्छ या सरकार स्वीकृति दिँदैन ।

भक्तपुर नगरपालिकाले रु. १५ लाखमा डाक्टर बन्न पाउने शिक्षा दिने उद्घोष गरेको वर्षौं बित्यो । सरकारले ख्वप विश्वविद्यालय खोल्न स्वीकृति दिएमा रु. १५ लाखमा भनपाले डाक्टर बन्न पाउने शिक्षा दिने भनेको पनि दशक भयो । ख्वप विश्वविद्यालय स्वीकृति भएमा भनपाले रु. १५ लाखमा डाक्टरी पढाउने कुरा गर्दा सरकार किन पछि हटेको ? रु. १५ लाखमा डाक्टर पढाउँदा सरकारलाई के नोक्सान हुन्छ ? सरकार आफैले सस्तोमा गुणस्तरीय चिकित्सा शिक्षा दिन पहल गर्नुपर्ने हो । सरकार आफू पनि सस्तोमा गुणस्तरीय मेडिकल शिक्षा दिन पहल नगर्ने, अनि रु. १५ लाखमा डाक्टर बनाउन मेडिकल कलेजसहितको ख्वप कलेज खोल्न पनि भनपालाई स्वीकृति नदिने ? यसले यो सरकार बहुमत जनताको पक्षमा नरहेको थाहा हुन्छ ।

के सर्वसाधारण जनताका छोराछोरीले मेडिकल शिक्षा पढ्न नपाउने ! धनीका छोराछोरीले मात्र मेडिकल कलेजमा पढ्न पाउने पुँजीपति वर्गको शिक्षा कसरी न्यायोचित हुन्छ ? के गरिब वर्गले मेडिकल शिक्षा पढ्नु पर्दैन ? छात्रवृत्ति पाएमात्रै गरिबले डाक्टर पढ्न पाउने देशको कस्तो शिक्षा नीति ? गरिबका छोराछोरीले डाक्टर पढ्न पाउने गरी भनपाले खोल्न लागेको ख्वप विश्वविद्यालयको प्रस्तावलाई स्वीकृति दिन किन विलम्ब ? मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय खोल्न माग गर्दा पनि स्वीकृति नदिने कस्तो सरकार ? भनपाले झैँ बरु सरकारले पनि रु. १५ लाखमा देशको विभिन्न जिल्लामा मेडिकल कलेजमा पढ्न पाउने व्यवस्था गरे देशको लागि आवश्यकताअनुसार डाक्टर पुग्छ र स्वास्थ्योपचारमा जनताकै सेवा हुन्छ । सरकार पनि सस्तोमा पढ्न पाउने मेडिकल कलेज नखोल्ने अरूले खोल्न माग गर्दा पनि स्वीकृति नदिने कस्तो सरकार ?

*(मजदुर दैनिक, सम्पादकीय, असोज २६ गते)*

# श्रीतलेजुभवानीको था पूजाहरु



ओम धौभडेल

भक्तपुर तलेजु भवानीकहाँ हुने विभिन्न पूजापर्वहरूमा था पूजा पनि एक प्रमुख हो। यहाँ था पूजा भन्नाले तान्त्रिक पद्धतिबाट तलेजुभित्र हुने एकप्रकारको पूजा हो भन्ने बुझिन्छ। जसमा दीक्षाधारी ब्यक्तिहरू मात्र प्रवेश गर्न पाइन्छ। विशेषगरी आगम मतमा दीक्षाको ठूलो महत्त्व हुने सन्दर्भमा तलेजु भवानी पनि एक आगम नै रहेको अवस्थामा यहाँ हुने था पूजाको अझ ठूलो महत्त्व रहेको छ। तलेजु भवानीकहाँ वर्षभरिमा विभिन्न नामका ३६ ओटा थापूजाहरू हुने चलन थियो। तीमध्ये केही थापूजाहरू–

### १.चैत्रस दिन भिंकुन्हु सोयाव गामचाया था पूजा

यो भक्तपुर तलेजुभित्र चैत्र महिनामा हुने था पूजा हो। चैत्र महिनाको असल दिन हेरी था पूजा गर्ने क्रममा विशेष गरी आईतबार वा बिहिबारको दिन पारी यो थापूजा हुन्छ। जुन था पूजा गामचाको थापूजाको नामले प्रख्यात छ। गामचा हाल भक्तपुरको दक्षिण पश्चिम दिशामा पर्ने दधिकोट चित्रपुरको मध्यभागमा पर्छ। ललितपुरको सिमानामा पर्ने यो ठाउँ धान उत्पादनको लागि महत्त्वपूर्ण ठाउँ भएको कारण सदैव युद्धको कारण बन्न पुगे। एकपटक जर्गज्योती मल्लले गामचासहितको वाभुँ जितेको इतिहास छ। त्यस्तै भक्तपुरका अर्का प्रतापी राजा भूपतिन्द्र मल्लले ने.सं.८२९ पौष बदि ९ मा यहाँ किल्ला बनाउन लगाएकोबाट पनि यो ठाउँको ऐतिहासिक महत्व झल्किन्छ। त्यस्तै राजा रणजित मल्लले ने.सं. ८५१ चैत्र महिनामा कान्तिपुर, ललितपुर र गोरखा मिलि वाभूँ माथि आक्रमण गरेको थियो। त्यसबेला यही गामचा, थिमि, बोडे, नगदेश आदि मिलि ती संयुक्त सेनालाई पराजित गरेको खुशियालीमा राजा रणजित मल्लले तलेजु भित्र राख्न लगाएको था पूजा नै पछि गामचाका था पूजा भई आजसम्म पनि चल्दै आएको छ।

### २. वैशाखस दिन भिंकुन्हु सोयाव देगुली पूजाया था पूजा

यो था पूजा प्रत्येक वर्ष वैशाख महिनाको असल दिन अर्थात आईतबार वा बिहिबारको दिन पारी तलेजु भवानीको देगुली पूजा अथवा दिगु पूजाको था पूजा गर्ने चलन छ। र तलेजु भवानीको दिगु पूजा हरेक वर्ष वैशाख शुक्ल पंचमीको दिन हुने निश्चित भएको कारण यो था पूजा सो तिथी भन्दा अगाडि आउने पहिलो आइतबार वा बिहिबार सम्पन्न गर्ने परम्परा छ। यो था पूजाको स्थापना कसले कहिले गरेको कुनै विस्तृत जानकारी प्राप्त छैन। तापनि नेवार समाजका घरघरमा रहेको दिगु पूजाको चलन तलेजु भित्र पनि रहनु अवश्य पनि एउटा महत्त्वपूर्ण सांस्कृतिक परम्परा मान्न सकिन्छ।

### ३. वैशाख शुदि तृतिया (अक्ष तृतिया) नेठा था पूजा

वैशाख शुदि तृतिया अर्थात अक्षय तृतिया हिन्दु एवम् नेवार समाजको लागि एउटा महत्त्वपूर्ण दिन हो। नेवार समाजमा रहेको दिगु पूजाको लागि पनि यो दिन विशेष छ। यो दिन तलेजु भवानीकहाँ नेठा था पूजा नामको एउटा था पूजा हुन्छ।

### ४. वैशाख शुदि पंचमी अजिस्वां था पूजा

वैशाख शुदि पंचमी तिथीमा श्रीतलेजुको दिगु पूजा हुन्छ। यसदिन श्रीतलेजुकहाँबाट २ बोका, १ हाँससहित तान्त्रिक विधियुक्त पूजा भाग लिई हाँडीगाउँ स्थित श्रीमानेश्वरी देवीमा दिगु पूजा गर्ने परम्परा छ। यसदिन श्रीतलेजुमा सानो पहेंलो फूल अजिस्वां र सोही फूल आकारकै रोटी चढाई था पूजा गरिन्छ।

### ५. जेष्ठ शुदि २ गाठ तयाया था पूजा

प्रत्येक वर्ष जेष्ठ शुदि २ रोजको दिन श्रीतलेजुमा गाठ तयाया था पूजा हुन्छ। जुन श्रीतलेजु मूलचोकमा रहेको ठूलो घण्टासँग सम्बधित छ। ने.सं. ८२५ जेष्ठ शुदि २ को दिन राजा भूपतिन्द्र मल्लले श्रीतलेजु भवानीको प्रिती कामना गरी मूलचोकमा ठूलो घण्टा राखेको अभिलेखबाट तत्कालीन अवस्थामा कठिनपूर्वक यो घण्टा राखेको देखिन्छ। यही महत्त्वपूर्ण दिनको सम्झना स्वरूप प्रत्येक वर्ष जेष्ठ शुदि २ को दिन यो था पूजा हुने परम्परा छ। आजकल यो सानो था पूजाको रूपमा चल्दै आएको छ।

### ६. जेष्ठ शुदि १० पद्मावती देवीया था पूजा

प्रत्येक वर्ष जेष्ठ शुदि १० अर्थात दशहराको दिन श्रीतलेजुकहाँ हुने था पूजा पद्मावती देवीया था पूजा बाट

प्रख्यात छ। यहाँ दशहरा एउटा महत्त्वपूर्ण दिन भएको कारण श्रीतलेजुमा था पूजा सञ्चालन भएको र यो परम्परा बसाउने पद्मावती देवी भएको प्रस्ट हुन्छ। तर यहाँ यो था पूजा राख्ने पद्मावती देवी को हुन् उल्लेख छैन। यसैसन्दर्भमा राजा जितामित्र मल्लले ठाउँ ठाउँमा पद्मावती देवीलाई माता भनी सम्बोधन गरेको हुँदा उनी जितामित्र मल्लकी आमा तथा जगतप्रकाश मल्लकी पटरानी भन्ने स्पष्ट हुन्छ। यो थापूजा दशहरा था पूजाको नामले पनि प्रसिद्ध छ।

### ७. जेष्ठ शुदि १२ राजेन्द्र विक्रम शाहको था पूजा

यो था पूजा शाहकालीन था पूजा हो। वि.सं. १८८६ ज्येष्ठ बदि १२ को दिन तत्कालीन राजा राजेन्द्र विक्रम शाहले श्रीतलेजुमा ३ ठाँउको गरी जम्मा ७५ रोपनी जग्गा एवम् नगद खर्चसहित विधि व्यवस्थाको उल्लेख गरी एउटा ताम्रपत्र श्रीतलेजु भवानी मूलकोठा बाहिर टाँग्न लगाएको छ। यो था पूजाको लागि ६७ रुपैयाँको व्यवस्था गरेको यो था पूजाको लागि आवश्यक सरसामानको समेत उल्लेख भएकोबाट था पूजा गर्न के कति सरसामान चाहिँदो रहेछ थाहा पाउन सजिलो भएको छ। साथै शाह राजाहरूमा रणबहादुर शाह, गिवार्ण युध्द विक्रम शाह झैँ राजेन्द्र विक्रम शाहले पनि भक्तपुर श्रीतलेजुमा था पूजा राखेको देखिन आउँछ।

### ८. जेष्ठ बदि ५ लुंपोल था पूजा (श्रीउ तलेजुया गजूदिछ्या या था पूजा)

भक्तपुर श्रीतलेजु भित्र हरेक वर्षको जेष्ठ कृष्ण पंचमीको दिन लुंपोल था पूजा हुन्छ। यहाँ उल्लेख भएको लुं पोल अर्थात सुनको छाना भन्ने जनाउँछ जसले श्री तलेजु विराजमान भएको मूलचोकको दक्षिणतर्फको आगमघरको सुनको छाना सङ्केत गर्छ। राजा विश्व मल्लले ने.सं. ६६५ मै सुनको गजुर राखी छाना छाएकोमा ने.सं. ८२६ जेष्ठ बदि ५ को दिन राजा भूपतिन्द्र मल्लले सुनको छाना हाली जीर्णोध्दार गरेको अवसरमा यो था पूजा चलनमा ल्याएको देखिन्छ। श्री तलेजु आगमको दायाँ बायाँ तर्फ रहेको स्वर्ण अक्षरले लेखिएको अभिलेखमा आफ्नो इष्टदेवताको सुनको मन्दिर बिग्रेकोले राजा भूपतिन्द्र मल्लले ११ ओटा सुनको गजुर सुनको छाना दलिन फेरेर दायाँ बायाँ सिंह, बेताल, छत्र, मुथल आदि राखी जीर्णोध्दार गरेको उल्लेख छ। अचेल यो था पूजा सानो था पूजाको रूपमा सञ्चालनमा छ।

### ९. जेष्ठ बदि ८ (भलभल अष्टमी) बाठा था पूजा

जेष्ठ बदि ८ को दिन जेष्ठकृष्ण अष्टमीलाई भलभल अष्टमीबाट पनि चिनिन्छ। यो दिन भगस्तीले नेवार समाजमा अझ प्रख्यात छ। श्रीतलेजु भवानीको एक रूप श्रीनवदुर्गा भवानीको अस्त हुने दिन भएर यो दिनको ठूलो महत्त्व छ। यसदिन श्रीतलेजुभवानी कहाँ एउटा था पूजा हुन्छ। जसलाई बाठा था पूजाले पनि पुकारिन्छ। ने.सं. ७९२ भलभल अष्टमीको दिन श्रीतलेजु भवानीकोमा राजा जगतप्रकाश मल्लले आफ्नो प्रिय मन्त्री चन्द्रशेखर सिंहसहितको पूर्णकदको सालिक राखेको अवसरमा प्रत्येक वर्ष सोही दिन यो था पूजा चल्दै आएको छ। हाल यी दुई सालिक श्रीतलेजु भवानी रहेको मूलचोक प्रवेश गर्ने क्रममा बेकोचोकमा रहेको छ। शिलापत्र चाहीँ गणेश चोकमा छ।

### १०. जेष्ठ बदि १० रणबहादुर शाहं तवगु था पूजा

श्रीतलेजु भवानीकहाँ था पूजा राख्नेमा मल्ल राजाहरूको ठूलो देन छ। ने.सं. ८८९ मा पृथ्वी नारायण शाहले भक्तपुरमाथि विजय हासिल गरिसकेपछि श्रीतलेजु भवानीप्रति ध्यान दिन सकेको देखिँदैन। शाहकालीन राजाहरूमध्ये रणबहादुर शाह श्रीतलेजु भवानी कहाँ था पूजा राख्ने पहिलो शासक भएको प्रमाण यही जेष्ठ बदि १० को रणबहादुर शाहको था पूजा हुन आउँछ। विशेष गरी आफ्नी रानी कान्तावती देवी क्षयरोगबाट ग्रस्त भएपछि रानीलाई चाँडै रोगबाट मुक्त होस् भन्ने अभिप्रायले रणबहादुर शाहले श्रीतलेजु भवानी कहाँ था पूजाको व्यवस्था गरेको हो। जुन था पूजा च्याठा था पूजाले पनि चिनिन्छ।

### ११. आषाढ शुदि २ न्यातापोल था पूजा

राजा भूपतिन्द्र मल्लले ने.सं. ८२२ आषाढ शुदि १ को दिन भक्तपुर तौमढी टोलमा विश्वप्रसिध्द ङातापोल मन्दिर बनाउन लगाएको अवसरमा श्री तलेजु भवानी कहाँ भोलिपल्ट यो था पूजा गर्ने परम्परा छ। ६ महिनाको अवधिमा त्यत्रो भव्य, कलाकृतिले भरिएको मन्दिर बनाउन सकेकोमा त्यसप्रति गर्व स्वरूप यो था पूजाको व्यवस्था गरेको देखिन्छ।

### १२. आषाढ शुदि ४ चम्पारोहण था पूजा

प्रत्येक वर्ष आषाढ शुदि ४ को दिन श्रीतलेजुमा चा स्वां नामक फूल चढाउने था पूजा हुन्छ। जसलाई चम्पारोहण था पूजाले पनि चिनिन्छ।

### १३. भाद्र पदस् दिन भिंकुन्हु सोयाव लाख्वकया था पूजा

भाद्र महिनामा असल दिन विचार गरी यो था पूजा गरिन्छ। जसलाई आजकल भाद्र शुक्ल ४ रोजमा लाठो था

पूजाबाट सम्पन्न गर्छ। यो था पूजाको खास काम वर्षा पछि बाटोमा उम्रेको घाँस उखेल्ने हो।

### १४. भाद्र शुदि ८ च्याठा था पूजा

भाद्र शुदि ८ को दिन हुने च्याठा था पूजा एउटा ठूलो था पूजाको रूपमा लिइन्छ। राजा गिर्वाण विक्रम शाहले राखेको विभिन्न था पूजाहरूमा यो पनि एक हो।

### १५. भाद्र शुदि १५ चन्द्रशेखर उपाध्याया था पूजा

प्रत्येक वर्ष भाद्रशुक्ल पूर्णिमाको दिन चन्द्रशेखर उपाध्या या था पूजाबाट प्रख्यात छ। यो था पूजा राख्ने व्यक्ति चन्द्रशेखर उपाध्याय हुन् । यहाँ चन्द्रशेखर उपाध्याय को हुन् यसबारे थाहा पाउनु जरुरी छ। ने. सं. ७८२ मा राजा जगतप्रकाश मल्लको मन्त्रीको रूपमा पर्दापण भएको चन्द्रशेखर उपाध्याय (राजोपाध्याय) तत्कालीन समयका एक प्रमुख व्यक्ति रहेको विभिन्न प्रमाणहरूबाट पुष्टि हुन्छ। यसमा जगतप्रकाश मल्ल र चन्द्रशेखरको संयुक्त नाम जगच्चन्द रहनु र यो नामबाट थुप्रै साहित्यिक कृतिहरू सृजना भएको सन्दर्भमा उनी एक साहित्यिक व्यक्तित्व रहेको थाहा हुन आउँछ।

### १६. भाद्र बदि ८ को श्री जर्गज्योती मल्लको था पूजा (वाभूँ तेला)

वाभुँ सदैव भक्तपुरको लागि सामरिक महत्त्वले भरिएको ठाउँ बनेको सन्दर्भमा यहाँ भाद्र बदि ८ को दिन श्री तलेजुमा मनाइने एउटा था पूजा महत्त्वपूर्ण प्रमाण हुन आउँछ। वाभूँ तेला था पूजाबाट चिनिने उक्त था पूजाको संकल्प वाक्यमा जर्गज्योति मल्लको नाम आउनु अर्को अनुसन्धान गर्नुपर्ने विषय हुन आउँछ। वाभूँको इतिहाससँग भूपतिन्द्र मल्ल र रणजित मल्लको मात्र नाम जोडिएकोमा यो था पूजाको माध्यमबाट पहिलोपटक जर्गज्योति मल्लको पनि नाम आएको हुँदा यो अनुसन्धानयोग्य विषय हुन आएको हो। यसको अर्थ ने.सं. ७२३ देखि ने.सं.७५९ को बीचमै जर्गज्योति मल्लले वाभुँमाथि आधिपत्य जमाएको र यसैलाई आधार बनाई उनले प्रत्येक वर्ष भाद्रबदि ८ को दिन वाभुँ तेला था पूजा चल्दै आएको हो।

### १७. भाद्र बदि ११ भूपतिन्द्र मल्लया था पूजा

भाद्र बदि ११ को दिन भूपतिन्द्र मल्लया था पूजा अर्थात भूपतिन्द्र मल्लको था पूजा नामको एउटा था पूजा हुन्छ। यो था पूजा कुन विषयसँग सम्बधित छ यसबारे आजसम्म कहिँकतै खुलासा नभएको सन्दर्भमा यो था पूजासँग भूपतिन्द्र मल्लको के सम्बन्ध रहेछ यसबारे अध्ययन गरेको छु। भूपतिन्द्र मल्लले ने.सं. ८१६ भाद्र बदि ११ को दिन आफ्नै बुबा जितामित्र मल्ललाई नजरबन्दमा राखी आफू राजा बनेका थिए। ने.सं.८१६ भाद्र बदि ११ को मितिको टक भएबाट यसको पुष्टि हुन्छ। यसैलाई आधार मानी प्रत्येक वर्ष भाद्र बदि ११ को दिन यो था पूजा हुन्छ।

### १८. आश्विन बदि ८ महालक्ष्मी था पूजा

विजया दशमीको महाअष्टमीको दिन महालक्ष्मीको पूजा हुने दिन हो। यसको करिव १५ दिन अगाडि अर्थात आश्विन बदि अष्टमीको दिन श्री तलेजु भवानी कहाँ महालक्ष्मी धलं ब्रतका साथ था पूजा पनि हुन्छ। जुन महालक्ष्मी था पूजाले चिनिन्छ।

### १९. आश्विन बदि १९ रजाई था पूजा

प्रत्येक वर्ष आश्विन बदि १९ को दिन श्री तलेजु भवानीमा रजाई था पूजा सम्पन्न गर्ने चलन छ। था पूजाको नामबाट नै यो था पूजा कुनै लडाइँ वा युध्दसँग सम्बन्धित रहेको पुष्टि हुन्छ। तत्कालीन कुनै राजाले कुनै युध्द जितेको अवसरमा यो था पूजा चलाएको देखिन आउँछ। तर कुन राजाले कुन युध्द जितेको अवसरमा यो था पूजा सञ्चालनमा ल्याएको हो यसबारे कुनै लेखाजोखा भएको पाइँदैन। तर एउटा तथ्य के स्पष्ट हुन आउँछ भने श्री तलेजु कहाँ धार्मिक सांस्कृतिक मात्र नभई सामरिक उद्देश्यले समेत था पूजा राख्ने गरेको प्रमाण यो था पूजा हुन आउँछ।

### २०. मार्ग बदि २ नोफने था पूजा

मार्ग बदि २ को दिन श्री तलेजुभित्र नोफ्ने था पूजा हुन्छ। श्री तलेजु भवानी कहाँ बडादशैंको नवमीदेखि हिंसा कर्म रोकिराखेकोमा उक्त हिंसा कर्म पुनः चलाउन यो नोफ्ने था पूजागर्ने परम्परा छ। यसको लागि श्री तलेजु पस्ने सुनको ढोकाभन्दा पूर्वतिरको पःध्वाका गणेशकहाँ एकओटा बोका र एकओटा हाँस तान्त्रिक विधीबाट भोग दिई अन्य गुह्य पूजा कुमारी चोकमा सम्पन्न गरिन्छ। यही नोफ्ने था पूजा सम्पन्न भैसकेपछि मात्र श्री तलेजु भवानीलगायत अन्य देवदेवीमा दोपाया चौपाया पशुहरूको हिंसा कर्म हुन्छ।

### २१. मार्ग बदि ९ श्री जितामित्र मल्लया जन्मदिनया था पूजा

भक्तपुरका राजा जितामित्र मल्लको जन्मदिन भएको दिनपारी श्री तलेजु भित्र एउटा था पूजा हुन्छ। मार्ग बदि ९ को दिन राजा जितामित्र मल्लको जन्मदिन भएको र

त्यसको सम्झनास्वरूप यो था पूजा राखेको देखिन्छ । जितामित्र मल्लले आफ्नो जन्मदिनको अवसरमा ने.सं. ८०५ मार्ग वदि ९ को दिन श्रीतलेजु मूलचोक पस्ने काठको अत्यन्त भव्य तोरणसहितको ढोका राख्न लगाए झैँ श्री तलेजु भित्र था पूजा राख्न लगाएको हो ।

## २२. मार्ग शुदि २ लोंहदेग:या था पूजा

प्रत्येक वर्षको मार्ग शुदि २ को हुने लोंह देग:को था पूजा पनि एक हो । यो था पूजा लोंहदेग:सँग सम्बन्धित रहेको अवस्थामा अध्ययनको दौरान भक्तपुर दरबार क्षेत्रको ठूलो घण्टासँगैको लोंहदेग: (ढुङ्गे मन्दिर) ने.सं. ८१६ मार्ग शुदि २ को दिन जितामित्र मल्लले निर्माण गर्न लगाएको इतिहास छ । जुन मन्दिर बनाउनको लागि भक्तपुरको पूर्वदिशाको हलल गाउँ जसलाई अभिलेखमा हरदमक्वाठ भनिएको छ, बाट ने.सं. ८१३ मै ढुङ्गा लिएको प्रमाण सोही ठाउँको चट्टान अभिलेखले दिन्छ । हलल गाँउबाट ल्याएको ढुङ्गाबाट भक्तपुर दरबार समिप लोंहदेग: बनाइसकेपछि सोही मन्दिर बनेको उपलक्ष्यमा प्रत्येक मार्ग शुदि २ को दिन श्री तलेजु भवानी कहाँ लोंहदेग:या था पूजा हुँदै आएको हो । भक्तपुर नगर भित्र निर्माण भएको एक मन्दिरसित सम्बन्धित भएपनि यो था पूजा ऐतिहासिक एवम् राजनैतिक कारणले समेत महत्त्वपूर्ण छ ।

## २३. पौष बदि ७ च्याठा था पूजा

राजा गिर्वाण विक्रम शाहले राखेको यो था पूजा हो । राजा गिर्वाण विक्रम शाह बालिग भइसकेपछि विभिन्न पाँचओटा था पूजाहरू तलेजुमा राखेका थिए । जसमा एक पौष बदि सप्तमीको था पूजा पनि हो । प्रशस्त जग्गाको व्यवस्था भए पनि हाल यो था पूजा सञ्चालनमा छैन ।

## २४. पौष बदि ९ कुथुबहाल था पूजा

भक्तपुरका अन्तिम राजा रणजित मल्लको समयमा आफ्ना सात छोराहरूको निम्ति सात विभिन्न बहालहरूको व्यवस्था भएकोमा एक बहाल कुथुबहाल हो । यो बहाल भक्तपुर दरबार क्षेत्रको पश्चिममा रहेको खौमाभन्दा अलि तल दोक्छेँ भन्ने ठाउँमा छ । यसरी खौमा टोलभन्दा तल रहेकै कारण यो बहालको नाम कुथुबहाल कहलिएको छ । प्रत्येक वर्षको पौष बदि ९ को दिन श्री तलेजुमा यही कुथुबहालको नामबाट था पूजा हुने परम्परा छ । केही वर्षदेखि रोकिएको यो था पूजा वि.सं. २०७७ सालदेखि सञ्चालन हुँदै आएको छ ।

## २५. पौष शुदि ५ लु दव था पूजा

यहाँ लुँ ले सुन अनि दवले प्राप्त भएको भन्ने अर्थ लाग्ने अवस्थामा यो था पूजा सुन प्राप्त भएको अवसरमा सञ्चालनमा आएको था पूजा हो भन्ने स्पष्ट हुन्छ । तर कुन अवसरमा कुन ठाँउबाट सुन प्राप्त भएको हो त्यसबारे कुनै तथ्य हालसम्म प्रकाशमा आएको छैन । यसै सर्न्दभमा राजा जगतप्रकाश मल्लको समयमै भक्तपुर श्रीतलेजुको निम्ति सुनका ढोका बनाउन ललितपुरबाट ३ जना शाक्य कालिगडहरू भक्तपुर बोलाई सुनको ढोका तयार गर्ने जमर्को गरेतापनि त्यतिबेला भक्तपुरसँग पर्याप्त मात्रामा सुन थिएन । पर्याप्त मात्रामा सुन नभएकै कारण जगतप्रकाश मल्ल, जितामित्र मल्ल र भूपतिन्द्र मल्लले सुनको ढोका बनाउन सकेनन् । तर रणजित मल्लको समयमा तिब्वतसितको ब्यापार राम्रो भएको अवस्थामा भक्तपुरले प्रशस्त सुन पायो र सुनको ढोका बनाउनलाई सुन प्राप्त भएकोलाई मध्यनजर गरी प्रत्येक वर्ष पौष शुदि ५ को दिन श्री तलेजु कहाँ लुँ दव था पूजा हुनेगर्छ ।

## २६. पौष शुदि ८ च्याठा था पूजा

यो था पूजा रणबहादुर शाहकी रानी कान्तावती बिरामी भएपछि श्री तलेजुमा राखेको हो । वि.सं. १८५६ देखि सञ्चालनमा आएको यो था पूजा च्या था पूजा हो । यसलाई कान्तावती नं तगु था पूजा भनिएबाट यसको पुष्टि हुन्छ । यसको संकल्प वाक्य यसप्रकारको छ,

*पौष शुदि ८ ॥ महारानीया च्याथा ॥ कास्यपगोत्र जजमानस्य श्री २ कान्तावती देब्याया ,'...। श्री ३ स्वेष्टदेवता प्रीत्यर्थ प्रतिवर्ष पंचोपचार देवार्चन*

## २७. पौष शुदि १५ ठूलो था पूजा

यो था पूजा रणबहादुर शाह स्वामी परमनिर्गुणानन्द भइसकेपछि राखेको था पूजा हो । आफ्नी रानी कान्तावती देवी बिरामी हुँदा उनी चाँडै निको होस् भन्ने अभिप्रायले वि.सं. १८५६ मा यो था पूजा राखेको हो । जुन था पूजाको संकल्प वाक्य यसप्रकारको छ,

*पौष शुदि १५ ॥ च्याथाया ॥ कास्यपगोत्र जजमानस्य श्री २ परमनिर्गुनानन्द स्वामि वर्मनस्य ..। श्री २ स्वष्टदेवता प्रीत्यर्थ पंचोपचार देवार्चन्*

यस संकल्प वाक्यबाट पनि यो था पूजाका स्थापक स्वामी निर्गुणानन्द अर्थात रणबहादुर शाह हो भन्ने पुष्टि हुन्छ ।

## २८. माघ शुदि ५ श्री पंचमी था पूजा

हाम्रा संस्कृतिमा माघ शुक्ल पंचमी श्री पंचमीले प्रख्यात छ । यस दिन श्री तलेजु कहाँ श्री पंचमी था पूजा हुने गर्छ । राजेन्द्रविक्रम शाहले भक्तपुरको श्री तलेजुमा श्रीपंचमी लगायत ३ ओटा था पूजाहरू राखेको पाइन्छ । यो था पूजा राखेको समयमा उनी नवयुवक नै रहेको हुँदा यो था पूजा राख्नुको पछाडि राजेन्द्रविक्रमको भन्दा बढी स्वार्थ उनकी

आमा ललितत्रिपुरासुन्दरी एवम् तत्कालीन जनरल भिमसेन थापाको हुनआउँछ। यहाँ यो था पूजा गर्दा लिने एउटा संकल्प वाक्य यस्तो छ,

*माघ बदि पंचमी ५ माहाराजाया कासिवगोत्र जजमानस्य श्री ३ राजेन्द्र बिक्रम शाहदेव नृपतिनां सगनपरिनारानांनिसिघृत दिप .....*

यही माघ शुदि ५ को दिन अर्थात श्री पंचमीको दिन नासमनाको नृत्यनाथको मन्दिरको गजुर राखेको दिन पनि भएको कारण श्री तलेजु कहाँ मूल नासोलया गजूरछा या था पूजाले पनि प्रख्यात छ।

## २९. माघ शुदि ७ ग्वंग था पूजा

प्रत्येक वर्ष माघ शुदि ७ को दिन श्री तलेजु भवानीको आभ्यन्तर पूजाको लागि भक्तपुर श्री तलेजु भित्र एउटा था पूजाको ब्यवस्था गरेको छ यो था पूजा तत्कालीन राजा राजेन्द्रबिक्रम शाहले राखेको प्रमाण वि.सं. १८८३ श्रावण बदि ४ को लालमोहरबाट स्पष्ट हुन्छ। जतिबेला राजेन्द्रबिक्रम १३ वर्ष उमेरका मात्र थिए। तसर्थ यो था पूजा राख्नको पछाडि ललितत्रिपुरा सुन्दरी र भिमसेन थापाको ठूलो भूमिका छ। यता आफू बालक छँदै राखेको था पूजा ब्यवस्थित गर्न उनले वि.सं. १८९१ मा था पूजाको लागि आवश्यक सरसामानको विवरण खुलाई गुथि जग्गाको आम्दानी तथा गुथियारहरूको नामसमेत उल्लेख गरेको छ। यो था पूजाको मुख्य जिम्मा ग्वंग थरका ब्यक्तिको भएको कारण पछि यो था पूजाको नामाकरण ग्वंग था पूजाबाट हुन थाल्यो। यसको लागि ६३ रोपनीभन्दा बढी जग्गाको ब्यवस्था थियो।

माघ शुदि ७ को दिन श्री तलेजु भित्र हुने यो था पूजा यसभन्दा अघि श्रीनिवास मल्लको था पूजाले प्रख्यात थियो।

## ३०. माघ शुदि १५ योगनरेन्द्र मल्लया था पूजा

ने.सं. ८१८ माघ शुक्ल पुर्णिमाको दिन पाटनका राजा योगनरेन्द्र मल्लले भक्तपुरको श्री तलेजुको निम्ति यो था पूजा राखेको प्रमाण भक्तपुर तलेजुको मूलचोकको उत्तरपट्टीको दलानको निदालको स्वर्णपत्रले स्पष्ट हुन्छ। प्रशस्त जग्गा जमिनसहित राखेको यो था पूजाको बन्देजमा भक्तपुरका राजा भूपतिन्द्र मल्ल, योगनरेन्द्र मल्लकी रानी जयलक्ष्मीदेवीलगायत भक्तपुर पाटनका राजगुरु, भारदारहरू साक्षी रहेको देख्न सकिन्छ। जुन था पूजाको क्रममा लिइने एउटा संकल्प वाक्य यस्तो छ,

*माघ शुदि १५ मानवग्त्र जजमानस्य श्री २ जोगनरेन्द्र मल्ल वर्मन श्री २ स्वेष्टदेवता प्रीत्यर्थ प्रतिवर्ष पंचोपचार देवार्चन पूजा निमित्यर्थ.....*

## ३१. माघ बदि ३ श्री रणजित मल्लया दलथाङाया था पूजा

भक्तपुर राज्यको दक्षिण पश्चिम दिशामा पर्ने वाँभू एउटा सदैव सामरिक स्थान रहेको सन्दर्भमा राजा रणजित मल्लको समयमा ने.सं. ८५१ मा कान्तिपुर, ललितपुर र गोरखाको संयुक्त फौजलाई वाँभूको लडाइँबाट हराई वाँभू किल्ला दखल गरेको अवसरमा यो था पूजा राखेको हो। जसको एउटा संकल्प वाक्य यसप्रकारको छ,

*माघ वदि ३ श्री रणजित मल्लन दल थाना ॥ वाभूत्तेलाया॥ मानगोत्र जजमानस्य श्री २ जयरनजित मल्ल नृपति ... श्री २ स्वेष्टदेवता प्रीत्यर्थ प्रतिवर्ष पंचोपचार देवार्चन .....*

## ३२. फागुण बदि ३ सुमिथा था पूजा

राजा रणजित मल्लले सुमिथा (?) नाम गरेको ठाउँ आफ्नो अधिनमा लिए पछि शुरु गरेको था पूजा हो। र यो सानो था पूजाको रूपमा सञ्चालित छ।

## ३३. फागुण बदि ५ बैद्य था पूजा

यो तलेजु भवानीलाई प्रिति गरी वि.सं. १८९२ फागुण बदि ५ को दिन स्थापना भएको था पूजा हो। यसको लागि ३४ रोपनीभन्दा बढी जग्गाको ब्यवस्था भएको थियो। तत्कालीन समयका भक्तपुरका एक नामी बैद्य तेजनरसिंह बैद्यलाई अख्तियारी दिएको था पूजा पछि यसको नाम नै बैद्य था पूजा भएको देखिन्छ।

## ३४. फागुण बदि १४ च्याथा था पूजा

यो था पूजा राजा गिर्वाण विक्रम शाहले राखेको था पूजा हो। फागुण बदी चतुदर्शीको यो था पूजा च्याथा पूजाले पनि चिनिन्छ।

## ३५. फागुण शुदि २ च्याथा था पूजा

राजा रणबहादुर शाह स्वामी निर्गुणानन्द कहलिए पछि राखेको था पूजा हो। आफ्नी रानी कान्तावतीको रोग निदानको अभिप्रायले यो था पूजा राखेको हो।

## ३६. फागुण शुदि ९ बुव जिला था पूजा

यो मल्ल कालमा नै स्थापित एउटा था पूजा हो। तलेजुभित्र विभिन्न फूलसित सम्बन्धित पूजाहरू जस्तै धन्छा, पुच्छा, अजिस्वां, चम्पारोहण आदि भए जस्तै कोपिलाको पनि पूजा हुन्छ। यसमा फागुण शुक्ल नवमीको दिन बुव जिला था पूजा हुन्छ। यहाँ बुव भनेको कोपिला लागेको अर्थमा यस दिन रोटीको डल्लाहरूलाई कोपिलाको आकार दिई था पूजा हुन्छ।

# विश्वविद्यालय र कलेजहरूसमेत गुप्त प्रहरी ?

विश्वविद्यालय र कलेजहरूले समेत के कुनै एउटा राजनीतिक व्यवस्थाको गुप्त प्रहरी वा गुप्ती काम गर्न सक्छन् ?

अवश्य ! हिटलरले वैज्ञानिक संस्था र वैज्ञानिकहरूलाई समेत गुप्तचरीको काम गराएको जगजाहेर छ। त्यसैले, दोस्रो विश्वयुद्धको बेला कतिपय वैज्ञानिक र बुद्धिजीवीहरू विदेश भागे। अमेरिकाको केन्द्रीय गुप्तचर विभाग (सीआईए) का कतिपय सदस्यहरू राम्रै पढेलेखेका र विद्यावारिधि गरेका हुन्छन्। तिनीहरूले अमेरिकी प्रशासन र सरकारका लागि अन्य देशहरूमा राजनीतिक सङ्कट ल्याउन वा गृहयुद्ध भड्काउन र राजनीतिक दलहरूलाई झगडा लगाउने तथा फुट गराउने काम गर्छन्। संरा अमेरिका संसारमा 'मानव अधिकार संरक्षण' को कुरा गर्छ तर संसारका धेरै देशहरूमा मानव अधिकार हनन गराउने काम अमेरिकी प्रशासन आफैले गर्छ। अनि, त्यही निहुँमा त्यस देशको सरकारलाई तर्साएर आफ्नो पक्षमा लिन्छ, नत्र सरकारलाई सङ्कटमा पार्छ। लागुपदार्थको व्यापार आफैले फस्टाउन दिन्छ अनि त्यसैको बहानामा विभिन्न देशलाई आफ्नो मुठ्ठीमा पार्छ। आफै बोक्सी र आफै धामी हुन्छ।

दक्षिण एसियाली देशहरूमा भारतको गुप्तचर विभाग 'रअ' अर्थात् 'अनुसन्धान विभाग' सक्रिय छ। बंगलादेश, सिक्किम, भुटान र नेपालमा समेत सन् २०१३ मा आफ्नो नङ्ग्रा फैलाउने उद्देश्य बुनेको थियो। त्यस कार्यमा त्रिवि, अन्य विश्वविद्यालय र कलेजका 'बुद्धिजीवी' हरू सक्रिय थिए। ती बुद्धिजीवीहरू पहिले नेपाली काङ्ग्रेसका प्राध्यापकहरू थिए भने अहिले त्यसमा एमाले र एमाओवादी दलका बुद्धिजीवी र नेताहरूसमेत संलग्न छन्। संविधानमा विदेशीहरूको सहयोगअनुसार समानुपातिकमा धनाढ्यहरू, ठेकेदार र मारवाडीहरूलाई समेत मनोनीत गर्ने प्रावधानले विदेशी आर्थिक चलखेललाई अझ बढायो।

त्रिवि अनुसन्धान विभागका पशुपतिशमशेर राणा पञ्चायतकालमै मन्त्री बन्दा 'कम्युनिस्ट' भनिने अनेक व्यक्तिहरूलाई बोलाउन सक्ने बनाए, राजाको स्वकीय सचिव नारायणप्रसाद श्रेष्ठले जस्तै।

त्रिविका विभागीय प्रमुख (हेड अफ डिपार्टमेन्ट) हरूले पनि कलेजलाई कुनै विषय अध्ययनको निम्ति स्वीकृति दिने अथवा नदिने भन्नेबारे राजनीतिक सीसाकलम चलाउँछन्। त्यस्ता पक्षपातको आधार विषयगत प्राज्ञिक आधार नभई राजनीतिक विचारलाई नै बनाइएको देखिन्छ। धर्म, जाति र भाषालाई प्राज्ञिक आधारको ठाउँमा राख्दा थाहै नपाई देश फासीवाद र नाजीवादमा पुग्दो रहेछ।


पश्चिमी देशहरूले नेपालका माथिल्ला तहका कर्मचारीहरूकै छोराछोरी वा परिवारका मानिसहरूलाई अमेरिकालगायत अन्य युरोपीय देशको नागरिकता दिलाएर स्थायी बसोबास गराउने चाँजोपाँजो मिलाए। निजामती सेवाका एकजना पूर्वसचिवले भने, '२०-३० वर्ष सरकारी जागीर खाँदा कुनै गल्ती नगरिए पनि जीवनमा एउटा गल्ती भयो। त्यो हो - अमेरिका बस्ने छोराछोरीको लहलहैमा लागेर नेपालको घर-खेत बेचियो।' तर, नयाँ पुस्ताले कसरी आफूहरू अरूको हातको कठपुतली बन्नेछन् भन्नेबारे अनभिज्ञता जाहेर गर्छन्।

सरकारको ऐन-कानुनलाई निस्क्रिय बनाउने तथा नयाँ ऐन-कानुन बनाएर पश्चिमाको हात माथि पार्ने काममा गैरसरकारी संस्थाहरू र काठमाडौँस्थित पश्चिमा देशका दूतावासका अधिकारीको संयुक्त बैठक निर्णायक हुन्छ। यसरी उनीहरू नेपालका सरकारी 'जागिरदार' वा भूतपूर्व सरकारी कर्मचारीहरूलाई सहयोगी बनाउँछन्। यसमा शासक दलका प्राध्यापक सङ्गठन र बुद्धिजीवी संस्थाहरूलाई जोगाउन पार्टी नेताहरूलाई धौधौ परेको थियो। शासक दलहरूमा निर्वाचनमा देखिएको उम्मेदवारको सकसको कारण त्यसैलाई लिने गरिएको छ। हरेक जिल्ला र निर्वाचन क्षेत्रका पत्रकार र प्राध्यापकहरूकै सूचनालाई सम्बन्धित पक्षले सूत्रको रूपमा लिएको परिणामले बताउँदै छ।

*(मजदुर दैनिक, २०७९।६।१६)*

नव वर्ष
नेपाल संवत् ११४३ मा
देशभक्त र इमानदार प्रतिनिधि
छान्न सफल होस्

भिन्तुना !



# सय वर्षपछिको भक्तपुर (५)



नारायणमान बिजुक्छेँ

## पचास वर्ष पहिले

भक्तपुर शहरको सुकुलढोका र गोल्मढी टोलको सीमामा एउटा सत्तल छ। त्यस सत्तलसँग जोडिएको एउटा ठूलो घर थियो र त्यस घरको भुइँतलामा एउटा दूध र दही पसल थियो। दूधको किनबेच बिहान १० बजेसम्म हुन्थ्यो भने दहीको कारोबार साँझ ५ बजेपछि मात्र हुन्थ्यो। यसकारण दिउँसो त्यस पसलमा टोलका युवाहरू र पसलेहरू वा अधबैंसेहरू कुराकानी गर्ने, तास खेल्ने वा अरू मनोरञ्जनका गतिविधि गर्ने गर्दथे। १०/१२ जना बस्ने एक फुटको अग्लो काठको फलैंचा बनाइएको थियो भने मुढा, स्टुल वा स्टुलको रूपमा प्रयोग हुने बाकस र स-साना सुकुलहरू पनि त्यहाँ सधैं रहिरहन्थ्यो। शनिबारको दिन प्रवेशिका परीक्षा दिइसकेका वा काठमाडौं कलेजमा पढ्ने विद्यार्थी र अन्य पढे-लेखेका युवाहरू त्यहाँ १०/११ बजेदेखि कुराकानी, विज्ञान-प्रविधि, देश-विदेशका इतिहास र विभिन्न वादहरूबारे अलि लामै छलफल गर्ने गर्दथे।

त्यो दूध-दही पसलमा १०/११ बजेदेखि झन्डै २ बजेसम्म सानो वादविवाद र अध्ययन गोष्ठीको रूप लिन्थ्यो। त्यहाँ जम्मा भएका युवाहरू आफूले पढेका पुस्तक र पत्रपत्रिका, सुनेका रेडियो समाचार र टिप्पणीहरू वा कुराकानीबारे पनि मनग्य बयान र छलफल गर्ने गर्दथे। सहरमा स-साना २/४ ओटा पुस्तकालय र अध्ययन गोष्ठी पनि स्थापना भइसकेका थिए, तर पनि त्यो दूध-दही पसल अनौपचारिक वादविवाद वा अध्ययन गोष्ठीको थलो भनेमा फरक पर्दैनथ्यो।

असारको महिना थियो, किसानहरू रोपाइँमा लागेका थिए, बजार सुनसान थियो, स्कूल कलेजमा जाँचपछिको बिदा शुरु भैसकेको थियो। झमझम पानी परिरहेको थियो। त्यस अनौपचारिक वादविवाद गोष्ठीका सदस्यहरूले प्रेम भन्ने नयाँ तर विविध जानकारी राख्ने एक युवालाई केही बताउन भनिरहेका थिए।

त्यस टोलका एक सम्पन्न परिवारको जेठो छोरो प्रेम २२ वर्षका युवक थिए। उनी बनारस विश्वविद्यालयमा राजनीतिशास्त्र अध्ययन गर्दै थिए तथा गर्मी बिदा शुरु हुनासाथ विराटनगरमा आफ्ना मातापितालाई समेत लिई गर्मी छल्न एकदिन अगाडि मात्रै काठमाडौँ उपत्यका पुगेका थिए। मोरङ जिल्लामा त्यस परिवारको राम्रो जग्गा-जमिन, कामत थियो। त्यसबेला माथिल्लो परिवारको हिसाब-किताब नै भा.रु.मा हुन्थ्यो र जोसँग धेरै भा.रु.हुन्थ्यो त्यही परिवारको धाक समाजमा हुन्थ्यो।

प्रेमको रङ गोरो थियो भने आँखा खैरो थियो, कपाल तह-तह चिटिक्क मिलाइएको र घुँगरिएको थियो। उनको कमिज र पाइन्टमा क्रिज वा इस्त्री कहिल्यै बिग्रिएको हुन्नथ्यो। उनको कमिजको दुवैतिरको खल्तीमा सेतो स-साना टाँक भएको ढकनी (धर्की) पनि लगाएको हुन्थ्यो र काँधतिर पनि दायाँ-बायाँ टाँक लगाइएको स-सानो फित्ता हुन्थ्यो। उनले लगाएको हल्का रातो फ्लेक्स जुत्ताको चुच्चो सदा चमचम चम्केको हुन्थ्यो। उनी आउनासाथै एक प्रकारको मगमगाउँदो अत्तरको बासनाको अनुभव सबैलाई हुन्थ्यो, जाडोमा भए उनी ओठमा बरोबर चिल्लो (चिपिष्टिक) लगाउँथे। कुराकानी बढ्दै गएपछि उनी विस्तारै कमिजको बायाँ खल्तीबाट चुरोटको बट्टा झिक्थे र दायाँ खल्तीबाट लाइटर निकाल्थे। चुरोट सल्काउँदै उनी आफ्नो कुरा शुरु गर्थे। अरू साथीहरू फूलमार, बसमार, मोटरमार, गोल्डफ्ल्याक जस्ता सस्तो खालका चुरोट पिउँथे भने उनी डुमोरी र क्राइवेन जस्ता दामी अर्थात् महँगो चुरोट पिउँथे। उनको हातमा चुरोट, लाइटर वा चिपिष्टिक नभएमा सेतो र इस्त्री गरिएको खल्ती (पकेट) रुमाल जरुरै हुन्थ्यो। उनी सधैं नयाँ नयाँ कुरा गर्थे र बीच बीचमा अङ्ग्रेजी शब्द पनि मिसाउँदै बोल्दा सबै ध्यान लगाएर सुन्थे।

लगातार पानी परिरहेकै कारण कोही कतै जाने सम्भावना पनि थिएन। अनि प्रेमले चुरोट सल्काउँदै चुरोटको धुवाँबाट बच्न दायाँ आँखा अलि चिम्लिँदै विराटनगरबाट काठमाडौँको आफ्नो यात्राबारे बयान गर्न थाले- 'भारतीय सीमाको जोगबनीमा जेष्ठको २५ गतेतिर रेलमा बस्यौँ, फारबेसगञ्जमा एकछिन रेल बिसायो, पूर्णिया र सहर्सा हुँदै रेल फेरि पश्चिम हानिँदै गयो, अर्को दिन बिहान दरभंगातिर हिड्यौँ। तेस्रो दिन रक्सौल ओल्यौँ र टाँगाबाट वीरगञ्ज

पुग्यौं, एक रात वीरगञ्जको हिमाल होटलमा बस्यौं, सिमराबाट काठमाडौं जाने २३/२३ रूपैयाँको तीनओटा हवाईजहाजको टिकट लियौं। बिहान ८ बजे वीरगञ्ज-अमलेखगञ्ज रेलमा बस्यौं, रेल छकछक गर्दै विस्तारै सिमरा पुग्यो। १०:३० बजे काठमाडौंबाट एउटा डकोटा हवाइजहाज सिमरा हवाइ मैदानमा ओर्ल्यो। यात्रुहरू तल झरे, मालसामान ओराले, सिमराका यात्रुहरू आ-आफ्ना टिकट जचाउँदै हवाईजहाज चढे, सबै ढोकाहरू बन्द भए, एकजना विदेशी प्राविधिकले हात हल्लाउँदै इसारा गऱ्यो, हवाईजहाज विस्तारै गुड्न थाल्यो र एकछिन पछि जमिन छोडेर उत्तरतिर उड्यो।

प्रेमको चुरोटबाट सेतो धुवाँको एक धर्को माथि उड्दै थियो, चुरोटको मधुरो धुवाँले अरूलाई अप्ठेरो पारेको अनुभव कसैले गरेको थिएन।

उनले चुरोटको एक सर्को तानेर मुखबाट धुवाँ गोलो गोलो पार्दै बाहिर फाले तथा एकछिन एक एक गरेर सबैको मुख नियाले। अरू उनको यात्रा वर्णन सुन्न उत्सुक भएको देखेर उनले भन्दै गए- '२० मिनेटमै गौचर हवाई अड्डामा विमान ओर्ल्यो। एउटा जिपमा घर पुग्दा ११:३० बजेको थियो। २/३ दिनको उराठलाग्दो भारतको रेलयात्राले थाकेर हिजो दिउँसो र राति आराम गऱ्यौं। बुबा र आमा अहिले पनि आराम गर्दै हुनुहुन्छ।'

उनको बयान गर्ने शैली र आमा-बाबुका थकाइको अभिनयपूर्ण भनाइले सबैलाई थकाइको अनुभव गरायो। यसकारण यसैपालि प्रवेशिका परीक्षामा उत्तीर्ण एक दुब्लो पातलो तर उत्साही विद्यार्थी मदनले सोध्यो- 'प्रेम दाइ, के हामी भारत नकुल्ची विराटनगरबाट काठमाडौं पुग्न सक्दैनौं ?' मदन एक खेलाडी केटो थियो, उसले सेतो कमिज र कट्टु लगाएको थियो।

उनले अलि थाकेको अभिनय गर्दै भने- 'सक्छौ मदन भाइ, तर धेरै दिन लाग्छ, बुबा-आमा र सामानसहित विराटनगरबाट काठमाडौं, पहाड र तराईको बाटो हिंडेर पुग्नु ठट्टाको कुरा होइन।'

छात्र मदनले आश्चर्य मान्दै पुनः प्रश्न गऱ्यो- 'त्यसो भए हिंडेर कोही त्यहाँबाट काठमाडौं पुग्दैनन् ?'

प्रेमलाई थाहा थियो काठमाडौं उपत्यकाका सान्है थोरै मानिसहरू मात्रै उपत्यकाभन्दा बाहिरी जिल्लाहरूमा जान्छन्। तिनीहरू कि व्यापारी हुन्थे वा कर्मचारी। यसकारण उनले भने- 'भाइले उपत्यका छोडेका छैनौ, त्यसैले सामान र भरियासहित पहाड र तराईको बाटो कस्तो छ भन्ने कुराको अनुमान गर्न सक्दैनौ। हो, पुराना मानिसहरू सबै पहाड-पर्वत, नदी -नाला तरेरै एउटा जिल्लाबाट अर्को जिल्ला जान्थे, अहिले पनि व्यापारीहरू, साधारण कर्मचारी-प्रहरी, सेना, हुलाकी र बन्दीहरू हिंडेरै एक जिल्लाबाट अर्को जिल्ला पुग्छन्।'

प्रेमभन्दा १/२ वर्षको जेठो एक सानो व्यापारी युवक भक्तले जिज्ञासा राख्यो- 'होइन प्रेम भाइ, तपाई त भारतको विभिन्न सहर र गाउँ, नेपालकै पनि विभिन्न ठाउँमा पुग्नु भएको हो, नेपालको भूगोलबारे पनि थाहा छ, के हाम्रो सरकारले भारत नपसी काठमाडौं आउने मोटर सडक बनाउन सक्दैन ?' भक्तले दौरा-सुरुवालमाथि कालो इष्टकोट तथा भादगाउँले कालो टोपी लगाएको थियो।

'सक्छ, किन सक्दैन तर हाम्रो देश अझै विकासको पथमा अगाडि बढिसकेको छैन, हाम्रो देशको बजेट सानो छ, योजनाबद्ध आर्थिक विकासले गति लिइसकेको छैन, त्यस्तो सोच पनि आइसकेको छैन'- उनले सरल ढङ्गले उत्तर दिए।

उनको कुरा सुनेर चौतारा, सिन्धुली, रसुवा आदि पहाड-पर्वतमा आफ्ना जागिरे बुबासँग हिंडेका मूल परिवारका एक युवक इन्द्रले सुस्केरा हाल्दै भन्यो- 'हाम्रो जस्तो अग्ला अग्ला पहाड र पर्वत, खोला र नालाहरू मात्र भएको देशमा कसरी अरू देशमा जस्तै मोटर र रेल चल्ने बाटो बन्न सक्ला र !'

शङ्का र सुस्केराको भावलाई बुझेर प्रेमले चुरोटको एक सर्को तानिसकेर भने- 'अरू अरू देशमा पनि पहाड र नदीनालाहरू छन् तर ती देशहरूले पहाडहरूमा पनि नागबेली बाटो बनाएका छन्, कतै कतै सुरुङ्ग खनेर उकालो-ओरालो र लामो बाटोलाई छोटो पारेका छन्, कतै कतै स-साना रेल र रज्जुमार्ग (केबुल कार) वा डोरीको बाटो (रोपवे) समेत बनाएका छन्। एकदिन हाम्रो देशमा पनि ठाउँ-ठाउँमा पहाडी सडक, सुरुङ्ग बाटो र रोपवेहरू बन्ने छन्, जिल्ला-जिल्लामा हवाईजहाज वा हेलिकप्टरको सेवा पनि चल्ने छ।'

काठमाडौंबाट बाहिर नगएका सानैमा एउटा आँखा अन्धो भई कालो चश्मा राखेका शीतला माईका दागहरू भएका आई.ए. पढ्ने एक युवक कुमार श्रेष्ठले भन्यो- 'प्रेमजी, तपाई के सपना बाँड्दै हुनुहुन्छ। अरू देशमा प्रजातन्त्र आएको २/३ सय वर्ष भयो। यहाँ प्रजातन्त्र आएको भर्खर २/४ वर्ष मात्र भयो। हाम्रो देशमा एक प्रतिशत जनता पनि साक्षर छैनन्। यस्तो देशले कहिले अगाडि बढेको देशको जस्तो यातायातको कल्पना गर्नु !'

बाहिर झन् दर्केर पानी बस्र्यो। चुरोटलाई माटोको सानो दही बनाउने कटौरामा निभाउँदै प्रेमले निराशा र शङ्कालाई मेट्ने उद्देश्यले विस्तारै भन्न शुरु गरे- 'कुमारजी, तपाईंको भनाइ ठीकै हो, हाम्रो देशको प्रजातन्त्र अहिले कलिलै छ, तर यसको अर्थ हाम्रो देशमा कहिल्यै प्रजातन्त्र बलियो हुँदैन तथा हाम्रो देशले प्रगति गर्दैन भन्ने होइन।'

सडकका बीचमा ढुङ्गा छापेको थियो भने दायाँ

बायाँ इँटा बिछ्याइएको थियो । पुरानो ढल सबै बन्द भैसकेको हुँदा विस्तारै ढलको पानी सडकबाटै बग्दै थियो । समय बित्दै गयो, पानी थाम्ने छाँटकाँट थिएन, विस्तारै सडकको दुवै किनाराका पेटीको तल तलसम्म खोला जस्तै पानी बग्न थाल्यो, केटाकेटीहरू लुगा भिजाउँदै तरकारी पसलबाट बगाएर ल्याएको रातो-हरियो खुर्सानीलाई 'माछा-माछा' भन्दै खेल्दै थिए । बीचमा आमाहरूले आ-आफ्ना केटाकेटीहरूलाई 'लुगा भिज्यो घर आऊ' भन्दै बोलाएको आवाज सुनिँदै थियो । त्यसबेला सुकुलढोकाको सडक र गल्ली गल्लीमा समेत तरकारी पसलहरू थिए ।

अर्को चुरोट सल्काउँदै प्रेमले भन्दै गए- 'तपाईंहरूलाई थाहै होला नेपालको केही जिल्ला र सहरका ठाउँ ठाउँमा कच्ची बाटो भए पनि मोटर चल्छ, कारखानाहरू स्थापना भैसकेका छन्, जयनगर-जनकपुर रेलसेवा छ, वीरगञ्ज-अमलेखगञ्ज रेलसेवा छ, भैंसेलोटनबाट काठमाडौँमा सामान ओसार्ने एउटा रोपवे पनि छ । कलधारा, बिजुली, टेलिफोन पनि काठमाडौँ र अन्य केही जिल्लाहरूमा जोडिसकेका छन् । हो, त्यो सीमित छ । भैंसे-काठमाडौँ जोड्न भारतीय सहयोगमा त्रिभुवन राजपथ बन्दैछ । एउटा सानो सुरुङ्ग मार्ग पनि छ ।'

कालो चश्मा लाउने कुमारले बीचैमा कुरा काट्यो- 'बन्नलाई अरू देशमा जस्तै हाम्रो देशमा पनि बन्ला, तर १००/२०० वर्ष लाग्ला । छिट्टै देश विकास गर्न नेपाल पनि भारत जस्तै कुनै न कुनै एउटा देशको उपनिवेश बन्नु पर्ने थियो । आफ्नै देशको बाहुबलले त त्यो सम्भव छैन, प्रेमजी ।' यति भन्दै कुमारले ओठ लेब्र्याउँदै मुन्टो बटाऱ्यो ।

कुमारको कुराबाट प्रेम अलि ताते र कुमारलाई चुप लाग्ने इशारा गर्दै खण्डन गर्ने इच्छा व्यक्त गरे । कुमार चुप लाग्यो । अरूहरूले पनि नयाँ-नयाँ कुरा सुन्न पाउने इच्छाले हातहरू हल्लाउँदै कुमारलाई चुप लाग्न सङ्केत गरे ।

चुरोटको धुवाँ बाहिर फाल्दै, लामो सास तानेर उनले भने- 'कुनै देश उपनिवेश भएरै मात्र विकास हुने भए बेलायत र फ्रान्स त कुनै देशको उपनिवेश थिएन । ती देश विकासको चुलीमा छन् । व्यापार र उद्योगको विकास गरेका देशहरूले नै आफ्ना तयारी मालसामान बेच्ने बजारको निम्ति उपनिवेशहरू कब्जा गरेका हुन् । उपनिवेशहरू विकास भएको जस्तो मात्रै लागेको हो । उपनिवेशवादीहरूले पराधीन देशहरूको सुर्ती, अन्न, काठपात, कपास, रबर, खनिज वस्तु आदि कच्चामाल आ-आफ्नो देशमा लैजान बाटो-घाटो, रेल, बन्दरगाह, बिजुली र तार-टेलिफोन र बैंक आदिको बन्दोबस्त गर्छन् । तिनीहरूले पराधीन देशहरूले विकास गरुन् भन्ने उद्देश्यले भन्दा आफ्नो हितको निम्ति वा ठूलो नाफाको निम्ति पूर्वाधारहरू बनाउँछन् । हो, विकास गर्न ती पूर्वाधारहरूको आवश्यकता छ ।'

कुमारले प्रतिवादको भाषा व्यक्त गऱ्यो- 'त्यसो भए भारतले कसरी विकास गऱ्यो ? के भारत नेपालभन्दा विकसित छैन ? भारत विकास नभएको भए कसरी बेलायती साम्राज्यवादीहरूलाई धपाएर स्वतन्त्र भयो ?'

भारतले नेपालको उत्तरी सीमामा भारतीय सैनिक चौकीहरू राखेको थियो, नेपालको तराईमा पूरै भा.रु.बाट कारोबार हुन्थ्यो र तयारी सामान भारतकै बढी नेपाल भित्रिन्थ्यो । त्यसैको प्रभाव कुमारमा थियो । व्यापारले शोषण पनि हुन्छ भन्ने कुरा उसलाई थाहा थिएन ।

सम्झाउने पारामा प्रेमले कुमारतिर हेर्दै जवाफ दिए- 'हो, निश्चय पनि भारत नेपालभन्दा उद्योगधन्दा, व्यापार र विकासमा अगाडि छ तर बेलायत र फ्रान्सभन्दा उद्योगधन्दा, विज्ञान र प्रविधि, प्रतिव्यक्ति आम्दानी आदिमा भारत ठूलो देश भएर पनि धेरै पछि छ । भारत विकासले होइन राजनैतिक चेतना, बेलायती साम्राज्यवादबाट मुक्त हुने भारतीय जनताको बलियो इच्छा र अन्तर्राष्ट्रिय परिस्थितिले स्वतन्त्र भएको हो । यसलाई बरु भौतिक विकासभन्दा आध्यात्मिक विकास भनेमा फरक पर्दैन ।'

त्यसबेला तराईका धनीहरूका घर-घरमा र ठूल-ठूला पसलहरूमा महात्मा गान्धी, जवाहरलाल नेहरू, सुभाषचन्द्र बोस आदि भारतीय नेताहरूका तस्बिरहरू राख्ने गर्थे । नेपाली जनतामा आलोचनात्मक दृष्टिकोणको विकास भैसकेको थिएन ।

कुमार र प्रेमको विवादले अर्कै मोड लिन खोजेको देख्दा २०/२१ वर्षका साँवला रङका विज्ञानका विद्यार्थी धौभडेलले बचाउ गर्न खोज्दै भन्यो- 'होइन, छलफलको विषय हो- भारतको माटो नकुल्ची विराटनगरबाट काठमाडौँ पुग्ने कुरा । यसकारण हाम्रो छलफललाई त्यही विषयमा केन्द्रित गरौँ ।'

धौभडेल टोलको एक मिलनसार र सरल युवा थियो, नेपाली साहित्यमा सार्है चाख राख्ने व्यक्ति हुँदा उसको हातमा सधैँ एउटा नेपाली साहित्यको पुस्तक हुन्थ्यो । यसकारण उसले बोल्दा सधैँ पुस्तक भएकै दायाँ हात हल्लाउने गर्थ्यो ।

सेतो कमिज र सुरुवाल लगाएका, नेपाली कपडाको जुत्ता लगाउने तथा सधैँ सुपारी चपाइरहने बानी परेका माध्यमिक स्कूलका एक शिक्षक रुद्र साँयजूले धौभडेलको भनाइमा सहमति जनाएपछि प्रेमले चुरोटको अन्तिम सर्को तान्दै भन्न शुरु गरे- 'देशको राजनीति ठीक ठाउँमा छ भने अर्थात् सत्तामा पुगेको पार्टी र नेताहरूमा व्यापक र दूरगामी दृष्टिकोण छ भने हामी विराटनगरमा ६ बजे चिया खाएर

मोटरमा बसौँला, सप्तरी जिल्ला वा राजविराजमा बिहानको खाजा (ब्रेकफास्ट) खाऔँला, जनकपुर पुगेर दिउँसोको खान (लञ्च) खाऔँला, बीचमा चिया पिउँदै बेलुकाको खाना हामीले घर (भक्तपुर) मा खाना आइपुग्ने छौँ।' भुइँमा एक छेस्कोले धर्को कोर्दै नेपालको नक्साभित्र विराटनगरदेखि काठमाडौँ उपत्यकासम्मको बाटोको नक्सा प्रेमले कोरे।

विद्यार्थी मदनले सान्है हँसिलो र उत्साही हुँदै आफ्नो भावना पोख्यो- 'अहो ! यसो हुँदो हो त असाध्य राम्रो हुन्छ तर यसको निम्ति २/४ सय वर्ष पो लाग्ने हो कि ?'

भुइँमा कोरेको त्यस धमिलो नक्सा र बाटो एवं बीच-बीचको बिसौनीलाई छेस्कोले कोर्दै थिए प्रेम। छेस्कोलाई उनले कोर्न छोड्दै 'अहँ पर्दैन, २/४ सय वर्ष। मैले भनेँ ती नेताहरू दूरदर्शी र योजनाबद्ध आर्थिक विकासका पक्षपाती हुनुपर्दछ, त्यस्तो विकासको निम्ति २०/२५ वर्ष नै पर्याप्त छ'- प्रेमले सजिलैसित भने र आफ्नो हातको चुरोटलाई माटोको सानो पुरानो कटौरामा निभाए। त्यसबेला नेपालमा नेपाली काङ्ग्रेस, राष्ट्रिय काङ्ग्रेस, प्रजा परिषद्, गोरखा परिषद्, नेपाल कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी आदि राजनैतिक पार्टीहरू सक्रिय थिए।

रुद्र साँयजूले आफ्नो कमिजका बाहुलाहरूलाई अलि माथि-माथि सार्दै र पट्याउँदै संशयको आशय व्यक्त गर्दै भन्यो- 'यसो भएमा त सुनमा सुगन्धै हुन्थ्यो, तर यत्रा-यत्रा पहाड-पर्वत फोडी २०।२५ वर्षभित्र कसरी एकै दिनमा मोरङदेखि काठमाडौँ पुग्न सकौँला ! प्रेमजीले सायद हवाई सेवाको कुरा गर्नु भएको होला !'

'होइन, होइन, मार्साप ! हाम्रो अगाडि दार्जीलिङ्ग उदाहरण छ नि ! सबै पहाडलाई सुरुङ्ग बनाउने र छिचोल्ने कुरा होइन, पहाडको खाँचै खाँचबाट घुम्ती बाटोबाट पनि बाटोघाटो र रेल ल्याउन सम्भव छ। भूगोलकोबारे कुमारले प्रष्ट पारे राम्रै होला' -प्रेमले कुरा पन्छाउन खोजे।

'हो, विराटनगरदेखि जनकपुर वा हेटौँडासम्म सजिलै समतल भूमिमा वा चुरे पहाडको फेदै फेदबाट सडक बनाउन सकिन्छ तर पछि जनकपुरबाट चुरे पार गरिन्छ, अङ्ग्रेजहरू लखेटिएकै बाटोबाट वा सिन्धुलीबाट काठमाडौँ पुगिन्छ। हेटौँडाबाट भयो भने महाभारत पहाडलाई छिचोल्दै पुगिन्छ। यसबारे भौगर्भिक सर्भेसमेत ठाउँ-ठाउँमा हुँदैछ' - कुमारले बतायो।

हुन त त्यसबेला नेपालको नदी-नाला, पहाड-पर्वत, सहर-बजार, सदरमुकाम, हावापानी र उब्जनीबारे जानकारी दिने नेपाली भाषाका पुस्तकहरू सान्है कम थिए। सबै छात्र-छात्राहरूले नेत्रबहादुर थापाको सानो 'नेपालको भूगोल' पढ्थे। कुमार भूगोलमा चाख राख्ने विद्यार्थी थियो।

मोटो-घाटो र कुर्ता सुरुवाल लाउने जुत्ता र फलाम पसले कृष्ण कायष्ठले जिज्ञासा र आश्चर्य मिश्रित भाव पोख्यो- 'अनि के भैंसे, भीमफेदी, चितलाङ्ग आदि ठाउँबाट गुज्रनु पर्दैन ?'

'अहँ, पर्दैन ! अङ्ग्रेजहरूले त भीमफेदीतिरबाट काठमाडौँसम्म छोटो बाटोको सर्भे गरेका थिए, सुरुङ्ग मार्ग, झोलुङ्गे पुल वा स-साना बाटो हुँदै ललितपुर पुग्ने खालको अन्य अनेक चोर बाटाहरू पनि छन्' - कुमारले बतायो।

पसलमा एकछिन सुनसान छायो, तिनीहरू सबै एकै दिन पूर्वदेखि काठमाडौँ र पश्चिमदेखि राजधानीसम्म पुग्ने कल्पनामा डुबे। त्यस स्तब्धतालाई भङ्ग गर्दै धौभडेलले हात उचाल्दै अभिनय गर्दै बतायो- 'आश्चर्य मान्नु पर्दैन, अहिले, आज जसरी टेलिफोन, बिजुली र रेडियो हामीलाई आश्चर्य लाग्दैन, त्यस्तै टिभी पनि हामीले उपभोग गर्न पाउने छौँ। हामी आज यति यति भात खान्छौँ, घिउ, माछा-मासु, तरकारी र दाल खान्छौँ, भोलि ती सबै तत्त्व एउटै थोरै खानेकुरामा अटाउने खाद्यवस्तु बन्ने छन्। जसरी रगतको नसामा ग्लुकोज पानी र अन्य इन्जेक्सन र औषधिको प्रयोगले बिरामी छिट्टै तङ्ग्रिन्छ, त्यस्तै कृत्रिम पौष्टिक आहारले वा तयारी खानेकुराले भान्छाको कामलाई सान्है सजिलो बनाई दिनेछ। साथै सुन्तला, आँप वा लिची खानु पर्दैन र त्यसको रसको बन्दोबस्त हुनेछ। उदाहरण त बिस्कुट पनि हो। दामी र पौष्टिक बिस्कुट अरू देशमा बनिसकेका छन्, २/४ बट्टा बिस्कुटले पनि ठूलो आहारको काम दिन्छ, त्यस्तै माछा, मासु, अण्डासमेत धूलो र सानो बट्टामा अट्ने खँदिलो वस्तु बन्ने छ, औषधिको चक्की जस्ता वस्तुहरू तयार हुनेछन्, जसरी आज हामी धूलो दूध र गोल्टिनको दूध प्रयोग गर्छौँ। यसकारण हरेक विषयमा आँखा लगाएर, पढेर-बुझेर र सुनेर सिक्दै गयौँ भने आश्चर्य मान्ने कुनै कुरा हुनेछैन।'

'त्यसो भए के नेपालगञ्जबाट पनि काठमाडौँमा एकै दिन पुग्न सक्ने छौँ ?' छात्र मदनले जिज्ञासा राख्यो। प्रेमले बडो गर्वपूर्वक भने- 'नेपालगञ्जबाट काठमाडौँ मात्र होइन दुर्गम गाउँ, क्षेत्र र जिल्ला अथवा मुस्ताङ, डोल्पा, मुगु, जुम्ला-हुम्लामा समेत एकै दिनमा पुग्ने छौँ, रारा र मानसरोवरमा हामी डुल्न जाने छौँ, तर आज हामीमध्ये कोही फेवातालसमेत पुगेका छैनौँ, हो, गोसाईंकुण्डसम्म पुगेका छौँ।'

भक्तपुरका जनता हरेक साल गाईजात्राभन्दा केही दिन अगाडि गोसाईंकुण्डमा जाने गर्थे, त्यो परम्परा आज पनि यथावत छ। त्यस्तै चोभार, नम्रा (नमोबुद्ध), मनकामना माई आदि मन्दिरमा जाने परम्परा छँदैछ, सम्पन्न परिवारका व्यक्तिहरू मात्रै भारतको चारधाम पुग्छन्।

'सान्है उँचो पहाड, नदी-नाला र हिमाल भएका

ठाउँमा कसरी बाटाहरू बन्लान् र कहिले हामी रारा र मानसरोवर पुग्न सकौँला खोई !' – शङ्का व्यक्त गर्दै कृष्ण कायष्ठले मुन्टो बटार्‍यो ।

फेरि भुइँमा कोरेको नेपालको नक्सामा सङ्केत गर्दै सम्झाउने बोलीमा प्रेमले भने– 'त्यसमा हामीले चिन्तै लिनु पर्दैन कृष्णदाइ ! ढुङ्गै ढुङ्गाको पहाडमा सुरुङ्ग मार्ग बन्न सक्छ भने सान्है अप्ठेरा ठाउँहरूमा रज्जुमार्ग बन्ने छन्, कहीँ कतै हवाईजहाज र हेलिकप्टर सेवा पनि चल्ने छ, उत्तर र दक्षिण अमेरिकाको बीचको भागको पानामा भन्ने जमिनको माटो काटेर नहर बनाइयो र भूमध्यसागर र रातो सागरबीचको भूभागलाई काटेर मिश्रमा स्वेज नहर बनाइयो भने एक दिन बेलायत र फ्रान्सको बीचको जल संयोजक वा जलमार्गको तल सडक वा रेल बन्ने छ भने नेपालका स-साना भाग र जिल्लालाई यातायातले नजोड्ने कुरै छैन । आज नेपालीहरू नेपालगञ्जबाट काठमाडौँ पुग्न भारतको नानपारा, बहराइच, गोण्डा, गोरखपुर, बगाहा हुँदै रक्सौल पुग्छन्, अनि रक्सौलबाट वीरगञ्ज हुँदै राजधानी पुग्छन् । एक दिन नेपालगञ्जबाट हामी भारत भूमि नकुल्ची देशको एक कुनाबाट अर्को कुनामा पुग्ने छौँ ।' एकछिन अडेर उनले पुनः थपे– 'भारतीय जनताको सद्भावना जित्न सके कलकत्ता बन्दरगाहबाट नेपालको सीमामा वा नेपाल तराईको केही भागहरूसम्म स-साना जहाज र डुङ्गाबाट जलमार्गको समेत बन्दोबस्त गर्न सक्ने छौँ । ... त्यति मात्र होइन काठमाडौँको हाम्रो खानामा हरेक दिन जुम्लाको चामल, जनकपुरको माछा, सप्तरीको आँप र रौतहटको लिची, अनि तराईकै परवल, प्यूठानको मूला अनि पोखराको सुन्तला हुनेछ । त्यस्तै भक्तपुरको पुष्टकारी र दही देशको विभिन्न भागमा पुग्नेछन् ।'

मदन अधैर्य भएर सुन्दै गइरहेको थियो र बीचमै रोक्न खोज्दै जिज्ञासाको सुस्केरा हाल्यो– 'यो त स्वप्नद्रष्टाको स्वर्गलोकको कुरा जस्तो लाग्यो । के हामी यसलाई कल्पना र गफ भन्न सक्दैनौँ र ? अस्ति दाइहरू घरमा एच.जी. वेल्स र लेनिनको छलफलबारे कुरा गर्दै हुनुहुन्थ्यो । पूरा सोभियत रुसलाई विद्युत्तीकरण बराबर समाजवाद हुन्छ भन्ने लेनिनको विचार थियो । त्यसैले एच.जी. वेल्सले लेनिनलाई क्रेमलिनका स्वप्नद्रष्टा भनेका थिए रे !'

व्यापारी युवा भक्त र युवक इन्द्रलाई ती सबै एकादेशको कथा जस्तो लाग्यो । त्यसकारण व्यापारी युवाले खल्तीबाट सुपारी, ल्वाङ, दालचिनी, सुकुमेल र अलैँची झिकेर दुवै हत्केलामा राखेर सबैतिर फैलायो । कसैले सुपारी, कसैले ल्वाङ, कसैले दाल्चिनी, सुकुमेल र अलैँची आदि सबैले मुखमा हाल्दै गए ।

इन्द्र विश्वास र अविश्वासको दुविधामा थियो र सुस्केरा मिसिएको स्वरमा भन्यो– 'भए त राम्रै हो, तर हाम्रो जीवनले यस्तो प्रगति हेर्न पाउँदैनौँ होला !'

धौभडेल र कुमारले एकै बाजी इन्द्रलाई आश्वस्त पार्ने भावमा भने– 'यो त निराशावादी दृष्टिकोण हो, हरेस खाएर वा निराश भएर मानिसले प्रगति गर्न सक्दैन, हामी आशावादी हुनुपर्दछ । साथै हिजो र आजको उपलब्धिले भोलिको शुभसङ्केतलाई हेर्न सक्नुपर्दछ र तर्कको कसीमा घोटेर हेर्नु पर्दछ ।'

कृष्ण कायष्ठले हाँस्दै थपे– 'आकाशको फल आँखा तरी मर !' मुखको सुपारी र अरू मसला चपाउँदै सबै पक्ष र विपक्षमा बोल्दा एकछिन हल्ला भएको अनुभव भयो । स्थितिलाई काबू गर्ने उद्देश्यले प्रेमले खल्तीको रूमालले आफ्नो मुख पुछ्दै सबैतिर हेरेर विश्वास दिलाउने स्वरमा एक एक शब्दमा जोड दिँदै भन्न थाले– 'ढिलो होला तर जरुरै हाम्रो आफ्नै जीवनमा कल्पना गरेकोभन्दा राम्रा र नचिताएका कुरा हामीले भोग्न पाउने छौँ । सानोमा हामीले सिलोट र कालोपाटीमा खरीले र बाँसको कलमले नेपाली कागजमा लेख्थ्यौँ, अहिले हामी मार्कर पेन प्रयोग गर्दैछौँ र विदेशी कापी एवं पुस्तक प्रयोग गर्दैछौँ । यूरोपको सबभन्दा पिछडिएको रुस एक महाशक्ति बन्दैछ, पिछडिएको चीन अब छिट्टै ठूलो शक्ति बन्ने छ । मैले पहिले नै भनें, खालि राजनीतिज्ञहरू कल्पनाशील र दूरगामी दृष्टि भएको हुनुपर्दछ ।'

उनको कुरो सुनेर धौभडेल, रुद्र र कुमारले सकारात्मक मुण्टो हल्लाउँदै थिए भने कृष्ण, भक्त, इन्द्र जिल्ल पर्दै थिए, छात्र मदन भने पालैपालो दुवैतिर हेर्दै थिए ।

अचानक पसलमा काम गर्ने केटो भित्र पस्यो र भन्यो– 'हजुरहरूलाई साहुबाले पुष्टकारी पठाइ दिनु भएको छ ।' यति भनी उसले पुष्टकारीको रिकापी सबैको अगाडि पालैपालो पुर्‍यायो, सबैले एक-एक ओटा पुष्टकारी टिप्दै खाए । केटोले रिकापी छातीमा टाँस्दै भन्यो– 'हजुर, म भित्र दही झिक्दैछु, नत्र दही बिग्रने छ, समय भयो ।'

स्थिति बुझेर इन्द्रले भन्यो– 'लौ, दाइहरू आजको भेला यहीँ टुङ्ग्याऔँ !' धौभडेलले घडी हेर्दै भन्यो– 'ओहो ! ५ बज्यो ।' प्रेम पनि उठे, आफ्नो पाइन्ट र कमिज मिलाउँदै भने– 'भाइ हो, हामी राम्रो कल्पना गरौँ,' बाहिर हेर्दै उनले भने– 'लौ पानी पनि थामिए छ ।'

तर विद्यार्थी मदनलाई त्यो रात धेरैबेर निद्रा लागेन । उसको मनमा बारम्बार त्यही दूध-दही पसलको छलफल, नेपालको नक्सा, बाटाघाटाहरू र जनताका भावी जीवनका कुराहरू खेल्दै थिए । उसलाई थाहा भएन कुन बेला निद्रा लाग्यो ।

(आषाढ २०५९) **(क्रमशः)**



# समालोचनाया सिद्धान्त


## (समालोचनाया सिद्धान्त-८)

– प्रो. माणिकलाल श्रेष्ठ



### काव्य-भाव सञ्चारया उत्कृष्ट रूप

वंगु अध्याये धयायें छुं छगू अनुभूति बारे झीगु निर्णयया रिकर्ड हे कला खः। विभिन्न युगया ततस्सकं प्रतिभा दुपिंसं थःगु अनुभूति इलेबेले कना थकूगु दु, दकले च्वय् थ्यंबेले पिजोगु अनुभूति च्वया किया मुंका तःगु धुकू कला खः। शब्दया माध्यमं कना तःगु कला साहित्य खः। चेतना व विवेक दुपिं मनुखं काये बहगु अनुभूतियात रिकर्ड याना अर्थात च्वया तयातःगु धुकू साहित्य खः, अले साहित्यया दक्कोसिबे च्वन्ह्यागु प्रकार काव्य खः।



बाबुराम आचार्य

'काव्य' शब्दयात लिकुंका छगू विशेष रूपया रचनायात जक धायेगु चलन दु। झीगु देशे नेपाली भाषाय् संस्कृतया प्रभावे लाना काव्ययात संकुचित अर्थे कायेगु चलन दु। नेपाली भाषाया छम्ह प्रसिद्ध समालोचकं *(बाबुराम आचार्य – 'पुराना कवि र कविता' या प्रस्तावनाय्)* काव्यया थुकथं व्याख्या यानादीगु दु – 'प्रकृतिया अद्भुत रचना खना उकिं छक्क जुया तन्मय जुया कवितसें छु नुवाइ उकियात 'कविता' धाइ। विषय हना च्वया तःगु कवितातय् समष्टियात 'काव्य' धाइ।' थुकथं सिलसिलावद्ध कविता पुचःयात काव्य धायेगु चलन संस्कृत साहित्ये दु। तर विश्वया मेमेगु प्राचीन साहित्ये काव्य थ्वयासिकं यक्को तब्या। रूप मखु विषय स्वया साहित्यया छगू प्रकारयात 'काव्य' धायेगु चलन दु। नेपाल भाषाया साहित्य वाङमयया न्हापानिसेंया इतिहास व परम्परा स्वयेबेले संस्कृतया न्ह्याक्को प्रभाव दुसां मुक्कं संस्कृत आधार थ्वया खने मदु, अथे जुगुलिं थौं विश्वया विभिन्न देश साहित्ये काव्ययात गुगु व्यापक अर्थे कया तःगु दु, नेपाल भाषा साहित्ये नं उगुकथं हे कायेगु लो। थुगु दृष्टिं स्वयेबेले लेखक कलाकारया मने वोगु अनुभूति प्वंकेत, अझ धाथें ला मेपिनि मने उगु भाव थना बिइत गुगु अनुभूति गुगुकथं कनेगु दकले लो उकथं कना तःगु अनुभूतिया रिकर्ड (किया च्वया मुंका तःगु) काव्य खः। मनया छुं आवेग उद्वेग वा नुगःया तीव्र कल्पना धाथें हे भाव सञ्चारयाये मासा कविता च्वइ, मनूया छुं ज्या बारेया अनुभूति कने मासा व हे ज्या प्रतिनिधित्व याये माल, अले अथे हे च्वंक दबुलिइ म्हिता क्यना स्वइपिनि मने भाव-सञ्चार यायेगु साहित्यया प्रकार नाटकया लँ ज्वने माल, अथे हे समाज तस्सकं क्लिष्ट जुया वना *(थ्व हे सफूया अध्याय १० स थुकिया पूवंक विश्लेषण दु)'* उकिया समस्या नाटके क्यने मछिना उपन्यास च्वये माल, थुकथं कविता, नाटक, उपन्यास फुक्कं काव्य खः। काव्य धयागु दक्कोसिवे लोगु माध्यमं दक्कले च्वन्ह्यागु अनुभूति कना तःगु भाव सञ्चारया उत्कृष्ट रूप खः। तर काव्य रूप जक मखु, उत्कृष्ट रूपं कना तक्को फुक्क काव्य जुइमखु।



यदुनाथ खनाल

प्राचीन साहित्ये काव्य विषये धारणा छगू निश्चित कथं दये धुंकूगु खः। संस्कृत साहित्ये 'उपमायमकादि अलङ्कारं जागु ग्राम्यता-अश्लीलादि दोष मदुगु करुणादि रसात्मक वाक्य *(संस्कृत साहित्ये गुजोगुयात काव्य धाइ धका प्रो. यदुनाथ खनालजुं बिया दीगु परिभाषा थ्व खः।)'* यात काव्य धायेगु चलन दु। थुकथं संस्कृत साहित्ये काव्यया लक्षण गाकेत भाषाय् अलङ्कार दयेमाल, शैलीइ दोष मदये माल, अले रसं जागु वाक्य जुइमा। काव्ययात 'वाक्य' धायेबेले संस्कृत साहित्ये काव्यया लक्षणे कनेगु विषयसिकं अपो कनेगु ढङ्गयात जोड बिया तःगु सिइदु।

रूप पाखें बिचा यासा काव्यया लक्षण थथे खः, तर झीसं विषय नं स्वयेमा। उत्कृष्ट रूपं भाव सञ्चार याना तःगु न्ह्यागु नं वस्तु काव्य जुइ मखु धयागु थ्व सफूया लेखकया विचार दु। ख ला थुकी विवाद वइ। न्हापा न्हापा जक मखु थौंकन्हे नं काव्यया लक्षण छुं कनेगु ढङ्ग अर्थात रूप जक स्वयेगु प्रवृति द हे दनि। झिंगुं गूगु शताब्दीया



क्रोचे

छम्ह तःधंम्ह अंग्रेज कवि शेलीं काव्ययात 'कल्पनाया अभिव्यक्ति' धया दिल। ललितकला व सौन्दर्ययात समालोचनाया आधार याना दीम्ह नीगूगु शताब्दीया प्रसिद्ध इटालियन समालोचक क्रोचेया परिभाषा कथं काव्य 'मनोभावना सफल जुइक कनेगु' खः। तर काव्ययात रूप पाखें जक मखु विषय नं थीक परिभाषा दक्कोसिबे न्हापां बिउम्ह निदो दँ न्ह्योया ग्रीसया विद्वान दार्शनिक व समालोचक एरिस्टोटल खः। एरिस्टोटलया विचार कथं फुक्क काव्य अनुकरण (mimesis) खः, अले अनुकरण ज्यां सकसितं आनन्द वइ। थुकथं काव्य अनुकरण खः, छुं ज्याया अनुकरण खः। छुं ज्या याइपिं ला आपा याना मनू हे जुइ, अले ला काव्य मनूया ज्याया अनुकरण जुल। एरिस्टोटलया परिभाषा कथं काव्य व जीवनया सत्तीगु सम्बन्ध दु, अथेसां जीवन हे ला मखु। झीसं ग्रीक भाषां अनुवाद यायेबेले काव्ययात अनुकरण धया, तर एरिस्टोटलं हे धागु शब्द ला 'मिमेसिस' खः। छुं छगू बस्तुया 'मिमेसिस' मतलब व हे बस्तु थें च्वंगु तर व हे धासा मखुगु खः। काव्य नं जीवन मखु जीवन थें च्वंगु जुइमाल।

उगु इलंनिसें थौंतक नं पश्चिमी संसारया फुक्क देशया साहित्ये एरिस्टोटलया धारणाया तस्सकं प्रभाव लात। काव्यया परिभाषा बिइबेले थौंतक नं कि त एरिस्टोटलं धाथें धयाछ्वयेगु कि उकिया विद्रोह याना मेगु धायेगु जुया च्वन, मतलब काव्यबारे छुं धायेत न्हापा लाक एरिस्टोटलया नां न्ह्योने वइ। अथे जूगुलिं एरिस्टोटलया विचार छुं विश्लेषण याना स्वये माली।

एरिस्टोटलं काव्य नं कलाया छगू अङ्ग मानेया। काव्यया विभिन्न रूप महाकाव्य, त्रासदि, कमदि आदि फुक्कं अनुकरण हे खः। एरिस्टोटलया इले ग्रीक साहित्ये स्वंगू प्रकारया काव्य दकले अपो चल्ति जू – महाकाव्य, त्रासदि व कमदि। एरिस्टोटलया विचारे काव्यया दक्कोसिबे च्वन्ह्यागु दक्कोसिबे बांलागु रूप त्रासदि खः। एरिस्टोटलं च्वया तःगु 'काव्य-शास्त्र *(एरिस्टोटलया सफू 'Poetics' विद्यार्थीपिन्त ब्वंकेत च्वया तःगु प्रवचनया टिपोट जक थें खनेदु। थ्व सफुली काव्यया रूप व लक्षण न्हयथना काव्यया स्वंगू भेद– त्रासदि, महाकाव्य व कमदी क्यना तल। त्रासदि छगूया जक पूवंक व्याख्या व मेगुया छुं भति उल्लेख जक थुकी दु, अथे जूगुलिं सफू पूवंगु खने मदु।)* धयागु सफुली त्रासदि *(संस्कृत साहित्ये नाटकयात संयोगान्त व वियोगान्त धका वर्गीकरण याइ, लिपा क्वय् वना नायक नायिका व्हने दइगु व बाय् मालीगु स्वया। तर प्राचीन ग्रीक साहित्ये नाटकया वर्गीकरण अन्त स्वया मखु प्रभाव स्वया याना तःगु दु। प्याखं स्वइपिन्त ख्याना मने दया व भय पिकाइगु नाटक त्रासदि व मनोरञ्जनया नाप नापं मनूया द्वं खिना क्यना बिइगु नाटक कमदि खः।)* या ब्याख्या थुकथं याना तल– 'मेमेगु काव्य-भेद थें तुं त्रासदि नं छगू अनुकरण खः। त्रासदि उजोगु ज्याया अनुकरण खः, गुगु गम्भीर जु, अले थुकी छगू परिधि दुगुलिं पूर्णता दु ... ... अनुकरण वर्णन याना कनेगु मखु अभिनय याना क्यनेगु खः। थुकी थ्वजोगु घटनां जाया च्वनी गुगुलिं प्याखं स्वइपिनि मने दया व भय पिदना थ्वजोगु भावना यात विरेचन वा शुद्धिकरण (Catharsis) याइ।' स्वइपिनि मने दया व भय नितां छकोलं पिकया उकिं मनूया मनया विरेचन याइगु अथवा मनयात शुद्ध याना बिइगु काव्य त्रासदि खः। एरिस्टोटलया काव्यया परिभाषाय् दकले महत्वपूर्ण खँ अनुकरण सिद्धान्त व विरेचन सिद्धान्त खः, उकियात छगू अलग अध्याये विश्लेषण याये *(अध्याय भिन्स्वंगूगु ब्वना दिसँ)*।

अनुकरण गम्भीर जुइकेत व घटनां दर्शकया मने दया व भय वयेकेत त्रासदिया पात्र सामान्य मनूसिकं च्वय्या स्तरयापिं जुइ माल। अथे धयां हाकनं अपिं मनू हे मखयेक आदर्श थें जक जुइके मजिल। एरिस्टोटलं धया तःकथं त्रासदि सुं नायकया बाखं खः। नायक सामान्यसिकं च्वय्याम्ह जुइ, वया ज्या खना झीगु मने वया प्रति श्रद्धा वइ, उजोम्ह श्रद्धा तयाम्ह मनूया पतन खनीबेले झीके दया व भय नितां वइ। थुकथं कथानक जक कासा त्रासदि 'नायकया पतनया बाखं' जुल।

त्रासदि थें पूवंक व्याख्या याना मतःसां कमदिया नं छुं रूप एरिस्टोटलं 'काव्य शास्त्र' सफुली कना तःगु दु। कमदि नं मनूया छुं ज्याया अनुकरण खः, तर त्रासदि थें गम्भिर थ्व मखु। थुकिया पात्रत झी थें तु सामान्य मिजं मिसा खः, अमिसं यागु ज्याय् द्वं व त्रुटि क्यना उकिं शिक्षा बिइगु काव्य कमदि खः। त्रासदिं ख्याना शिक्षा बिउसा कमदिं आनन्द बिया शिक्षा बिइ। शिक्षा बिइगु माध्यम स्वया नाटकयात त्रासदि व कमदि धका वर्गीकरण एरिस्टोटलं यागु खः। कमदिइ ला तप्यंक हे मनोरञ्जन, त्रासदिइ नं आनन्द बिइगु उद्देश्य दु। काव्य हे अनुकरण खः, अनुकरणं सकसितं आनन्द बिइ। थुकथं एरिस्टोटलया विचार कथं काव्यया छगू मूल उद्देश्य आनन्द बिइगु, बरू आनन्द बिउ बिउं शिक्षानं बिइ फु।

आनन्द ला काव्य प्रति झीसं चिउता तयेकेत प्रेरणा खः, थ्व मदुसा मनुखं काव्य हे ब्वनी मखु, स्वइ मखु। आनन्द प्रेरणा खः, काव्यया मूल ज्या भाव सञ्चार खः। छुं छगू उच्च अनुभूतियात भाव सञ्चार यायेत मनुखं लुइकूगु उत्कृष्ट रूप हे काव्य खः।

(कथहँ)

# चिकपा केन्द्रीय समितिको महासचिवमा सि चिनफिङ पुनः निर्वाचित

पेइचिङ, ६ कार्तिक । पेइचिङमा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको पहिलो पूर्ण बैठकले कार्तिक ६ गते सि चिनफिङलाई पुनः पोलिटब्युरो स्थायी समिति सदस्य तथा महासचिव निर्वाचित गरेको छ । त्यस्तै बैठकले सि चिनफिङलाई पुनः केन्द्रीय सैनिक आयोगको अध्यक्षमा पनि निर्वाचित गरेको छ ।

बैठकपछि जारी विज्ञप्तिअनुसार उक्त बैठकको अध्यक्षता महासचिव सि चिनफिङले गर्नुभएको थियो भने बैठकमा २०५ मध्ये २०३ केन्द्रीय समिति सदस्य तथा १७५ वैकल्पिक केन्द्रीय सदस्यमध्ये १६८ जनाको उपस्थिति थियो । दुई जना केन्द्रीय सदस्य र ७ जना वैकल्पिक केन्द्रीय सदस्य भने अस्वस्थताको कारण अनुपस्थित भएका थिए ।




सात सदस्यीय पोलिटब्युरो स्थायी समितिमा सि चिनफिङ, लि छ्याङ, चाओ लेजि, वाङ हुनिङ, काइ छि, तिङ स्युसियाङ र लि सि निर्वाचित हुनुभएको छ । पोलिटब्युरो स्थायी समितिका सात मुख्य नेताहरूको अतिरिक्त २५ सदस्यीय पोलिटब्युरोमा सिङग्रुइ, वाङ यी, यिन लि, शि ताइफेङ, ल्यू चिङको, ल्यू कोचोङ, लि कान्जि, लि शुलेइ, लि होङचोङ, हे वेइतोङ, हे लिफेङ, चाङ युसिया, चाङ कोछिङ, चेन वेनछिङ, चेन चिनिङ, चेन मिनअर, युआन चियाचुन र ह्वाङ कुन्मिङ निर्वाचित हुनुभएको छ ।

चिकपा केन्द्रीय समितिको सचिवालय सदस्यहरूमा काइ छि, शि ताइफेङ, लि कान्जी, लि शुलेइ, चेन वेनमिङ, ल्यू चिङको र वाङ सियाओहोङ चुनिएका छन् ।

केन्द्रीय सैनिक आयोगको अध्यक्षमा सि चिनफिङ, उपाध्यक्षमा चाङ युसिया र हे वेइतोङ, सदस्यहरूमा लि शाङफु, ल्यू चेनली, मियाओ हवा र चाङ शेङमिन निर्वाचित हुनुभएको छ ।

केन्द्रीय अनुशासन निरीक्षण आयोगको सचिवमा लि सि र सहायक सचिवहरूमा ल्यू चिङको, चाङ शेङमिन, सियाओ पेइ, यु होङकु, फु कुइ, सुन सिनयाङ, ल्यू स्युसिन र चाङ फुहाइ निर्वाचित हुनुभएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको बीसौँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय राजनीतिक ब्युरोका स्थायी सदस्यहरूले आइतबार बिहान चिनियाँ तथा विदेशी पत्रकारसँग साक्षात्कार गर्नुभएको छ ।

## चिकपाको नयाँ यात्रा महिमा र सपनाले भरिएको अभियान

चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ केन्द्रीय समितिको राजनीतिक ब्युरोको स्थायी समितिका सदस्यहरूलाई चिनियाँ तथा विदेशी पत्रकारहरूसँगको साक्षत्कारमा सि चिनफिङले नयाँ यात्रा महिमा र सपनाले भरिएको यात्रा भएको कुरामा जोड दिनुभयो । खाका कोरिएको र बिगुल बजाइएको भन्दै सबैले कडा परिश्रम गर्नुपर्ने कुरा उहाँले बताउनुभयो । साहसका साथ अगाडि बढ्दै उज्यालो भविष्य सिर्जना गर्न प्रयास गर्नुपर्ने कुरामा नेता सीले प्रस्ट पार्नुभयो ।

सि चिनफिङले यात्रा लामो रहेको र अगाडि स्पष्ट मार्ग देखिएको बताउनुभयो । अगाडिको बाटोमा चाहे तेज हावा होस् वा उथलपुथल ल्याउने छालहरू भए पनि जनताले सधैँ बलियो समर्थन दिँदै सबैभन्दा शक्तिशाली विश्वास दिएको उहाँले बताउनुभयो ।

सुख र दुःख जे भए पनि सधैँ जनतासँग उभिनुपर्छ भन्दै जनतासँग गहिरो सम्बन्ध राख्नुपर्ने र जनताको राम्रो जीवनको चाहनालाई निरन्तर वास्तविकतामा परिणत गर्नुपर्छ भन्ने कुरामा सी चिनफिङले जोड दिनुभयो ।

सीले नयाँ यात्राका सामु नयाँ चुनौती देखापरेको पनि बताउनुभयो । धेरै सतर्कता कायम गरी दृढताका साथ पार्टीको शासन गर्नुपर्ने र सधैँ चिनियाँ जनताको सबैभन्दा भरपर्दो र बलियो शक्ति बन्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

# चिकपा महासचिव सी चिनफिङलाई अध्यक्ष बिजुक्छेँको बधाई सन्देश

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ महाधिवेशनबाट सर्वसम्मत महासचिव पदमा निर्वाचित हुनुभएकोमा कामरेड सी चिनफिङलाई नेपाल मजदुर किसान पार्टीको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ । अध्यक्ष बिजुक्छेँले कार्तिक ७ गते पठाउनुभएको बधाई तथा शुभकामना सन्देशमा भनिएको छ –





विश्व राजनीतिको आजको महत्त्वपूर्ण अवधिमा चिनियाँ कम्युनिस्ट पार्टीको एक दशक लामो नेतृत्व गरिसक्नुभएका महामहिमको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले प्राप्त गरेको ऐतिहासिक उपलब्धि तथा सफलताले आगामी ५ वर्षको यस महत्त्वपूर्ण जिम्मेवारी सफलतापूर्वक पूरा हुनेछ भन्नेमा हामी आशावादी छौँ । चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ महाधिवेशनले चिनियाँ प्रजातन्त्र जनताकेन्द्रित, गतिशील, व्यापक सहमति तथा सहकार्य र स्वस्थ प्रतिस्पर्धामा आधारित रहेको कुरा विश्वसमक्ष राखेको छ ।

साथै महाधिवेशनबाट निर्वाचित सम्पूर्ण केन्द्रीय सदस्यहरूमा पनि हार्दिक बधाई दिन्छौँ । चिकपाको नयाँ नेतृत्वले मार्क्सवाद–लेनिनवाद तथा माओ त्सेतुङ विचारधाराका साथै नयाँ युगको लागि चिनियाँ शैलीको समाजवाद अगाडि बढाउन विकास गरिएका नयाँ सिद्धान्त र विचारहरूको रातो झन्डा फहराउन सफल हुनेछ भन्ने हामी विश्वास व्यक्त गर्दछौँ । संसारको सबभन्दा ठूलो मार्क्सवादी–लेनिनवादी पार्टीको नाताले संसारको प्रगतिशील आन्दोलन, कामदारवर्गको आन्दोलन र साम्राज्यवाद तथा फासीवादविरोधी सङ्घर्ष निरन्तर अगाडि बढाउन योगदान पुऱ्याइरहनेछ भन्ने हामी आशा गर्दछौँ ।

यस महत्त्वपूर्ण घडीमा चीनको समाजवादी निर्माण विश्वको समाजवादी आन्दोलनको विजयको निम्ति मात्र होइन विश्व शान्तिको निम्ति पनि महत्त्वपूर्ण हुनेछ । अमेरिकी व्यापार युद्ध, कोभिड १९ महामारी, प्राकृतिक प्रकोपहरू र अमेरिकाद्वारा छेडिएको नयाँ शीतयुद्धको बीच पनि १ सय ४० करोड चिनियाँ जनतालाई गरिबीबाट माथि उठाएर र मध्यम खालको समृद्ध समाज निर्माण गरी चिकपाले समाजवादी व्यवस्थाको सामर्थ्यलाई पुष्टि गर्नुको साथै विश्वका प्रगतिशील, न्यायप्रेमी तथा शान्तिप्रेमी जनतालाई उत्साहित गर्दै छ ।

चिकपाले निर्धारित गरेको चीनलाई समृद्ध, शक्तिशाली, प्रजातान्त्रिक, उन्नत संस्कृतिले युक्त, सद्भावपूर्ण तथा सुन्दर देश निर्माण गर्ने दोस्रो शताब्दी लक्ष्यले २१ औँ शताब्दीमा समाजवादलाई विजयोन्मुख बनाउन नयाँ ढोका खोल्नेमा हामी विश्वस्त छौँ ।

चिनियाँ कम्युनिस्ट पार्टीको दूरदर्शी नेतृत्व र चिनियाँ जनताको एकमनको एकताको बलबाट चीनले राष्ट्रिय पुनर्जागरणको लक्ष्य र शान्तिपूर्ण पुनःएकीकरणको सपना पूरा गर्नेछ ।

अन्त्यमा, नेपाल मजदुर किसान पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीचको मैत्रीपूर्ण सम्बन्ध समयसँगसँगै थप बलियो हुनेछ भन्नेमा हामी विश्वस्त छौँ । साथै, नेपाली जनता र चिनियाँ जनताबीचको ऐतिहासिक सम्बन्ध तथा सहकार्य सधैँझैँ आपसी समझदारी र आपसी सम्मानभावको आधारमा अगाडि बढ्नेछ भन्ने विश्वास व्यक्त गर्दछौँ । धन्यवाद !

# वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशीको निधन



वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको एक सय तीन वर्षको उमेरमा ललितपुर ग्वार्कोस्थित किस्ट मेडिकल कलेजमा उपचारको क्रममा असोज ३० गते निधन भएको छ ।

पिता शङ्कर राज जोशी र माता राजकुमारीका सुपुत्रका रूपमा विसं १९७७ वैशाख ३० गते ललितपुरको बखुम्बहालमा उहाँको जन्म भएको हो ।

नेपाली भाषा, कला, संस्कृतिको संरक्षण, संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा लागिपरेको हुनाले उहाँको योगदानको कदरस्वरूप जोशीलाई सुप्रबल गोर्खा दक्षिणबाहु विख्यात त्रिशक्ति पट्ट,आदिकवि भानुभक्त पुरस्कार, काठमाडौँ विश्वविद्यालयले विद्यावारिधिको मानार्थ प्रमाणपत्र प्रदान गरेको छ । नेपाल सरकारले पनि उज्ज्वल कीर्तिमान राष्ट्रदीपले सम्मानित गरेको छ ।

जोशीले विसं. २०१३ मा लोकसंस्कृति ग्रन्थमा, २०१७ मा नेपाली राष्ट्रिय मुद्रा नामक ग्रन्थमा र २०२८ मा ‘कर्णाली लोकसंस्कृति’ नामक ग्रन्थका लागि मदन पुरस्कार प्राप्त गर्नुभएका जोशी विसं २०१५ मा पुरातत्त्व र संस्कृति विभागका पहिलो निर्देशक हुनुभएको थियो ।

जोशीका प्रबन्ध तथा अनुसन्धानात्मक कृति नेपालीमा १०, नाटक पाँच, काव्य दुई र कथासङ्ग्रह पाँच तथा नेवारी भाषामा गरी करिब ५० कृति प्रकाशित छन् ।

शताब्दी पुरूष जोशीले जीवनभर साहित्य, कलासंस्कृति र रङ्गमञ्चमा गरेका योगदानबारे अनिल पौडेलद्वारा लिखित ‘जुरेली दर्शन’ पुस्तक प्रकाशनमा छ । त्यस्तै गीरिस गिरीको ‘सत्यमोहन’ ले उहाँको जीवनी बुझ्न सकिन्छ ।

काठमाडौँ विश्वविद्यालयबाट मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्राप्त गर्नुभएका वरिष्ठ साहित्यकार जोशीलाई विसं २०६९ मा ‘पद्मश्री साधना सम्मान पुरस्कार’ प्रदान गरिएको थियो ।

**भाषा, कला, संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा जीवनभर योगदान पुऱ्याउनुभएका शताब्दीपुरुष सत्यमोहन जोशीमा हार्दिक श्रद्धाञ्जली !**


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित




एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३२००

# नेमकिपाका भक्तपुरमा उम्मेदवारहरू

## भक्तपुर क्षेत्र नं. १ मा सचिव सुवालको उम्मेदवारी

## प्रदेशसभा सदस्यमा गोसाई र बाटा



आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भाग लिन नेपाल मजदुर किसान पार्टीले भक्तपुर क्षेत्र नं १ को प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्य पदहरूमा उम्मेदवारी दिएको छ।

उम्मेदवारी मनोनयन दर्तापछि आयोजित परिचयात्मक कार्यक्रममा नेमकिपाका सचिव एवं भक्तपुर निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभाका उम्मेदवार **प्रेम सुवाल**ले शासक दलहरूले उम्मेदवारी मनोनयनदेखि बाजागाजा बजाएर आचारसंहिता उल्लङ्घन गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'निर्वाचन आयोगले सीट भागबन्डाको लागि काठमाडौंमै उम्मेदवार राखेका शासक दलहरूलाई सजिलो हुने गरी आयोगबाटै उम्मेदवारी दिन पाउने व्यवस्था गऱ्यो। भारी वर्षा र पहिरोको कारण



उम्मेदवार, समर्थक, प्रस्तावकसमेत निर्वाचन अधिकृतको कार्यालयमा पुग्न नसकेका राजनीतिक दल र उम्मेदवारको लागि विकल्पको व्यवस्था गरिएन।'

सिद्धान्तहीन गठबन्धन गरेका राजनीतिक दलहरू जतिपटक सिंहदरबार कब्जा गर्न गए पनि देश र जनताको हित नहुनेतर्फ मतदाताहरू सचेत हुनैपर्नेमा उहाँले जोड दिनुभयो।

सचिव सुवालले नेमकिपाले २०१८-१९ सालदेखि निर्वाचनको क्रान्तिकारी उपयोग गरी देशको सार्वभौमिकता रक्षाको लागि सङ्घर्ष गर्दै आएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, 'शासक दलहरूको गलत कामको परिणाम दाल, चामल, तरकारीसमेत भारतबाट आयात गर्नुपरेको छ। उत्पादित जलविद्युत् सस्तोमा भारतलाई बेचेर महँगोमा ग्यास आयात गरिरहेको छ। व्यापारघाटा २० खर्ब र सार्वजनिक ऋण पनि २० खर्ब पुगेको छ।'

सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाएका सिद्धान्तहीन गठबन्धन गर्ने राजनीतिक दललाई निर्वाचनमा पराजित गर्न सम्पूर्ण नेपाली जनताले देशभरि नै मादल चिह्न रोज्ने विश्वास सचिव सुवालले व्यक्त गर्नुभयो।

भक्तपुर निर्वाचन क्षेत्र नं. १ को प्रदेशसभा सदस्य-२ का उम्मेदवार एवं नेमकिपाका केन्द्रीय सदस्य **सुरेन्द्रराज गोसाई**ले निर्वाचन पनि वर्गसङ्घर्षको सिलसिला भएको बताउनुभयो।

निर्वाचन देशभक्त र देशद्रोहीबीचको सङ्घर्ष भएको उल्लेख गर्नुहुँदै उहाँले देश र जनताको पक्षमा निरन्तर सङ्घर्ष गर्दै आएको नेमकिपाको मादल चिह्न रोज्न मतदातासमक्ष आग्रह गर्नुभयो।

भ्रष्टाचारको दलदलमा फसेका दलका उम्मेदवारलाई नेपाली जनताले हराउनुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रदेशसभा सदस्य-१ का नेमकिपाका उम्मेदवार **मिनबहादुर बाटा**ले हुँदा खाने र हुने खानेबीचको दूरीलाई समाप्त पार्न नेमकिपाले निर्वाचनमा भाग लिएको उल्लेख गर्नुहुँदै एमसीसी, एसपीपी सम्झौता गरी देशघात गर्नेहरूविरुद्धको सङ्घर्षमा नेपाली जनताले नेमकिपालाई रोज्ने विश्वास व्यक्त गर्नुभयो।

नेमकिपाका कार्यकर्ताहरूको मन र मुटुमा देश र जनताको सेवाबाहेक अरू केही स्वार्थ नभएको विचार पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका

अध्यक्ष **नारायणबहादुर दुवाल** र नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य **राजेन्द्र चवाल**ले पनि बोल्नुभएको थियो।

# प्रतिनिधि सभामा थापामगर र प्रदेश सभामा गोसाई र वैद्य



आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भाग लिन नेपाल मजदुर किसान पार्टीले भक्तपुर क्षेत्र नं २ को प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्य पदहरूमा उम्मेदवारी दिएको छ।

भक्तपुर निर्वाचन क्षेत्र नं २ मा संविधानसभाका पूर्वसदस्य एवम् नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले प्रतिनिधिसभा सदस्यको निम्ति उम्मेदवारी दिनुभएको छ।

पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले क्षेत्र नं २ को प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं १ मा र नेमकिपा मध्यपुर नगर समितिका अध्यक्ष रमेश वैद्यले क्षेत्र नं २ को प्रदेशसभा निर्वाचन क्षेत्र नं २ मा उम्मेदवारी दिनुभएको हो।

उम्मेदवारी दर्तापछि बोडेमा आयोजित एक सभामा नेमकिपाका केन्द्रीय सदस्य **अनुराधा थापामगर**ले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थाभित्र गएर देश र जनताको सेवा गर्ने लेनिनवादी सिद्धान्तअनुसार नेमकिपाले निर्वाचनमा भाग लिएको बताउनुभयो।

उहाँले देशको सार्वभौमिकता रक्षाको निम्ति नेमकिपाले सदन र सडकमा सङ्घर्ष गरेको स्मरण गराउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य **सरोजराज गोसाईले** नेमकिपाले निर्वाचनबाटै समाजवाद स्थापना गर्ने भ्रम फैलाउने संशोधनवादी पार्टीहरूविरुद्ध लडिरहेको भन्नुहुँदै नेमकिपाका प्रतिनिधिहरूले संसद्बाट हुनसक्ने देशघातविरुद्ध लड्ने धारणा राख्नुभयो।

नेमकिपा, मध्यपुर नगर समितिका अध्यक्ष एवम् प्रदेशसभा सदस्य उम्मेदवार **रमेश वैद्य**ले इमानदारीसाथ जनताको सेवामा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा नेमकिपा, भक्तपुर जिल्ला समितिका पूर्वअध्यक्ष **केदार थापा**ले नेमकिपाले जनताको राजनीतिक चेतनास्तर उठाउन निर्वाचनलाई उपयोग गर्दै आएको बताउनुभयो।

कार्यक्रममा नेमकिपाका **राजु कैटी**ले पनि बोल्नुभएको थियो।

# भक्तपुर जिल्लाको दुवै क्षेत्रका उम्मेदवारहरू

(वर्णानुक्रममा)




## प्रतिनिधिसभा

### क्षेत्र नं १

| क्र.सं. | नाम | पार्टी-स्वतन्त्र |
|---|---|---|
| १ | अर्जुन कोजू | स्वतन्त्र |
| २ | अर्जुन प्रसाद नेपाल | नेपालका लागि नेपाली पार्टी |
| ३ | गोकर्ण प्रसाद गेलाल | स्वतन्त्र |
| ४ | डम्बर बहादुर थिङ्ग | आमूलपरिवर्तन मसिहा पार्टी नेपाल |
| ५ | दिपक लामीछाने | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) |
| ६ | नवराज गेलाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७ | पुष्प राम गेलाल | स्वतन्त्र |
| ८ | प्रेम सुवाल | नेपाल मजदुर किसान पार्टी |
| ९ | भरत बहादुर खड्का | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १० | माधव खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| ११ | बल राम प्रजापति | मोलिक जरोकिलो पार्टी |
| १२ | सुनिल गोठे | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ( एकल चुनाव चिन्ह) |
| १३ | सुलोचना छ्वाजु | स्वतन्त्र |
| १४ | हिरा लाल खड्का | जनता समाजवादी पार्टी नेपाल |

# बागमती प्रदेशसभा

## क्षेत्र नं १ को १

| क्र.सं. | नाम | पार्टी-स्वतन्त्र |
|---|---|---|
| १ | ऋषि राम लामिछाने | नेपाल आमा पार्टी (एकल चुनाव चिन्ह) |
| २ | कल्पना सुनुवार | जनता समाजवादी पार्टी नेपाल |
| ३ | कृष्ण बहादुर थापा | स्वतन्त्र |
| ४ | दश राम श्रेष्ठ | स्वतन्त्र |
| ५ | नयन्द्र बास्तोला | हाम्रो नेपाली पार्टी |
| ६ | निरु न्यौपाने | मौलिक जरोकिलो पार्टी |
| ७ | प्रकाश दाहाल | स्वतन्त्र |
| ८ | मिन बहादुर बाटा | नेपाल मजदुर किसान पार्टी |
| ९ | मोहन विर श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १० | रमेश कुश्वर | आमूल परिवर्तन मसिहा पार्टी नेपाल |
| ११ | रवि मान शाक्य | स्वतन्त्र |
| १२ | राजु कुइकेल | राष्ट्रिय पजातन्त्र पार्टी |
| १३ | राजु पुरी | स्वतन्त्र |
| १४ | राम कुमार खत्री | स्वतन्त्र |
| १५ | राम चन्द्र बासी | स्वतन्त्र |
| १६ | राम हरि श्रेष्ठ | स्वतन्त्र |
| १७ | श्री भक्त काशिछवा | स्वतन्त्र |
| १८ | सरेश श्रेष्ठ | नेपाली कांग्रेस |

## क्षेत्र नं १ को २

| क्र.सं. | नाम | पार्टी-स्वतन्त्र |
|---|---|---|
| १ | इन्द्रप्रसाद राजलवट | स्वतन्त्र |
| २ | कृष्णगोपाल कक्षपती | मौलिक जरोकिलो पार्टी |
| ३ | नारायणसुन्दर सिन्ताकल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४ | पवन भुजु | नेपाली कांग्रेस |
| ५ | राजेश भुजु | स्वतन्त्र |
| ६ | रोशन नापित | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ७ | विश्व राम सिल्पकार | जनता समाजवादी पार्टी नेपाल |
| ८ | शान्ति भक्त बाटी | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| ९ | सुरेन्द्र राज गोसाई | नेपाल मजदुर किसान पार्टी |

# प्रतिनिधिसभा

## क्षेत्र नं २

| क्र.सं. | नाम | पार्टी-स्वतन्त्र |
|---|---|---|
| १ | अनुराधा थापामगर | नेपाल मदजुर किसान पार्टी |
| २ | आनन्द कार्की | स्वतन्त्र |
| ३ | इन्द्र नारायण न्हुछे श्रेष्ठ | नेपाल आम पार्टी (एकल चुनाव चिन्ह) |
| ४ | उमेश श्रेष्ठ | स्वतन्त्र |
| ५ | कल्प दिप राई | स्वतन्त्र |
| ६ | चम्पा बोगती | स्वतन्त्र |
| ७ | विनेश प्रजापती | स्वतन्त्र |
| ८ | दिल बहादुर तामाङ्ग | जनता समाजवादी पार्टी नेपाल |
| ९ | दुर्लभ थापा श्रेत्री | नेपाली कांग्रेस |
| १० | प्रमिला थापा | स्वतन्त्र |
| ११ | महेश बस्नेत | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १२ | मिना कुमारी बाला | स्वतन्त्र |
| १३ | मोक्टो तामाङ | स्वतन्त्र |
| १४ | मोहन के.सी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १५ | रञ्जु के.सी | स्वतन्त्र |
| १६ | राजु नापित | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| १७ | राजु श्रेष्ठ | राष्ट्रिय जनमसक्ति पार्टी |
| १८ | राजेश बाडे | नेपालका लागि नेपाली पार्टी |
| १९ | लिला बहादुर बानियाँ | मौलिक जरोकिलो पार्टी |
| २० | लोकेन्द्र पोखरेल | हाम्रो नेपाली पार्टी |
| २१ | शन्त बहादुर लाकाजु | आमूल परिवर्तन मसिहा पार्टी नेपाल |
| २२ | शशी बिक्रम कार्की | नेपाल विवेकशील पार्टी |
| २३ | शिव लाल रोकाया | नेश्नलिष्ट पिपल्स पार्टी |
| २४ | साजन वि.क. | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २५ | सुमन कार्की | स्वतन्त्र |
| २६ | सुवर्ण थापा | स्वतन्त्र |

# बागमती प्रदेशसभा

## क्षेत्र नं २ को १

| क्र.सं. | नाम | पार्टी-स्वतन्त्र |
|---|---|---|
| १ | उद्धव कुमार घिमिरे | हाम्रो नेपाली पार्टी |
| २ | उमेश बिष्ट | राष्ट्रय प्रजातन्त्र पार्टी, नेपाल |
| ३ | किरण थापामगर | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४ | दिप बहादुर तामाङ | स्वतन्त्र |
| ५ | बिक्रम थापा | राष्ट्रय प्रजातन्त्र पार्टी |
| ६ | विष्णु राज कार्की | नेपाली कांग्रेस |
| ७ | मान काजी तामाङ | स्वतन्त्र |
| ८ | मोहन सिलवाल | नेश्नलिष्ट पिपल्स पार्टी |
| ९ | राहुल लामा | स्वतन्त्र |
| १० | श्याम कृष्ण धुख्वा | स्वतन्त्र |
| ११ | श्याम सुन्दर थापा | स्वतन्त्र |
| १२ | सरोज राज गोसाई | नेपाल मजदुर किसान पार्टी |
| १३ | सुवास लामा | जनता समाजवादी पार्टी नेपाल |

## क्षेत्र नं २ को २

| क्र.सं. | नाम | पार्टी-स्वतन्त्र |
|---|---|---|
| १ | कृष्णप्रसाद प्रजापति | राष्ट्रिय जनमुक्ति पार्टी |
| २ | चन्दन कृष्ण श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३ | जगत लाल तामाङ | स्वतन्त्र |
| ४ | पंच कृष्ण श्रेष्ठ | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ५ | प्रेम कृष्ण साक्षे श्रेष्ठ | स्वतन्त्र |
| ६ | प्रेम नाथ श्रेष्ठ | स्वतन्त्र |
| ७ | मिना सुचिकार | जनता समाजवादी पार्टी नेपाल |
| ८ | रत्न प्रसाद पोखरेल | नेपालका लागि नेपाली पार्टी |
| ९ | रमेश वैद्य | नेपाल मजदुर किसान पार्टी |
| १० | राजेन्द्र मान श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) |
| ११ | बिकी शर्मा | स्वतन्त्र |
| १२ | श्रीकृष्ण नेपाल | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| १३ | सरस्वती थापा | स्वतन्त्र |

स्रोत : निर्वाचन आयोग

# भक्तपुरको प्राचीन, मध्य र आधुनिककाल



*न्हुछेरत्न बुद्धाचार्य*

## प्राचीनकाल

भक्तपुर एक प्राचीन ऐतिहासिक जिल्ला हो। भक्तपुरको प्राचीन नाउँ **'खोप्रिङ'** थियो। यसको अपभ्रंश **'ख्वप'** हुन गएको छ। 'ख्वप' अहिलेसम्म कायमै रहेको छ।

इतिहासको क्रमअनुसार भक्तपुरको इतिहासलाई प्राचीन, मध्य र आधुनिक कालको रुपमा विभक्त गर्न सकिन्छ। प्राचीन कालमा काठमाडौँ उपत्यकालाई **'नागदह'** भनिन्थ्यो। यो दहको पानीको निकास खुलेपछि बस्न लायक ठाउँ बन्यो। अनि बिस्तारै उपत्यका छेउछाउमा बस्तीहरू बस्न थाले र विकास क्रममा खोप्रिङ बस्ती बस्यो। किरात कालमा खोप्रिङ ग्रामको विकास भएको देखिएको छ। लिच्छविकालमा आएर खोप्रिङ ग्रामको अझ विकास भयो अब यसलाई **'द्रंग'** आयात व्यापार केन्द्रको रूपमा परिणात भयो। लिच्छविकालका शासकहरूले विशेष गरेर अंशुवर्माले यस जिल्लाको विकासमा जोड दिए। उनले खोप्रिङ 'द्रंग' लाई स्वशासन सम्बन्धी अधिकार सुम्पेर यहाँका जनतालाई प्रशासनमा बढी सक्रिय गराए। स्वशासन सम्बन्धी अधिकार प्रदान गरेका शिलालेखहरू भक्तपुरमा पाइएकाछन् –

उनताका भक्तपुरमा केवल दुई गाउँ थिए, जो अचेलको **तुलाछैं** र **गोलमढी** टोल हुन आएका छन्। अंशुवर्माले इ. सं. ५९५ मा यी दुवै गाउँमा अधिकार पत्रको रूपमा एक एक शिलालेख राखि दिएर दुवै शिलालेखमा तीनथरी पोत लिनाको लागि मात्र माल अड्डाको सिपाही आउनेछन्। अपराधको निर्णय र लिखितहरूको रजिष्टरी आदि काम ग्रामको मुख्य प्रधान आदि तिमीहरू आफैले गर्नु भन्ने स्थानीय अधिकार प्रदान गरेकाथिए।

*(बाबुराम आचार्य लिच्छविकालीन राजनीति र संस्कृति, 'नेपाल' पत्रिका त्रि.वि.- पृष्ठ १४८)*

प्राचीनकालमा भक्तपुरबारे अध्ययनको लागि अत्यावश्यक सामग्रीको रूपमा अभिलेख वंशावलीलाई लिन सकिन्छ। उक्त सामग्रीहरूको अध्ययनबाट तत्कालीन भक्तपुरको जानकारी प्राप्त हुन्छ।

भक्तपुरको आर्थिक स्थिति ज्यादै उन्नत अवस्थामा भएको पाइन्छ। प्राचीन कालमा कृषि, साना उद्योगधन्धा तथा ब्यापारको क्षेत्रमा राम्रो उन्नति भएको देखिन्छ। त्यसबेला यहाँका खेतहरूमा उत्पादन हुने मुख्य धान र गहुँ हुन्। कृषकहरू कृषिकार्यमा हलोको साथ हँसिया आदिको पनि प्रयोग गर्दथे। कृषि उत्पादन अभिवृद्धिका लागि नहर कुलोको पनि बन्दोबस्त थियो।

त्यसबेला कृषिद्वारा उत्पादित चिजहरूमा सरकारको तर्फबाट विभिन्न प्रकारका करहरू लिइन्थ्यो। सरकारको आम्दानीको एक मुख्य स्रोत नै कृषिकर हुँदा त्यस समय अर्थ व्यवस्थाको मूलधार नै कृषि भएको पाइन्छ। खेतको उब्जनी माथिको सरकारी कर लाई **'भागभोगकर'** भनिन्थ्यो। त्यसबेला जनतामा वचत गर्ने बानीको विकास भएको थियो। **'अक्षयनिधि'** अथवा आधुनिक बैंकले जस्तै लेनदेनको काम पनि गर्दथ्यो' भन्ने कुरा वि.स. ५९७ को एक शिलालेखमा उल्लेख गरिएको छ। त्यस्तै गाउँ विकासका महत्त्वपूर्ण कामहरू जस्तै पिउने पानीको निमित कुवा कुलोको **(कूपजल द्रवणिका)** प्रबन्ध गर्दथ्यो।

भक्तपुरमा पशुपालनको पनि विकास भएको थियो। यस कार्यबाट दूध, मासु, कृषि सवारी आदिको काम पूरा हुन्थ्यो, गाई, भैंसी, बाख्रा, भेडा आदि प्रमुख पाल्तु जनावर थिए। पशुपालन भक्तपुरमा एक पुरक पेशाको रूपमा थियो। हाँस र कुखुरा पाल्ने कार्यमा उत्साह देखिन्थे। काष्ठ उद्योग पनि उन्नत अवस्थामा रहेको थियो। भक्तपुरका घरहरू काठ निर्मित भई तिनीहरूमा काठका मूर्तिहरू पनि सजाइनुको साथै भित्ते चित्रहरू पनि चित्रित गरिने परम्परा भएको उल्लेख गरेको छ।

यसरी प्राचीनकालमा आध्यात्मिक उन्नतिमात्र नभई भौतिक उन्नति पनि पर्याप्त मात्रामा भयो। लिच्छविकालमा यहाँ उद्योग धन्दाको विकास निकै भएको देखिन्छ। प्राचीनकालमा जनतामा दान प्रणालीबाट पनि त्यस समयको वैभव तथा सुखी जीवनको अनुमान सजिलैसित गर्न सकिन्छ। धार्मिक संस्थाका विभिन्न कार्यको निमित प्रबन्ध समितिको गठन हुन्थ्यो। समिति लाई **गोष्ठी** र त्यसको सदस्य लाई **गोष्ठिक** भनिन्थ्यो। गोष्ठी शब्दबाट गुथि शब्द बनेको हो। प्राचीनकालका गुथिहरू अहिलेसम्म चलेर आइरहेका छन्। त्यसबेलाको जनजीवनसँग सबन्ध राख्ने गोष्ठीहरू पनि थिए। यसकारण लिच्छविकालको जनजीवन बुझ्नको लागि गोष्ठीको परिचय पाउन आवश्यक छ।

लिच्छविकालमा आवश्यक कामकुरा मिली चलाउने स्थानीय सङ्घ अन्तर्गत रही जीवन बिताउने बानी जनतामा बसेका थियो। गोष्ठीद्वारा गरिने काम जस्तै बटुवाहरूलाई सुविधा होस् भनी पाटी पौवा बनाउने, तिर्खाएका ब्यक्तिले पानी पिउनको लागि कुवा बनाउँथे। त्यसबेला भक्तपुरको जनजीवनमा

प्राचीनकालदेखि यहाँको जनतामा जनसेवा हुने कार्यमा धर्म हुने भन्ने धार्मिक भावनाको छाप परेको पाइन्छ।

**बाटो बढार्ने गोष्ठी** पनि शिलालेखमा उल्लेख छ। हामीले आफू बस्ने ठाउँ र बाटोहरू, बढारेर सफा राख्नु पर्दछ। यसो भए निरोगी बन्न यसबाट मदत हुन्छ।

एकजनाले मात्र गरेर यो काम हुने होइन। एउटा व्यवस्था बाँधी पालो पालो गरी यो काम चलाउनु पर्छ भन्ने भावनाले बाटो बढार्ने गोष्ठी बनेको रहेछ। भक्तपुरमा **पानीय गोष्ठी** पनि थियो। जसको काम गाउँ र जिल्लामा पेय जलको व्यवस्था मिलाउँथ्यो। मन्दिरहरूमा धूप बाल्ने विभिन्न समयमा देवी देवताहरूको पूजा अर्चना इत्यादि ध्वजा पताकाहरूको व्यवस्था मिलाउन इत्यादि कामहरू गर्ने जस्तै **प्रदिप गोष्ठी, धूप गोष्ठी** इत्यादि विभागहरू सञ्चालन गरिन्थ्यो।

भक्तपुरको जनजीवनमा सहकारिताका भावना थियो। सबै मिलेर गर्नुपर्ने काममा कुनैले काम गर्न चाहेन वा सकेन भने कामको सट्टामा आफूसँग भएको अन्न वा कुनै सामान सहायता दिएर मदत गर्दथे।

## मध्यकाल

प्राचीनकालमा भन्दा पनि मध्यकालमा आएर भक्तपुरको महत्त्व बढ्दै गयो। मध्यकालको पूर्वार्द्धमा आएर भक्तपुरले नेपालको **राजधानी** बन्ने सौभाग्य पायो। यस राजधानीको नाम **त्रिपुर** रहन गएको थियो। अब धार्मिक र सांस्कृतिक गतिविधिको पनि केन्द्र भक्तपुर बन्यो। मध्यकालमा भक्तपुरमा शिक्षा को राम्रो व्यवस्था थियो। त्यसबेला विद्याको केन्द्र नै भक्तपुर थियो। मध्यकालमा भक्तपुर एक **मजबूत गढ** थियो। यो गढ तयार गर्न भक्तपुरका सारा जनताले श्रमदान गरेका थिए। भक्तपुरका जनताले किल्लाहरूको निर्माण गर्दा ब्राम्हण, क्षेत्री, वैस्य, शुद्र इत्यादि चारै जातले मन लगाएर काठको भारी, इँटाको भारी बोकी काम गरेको उल्लेख पाइन्छ। शहरलाई चारैतिरबाट ठूलो ठूलो पर्खालले घेरियो। परखालमा ठाउँ ठाउँमा किल्लाहरू बनाइए। बीच बीचमा मजबुत ढोकाहरू बनाइए। पर्खाल बाहिर चारैतिर खाडल खनिए। यसरी भक्तपुर शहरलाई आक्रमणबाट जोगाउन पुरापुर बन्दोवस्त भएको गढको रूप दिइयो। यो वि.सं १५१० को यक्षमल्लको भक्तपुर दरबारको अभिलेखमा उल्लेख गरिएको छ।

मध्यकालमा भक्तपुरको धेरैजसो साधारण घरको सबभन्दा तल्लो तलामा ढोकाको दायाँ सानासाना आँखीझ्याल बनाएका हुन्छन् तापनि ती झ्यालबाट पर्याप्त मात्रामा उज्यालो आउँदैन। त्यसले ओस आउने हुन्छन र बसोवासको लागि भुइँतला उपयुक्त हुँदैन। प्रायः माटाका भाँडाकुँडा, च्युरा कुट्ने उगल आदि त्यहाँ राखिन्छन्। कुनै कुनै घरमा खुला दलान हुन्छ, दोस्रो तलालाई मातन भनिन्छ जहाँ दुइ तीन ओटा सुत्नेकोठा निकालिएका हुन्छन्। यस तलामा केही ठूलो आँखीझ्याल हुन्छ तर पनि प्रायः ती खोल्न हुने खालको हुँदैनन्, माथिल्लो तला चोटा खुला राखिएको हुन्छ। घरमा परिवारहरू अथवा इष्टमित्रहरू जम्मा भई भोज खान आमोद प्रमोद गर्न त्यसको प्रयोग हुन्छ। यस तलामा बरण्डा जस्तोगरी कला पूर्ण काठका झ्याल बाहिर निकालिएका हुन्छन्। यसरी मध्यकालको भक्तपुरको जनजीवनमा साधारण गृहस्थीबारे वर्णन गरिएको पाइन्छ। मध्यकालमा नेपाल उपत्यकामा आएका इसाई पादरीहरूले त्यसबेला यहाँको जनजीवन यसरी वर्णन गरेका छन् –

'घरहरू प्रायः ३, ४ तले छन। घरका झ्याल ढोकाहरू काठका हुन्छन् र बाटोमा प्रायः इँटा ढुङ्गा छापेका छन्, बाहिर देखिने गरी ढलहरू छन्। शहरमा ठाउँ-ठाउँमा पाटीहरू बनेका छन्। जनता त्यहाँ बसी आराम लिन्छन्। ढुङ्गेधारा पोखरीहरू प्रशस्त छन्। सरसफाइको कमी छ तापनि यहाँका वासिन्दाहरू प्रायः राम्रा छन्। मझौला कद र गोरो रूप हुन्छन्। प्रायः जनता हंसमुख, मिजासिला छन्। चामल मुख्य खाना छ। राँगाको मासुको बढी प्रयोग हुन्छ। घ्युभन्दा तेलको बढी प्रयोग हुन्छ। जाँड, रक्सी पिउने चलन छ। साधारण लोग्नेमान्छे उत्सव पर्व आदिमा प्रायः जामा लाउँथे। घरमा बस्दा प्रायः लबेदा सुरुवाल लाउँथे। आइमाइहरू आफ्नै ढङ्गको चोलो फरिया लाउँथे, पटुका बाँध्दथे, पछेउरा, खास्टो ओढ्ने चलन थियो।'

यसबाट हामी त्यसबेला भक्तपुरका मानिसहरू उद्यमी र मिलनसार भएको पाइन्छ। मध्यकालमा पनि भक्तपुरका जनताको मुख्य पेशा खेती थियो। यस ठाउँमा घरमै बुनेको कपडा, धातुका भाँडाकुँडा र कलात्मक वस्तुहरू प्रचलनमा थियो। धान, पशु द्रब्यद्वारा सरकारले कृषकको सहायता गर्दथ्यो। कृषकहरू हृष्टपुष्ट रहेमा नै राजकोष बढ्ने हुनाले उनीहरूको स्वास्थ्य बढाउन तथा ब्यायामका निम्ति सरकारको तर्फबाट धन मिल्दथ्यो।

मध्यकालमा भक्तपुर उब्जाउ प्रदेश भएको र जनसङ्ख्या वृद्धि पनि त्यति धेरै नभएको हुँदा मानिसहरूको जीवन सुखमय थियो। त्यसबेला भक्तपुरमा मनोरन्जनको मुख्य साधन नाचगान थियो। त्यसबेला जुनसुकै उत्सव आदिमा पनि नाचगानको प्रदर्शन गरिन्थ्यो। नाच देखाउन टोल टोलमा डबलीहरू बनेका थिए।

भक्तपुरमा उद्योगको विकासमा यहाँ ढलौटका मूर्तिहरू भाँडाकुँडाहरू र सुनका गहनाहरू बनाउने उद्योग कायम थियो। यस्ता शिल्पकलामा यहाँका मानिसहर सिपालु थिए। यसैगरी भक्तपुरमा मध्यकालमा तेल पिँध्ने, रङ बनाउने, रङछाप बनाउने आदि सानासाना उद्योगहरू पनि चलेका थिए।

१७५ वर्ष अघि लुगाबुन्ने अवस्थाबारे लेखिएको डा. केयवेलको Cotton manufacture in Nepal भन्ने पुस्तकमा

'भक्तपुरमा सबैभन्दा, राम्रोसित रङ रोगनको काम हुन्थ्यो, कपडामा राम्रो बुट्टा छाप्न सिपालु' भनेर वर्णन गरिएको छ। यसरी भक्तपुरका जनता उद्योगी, मिहिनेतीमा मात्र प्रख्यात नभई देश र जनताको रक्षा गर्न सैनिकको रूपमा ज्यानको बाजी लगाएर भक्तपुरको रक्षा गरेको एक घटना यहाँ प्रस्तुत छ –

वि.सं. १७८७ मा कान्तिपुर, ललितपुर र गोरखाका राजाहरूले परस्परमा मिलेमतो गरी भक्तपुर राज्यको केही भागमा अधिकार जमाउँदा त्यसबेला भक्तपुरका जनताको सहायताद्वारा शत्रुहरू हराएर आफ्नो राज्य फिर्ता लिएको खुसियालीमा जनतालाई विशेष सहुलियत प्रदान गरेको कुरा भक्तपुर दरबारको एक ताम्रपत्रमा उल्लेख गरिएको छ। यसरी भक्तपुरका जनताले सङ्कटकालीन स्थितिमा तनमनले सहायता गरेको भक्तपुरको इतिहासमा ठूलो महत्त्व रहेको छ।

## आधुनिक काल

परिवर्तन विकासको सोपान हो। यसरी आधुनिक कालमा आएर भक्तपुरमा धेरै नै परिवर्तन आयो। नेपालको एक प्राचीन शहर आफ्नै प्रकारको संस्कृति रहनसहन छ। भक्तपुरमा मनाइने चाडपर्वहरू भिन्नै प्रकारको छ। भक्तपुरमा नेवार जाति नै बहुसङ्ख्यक रूपमा यत्रतत्र छरिएर रहेका छन्। भक्तपुरको दरबार चोकका ५५ झ्याल दरबारसहित अरू मन्दिरहरू ङातापोल मन्दिर, दतात्रय मन्दिर हुन्। भक्तपुरको सुनको ढोका र मयूर झ्याल विश्व प्रसिद्ध स्मारक हुन्।

संस्कृतिको दृष्टिकोणले यो जिल्ला नेपाल जिल्लामध्ये एउटा नमुनाको रूपमा लिन सकिन्छ। यहाँको जनजीवन कला र संस्कृतिको आपसी सामन्जस्यलाई लिएर विदेशी पर्यटकहरूले मुक्तकण्ठले गुणगान गरेकाछन्। विशेष गरी भक्तपुर शहरलाई कसैले नेवार जातिहरूको कलाको अमर कृतिहरूको भण्डार भन्दछन्।

भक्तपुर शहर र यहाँको जनजीवनको तारीफ गर्दै एकजना पर्यटकइ.ए पावेलले आफ्नो पुस्तक The Home of Mysetry मा लेखेका छन् –

'When there nothing else in Nepal saves The Durbar Square of Bhadgaun it would still be amply worth making Journey have way round the globe to see it. It is treasure of Newari Art' (भक्तपुर दरबार स्क्वायरले नेपालको कलाकृति बचाइराखेको छ भन्नमा अत्युक्ति नहोला। आधा संसार घुमेर आए पनि भक्तपुर लायकु दरबार हेर्न योग्य छ। यो नेवारी कलाको ढुकुटी हो।)

भक्तपुर काष्ठकलाको लागि नामुद छ। यहाँ पेशाकै रूपमा उत्पादन गरिने भादगाउँले टोपी, जुजुधौ, माटाका भाँडाकुँडाहरू, हातले बुनेका नेपाली घरबुना कपडा अतितदेखि यस जिल्लामा फस्टाउँदै आएको घरेलु उद्योगको प्रतीकको रूपमा मान्न सकिन्छ। यस जिल्लाको खासगरी भक्तपुर शहरको जनजीवनलाई विचार गर्दा, एउटा सभ्यताकै संज्ञा दिनु अत्युक्ति नहोला।

नेवार जाति बहुसङ्ख्यक रूपमा रहेको भए तापनि यो जिल्लाको वरपरका गाउँहरूमा तामाङ्ग, क्षेत्री, गिरी, बाहुन आदिले बसोवास गरेको पाइन्छ। यिनीहरूको आ-आफ्नो संस्कार, परम्परा र मान्यताहरू विभिन्न पेशामा लागेर बसेका छन्। भक्तपुरमा बाक्लो जनसङ्ख्या भएको हुनाले घरहरू एकैठाउँमा गुच्चमुच्च परेका छन् र एक अर्कासित जोडिएको भई आउने जाने बाटो मूलबाटाहरूसमेत पनि साँगुरा छन्। नेवारहरूमा विभिन्न जात अथवा थरहरू एकै टोलमा रहने परम्परा अद्यापि छँदैछ।

भक्तपुरका नेवार जातिको मुख्य पेशाको रूपमा कृषिलाई लिन सकिन्छ। यसबाहेक यसको पुरक पेशाको रूपमा व्यापार र घरेलु उद्योग पनि हुन्। घरेलु उद्योगको हकमा नेवारहरू आफूलाई चाहिने जति घरबुना कपडा आफैले उत्पादन गर्ने गर्दछन्। कृषिबालीमा आधारित चिउरा कुट्ने, परालबाट सुकुल र डोरी आदि बनाउने कामहरू पनि गर्दछन्। त्यस्तै दूधबाट बनाइने 'जुजुधौ' पनि प्रख्यात छ। भक्तपुर नेवार जातिको माटाका भाँडाहरू बनाउने कार्य एक आर्थिक स्रोतमध्ये हो।

नेवारहरू व्यापारमा त्यतिकै सिपालु छन्। देशको कुना कुनासम्म पनि भक्तपुरका नेवारहरू व्यापार गर्न पुगेका छन्।

आजकाल भकपुरमा शिक्षाको विकास तीव्रगतिमा भइरहेको छ। 'एक घर एक स्नातक' को आह्वानले भक्तपुरको शिक्षा क्षेत्रमा धेरै प्रगति हासिल गरेको छ। जन सेवक जनप्रतिनिधिहरूको प्रयासले आज भक्तपुर सफा, सुन्दर नगरीमा परिणत भएको छ। यसरी भक्तपुरको प्राचीन, मध्य र आधुनिककालमा भक्तपुरको विकास तीव्रतासाथ भइरहेको पाउँछौं।

नेपालको एक प्राचीन शहर भक्तपुर एक कलाकृतिपूर्ण भएको ठाउँ हो। यसरी भक्तपुरको जनताको सहकारिता सहअस्तिवको भावनाले भक्तपुरको विकास निरन्तर रूपमा तीव्रतासाथ हुनेछ।

## सहायक ग्रन्थहरू

1. Ancient Nepal – D. R. Regmi
2. Medieval Nepal – D.R. Regmi
३) पूर्व मेचीदेखि पश्चिम महाकाली (मध्यमाञ्चल खण्ड)
४) नेपाल परिचय– त्रि.वि. (प्राचीन र मध्यकाल)
५) मध्यकालीन नेपाल – सूर्यविक्रम ज्ञवाली
६) नेपाल पत्रिका – त्रि.वि. (लिच्छविकालीन राजनीति र संस्कृति)

बाबुराम आचार्य

# जनप्रतिनिधिले सबै खाले समस्यासँग जुध्नु पर्दछ

**कुशल**

प्रथम प्रहर भएकोले वडामा सेवाग्राहीहरूको अलि भीड थियो । म पालैपालो सेवाग्राहीहरूसँग छलफलमा व्यस्त थिएँ । त्यही समयमा आफ्नो पालो मिच्दै एक जना भाउजु मसँग कुराकानी गर्न आउनुभयो । मेरो टेबुल अगाडि ठिङ उभिएर वहाँले भन्नुभयो, 'वडाध्यक्ष ज्यू, तपाई कति व्यस्त भएको ? हाम्रो घरको झगडाबारे बैठक राखिदिनु पऱ्यो । म कति पटक वडामा आउने हो । हिजो पनि आएँ । अस्ति पनि आएँ । तर वडाध्यक्षलाई भेट्न कति गाह्रो भएको हो । धान रोप्ने बेला आएको छ । खेतमा धान रोप्ने बेलामा पहिलाजस्तै ठूलै झगडा होला जस्तो छ । त्यसैले छिटै वडामा बैठक बोलाएर समस्या समाधान गरी दिनुपऱ्यो ।' उनको कुरा सुनेर मलाई झनक्कै रीस उठ्यो । वडामा सेवाग्राही खचाखच भएको अवस्थामा सबैको पालो मिचेर मेरै अगाडि ठिङ उभिएर कुरा गर्न आउनु भनेको अस्वभनीय भएको अनुभव भयो । त्यत्रो मान्छे भएको देख्दादेख्दै पनि अगाडि आउनु भनेको अलि अस्वभाविक हुने नै भयो । मैले आफ्नो रीसलाई नियन्त्रण गर्दै आदरकासाथ भनेँ, 'भाउजु, त्यत्रो मान्छे बाँकी छ । तपाई सबैको पालो मिचेर अगाडि आउनुभयो । अलि समय कुर्नुपर्ला । वहाँहरू अघि देखि नै कुरेर बस्नु भएको छ ।' मेरो कुरा टुङ्गिन नपाउँदै वहाँले भन्नुभयो, 'मेरो खेतमा धेरै काम छ । अहिले पनि खेत जान लागेकी हुँ । वडाध्यक्ष वडामा आएको देखेर एक चोटि बैठक राखिदिनु पऱ्यो भन्न मात्र आएकी हुँ । काम नपाउनेहरू वडामा धेरै आइहाल्छ नि । हामी त खेतमा सधैँ जानुपर्छ । यसरी सधैँ वडामा कहाँ आउन सकिन्छ । पालो मिचेको हो भने म गइहाल्छु । तर बैठकचाहिँ छिटो राखिदिनुस् । म यति भन्न मात्र आएकी हुँ । पालो सालो मलाई थाहा छैन ।' यत्ति भन्दै वहाँ वडाबाट बाहिर निस्कनु भयो । कस्तो असभ्य आईमाई जस्तो लाग्यो । आफ्नो काम मात्र ठूलो र अरूको त काम नै हुँदैन भनी ठान्दो रहेछ । बोल्ने ढङ्ग पनि नभएको रहेछ । वडाध्यक्षलाई त मान्छे नै नगन्दो रहेछ । वडाध्यक्षलाई आफ्नै नोकर जस्तो पो व्यवहार गर्दो रहेछ । एक छिन त चित्त पनि दुख्यो । तर के गर्ने जनप्रतिनिधिले सबै खाले समस्यासँग जुध्नु पर्दछ । वडामा सेवाग्राहीहरू धेरै भएकोले मैले उक्त भाउजुले कुन समस्याको के कुरा गर्नु भएको हो भेऊ नै पाउन सकिनँ । साथै मैले वहाँलाई चिनेको भए पनि मोबाइल नं. र नाम याद थिएन । वहाँ गइसकेपछि म अरू सेवाग्राहीहरूसँग छलफल गर्न व्यस्त भए ।

भोलिपल्ट यस्तै प्रथम प्रहरमा अर्को भाउजु वडामा आउनु भयो । वडामा सेवाग्राहीहरूको अलि भीड कायमै थियो । वहाँ पनि वडा कार्यालय अगाडिकै भाउजु हुनुहुन्थ्यो । तर मलाई वहाँको नाम थाहा थिएन । वहाँ पनि सबैको पालो मिचेर अगाडि आउनु भयो र भन्नुभयो, 'घर अगाडि वडा कार्यालय भए पनि वडाध्यक्षलाई भेट्न कति गाह्रो भएको । हाम्रो घरको समस्याबारे बैठक बोलाउनु पऱ्यो । हिजो मेरो पिली (जेठानी) वडामा आउनु भयो रे होइन ? के भनेर गईन त्यस राक्षसनीले । असार आइसक्यो । खेतमा नै झगडा होलाजस्तो छ । अस्तिको वडाको निर्णय पालना गर्दिन भनेको छ रे । टोलमा गाईगुई सुनिन्छ । त्यस्तो कहाँ हुन्छ ।' वहाँको कुराले हिजोको भाउजु र यो भाउजु पिली माली (देवरानी–जेठानी) भएको जानकारी भयो । साथै पहिला पनि वहाँहरूको घरायसी समस्याबारे वडामा छलफल भई निर्णय समेत भएको सम्झना भयो । तर के निर्णय भएको मलाई स्मरण भएन । त्यसैले अब छिटै बैठक राखुँला भनी बिदा दिएँ ।

केही दिनसम्म वहाँहरू पालैपालो वडामा आइरहनुभयो । तर मैले बैठक राखिदिन्छु भन्ने आश्वासनवाहेक अरू थप केही जवाफ दिन सकिनँ । किनकी मैले वहाँहरूको मुख्य समस्या के हो भन्ने नै बिर्सिसकेको थिएँ । साथै वहाँहरू प्रायः व्यस्त समयमा आउने भएकोले कुरा पनि राम्रोसँग गर्न पाएको थिएन र वहाँहरू पनि खेत जानुपर्ने भएकोले वडामा बसेर कुराकानी गर्न पाएको थिएन । दुवै पिलिमाली धेरै पटक वडामा आएपछि एक दिन सचिवसँग वहाँहरूको समस्याबारे आफूले बिर्सेकोले थाहा भएको कुरा भन्न अनुरोध गरेँ । त्यसपछि सचिवले भन्नु भयो, 'वहाँहरू दुवै पिलीमाली हुन् । दुवैका श्रीमान् रक्सी खाने भएकोले गर्दा यिनीहरू यहाँ आएर समस्या राख्न आएका हुन् । अस्ति दुई तीन पटक हामीले बैठक

राखिसकेको छौँ । साथै केही निर्णय पनि भएको छ । यिनीहरूको सासु आमाले आँखा देख्दैन । पहिला आमा जेठोको घरमा बसेको थियो । तर त्यो घर गल्लीभित्र भएकोले बाटोमा पर्ने बाहिरको घर (भाइको घर) मा आमा बस्न आएको थियो । त्यसैले आमाको भागको दुई लाखको व्याज र दुई रोपनी जग्गाको कुत भाइलाई र खेत गर्ने गरी निर्णय भएको थियो । त्यसपछिको घटनाक्रमबारे मलाई थाहा भएन ।' सचिवबाट वहाँहरूको समस्या र समाधानका सामान्य उपाय थाहा पाएपछि मैले सचिवलाई आउने सोमबार बैठक बोलाउन र त्यस अगाडि निर्वाचित समितिको नियमित बैठक बोलाउन निर्देशन दिएँ ।

निर्वाचित समितिको नियमित शुक्रबारको बैठकमा मैले वहाँहरूको समस्या र समाधानका उपायहरूबारे छलफल शुरु गरेँ । साथै पहिला पनि धेरै पटक बैठक भई वडामा वडाबासीको रोहवरमा निर्णयसमेत भइसकेको अवस्थामा फेरि नयाँ ढङ्गले निर्णय बदल्दा उपयुक्त कतिको हुन्छ र यसको समाजमा असर कतिको पुग्छ भन्ने विषयमा साथीहरूलाई अध्ययन गर्न अनुरोध गरेँ । साथीहरूले पनि पहिलेकै निर्णय सही भएको र नयाँ निर्णय गर्न नयाँ समस्या आएमात्र सोच्न सकिने बताउनुभयो । अन्तमा पहिलेकै निर्णयलाई आधार मानी अगाडि बढ्ने सल्लाह भई बैठकका अन्य एजेण्डाहरूमा छलफल शुरु भयो ।

सोमबारको बिहान सात बजेनै म वडा कार्यालयमा पुगेँ । सहयोगी कर्मचारीहरूलाई वडामा नबोलाएको कारणले गर्दा म आफै अफिस खोल्नको लागि सातै बजे वडा कार्यालय पुग्नु जरुरी थियो । साढे सात बज्दासम्म पनि कोही वडामा आइपुगेको थिएन । त्यसपछि मात्र विस्तारै सम्बन्धित पक्षहरू र जनप्रतिनिधिहरू साथै टोलका गन्यमान्य व्यक्तिहरू आइपुग्नु भयो । त्यसपछि सबैलाई नमस्कार गर्दै विषयवस्तुको उथान गरेँ । त्यसपछि जेठो छोरा र बुहारीलाई आफ्नो पहिलाको कुरा राख्न अनुरोध गरेँ । श्रीमान्चाहीँ रक्सी खाने भएकोले बोल्ने हिम्मत गरेन, त्यसैले श्रीमतीले आफ्नो कुरा यसरी बताउनु भयो, 'सर, पहिलाको वडाको निर्णय फेर्नु पऱ्यो किनकी मैले छोरी चेलीहरूलाई व्यवहार गर्नुपर्ने र घरको व्यवहार मैले हेर्नुपर्ने अनि आमाको आयस्ता मेरो देवरलेमात्र खाने भनेपछि कहाँ मान्छु र ? त्यसैले आज नयाँ निर्णय हुनुपऱ्यो ।' त्यसपछि भाइचाहीँलाई बोल्न अनुरोध गरेँ । उनी पनि रक्सी अत्यधिक खाने भएकोले बोल्ने आँट गरेन । त्यसैले श्रीमतीले बोलिन, 'आमालाई लालनपालन, हेरचाह र व्यवस्थापन मैले गर्दै आएको र यसरी गर्नेलाई आमाको खेतको बाली र पैसाको व्याज दिने निर्णय भएकोले मैले पाउनु पर्छ । तर बाली पनि रोकेको छ भने व्याज पनि रोकेको छ । त्यसैले वडाले भए पनि फुकुवा गरी दिनुपऱ्यो । कि त आमालाई दाइले नै पाल्न लानुस् र आयस्ता पनि खानुस् । नभए आमा पालेपछि आयस्ता पनि हामीले खान पाउनु पर्छ । वडाको माइन्युटमा पनि यही कुरा छ । नभए पहिलाको निर्णय हेर्नुस् ।' मैले तुरुन्त माइन्युट मगाएँ । नभन्दै माइन्युटमा यस्तै भावको निर्णय रहेछ ।

त्यसपछि रक्सी खाई वडामा उपस्थित भएका जेठो छोराले भन्न थाले, 'यो माइन्युटबारे मलाई केही थाहा छैन । हामीलाई पढाएर सुनाएको पनि छैन । वडाध्यक्षले जबरजस्ती लेखेर पनि हुन्छ र ? मलाई त माइन्युटको निर्णयबारे केही थाहा छैन । यसलाई यहीँ च्याटेर अर्को लेख्नुपऱ्यो ।' श्रीमानको कुरा नसकिँदै श्रीमती बोलिन, 'हो नि, हामीलाई त माइन्युटबारे केही थाहा छैन । पढेर सुनाएको पनि छैन । सही पनि हामीले गरेका छैनौँ । त्यसैले अर्को माइन्युट आज तयार गर्नुस् मैले भनेजस्तो ।' मैले माइन्युट पल्टाए । माइन्युटमा वहाँहरूको पनि हस्ताक्षर थियो । साथै वहाँको छोरा, बहिनीहरू र आँखा नदेख्ने आमाको समेत हस्ताक्षर थियो । साथै माइन्युट लेख्दा सबैको राय र सल्लाह लिएर सहमति भएपछि सचिवले लेख्नुभएको थियो । माइन्युट नसुनाएको र जबरजस्त तयार गरेको भनेपछि बैठकमा सहभागीहरू सबै रिसाए । जनप्रतिनिधिहरू पनि रिसाउनु भयो । एउटा पक्षले वडा समितिमाथि सङ्गीन आरोप लगाइएको थियो । एक जनप्रतिनिधिले भन्नुभयो, 'तपाईले के कुरा गर्नु भएको ? सचिवले सल्लाह गरेर माइन्युट लेख्नु भएको होइन । तपाईको छोराको हस्ताक्षर छ । आमा र छोरीहरूको पनि हस्ताक्षर छ । त्यसरी भूट बोल्ने हो ? आफूलाई फाइदा भएपछि मात्र माइन्युट काम लाग्ने हो ? यस्तो स्वार्थी कुरा पनि गर्ने हो ? के तपाई मात्र हो बैठकमा । हामीले पनि हस्ताक्षर गरेका छौँ । हामीले पनि माइन्युट पढेर सुनाएको थाहा छ । अनि माइन्युट लेख्नु अगाडि त्यत्रो छलफल गरेको बिर्सनु भयो । त्यसरी माइन्युट नपढी हस्ताक्षर गराएको पनि भन्ने हो । बिहानै सफेद भूट पनि बोल्नु हुन्छ ? हामी के काम नपाएर यहाँ तपाईको परिवारको विषयमा छलफल गर्न आएका हौँ । यहाँ यत्रो भलादमी छन् । सबैले माइन्युट पढेर सुनाएको र माइन्युट लेख्नुअघि त्यत्रो छलफल भएको र त्यसमा

सहभागी भएका छन्। अनि तपाईंहरू मात्र त्यस्तो बोल्ने हो ? बिहानै रक्सी खाएर वडामा आउने अनि माइन्युट जबरजस्त लेख्यो भन्न पाइन्छ ? तपाइको सल्लाहअनुसार माइन्युट लेखेको हो। तपाईंको छोरा र बहिनी लिएर आउनुस्। श्रीमानले त रक्सी खायो खायो, श्रीमती र छोराले पनि रक्सी खाएर हस्ताक्षर गर्नु भएको हो कि के हो ?' अरू जनप्रतिनिधि साथीहरू पनि निक्कै रिसाउनुभयो। साथै बैठकमा सहभागीहरू पनि वहाँहरूको कुराले धेरै रिसाउनुभयो। बैठकमा अलि चर्काचर्की हुन थाल्यो। वहाँहरूको कुराले साथीहरू सबैको चित्त दुख्यो।

मलाई पनि वहाँ भाउजु र दाइको कुराले झनक्कै रीस उठ्यो। तर पनि रीसलाई नियन्त्रण गर्दै बसेको थिएँ। आफ्नो रीसलाई नियन्त्रण गर्दै मैले आफ्ना कुरा राखें, 'वडामा धेरै पटक आएर बैठक राखी दिनुपर्‍यो भनी भन्न आउने अनि फेरि बैठकको निर्णय भनेको आफूले चाहेको जस्तो मात्र कहाँ हुन्छ र। बैठकमा सबैको राय लिइन्छ, छलफल हुन्छ, न्यायोचित्त हो होइन हेरिन्छ र अनि दुवै पक्षको सहमति भएपछि मात्र माइन्युट तयार हुन्छ। माइन्युट तयार भएपछि सबैलाई सुनाइन्छ र त्यसपछि सबैको हस्ताक्षर गराइन्छ। यसरी भएको माइन्युटलाई नपढिकन जबरजस्त माइन्युट लेखियो र हामीलाई थाहानै दिएन भन्नु त सरासर सफेद झूट भयो। अनि एक पक्षलाई मात्र हित हुने गरी माइन्युट कसरी तयार हुन्छ ? आफ्नो मात्र स्वार्थ पुरा हुने गरी माइन्युट लेख्ने र सबै सहभागीहरूले त्यसैमा हस्ताक्षर गर्नुपर्ने भनेको आशय देखियो। त्यसैले कान्छा छोराले आमा पालेको हुनाले पहिलाकै निर्णयअनुसार आमालाई राखेको पैसाको व्याज र जग्गामा बाली लगाउन पाउने हुनु पर्दछ। यसमा तलमाथि भए वडा कार्यालयले आवश्यक सहयोग गर्नेछ। आजलाई बैठक समापन भएको घोषणा गर्दछु।'


मैले अचानक बैठक समापन गरेपछि जेठो छोरा निक्कै रिसाए। आफ्नो बसिरहेको कुर्सी छोडेर वहाँ ठूलो स्वरले कराउन थाल्नुभयो, 'वडाध्यक्ष पनि पक्षपाति अनि वडा कार्यालय पनि पक्षपाति रहेछ। माइन्युट पनि जबरजस्ती तयार गर्ने रहेछ। हामीले भोट दिएर जिताएको यसकारणले हो त ? म त कुनै पनि हालतमा आमाको पैसाको व्याज दिन्न र जग्गा गर्न दिन्न। कसरी खेतमा धान रोप्न आउँछ हेरौँला नि। कसरी सहकारीमा पैसा लिन जान्छ नि हेरौँला। व्यवहार मैले गर्ने, अनि आयस्ता उसले खाने, कस्तो विडम्बनाको कुरा हो। वडाध्यक्ष पनि भाइको मात्र पक्ष लिने। वडाध्यक्षलाई पनि हेरौँला।'

औपचारिकरूपमा बैठक समापन भएकोले बैठकमा आउनु भएका टोलका गन्यमान्यहरू पहिलाको नै माइन्युटको निर्णय नै सही भएको भन्दै बिदा हुनुभयो। अनि जनप्रतिनिधिहरू पनि विस्तारै घरतिर लाग्नुभयो।

## उमामहेश्वरको मन्दिर







पहिले रुख उम्रेर भत्किन लागेको मन्दिर भत्काएर पुनः निर्माण गरेको थियो तर पछि फेरि विरुवा उम्रेकोमा हाल उखेलिएको छ।

## तस्बिरमा केही गतिविधि




(१)



(२)



(३)



(४)

१) भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा डेङ्गु रोगसम्बन्धी सचेतना र्‍याली ख्वप अस्पतालमा पुगी सभामा परिणत (असोज १५ गते)

२, ३) डेँगु सङ्क्रमणको जोखिम बढेसँगै भक्तपुर नपाबाट नगरका १० ओटै वडाहरूमा डेँगु रोकथामको लागि अभियान सञ्चालन ।

४) ख्वप अस्पतालमा भर्ना भएका डेँगु सङ्क्रमित बिरामीहरूलाई भेटी उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुहुँदै भक्तपुर नपाका उपप्रमुख रजनी जोशी (असोज २५ गते)

# तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका खेलकुद शिक्षकहरूलाई (कार्तिक १-६ गते) खेलसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम उद्घाटनमा (कार्तिक १ गते)




भक्तपुर नपाका उपप्रमुख रजनी जोशी ६ दिने खेलकुद प्रशिक्षक प्रशिक्षणको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा (कार्तिक ६ गते)






भक्तपुर नपाको आयोजनामा भक्तपुर नपाबाट सी.एन.बी.एम. प्रविधिबाट उत्पादित कम्पोष्ट मल प्रयोगबारे कृषकहरूको भेला (असोज ३१ गते)

## तस्बिरमा केही गतिविधि






भक्तपुर नपा वडा नं.१ को शिशुस्याहार केन्द्र नयाँ भवनमा स्थानान्तरण (कार्तिक २ गते)

## तस्बिरमा केही गतिविधि





भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रम
नपुख्‍रू परिसरमा (कार्तिक १५ गते)

# सम्पदा सहरको सपना

## मौलिकता जोगाउन र पर्यटक बढाउन संरक्षणसहितको 'नो भेइकल जोन' आवश्यक





गोकर्ण गौतम

मोटरसाइकलको कान फुट्ने आवाज, डबलीभरि छरिएका तरकारी पसल, तिनकै आडमा पार्किङ गरिएका ट्याक्सी, जथाभावी अड्याइएका रिक्सा। छेवैमा चिया, म:म र नाङ्ले पसल। पानीपुरी, चटपटे र फलफूल बेच्ने स्ट्यान्ड। कहिलेकाहीँ ठूला गाडी त्यहीबीच हुइँकिन्छन्। कोही पान र गुट्खा चपाएर पिच्च थुक्दै हिँड्छन्, कोही चुरोटका ठूटा जथाभावी हुर्‍याउँछन्। थोरै बाटो नछोड्दा बाइक र ट्याक्सीवालाको उस्तै खप्की। बचेर हिँड्नै धौ-धौ।

पाठकलाई लाग्न सक्छ, यो कुनै अस्तव्यस्त बजारको वर्णन हो। यस्तो लथालिंग हालत अन्त हुनु पनि कहाँ ? तर, ऐतिहासिक धरोहर वसन्तपुर दरबार क्षेत्रमा हरेक साँझ यस्तै दृश्य देखिन्छ, जसले मल्लकालीन सम्पदा र संस्कृतिले भरिपूर्ण यस क्षेत्रको गौरवलाई गिज्याइरहेको छ। स्थानीय गणपतिलाल श्रेष्ठ दुखेसो पोख्छन्, 'यहाँ आउँदा मेरो त मन पोल्छ र कहिले भागूँजस्तो हुन्छ भने विदेशी पर्यटक कसरी रमाउँदा हुन् ?'

वसन्तपुरपछि उपत्यकाकै अर्को ऐतिहासिक दरबार क्षेत्र भक्तपुर पुग्यौँ। झन्डै चार सय वर्ष पुरानो वैभवपूर्ण ५५ झ्याले दरबारको पूर्वपट्टि खाली चोक छ, हुनुपर्ने त त्यहाँ विभिन्न धार्मिक र सांस्कृतिक महत्त्व झल्कने कार्यक्रम हो। यत्ति नभए पनि त्यहाँ पुग्ने आगन्तुक शान्त भएर वरपरका दरबार र मठमन्दिर नियाल्न मग्न हुनुपर्ने। तर, त्यो चौरलाई 'पार्किङ जोन' बनाइएको छ। घटीमा चार-पाँच ठूला गाडी र केही थान मोटरसाइकल हमेसा पार्किङ गरिएकै हुन्छ। जब कि, त्यहीँनजिकै सवारी साधन निषेध भनेर लेखिएको छ। दरबार क्षेत्रका स्थानीयवासी तथा इतिहासकार पुरुषोत्तमलोचन श्रेष्ठ भन्छन्, 'सवारीको चापले भिजुअल पोलुसन (दृश्यगत प्रदूषण) त भएकै छ, सँगै सम्पदाको पनि खिसिट्युरी गरिरहेको छ।'

उपत्यकाकै तेस्रो दरबार क्षेत्र पाटनको हविगत पनि वसन्तपुर र भक्तपुरको भन्दा भिन्न छैन। मोटरसाइकल, ट्याक्सी र टेम्पोको दबदबालाई छिचोल्दै दरबार क्षेत्रभित्र छिर्न कष्टप्रद छ। बिहान अलि होलो भए पनि दिउँसो र साँझ मापालबाट बगलामुखी जाने बाटोमा खपिनसक्नु जाम हुन्छ। कोही दरबार क्षेत्रको बीचबाटै मोटरसाइकल हुइँक्याउँछन्। पर्यटन व्यवसाय र सम्पदा संरक्षण अभियानमा संलग्न स्थानीय दिलेन्द्र श्रेष्ठ भन्छन्, 'धूलो र धूवाँ त छँदै छ, पर्यटकलाई कतिबेला गाडी र मोटरसाइकलले ठक्कर देला भन्ने भय हुन्छ। ढुक्कले घुम्न पाउँदैनन्। दरबार क्षेत्रबाट कहिले निस्कुलाझैँ गर्छन्।'

वसन्तपुर, पाटन र भक्तपुर तीनै दरबार क्षेत्र विश्वसम्पदा सूचीमा रहेका ऐतिहासिक सम्पत्ति हुन्। सफा, शान्त र सहज आवागमन सम्पदा क्षेत्रका अनिवार्य सर्त हुन्। तर, तिनै दरबार परिसरका सम्पदा यो विश्वव्यापी मानकभन्दा बाहिर छन्। परिणाम सामु छ, एकातिर विदेशी पर्यटक मल्लकालीन सभ्यता लिएर बाँचेका यी सहरमा एकाध घन्टा बिताउन पनि अप्ठ्यारो मान्छन्। अर्कोतिर, सम्पदाको स्वरूप र साख दिनानुदिन धमिलिँदै छ। त्यसैले त सम्पदा संरक्षणकर्मी रवीन्द्र पुरी भन्छन्, 'मौलिकता जोगाएर पर्यटकको धुइरो लगाउन दरबार क्षेत्रलाई कडाइका साथ संरक्षणसहितको नो भेइकल जोन बनाउनुको विकल्प छैन।' यसो हुनासाथ काठमाडौँ पर्यटकको 'ट्रान्जिट'मा मात्र सीमित हुँदैन। त्यसका लागि दरबार क्षेत्रबाहिर पर्याप्त पार्किङको व्यवस्था, एम्बुलेन्स, दमकलजस्ता अत्यावश्यक सवारीको सहज पहुँच र सामान ओसारपसारका लागि निश्चित समयमा सवारी प्रवेश खोल्ने प्रणालीको विकास गर्नुपर्ने उनी बताउँछन्। (हेर्नूस्, सवारी प्रवेश निषेधसहितको दरबार क्षेत्रका बारेमा पुरीको अवधारणा स्केचमा)।

सम्पदाको पुरातात्त्विक महत्त्व मात्र हुँदैन, यसले

हाम्रो सामाजिक, सांस्कृतिक र धार्मिक जीवनलाई पनि प्रतिविम्बित गर्छ। काठमाडौँमा मनाइने हरेक पर्व/जात्राको आरम्भ र ढुकढुकीको केन्द्र हुन्, यी तीन दरबार। मल्लकालमा यी दरबारबाट राज्य सञ्चालन हुन्थ्यो। इतिहासकार पुरुषोत्तमलोचनका अनुसार राजकीय वासस्थानमा थिएनन् दरबार, बरू देवीदेवता बस्ने पुण्यस्थान रहेको विश्वास पनि गरिन्छ। सम्पन्नताको मानक आधुनिकतालाई होइन, प्राचीनतालाई मान्ने जमाना आएको छ। त्यसैले संवर्द्धन गर्दा यस क्षेत्रका दरबार, मठमन्दिर, बहाल, बिहार, ढुङ्गेधारा मात्र होइन, प्रत्येक घर र भग्नावशेष पनि विशिष्ट सम्पदामा दरिनेमा शङ्कै छैन।





जस्तो : भक्तपुरभन्दा सानो ऐतिहासिक सहर इटालीको भेनिसमा बर्सेनि ३ करोड ६० लाख पर्यटक पुग्छन्। जब कि त्यसभन्दा पुराना र सांस्कृतिक महत्त्व बोकेका यस्तै दर्जनौँ सम्पदा छन् हामीसँग। पर्यटन व्यवसायमा आबद्ध सम्पदाप्रेमी दिलेन्द्र भन्छन्, 'काठमाडौँका यी तीन दरबार क्षेत्र श्रीखण्ड हुन् तर हामीले खुर्पाको बिँडका रूपमा पनि प्रयोग गर्न सकेका छैनौँ।' पुरीजस्तै उनी पनि सवारी र फुटपाथ रोक्ने हो भने पर्यटकको चाप स्वतः बढ्ने विश्वास गर्छन्।

सम्पदालाई जोगाउनका खातिर होस् या पर्यटकको आवागमन बढाउन र बसाइ लम्ब्याउन अथवा सम्पदाप्रति स्थानीयवासी र घरेलु पर्यटनको अपनत्वबोध गराउनका लागि नै किन नहोस्, उपत्यकाका तीनै दरबार क्षेत्र सवारीमुक्त बनाउनुपर्नेमा द्विविधा छैन। त्यसपछि पर्यटक तान्न विभिन्न मूर्त र अमूर्त सम्पदाको बजारीकरण गर्ने माहौल स्वतः बनिहाल्छ। फेरि यो सपनालाई साकार पार्न लगानी चाहिने पनि होइन, इच्छाशक्ति भए पुग्छ। तर, उपत्यकाको सम्पदा संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा यसको बृहत्तर प्रभाव पर्ने सम्बन्धित विज्ञहरूको दाबी छ। इतिहासकार पुरुषोत्तमलोचन भन्छन्, 'अनि, बल्ल छाती फुलाएर भन्न पाइन्छ, मल्लकाल (पास्ट) इज स्टिल अलाइभ इन भक्तपुर, पाटन एन्ड वसन्तपुर दरबार स्क्वायर।'

## वसन्तपुर : कल्चरल हब

सन् १९६० को दशकसम्म काठमाडौँमा सिमेन्ट छिरेको थिएन। जति भौतिक संरचना बन्थे, सबै माटो, इँटा र काठले बन्थे। झन् वसन्तपुर त मल्लकालमा स्थापित भएको सहर पऱ्यो। यसबाटै यो क्षेत्र कति बहुमूल्य होला, अनुमान लगाउन सकिन्छ। अर्थात् यहाँका मठमन्दिर मात्र होइन, निजी घर र चोक पनि अमूल्य निधि हुन्।



त्यसमाथि काठमाडौँको मुटुमा अवस्थित यस क्षेत्रलाई शान्त र सफा बनाउने हो भने पर्यटक आगमनको केन्द्र बन्नेमा द्विविधै छैन। राजा रत्न मल्लदेखि पृथ्वीवीरविक्रम शाहका पालासम्म निर्माण गरिएका ऐतिहासिक भवन र मन्दिरहरू अनि त्यतिबेलाबाटै प्रचलनमा रहेका जात्रा/पर्व वसन्तपुरलाई विशेष बनाएको छ। फागु, दसैँलगायतका हरेक पर्व र जात्राको शुभारम्भ हुन्छ। त्यसैले त वसन्तपुर 'कल्चलर हब' भएको पुरातत्त्व विभागका पूर्वमहानिर्देशक संस्कृतिविद् साफल्य अमात्यको मत छ। भन्छन्, 'हाम्रो संस्कृति र परम्पराको केन्द्र भनेकै वसन्तपुर हो।' मल्लकालदेखि शाहवंशका राजा पृथ्वीवीरविक्रम शाहसम्मले हनुमानढोकामा बसेर शासन चलाएका थिए।

चर्या, पुलुकिसी (सेतो हात्ती), लाखेजस्ता परम्परागत नृत्य र न्याँखे, सनई, धिमे, नगरा, ज्यापुलगायतका बाजा वसन्तपुरका चिनारी हुन्। दसैँ, तिहार, फागुभन्दा पुरानो चाड मानिएको इन्द्रजात्रा त वसन्तपुरको 'ट्रेडमार्क' भइहाल्यो। सेतो मच्छिन्द्रनाथको रथ जात्रा र चाँगुनारायणको कलश यात्रा यहीँ टुङ्गिन्छ। यस्ता नाच र बाजाहरू निश्चित पर्व या जात्रामा मात्र देखाइन्छ। कुमारी घरको डबली, मरुटोलको डबली, महादेव-पार्वती मन्दिरअगाडिको डबलीमा साताामा एकपटक यस्ता सांस्कृतिक कार्यक्रम गर्दा 'फेस्टिव सिजन'मा मात्र नभई सदाबहार पर्यटकको ओइरो लाग्ने सम्पदा संरक्षण समितिका सदस्य गणपतिलाल श्रेष्ठ बताउँछन्।

बहाल वसन्तपुरको अर्को विशेषता हो। विद्यालय नभएका बेला बौद्धधर्म अध्ययन केन्द्र र भोजभतेरजस्ता सामूहिक कार्यमा बहालको प्रयोग गरिन्थ्यो। यस्ता बहाल काठमाडौँमा

कुल १ सय ६८ छन्, जसमध्ये १८ ओटा मुख्य हुन् भने बाँकी शाखा बहाल। धार्मिक र सामाजिक महत्त्व बोकेका यी बहाललाई पुस्तकालय र अध्ययन/अनुसन्धान केन्द्रका रूपमा रूपान्तरित गर्नुपर्ने विज्ञहरू औँल्याउँछन्। यस क्षेत्रमा विष्णुमती खोलाको छेउ, विजेश्वरी, टंकेश्वरी र शोभा भगवतीलाई पनि समेट्नुपर्ने सम्पदा संरक्षणकर्मी रवीन्द्र पुरीको माग छ। सडकछेउका घरको बाहिरी आवरणमा नेपाली वास्तुकला झल्कने झ्याल, ढोका बनाउने घरधनीलाई महानगरपालिकाले प्रोत्साहन रकम उपलब्ध गराउने योजना बनाएको छ। यसले दरबार वरपर परम्परागत सौन्दर्य कायम हुने विश्वास छ।

असनको सांस्कृतिक विविधता र 'फ्रिक स्ट्रिट'का रूपमा ख्याति कमाएको झोछेँले पर्यटकलाई थप आकर्षित तुल्याउन सक्छ। थहिटीका अमित बज्राचार्य भन्छन्, 'पर्यटकका लागि वसन्तपुर घुमाउन तीन-चार दिनको प्याकेज बनाउन सकिने आधार छ। असन र झोछेँ एरियाका पुराना शैलीका घरलाई होम स्टे बनाउने हो भने यस क्षेत्रको स्वरूप नै बदलिन्छ।'

## पाटन : चोकैचोकको सहर

बुद्धको जन्मस्थल लुम्बिनीका बारेमा थाहा नहुने को होला ? तर, सम्भवतः विश्वको सबभन्दा पुरानो 'बुद्धिष्ट सेटलमेन्ट' पाटन हो भन्ने विदेशी त परको कुरा, कतिपय काठमाडौँवासीलाई नै पत्तो छैन। पचासौँ बौद्ध विहारले पाटन क्षेत्र बौद्धमार्गीको केन्द्र रहेको प्रमाणित हुने संस्कृतिविद् साफल्य अमात्य बताउँछन्। लिच्छविकालीन चैत्य र मूर्तिले पाटन झन्डै दुई हजार वर्षदेखि बौद्धमार्गीको बसोवास स्थल रहेको पुष्टि पनि गर्छ। पाटनमा चार अशोक चैत्य छन्, जसलाई सम्राट अशोकले बनाएको मान्यता छ। त्यसो हो भने त पाटनमा बौद्ध धर्मावलम्बी जोडिएको २ हजार ३ सय वर्ष भइसकेको देखिन्छ। स्थानीय अगुवा दिलेन्द्र श्रेष्ठ भन्छन्, 'बुद्धिज्म र पाटनको ऐतिहासिक सम्बन्ध र यहाँका विहारहरूको बजारीकरण गर्ने हो भने मात्र थेगिनसक्नु पर्यटक आउँछन्।' पुल्चोकबाट मंगलबजारसम्म हिँड्दा ८-१० ओटा विहार भेटिन्छन्। ती हेर्दै र बुझ्दै पर्यटकलाई दरबार क्षेत्र पुऱ्याउँदा दुई-तीन घन्टा त त्यसै बितिहाल्छ।

ख्याल नगरिएको अर्को तथ्य के हो भने पाटन चोकैचोकको सहर हो। केशवनारायण, मूलचोक र सुन्दरी चोक त विशेष भइहाले। मल्लकालदेखिकै बहाः (ठूलो चोक) र बहीः (सानो चोक) अझ पनि अवस्थित छन्। धेरै बहीः मिलेर एउटा बहाः बन्छ, जसका चारैतिर घर हुन्छन्। प्रत्येक घरमा चोकसम्म पुग्ने सुरुङजस्तो लाग्ने सार्वजनिक बाटो नै हुन्छ। यसले सामूहिक जीवनशैलीलाई प्रतिविम्बित गर्छ। यस्तो संरचना र बसाइशैली भूकम्प प्रतिरोधात्मक हुने गत वर्षको भूकम्पबाट पुष्टि भएको आर्किटेक्ट इन्जिनियर रोहित रञ्जितकार बताउँछन्। यस्तो आर्किटेक्ट संसारका अरू देशमा नभएकाले यसको संरक्षण र प्रचारमार्फत पाटनको आकर्षण बढाउन सकिन्छ। यहाँका सय वर्ष पुराना सबै घरलाई सम्पदामा परिणत गर्नुपर्ने आवश्यकता रहेको पनि उनको भनाइ छ।

तीन हजार बुद्धका मूर्ति भएको महाबौद्ध, पाँचतले मन्दिर कुम्भेश्वर, बाह्रौँ शताब्दीमा निर्माण गरिएको स्वर्ण द्वार, उपत्यकाकै पुरानो वास्तुकला मानिने उकुबहाः, शिखरशैलीको २१ गजुर भएको प्रस्तरजडित कृष्णमन्दिर, यसकै छेउमा रहेको नेपाली वास्तुकलाको उत्कृष्ट नमुना मानिने भीमसेन पाटनको विशेष आकर्षण हुन्। मन्दिर, विहार, चोकजस्ता मूर्त सम्पदाले त पाटन भरिएको छ नै, अमूर्त सम्पदामा पनि धनी छ यो नगर। गाईजात्राको बुद्धिष्ट स्वरूप मानिने मुतिया पर्व, सबै गणेश मन्दिरमा घुम्ने गणेश पूजा, कृष्णाष्टमीको अघिल्लो दिन सबै कृष्ण मन्दिरमा पुग्ने कृष्णपूजा, सिद्धिनरसिंह मल्लको पालाबाट चलेको र तान्त्रिक विधिबाट हुने कात्तिके नाच कात्तिके र दीपंकर बुद्धसँग सम्बन्धित पञ्चदान पर्वले पाटनलाई थप विशेष बनाएको छ। चैत्य र विहारमा परम्परागत नृत्य र झाँकी देखाउन र चोकलाई हस्तकला केन्द्रका रूपमा विकास गर्दा बहुआयामिक फाइदा हुने स्थानीयको मत छ।

'अहिले पर्यटकलाई दरबार, महाबौद्ध, ओकुबहाल र गोल्डेन टेम्पल घुमाएर फर्काउने गरिन्छ तर पाटन भनेको त्यति मात्र होइन। गल्ली र चोकको जीवनशैली र संरचना नै छुट्टै छ। त्यसले पर्यटकको थप मन जित्न सक्छ,' पाटन पर्यटन विकास संस्थामा आबद्ध रहेका दिलेन्द्र भन्छन्, 'पाटन अवलोकनका लागि कम्तीमा चार दिनको प्याकेज बनाउनु पर्छ।'


## भक्तपुर : पैदल यात्रीको पहिलो रोजाइ

भक्तपुर अर्थात् भक्तहरूको नगर। मन्दिरै-मन्दिरले भरिएको। अनुपम मूर्त-अमूर्त सम्पदाले सुसज्जित यस मल्लकालीन सहरले खुला सङ्ग्रहालयका रूपमा ख्याति कमाएको छ। दीर्घकालीन हितका लागि अब भक्तपुरलाई पैदल यात्राको सहरका रूपमा विकास गर्नुपर्ने सम्पदा संरक्षणमा लामो समयदेखि लागिपरेका रवीन्द्र पुरीको भनाइ छ। एसिया प्यासिफिक कल्चलर हेरिटेज अवार्ड पाइसकेका पुरी भन्छन्, 'स्थानीयवासीको निजी सवारी कम भएको र जनघनत्व बाक्लो नभएकाले काठमाडौँ र पाटनका तुलनामा भक्तपुर पैदल यात्राको सहर बनाउन सहज छ। यसो गर्न सकियो भने भक्तपुर विश्वकै

सबैभन्दा ठूलो पैदल क्षेत्र बन्छ।'

भक्तपुरको मुख्य क्षेत्रभित्र घर बनाउँदा बाहिर इँटा देखाउनैपर्छ। सिमेन्ट प्रयोग गर्न पाइन्न। झ्याल र ढोका काठको हुनुपर्छ। केही पहुँचवालाबाहेकले यो नियम पालना गरेकाले भक्तपुरको सौन्दर्यमा भारी ह्रास आएको छैन। त्यसैले सवारीनिषेध गरेर पैदल यात्रीलाई प्रोत्साहन गर्दा सम्पदाको साख र प्रतिष्ठा अझ बढ्ने पुरीको दाबी छ। भादगाउँले टोपी, जुजुधौ र अन्य स्थानीय हस्तकलालाई 'ब्रान्डिङ' गर्न सकिन्छ।

भूपतिन्द्र मल्लले सत्रौं शताब्दीमा बनाएको ५५ झ्याले दरबार भक्तपुर दरबार क्षेत्रको मुख्य आकर्षण हो। चार ठूला भूकम्प थेगेर अझ पनि ठडिरहेको यो दरबार जम्मा सात महिनामा बनाइएको किंवदन्ती छ। सिद्धिलक्ष्मीको ढुङ्गे मन्दिर, भक्तपुरवासीले पशुपतिझैं आस्था राख्ने यक्षश्वर महाबिहार, रणजित मल्लले बनाएको ठूलो घन्टा, मुक्तिनाथका रूपमा पुजिने शिखरशैलीको नीलकण्ठेश्वर महादेव, मल्लकालको इष्टदेवताको तलेजु मन्दिर, १५औँ शताब्दीको दत्तात्रय मन्दिर, स्वर्णद्वारजस्ता सम्पदामा आन्तरिक/बाह्य दुवै पर्यटक रमाउन सक्छन्। मल्लकालमा बालबालिका र ज्येष्ठ नागरिकलाई तीर्थयात्रा गर्न टाढा जान नपरोस् भनेर स्थापना गरिएको चार धाम अझ दरबार परिसरमा अस्तित्वमा छ।



मल्लकालमा जुन तान्त्रिक विधिले पूजापाठ हुन्थ्यो, त्यसलाई नै अनुसरण गरिएको नवदुर्गा भक्तपुरमा प्रचलन छ। दसैँको दशमीको दिन उत्पत्ति हुने नवदुर्गा हेर्न हजारौँको भीड लाग्छ। भारतको केदारनाथमा बर्सेनि लाखौँ भक्तालु पुग्छन् तर भक्तपुरमा रहेको त्यसकै शिर बेवास्तामा परेको छ।

बिस्केट जात्रा त भक्तपुरको 'सिग्नेचर' भइहाल्यो। चैत मसान्तको चार दिन पहिलेदेखि आठ दिन नौ रातसम्म चल्ने यो जात्रा तीनतले प्यागोडा शैलीको भैरवनाथको रथ तानेर सुरु गर्ने चलन छ।

पुलुकिसी जात्रा, सिन्दूरे जात्रा, सिठी, गुनीपुन्ही, घिन्ताङघिसी नाच पनि उत्तिकै प्रसिद्ध छन्। बाँच्नेहरूका लागि मात्र होइन, मृत्यु हुनेहरूको सम्झनामा पनि यहाँ जात्रा हुन्छ। हाँसोमा होस् या रोदनमा, भक्तपुरको जीवनशैली जात्रासँग जोडिएको छ। इतिहासकार पुरुषोत्तमलोचन श्रेष्ठ भन्छन्, 'यहाँ मनाइने जात्रा, तीसँग जोडिएर आएका उपजात्रा, नाच, पर्वले विगतमा यो सहर कति समृद्ध थियो भन्ने पुष्टि हुन्छ। अब यिनलाई संरक्षण र बजारीकरण गरेर हामीले समृद्धिको लहर सुरु गर्नुपर्छ।'

*(गोकर्ण गौतम 'नेपाल'का उपसम्पादक हुन्। आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर गौतम कला, मनोरञ्जन र सामाजिक विषयमा कलम चलाउँछन्। उनी २०७० यता 'नेपाल'मा आबद्ध छन्।)*

(नेपाल साप्ताहिक, १७ आश्विन २०७३)

# हाम्रो प्यारो भक्तपुर

मठ मन्दिर कला कौशल भक्तपुरको यात्रा
हेर्न कोही नछुटौँ है भक्तपुरको जात्रा
गाई जात्रा घोडे जात्रा भोटो जात्रा भई
फरक पहिचान बोकेको छ भक्तपुरले यही।

कालो टोपी जु जु धौले प्रसिद्धी नै पायो
हनुमन्ते मनोहरा जस्ता नदी भक्तपुरले पायो
धेरै थरी पोखरी छन् हेर्न लायक ठाउँ
रमाइलो छ भक्तपुर घुम्नलाई जाउँ।

केही गरौँ भन्ने सोचका अभियन्ता हुँदा
सहयोग गर्न अघि सर्छन् अरुको मन रुँदा
हँसिलो छ रसिलो छ भक्तपुरको मुख
पाएका छौँ जनताले सहयोग र सुख !

भ्रष्टचारलाई निमूर्ल पारी विकास गर्छौं भन्दै
बाटाघाटा फराकिला बनाउँदै छन् खन्दै
धारा पानी बिजुली र मठ मन्दिरलाई
सफा सुग्घर बनाउनलाई जुटौँ साथीभाइ।

बस्नु हुन्न सधैँ ताकी सरकारको मुख
कर्तव्यको पालना गरौँ अनि पाइन्छ सुख
भक्तपुरमा आउँदैछ है विकासको लहर
भक्तपुर बन्दैछ है अब नमुनाको शहर !

*ममता सुवेदी*
*सृजना नगर भक्तपुर*

# फोहोरको उचित व्यवस्थापनसहित समृद्ध राष्ट्र बनाऔं

सत्यराम कासिछ्वा

साधारणतया मानिसलाई काम नलाग्ने र घिन लाग्दो गन्हाउने जस्तोसुकै वस्तुलाई फोहोर भन्ने गरिन्छ। मानिसले आफ्नो स्वास्थ्यमा प्रतिकूल असर गर्ने र प्रयोग पछि पुनःप्रयोगमा ल्याउन नसकिने वस्तु नै फोहोरको रूपमा लिइन्छ। विश्वमा फोहोरलाई मोहोर बनाउन शक्तिशाली तथा सम्पन्न देश सहित थुप्रै देश लागिपरेको छन्। यसका लागि त फोहोरलाई कुहिने/जैविक र नकुहिने/अजैविक वर्गमा छुट्याइएको छ।

कुहिने फोहोरमा फलफूलका बोक्रा, भान्साबाट निस्केका सागसब्जीका हाँगाबिगा, तरकारी खुर्केका भुस, बिग्रिएका, कुहिएका तथा खेर गएका फलफूल तथा खानेकुरा, पराल तथा त्यान्द्रो, कागज पत्रपत्रिकाको टुक्रा र त्यसै उम्रिएका घाँसपात पर्दछन्। यिनीहरूलाई जैविक फोहोर भनिन्छ। त्यस्ता कुहिने/ जैविक फोहोरबाट खाद्यान्न, सागसब्जी र अन्य तरकारी तथा फलफूलको उत्पादन वृद्धिको लागि विभिन्न परम्परागत तथा नयाँ प्रविधिबाट गन्धरहित अर्गानिक कम्पोस्ट मल बनाउन सकिन्छ। यस्तो मलको प्रयोगले एकातिर मानवीय स्वास्थ्यमा कुनै नकारात्मक असर गर्दैन भने अर्कोतिर माटोको उर्वरा शक्ति वृद्धि भई आयआर्जनमा फोहोर नै मोहोर बन्छ। त्यस्तै नेपाली माटो सुहाउँदो अर्गानिक कम्पोस्ट मलको प्रयोगले विदेशी रासायनिक मललाई विस्थापित गर्दै आत्मनिर्भर बन्ने र नेपाली रुपैयाँ विदेशिन रोकिन्छ। कुहिने र पुनःप्रयोग गर्न सकिने फोहोरको रूपमा रहेको कागज तथा पत्रपत्रिका कवाडी सामान लिनेलाई बेचेर भएपनि केही पैसा आयआर्जन गर्न सकिन्छ।

नकुहिने फोहोरमा प्याकिङ गरिएका प्लास्टिकजन्य खोल र बोटल, फलामका टुक्रा, टिनका पात टुटेफुटेका सिसाका टुक्रा र बोटल, च्यात्तिएका प्वाल परेका कपडा तथा जुत्ता चप्पललगायत अस्पतालबाट निस्केका सिरिन्ज पर्दछन्। यसलाई अजैविक पनि भनिन्छ। तिनीहरूलाई बाल्दा मानव लगायत अन्य प्राणीको स्वास्थ्यका लागि हानिकारक ग्यास उत्सर्जन हुन्छ भने माटोमा मिसाउँदा पनि कहिल्यै नकुहिने भएकोले खेतीपाती गर्न असहजसँगै कृषि उत्पादनमा ह्रास ल्याउँछ। त्यस्ता नकुहिने फोहोरको व्यवस्थापनमा केही चुनौति भने अवश्य नै रहेको छ।

जोकोहीले काम नलाग्ने भनी फालेको अजैविक फोहोर अर्कोको लागि काम लाग्न सक्ने फोहोर नै मोहोर बन्न सक्छ। जस्तैः सामान्य मानिसलाई चुनौतिको रूपमा रहेको र नकुहिने फोहोरको रूपमा रहेको च्यात्तिएका, फाटेका तथा प्वाल परेका कपडालाई एकत्रित गरेर तकिया, डसना तथा चकटी बनाइ पुनः प्रयोग गर्न सकिन्छ। प्लास्टिकजन्य बोटल, फलामका टुक्रा, सिसाको बोटल कवाडी सामान लिन आउने सेवाग्राही तथा कारखानालाई उचित मूल्यमा बिक्री गरेमा एकातिर फोहोरबाट आयआर्जन हुन्छ भने अर्कोतिर उक्त सेवाग्राही तथा कारखानाले थप रोजगारीको अवसर सृजना गर्न मद्दत पुऱ्याउँछ।

## ल्याण्डफिल साइट

मानिसले उत्सर्जन गरेका अर्थात् कुनैपनि सामानको प्रयोग पछि आफूलाई असहज भएका वस्तुहरू जथाभावी बाटोमा फालिएका र निश्चित ठाउँको फोहोरलाई सम्बन्धित निकाय वा संस्थाले सङ्कलन गरेर मानवीय बस्ती भन्दा पर जमिनमुनि वा खाल्डोमा पुरिएर नष्ट गर्ने प्रक्रियालाई ल्याण्डफिल साइट भनिन्छ। यस्तो ल्याण्डफिल साइट बनाउँदा मानव बस्तीभन्दा कम्तिमा २ किमि दूरीमा बनाइने गरिन्छ। तर हिजोआज केन्द्रीकृत मानव बस्ती बढेसँगै जस्तोसुकै भिरालो जमिनलाई समेत सम्याएर बढ्दो आवास योजनाको प्लानिङ प्लटिङ गर्दा पुरानो ल्याण्डफिल साइटमा एकातिर फोहोर व्यवस्थापन गर्न कठिनाई भएको छ भने अर्कोतिर पुरानो ल्याण्डफिल साइटलाई समायानुकूल परिमार्जन तथा व्यवस्थापन गर्न नसक्दा मानव स्वास्थ्यलाई दिनप्रतिदिन खतरामा धकेलिएको छ।

हिजोआज मानिसहरूले स्थानीय सरकारलाई कर तिरेको छ भनेर फोहोर जथाभावी फाल्ने मनलागि गरेर फोहोरको गाडामा राख्ने संस्कार बसाएका छन्। ठूलो पानी पर्दा पानीसँगै खोलामा बगाउने व्यवहारले मानव सभ्यताको विकास मानिने नदी आज दिनप्रतिदिन प्रदूषित हुँदा पानीको स्रोत नै गुमाउनुपरेको अवस्था छ। यसबाट भविष्यमा मानव सभ्यतामाथि प्रश्न उठ्ने निश्चित छ।

फोहोरलाई जतिसक्यो त्यति नै कम गर्नु नै बुद्धिमानी हो। बजार वा पसल जाँदा घरैबाट कपडाको झोला बोकेर गएमा घरमा भित्रिने प्लास्टिकजन्य फोहोरलाई धेरै हदसम्म कम गर्न सकिन्छ।

आधुनिकताको नाउँमा चकलेट, चाउचाउ तथा बिस्कुट जस्ता प्लास्टिकजन्य खोल भएको तयारी खाद्यान्नको अत्यधिक प्रयोग र प्याकिङका प्लास्टिकजन्य खोल तथा टुटेफुटेका प्लास्टिकका बोटल तथा भाँडाकुँडाले फोहोरलाई बढावा दिँदै जाँदा सरसफाइमा उदेकलाग्दो समस्या थपिएको हो।

यसर्थ यस्ता यावत् समस्या समाधानसहित राष्ट्रलाई फोहोरको माध्यमबाट मोहोर बनाइ समृद्ध बनाउन घरबाटै फोहोरको व्यवस्थापन गर्ने गराउने नीति आजको आवश्यकता हो।

# खेलाडी तथा प्रशिक्षक आशराम सुवाल

राजकुमार लघु

भक्तपुर पर्यटकहरूको गन्तव्य बन्नुको साथसाथै खेलकुद विकासको केन्द्रको रूपमा विकसित हुँदैछ। यहाँको स्थानीय तह, भक्तपुर नगरपालिकाबाट विशेष गरी २०५१ सालबाट सितेरियो कराँतेलगायत ५ ओटा खेलको प्रशिक्षण शुरुवातले खेल विकासमा महत्त्वपूर्ण योगदान दियो। भक्तपुर नपाबाट निरन्तर आयोजित अन्तर नगर खेलकुद प्रतियोगिता र अन्तर विद्यालय खेलकुद प्रतियोगिताले पनि खेल विकास र उत्थानमा महत्त्वपूर्ण आयाम थपेको छ। यहाँका खेलाडीहरू मध्ये आज हामीले चर्चा गर्न लागेका खेलाडी हुन् सितेरियो कराँते खेलका खेलाडी आशराम सुवाल। उनले प्राவि शिक्षा कोपिला स्कूल, माध्यमिक शारदा मावि र क्याम्पल तहका कक्षाहरू नवदुर्गा कलेज र भक्तपुर क्याम्पसबाट स्नातक तहसम्म अध्ययन गरेका छन्।



आशराम सुवाल

सितेरियो कराँते खेलाडी आशराम सुवालको जन्म २०३६ साल असोज २८ गते भक्तपुर नपा वडा नं ५ स्थित खल्लाँ दोगनेमा भएको थियो। उनको आमाको नाम पंचमाया सुवाल र पिता हरि सुवाल हुनुहुन्छ। उनी खेल खेल्न र सितेरियो कराँते खेलको प्रशिक्षण रुचाउँछन्। उनको उद्देश्य सामाजिक सेवा गर्नु र खेलकुदको प्रशिक्षण दिनु हो। आशरामको खेल जीवन २०५३ सालबाट शुरु भएको हो। उनले भक्तपुर जिल्ला सितेरियो कराँते सङ्घका अध्यक्ष तथा प्रशिक्षक प्रकाशमोहन धौभडेलसँग २०५३ देखि २०५६ सालसम्म करिव ३ वर्ष भक्तपुर डोजोबाट सितेरियो कराँते खेलको प्रशिक्षण लिएका थिए। उनी खेलमा प्रेरणाश्रोतको रूपमा घरका आमा बुबालाई लिन्छन्। आशरामका अनुसार आमा बुबाले खेल सिकी राख्नु पर्छ, पछिलाई सपोर्ट हुन्छ भनेपछि सितेरियो खेलतर्फ आकर्षित भई प्रशिक्षण लिन गएका थिए। नभन्दै यस खेलको प्रशिक्षणबाट आत्मरक्षाको निम्ती महत्त्वपूर्ण सहयोग भयो।

आशराम सुवालले टोलमै २०५९ सालतिर २० जना युवाहरूलाई टोलमै प्रशिक्षण दिए। त्यसमध्ये केहीले प्रतियोगितालाई हालसम्म जारी राखेका छन्। उनले भक्तपुर जिल्लाको गठाघरमा क्रिश्चियन समुदायको स्कूलमा २०५५/२०५६ सालतिर ५०/६० जनालाई प्रशिक्षण दिएका थिए। उनका काका मंगललाल सुवाल पनि कराँते खेलका खेलाडी थिए।

आशरामले सन् १९९८ मा Nepal karate do federation 5th panthon international high school karate and kick boxing championship मा सहभागिता जनाई ६० केजी तौलमा दोश्रो भए। सन १९९८ मा Youth Sports Group बाट आयोजित First invitation kick boxing championship Free weight मा प्रथम भए। उनले सितेरियो कराँते सङ्घ भक्तपुरबाट २०६२ सालमा आयोजित आमन्त्रण उपत्यका ब्यापी सितेरियो कराँते प्रतियोगितामा रेफ्रीको भूमिका निभाए। आशराम सुवालले २०५७ सालतिर black belt shodon Ist don प्राप्त गरे। उक्त प्रतियोगिता नेपाल ओलम्पिक कमितिबाट आयोजना गरेको थियो। उनले नेपाल ओलम्पिक कमिति अन्तरगतको shito karate do बाट २०५६ सालमा Ist kyu rank प्राप्त गरेका थिए। र २०५४ सालमा shito ryu karate do मा पनि 7KYU rank प्राप्त गरेका थिए। २०५५ सालमा Nepal karate federation बाट आयोजित ६० केजी तौल समूहमा काश्य पदक प्राप्त गरे। २०५६ सालमा आयोजित free weight भक्तपुर जिल्लाब्यापी कराँते तथा किक बक्सिङ्ग प्रतियोगिता free Weight मा काश्य पदक जित्न सफल भए। २०७९ साल असोज ३ गते दशरथ रंगशालामा आयोजित नेपाल केन्पो

खुकुरी मार्शल आर्टस् दोश्रो राष्ट्रिय प्रतियोगितामा प्रशिक्षकको भूमिका निभाए। आफ्नो टीम बागमती प्रदेशलाई १ स्वर्ण, २ रजत तथा ६ काश्य दिलाई तेश्रो स्थान दिलाउन सफल भए। आशराम सुवाल भक्तपुर जिल्ला केम्पो खुकुरी मार्शल आर्टस् सङ्घको उपाध्यक्ष पनि हुन्।

सितेरियो कराँते खेल किन खेल्ने ? उनी भन्छन् यस खेलमा हात खुट्टा र शरीरको सबै भाग सक्रिय र चलायमान हुन्छ। यस खेल प्रत्येक व्यक्तिको आत्मसुरक्षाको लागि अत्यन्त महत्त्वपूर्ण छ।

यस खेल खेल्नुका फाइदाबारे जिज्ञासा राख्दा कराँते



पदक प्राप्त खेलाडीसँग आशराम

खेलाडी आशराम भन्छन्, शारीरिक रूपमा तन्दुरुष्ट, हृष्टपुस्त हुन खेल्दा राम्रो। यो खेल आर्थिक रूपमा खर्चालु पनि छैन। सबैले सिक्न सक्छन्। यस खेलको विद्यालयस्तरमा धेरै प्रतियोगिताहरू भइरहने हुनाले समय समयमा खेलाडीले आफ्नो खेल कौशल दर्शक समक्ष प्रस्तुत गराउन पाउँछ।


सितेरियो कराँते खेलमा के कस्ता समस्या छन् भन्ने प्रश्नमा उनी भन्छन्, छुट्टै क्लवस्तरिय खेल पनि आवश्यक छ। खेल खेल्ने चाहिने किक पायड, ग्लोवस, हेल्मेट, गुलई गार्डको अभाव भइरहन्छ। खेलाडीहरूलाई प्रशिक्षण दिने हल नपुग छ।

अविस्मरणीय क्षणबारे अनुरोध गर्दा आशराम सुवाल भन्छन्, यो खेल सिकेर खेलाडी हुँदा टोलका युवाहरूद्वारा बुवाको अगाडि गर्वका साथ प्रशंसा गर्दाको क्षणलाई खुशीको क्षणको रूपमा लिन्छु। साथै म एक किसानको छोरा भएकोले सिँचाइको अभावले गर्दा आलु रोप्दा खेरी नै राती राती खेतवारीमा पानी ल्याउनको लागि बुवासँगै पालो कुर्दै सिपाडोलको डोलेश्वरसम्म गएको स्मरण ताजै छ। त्यसबेला बुवाले निर्धक्कका साथ केही डर नमानी मेरो छोरा खेलाडी हो मलाई उसले साथ दिन्छ भनी ढुक्क भएर खेतबारी गर्नुहुन्छ। उनको अविस्मरणीय क्षण २०५९ सालमा Kids International खेलमा ६० केजी तौलमा प्रतिद्वन्दीसँग खेल प्रतिस्पर्धा गर्दा पाकिस्तानका खेलाडीहरू परेको थियो। सो प्रतिस्पर्धामा आशराम सुवालको पन्चले पाकिस्तानका खेलाडीको अगाडिको एउटा दाँत भाँचियो। अर्को खेलमा विपक्षी भारतीय खेलाडीसँग भक्तपुरका खेलाडी हरिकृष्ण प्रजापतिका प्रतिस्पर्धा हुँदा एउटा दाँत भाच्चियो। हरिकृष्ण र आशराम सुवाल बीच फाइनल प्रतियोगिता हुँदा हरिकृष्णसँग पराजित भई दोश्रो भएको क्षण अविस्मरणीय रहेका बताउँछन्।

नयाँ पुस्ताका युवा खेलाडीलाई के सन्देश छ भन्ने जिज्ञासामा उनी भन्छन्, हरेक खेलमा निरन्तरता दिनुपर्छ। खेलमा अनुशासनलाई जोड दिनुपर्छ। युवाहरूले मद्यपान, धुमपान र लागु पदार्थ सेवन नगरौँ। खेलकुदको निरन्तर प्रशिक्षण लिई खेलेमा आफ्नो देशको नाम खेल जगतबाट स्वर्ण अक्षरले लेखाउन सक्षम हुन्छ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

## हार्दिक समवेदना



**स्व. कृष्णभक्त प्रजापति**

**जन्म : २०१६ भाद्र १० । निधन : २०७९ कार्तिक ०५**

भक्तपुर नगरपालिकाका भूतपूर्व नगर परिषद् सदस्य एवं साविक वडा नं. १ हाल भनपा वडा नं. ९ का भूतपूर्व वडा सदस्य **कृष्णभक्त प्रजापति**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

## ‘जनता म्वासा भाषा म्वाई’

# aofnL;f]Fg]kfnefiff ;flxTo tMdHof ;DkGg



**हरेक वर्ष कौलाथ्व द्वादशी र त्रयोदशीमा हुने नेपालभाषा साहित्य तःमुंज्या यस वर्षको असोज २१ र २२ गते सफलताकासाथ सम्पन्न भयो । भक्तपुर नपाको भार्वाचोमा भएको उक्त तःमुंज्यामा विभिन्न व्यक्तित्वहरुबाट राजनीतिक, साहित्यिक, सांस्कृतिक, कानुनी, स्वास्थ्यलगायतका समसामयिक विषयमा मन्तव्य, साहित्यिक रचनाहरू वाचन, गीत-सङ्गीतका साथै सांस्कृतिक प्रदर्शन गरिएको थियो ।**

## पहिलो दिन

### (कौलाथ्व द्वादशी- असोज २१ गते)

**“स्वार्थी, लोभीपापीहरू कहिल्यै जनताको राजनीतिक कार्यकर्ता र सच्चा कम्युनिस्ट बन्नसक्दैनन्”**

बयालीसौँ नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक कार्यक्रमको असोज २१ गते भक्तपुरको भार्वाचो टोलमा भव्य समारोहबीच उद्घाटन भयो ।

नेपालभाषाको जगेर्ना, जनपक्षीय साहित्यको प्रवर्द्धन, न्यायप्रेमी नेपाली जनताको उत्थानको उद्देश्य बोकी ४२ वर्ष अगाडिदेखि भक्तपुर नगरका विभिन्न टोलमा नेपाल भाषा साहित्य तःमुंज्या हुँदै आएको छ ।

बयालीसौँ नेपालभाषा साहित्य तःमुंज्याको उद्घाटन ९३ वर्षीय स्थानीय बाजागुरू **हरिलाल पञ्च**ले पानसमा दीप प्रज्ज्वलित गरी गर्नुभएको थियो ।

समारोहमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष




एवम् वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छेँ (रोहित)**ले देश र जनताको हितविपरीत काम गर्ने राजनीतिक पार्टीहरू सङ्ख्यात्मक रूपले जतिसुकै ठूला भए पनि राष्ट्रिय र जनताको पार्टी हुननसक्ने स्पष्ट पार्नुभयो ।

नेमकिपाका अग्रज कार्यकर्ताहरूले निःस्वार्थ रूपमा देश र जनताको पक्षमा गरेको सङ्घर्षको प्रतिफल आजको अवस्था रहेको बताउनुहुँदै उहाँले स्वार्थी, लोभीपापीहरू कहिल्यै जनताको राजनीतिक कार्यकर्ता र सच्चा कम्युनिस्ट बन्नसक्दैनन् भन्नुभयो ।

साहित्यले देश र समाजको अवस्थाबारे पाठक वा जनतालाई प्रस्ट पार्नुपर्ने धारणा राख्नुहुँदै उहाँले साहित्य वाचनमात्र नगरी वाचित साहित्यको समालोचना पनि हुनपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले अङ्ग्रेजी र नेपाली भाषामा जस्तै नेपालभाषामा पनि व्याकरण रहेको र साहित्यमा व्याकरणीय शुद्धतामा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।



वरिष्ठ अधिवक्ता **कृष्णप्रसाद भण्डारी**ले यसपालिको निर्वाचनमा हाम्राभन्दा पनि राम्रो विचारका उम्मेदवारलाई मतदान गर्नुपर्ने बताउनुभयो ।

उहाँले भाषा भाषामात्र नभई समाजको ज्यान, संस्कृति र संस्कार भएको उल्लेख गर्नुहुँदै देशका सबै भाषा

र संस्कृति देशकै सम्पदा भएको बताउनुभयो ।

उहाँले देशमा समाजवाद र साम्यवाद स्थापना नभई बहुसङ्ख्यक कामदार जनतालाई सुख हुनेछैन भन्नुभयो ।



साहित्यकार **नरेन्द्र प्रसाई**ले भक्तपुर र नारायणमान बिजुक्छेँ पर्यायझैँ भइसकेको धारणा राख्नुहुँदै भक्तपुरले सारा देशवासीलाई देशभक्ति र निःस्वार्थ राजनीतिको उदाहरण पस्किरहेको बताउनुभयो ।

उहाँले नारायणमान बिजुक्छेँ र नेमकिपाबारे पञ्चायतकालमा पञ्चायती सरकार, काङ्ग्रेस र वामपन्थी भनाउँदाहरूले समेत भ्रामक प्रचार गरेको र अहिले पनि काङ्ग्रेस र नक्कली कम्युनिस्टहरूले त्यसलाई निरन्तरता दिइरहेको बताउनुहुँदै त्यस्तो भ्रमको कुहिरो धेरै समय रहने छैन भन्नुभयो ।



समारोहमा सीमाविद् **रतन भण्डारी**ले विशाल जनसङ्ख्या रहेका दुई देश चीन र भारतको बीचमा रहेको र भारतसित तीनतिर खुला सिमाना भएको नेपालजस्तो देशमा खुकुलो नागरिकता नीति आत्महत्यासरह रहेको उल्लेख गर्नुहुँदै नेपालका शासक दलहरू देशघाती बनेकोमा कुनै शङ्का बाँकी नरहेको बताउनुभयो ।

नेपालको पहिलो नागरिकता ऐन मस्यौदा गर्ने कानुनविद् भारतीय नै रहेकोले भारत सरकारको निर्देशनमा भारतीय आप्रवासीहरूलाई सजिलै नागरिकता प्रदान गर्ने प्रावधानसहितको ऐन बनेको इतिहासबारे जानकारी दिनुहुँदै उहाँले अहिले नेपाली जनताबाट निर्वाचित भनिएको संसद्ले पनि विदेशीलाई सहजै नागरिकता प्रदान गर्ने विधेयक पारित गर्नुले शासक दलहरू आफूलाई भारतीय दलाल साबित गरेको स्पष्ट पार्नुभयो ।



इतिहासविद् प्रा.डा. **पुरूषोतमलोचन श्रेष्ठ**ले इतिहास, संस्कृति र पुरातत्त्वको अध्ययनमा भाषा निकै महत्त्वपूर्ण भएको चर्चा गर्नुहुँदै आफ्नै लिपि भएका भाषामात्र चिरकालसम्म बाँच्नसक्ने बताउनुभयो ।

नेपालभाषाको रञ्जना लिपि राष्ट्रिय लिपि भएको हुनाले नेपालभाषा पनि राष्ट्रभाषा हुनुपर्ने जीकिर उहाँले गर्नुभयो ।



धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रका निर्देशक डा. **पुकारचन्द्र श्रेष्ठ**ले मानव अङ्ग प्रत्यारोपण केन्द्र स्थापना र सञ्चालन भएको १० वर्षभित्रमा हजारजनाभन्दा बढीको अङ्ग प्रत्यारोपण गरेर नयाँ जीवन दिएको जानकारी दिनुभयो ।

उहाँले मस्तिष्क मृत्यु भएका एक व्यक्तिको अङ्गदानबाट आठ जना विभिन्न रोगीले नयाँ जीवन पाउने चर्चा गर्नुहुँदै मृत्युपछि अङ्गदान गर्न सबैजना प्रेरित हुनुपर्नेमा जोड दिनुभयो ।

डा. श्रेष्ठले वर्षको एकपटक पूरै शरीरको स्वास्थ्य परीक्षण गर्न, नभए कम्तीमा मिर्गौलाको परीक्षण गराउन आह्वान गर्नुहुँदै त्यसबाट मिर्गौलाको खराबीबाट हुने मृत्युलाई उल्लेख्य रूपमा कम गर्न सकिने बताउनुभयो ।



त्यस्तै साहित्यकार **इन्दिरा प्रसाई**ले नेपालभाषा साहित्य तःमुंज्याले गैरनेवारीभाषी साहित्यकार र विद्वानहरूलाई समारोहमा अतिथिको रूपमा निम्त्याएर तःमुंज्यालाई राष्ट्रिय डबली बनाएको बताउनुभयो ।

उहाँले हालै दिवंगत हुनुभएका महिला नेतृ एवं नारायणमान बिजुक्छेँका जीवनसङ्गिनी का. शोभा प्रधानको स्मृतिमा कविता वाचन गर्नुभयो ।

समारोहमा महिला नेतृ शोभा प्रधानलाई उहाँले शिक्षा, संस्कृति र साहित्य क्षेत्रमा गर्नुभएको योगदानका लागि मृत्युपर्यन्त सम्मान गरियो ।



महिला नेतृ शोभा प्रधानलाई उहाँले शिक्षा, संस्कृति र साहित्य क्षेत्रमा गर्नुभएको योगदानका लागि मृत्युपर्यन्त सम्मान गरियो । उक्त सम्मान शोभाकी बहिनीद्वय प्रमिला र शकुन्तलाले ग्रहण गर्नुभयो ।



महिला नेतृ **चनमति खुलिमुलि**ले सभापतित्व गर्नुभएको तःमुंज्याको पहिलो दिनको समारोहमा ज्योतिषशास्त्री वीरेन्द्रभक्त कायष्ठले पनि मन्तव्य राख्नुभएको थियो भने दर्जनौँ नयाँ तथा स्थापित साहित्य सर्जकहरूले रचना वाचन गर्नुभएको थियो ।



समारोहमा ग्वसाखलः (स्थानीय आयोजक समिति)का अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. १ का वडाअध्यक्ष **श्यामकृष्ण खत्री**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने चर्चित गायक **राजेश हाडा** र **लक्ष्मण पलिखेल**ले स्वागत गीत गाउनुभएको थियो ।



साहित्यिक कार्यक्रमपश्चात् बेलुकी विभिन्न प्रगतिशील नृत्य, नाटक, प्रहसनसहितको सांस्कृतिक कार्यक्रम गरिएको थियो ।

# दोस्रो दिन

## (कौलाथ्व त्रयोदशी–असोज २२ गते)




**कम्युनिस्ट नाम राखेर पुँजीवादी सिद्धान्त बोक्नेहरू जनताका सबैभन्दा ठूला शत्रु**

बयालिसौँ नेपालभाषा साहित्य तःमुंज्याको दोस्रो दिन जनकवि तथा सांस्कृतिक गुरुहरूलाई सम्मान र विभिन्न विधाका प्रतिस्पर्धी साहित्यकारहरूलाई पुरस्कार वितरण गर्दै असोज २२ गते सम्पन्न भयो ।



समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले जनकवि चन्द्रबहादुर उलक तथा सांस्कृतिक गुरुहरू हरिप्रसाद बाटी, बद्री न्याइच्याई, देवचन्द्र बज्राचार्यलाई दोसल्ला ओढाई सम्मान पत्र र नगद पुरस्कारकासाथ सम्मान गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेँले तःमुंज्याको प्रतियोगितात्मक साहित्यतर्फ कविता र कथा विधामा उत्कृष्ट घोषित साहित्य सर्जकहरूलाई पुरस्कार वितरण पनि गर्नुभयो ।

सो अवसरमा अध्यक्ष बिजुक्छेँले सम्मानित व्यक्तित्वहरूप्रति सम्मान व्यक्त गर्नुहुँदै उहाँहरूबाट देश र समाजको हितमा निरन्तर योगदान भइरहने आशा व्यक्त गर्नुभयो ।

उहाँले साहित्य आशावादी दृष्टिकोणको हुनुपर्ने बताउनुहुँदै साहित्यमा गरिब र निमुखा जनतालाई जनताले नै हेर्ने, सच्चा कम्युनिस्टहरूले हेर्ने र समाजवादी व्यवस्था गरिब जनताको हक हितको व्यवस्था भएको तथ्यलाई दर्शाउनुपर्ने औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले सामन्ती र पुँजीवादी राजनीतिमा शासक नेताहरूबाट जालझेल र धोका हुने कुरा नौलो नभएको बताउनुहुँदै शासक दलहरूले देखाउने माया र दिने पद निःस्वार्थ नहुने स्पष्ट पार्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, ‘नेपालका शासक दलहरूले पटक–पटक नेपाल मजदुर किसान पार्टीलाई सरकारमा सामेल हुन र मन्त्री पदमा आउन जोड गरे । हामीलाई पनि पुँजीवादी सरकारको लोभलालचमा फसाउने र जनविरोधी निर्णयमा सही गराई दोषी बनाउने नियत त्यहाँ थियो । तर, नेमकिपा पुँजीवादी सरकारमा नजाने कम्युनिस्ट सिद्धान्तमा अडिग रहेको छ । हामीले हाम्रै मिहिनेतले आर्जित फलमात्र आशा गर्नुपर्छ, हाम्रै राजनीतिले आर्जित पदमात्र स्वीकार गर्नुपर्छ ।’

उहाँले धेरै पहिलेदेखि नेपाली काङ्ग्रेस भनेको भारतीय एकाधिकार पुँजी र पश्चिमापरस्त राजनीतिक पार्टी हो भनी भन्दै आएको र पुष्टि समेत हुँदै आएको बताउनुहुँदै आफूलाई कम्युनिस्ट एवं वामपन्थी दाबी गर्नेहरूसमेत त्यही बाटोमा देखिएको चर्चा गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'जहाँसम्म देशको सीमा मिच्दा, हजारौँ हेक्टर जमिन अतिक्रमण हुँदा पनि सरकारले किन केही नगरेको प्रश्न छ, त्यसको जवाफ पनि स्पष्टै छ । विदेशीहरूले हाम्रो देशका सरकार, शासक दल र राजदूतहरूलाई भित्रभित्रै किनिसकेका हुन्छन् । त्यसैले देश र जनताको अहित देख्दादेख्दै पनि नेपालको सरकारले केही गर्दैन । जनताले प्रश्न उठाएमा सरकारबाट कूटनीतिक पहल गरिरहेको छ भनी जवाफ दिइन्छ । हाम्रो सरकार नै जनताको आवाज नसुन्ने बहिरो बन्ने गरेकोले कुनै समस्या पनि समाधान र कुनै कार्य नभइरहेको हो ।'

हरेक पार्टी र व्यक्तिसमेतको सिद्धान्त र नीति स्पष्ट हुनैपर्ने धारणा राख्नुहुँदै उहाँले कम्युनिस्ट नाम राखेर पुँजीवादी सिद्धान्त बोक्नेहरू जनताका सबैभन्दा ठूला शत्रु भएको बताउनुभयो ।

पुँजीवादी व्यवस्थाले पुँजीपति वर्ग र एकाधिकार पुँजीहरूको सेवा गर्ने गरेजस्तै समाजवादी व्यवस्थामा अत्यन्त बहुमत कामदार वर्गका जनताको हितमा काम गर्ने सरकार हुने र संसद्मा पनि मजदुर, किसान, सिपाही, तल्लो तहका कर्मचारी, शिक्षक, प्राध्यापक र साना व्यवसायीहरूको बहुमत हुने उहाँले स्पष्ट पार्नुभयो ।



नेमकिपाका सचिव **प्रेम सुवाल**ले निर्वाचनमा सिद्धान्तहीन

# बयालीसौँ नेपालभाषा साहित्य तःमुंज्याबाट सम्मानितहरू

**तःमुंज्या कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)बाट सम्मानित (१) जनकवि चन्द्रबहादुर उलक तथा सांस्कृतिक गुरूहरू (२) बद्री न्याइच्याई, (३) हरिप्रसाद बाटी र (४) देवचन्द्र बज्राचार्य ।**



(१)



(२)



(३)



(४)

गठबन्धन गर्ने दलका उम्मेदवारहरूलाई निर्वाचनमा हराउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'त:मुंज्या काम गरी खाने श्रमिक वर्गको दबु हो ।'

सिंहदरबार भ्रष्टाचारीहरूको थलो भएको एक उच्चपदस्थ कर्मचारीले भन्नुभएको उहाँले स्मरण गर्नुभयो । सचिव सुवालले भन्नुभयो, 'तीन प्रतिशत मत सीमाको आधारमा 'राष्ट्रिय' दलको मान्यता दिनु प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत छ । दलको घोषणापत्रअनुसार काम नगर्ने दललाई कारबाही गर्नुपर्छ ।'

'भारतीय विस्तारवादले नेपाली भूमि अतिक्रमण गरिरहेकोले नेमकिपाले भारतीय एकाधिकार पुँजीको विरोध गरेको हो', उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'नेपाल-भारत खुला सीमाको कारण अपराधीहरू नेपाल-भारतमा सजिलै ओहोरदोहोर भइरहेको, चोरी चकारीको साथै हत्या हिंसा बढेकोले खुला सीमा नियमित गर्नु जरूरी छ ।'

विदेशी ऋण ल्याएर देशको विकास नहुने उहाँले स्पष्ट पार्नुभयो ।



पूर्वन्यायाधीश **गौरीबहादुर कार्की**ले देशका शासक पार्टीहरूले संविधानलाई आफ्नो दलीय फाइदाको निम्ति अपव्याख्या गरिरहेको तथा आफ्नो अनुकूल कानुन र नियमहरू निर्माण एवं संशोधन गरिरहेको बताउनुभयो । उहाँले नेमकिपाले देश र जनपक्षीय राजनीतिको प्रकाशस्तम्भको रूपमा काम गरिरहेको बताउनुहुँदै देशघाती पार्टीहरूको पछि लाग्नु आफै पनि दोषको भागीदार बन्नु हो भन्नुभयो ।



इतिहासविद् **विश्वमोहन जोशी**ले नेमकिपा देश र श्रमिक वर्गको हितमा सङ्घर्षरत पार्टी भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'खराब समूहको कुरा सुन्नु हुँदैन । उनीहरूसँग सहयोग पनि लिनु हुँदैन । देशलाई घाटा बनाउने, ऋणमा डुबाउने, सीमा रक्षा नगर्ने, झूटको खेती गर्नेलाई अब आउने निर्वाचनमा हराउनु जरूरी छ ।'



पूर्व जर्नेल **प्रेमसिंह बस्न्यात**ले नेमकिपाभित्र सुशासन, देशप्रेम र राष्ट्र प्रेम भएको हुँदा नेमकिपा देशको लागि अनुकरणीय पार्टी हो भन्नुभयो ।

नेमकिपाबाट निर्वाचित भक्तपुर नगरपालिकाको सुशासन र विकास हेर्न विश्वका नेता तथा विभिन्न स्थानीय निकायका प्रमुख-उपप्रमुखहरूले भक्तपुर नगरमा अध्ययन भ्रमण गरिरहेको उहाँले बताउनुभयो ।



वरिष्ठ इ. **राजदास श्रेष्ठ**ले सोभियत सङ्घमा अक्टोबर क्रान्तिपछि शिक्षा र स्वास्थ्य नि:शुल्क गरेको बताउनुभयो ।

शोषणरहित समाज स्थापना आजको आवश्यकता भएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'विदेशी हस्तक्षेप र सीमा अतिक्रमणको विरोध गर्ने नेमकिपा देशको लागि आवश्यक छ ।'



वरिष्ठ डाक्टर **शम्भु पहाडी**ले दोस्रो विश्व युद्धमा स्टालिन अघि नबढेको भए तानाशाह हिटलरको

उपनिवेश हुने र विश्वका जनताले पशुझैँ जीवन बिताउन बाध्य हुने बताउनुभयो। कुनै देशको शिक्षा कमजोर भए देश ध्वस्त हुने धारणा राख्नुहुँदै उहाँले नेमकिपा एक्लै भए पनि देश र जनताको हितमा प्रतिपक्षको भूमिका निर्वाह गरिरहनु सराहनीय कदम भएको बताउनुभयो।



वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. **सानुमैयाँ श्रेष्ठ**ले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यप्रति संवेदनशील भएर धेरै दशक अघिदेखि जनस्वास्थ्य केन्द्र सञ्चालन गरिरहेको र अहिले आएर ख्वप अस्पताल विकास गरिरहेको सराहनीय छ भन्नुभयो।

नेता असल भएमा परिवर्तन सम्भव छ भन्ने कुरा भक्तपुरले देखाइरहेको बताउनुहुँदै उहाँले भक्तपुरमा स्त्रीरोगको जनचेतना जगाउन र उपचार अगाडि बढाउन नेमकिपाले गरेको प्रयास अमूल्य छ भन्नुभयो।



मुटुरोग विशेषज्ञ डा. **राजेन्द्र कोजू**ले चुरोट र धुँवाका कारण फोक्सोको क्यान्सर हुनेहुँदा चुरोट सेवन नगर्न र वातावरण स्वच्छ तथा हरियाली बनाउन आवश्यक भएको बताउनुभयो। उहाँले भन्नुभयो, 'चिलोले रक्त सञ्चारमा बाधा पुऱ्याउने हुँदा मिठाइ सेवन कम गर्नुपर्छ। चिनी रोगले मिर्गौला र मुटु रोग बढ्ने खतरा छ।'



कवि **अभय श्रेष्ठ**ले नेपालभाषा साहित्य तःमुंज्या देशकै बेग्लै पहिचानको साहित्य र सांस्कृतिक कार्यक्रम भएको बताउनुभयो।

'असल कम्युनिस्ट नेता तथा कार्यकर्ताले मात्रै साँच्चै देश र जनताको सेवा गर्न सक्छन्', उहाँले भन्नुभयो।



कार्यक्रममा सम्मानित जनकवि **चन्द्रबहादुर उलक**, कवि **दामोदर सुवाल**लगायत दर्जनौँ स्थापित तथा नयाँ साहित्यकारहरूले रचना वाचन गर्नुभएको थियो।

नेपालभाषा साहित्य तःमुंज्या मू गुथिका अध्यक्ष **आशाकुमार चिकंबन्जार** र सचिव **नरेश खत्री**ले पनि तःमुंज्याको इतिहास र सफलताबारे चर्चा गर्नुभएको थियो।



तःमुंज्याको दोस्रो दिनको सभापतित्व गर्नुभएका शिक्षासेवी **ज्ञानसागर प्रजापति**ले भक्तपुरको शैक्षिक जागरण र सरसफाइ अभियानको इतिहासबारे चर्चा गर्नुहुँदै ज्ञानबहादुर न्याइच्याईलगायत अग्रज पुस्ताको अथक प्रयास र सङ्घर्षले भक्तपुर आजको अवस्थामा आइपुगेको हो भन्नुभयो।

तःमुंज्याको दोस्रो दिन ग्वासखलः (स्थानीय आयोजक समिति) का उपाध्यक्ष **अम्बिका न्याइच्याई**ले स्वागत मन्तव्य, सचिव **लक्ष्मीसुन्दर सुवाल**ले धन्यवाद ज्ञापन मन्तव्य तथा कोषाध्यक्ष **सूर्यप्रसाद श्रेष्ठ**ले आम्दानी र खर्चको हिसाब पेश गर्नुभएको थियो।

कार्यक्रममा सम्मानित जनकवि चन्द्रबहादुर उलक र कलाकार देवचन्द्र बज्राचार्यले नगद पुरस्कारबाट प्राप्त पूरै रकम तत्कालै तःमुंज्या ग्वसाखलःलाई चन्दास्वरूप फिर्ता गर्नुभएको थियो।

साहित्य तःमुंज्याको बीच बीचमा विभिन्न साङ्गीतिक समूहका

कलाकारहरूले जनपक्षीय गीत सङ्गीत प्रस्तुत गरेका थिए।

साहित्यका प्रतियोगितातर्फ **कविता** विधामा काशीराम 'विरश', प्रेम प्रजापति र गङ्गाराम ज्याख्वका कविता क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए भने **कथा** विधातर्फ एलके सुन्दरको कथा प्रथम र रामगोपाल बमनुको कथा द्वितीय भएको थियो।









साहित्यिक कार्यक्रमलगत्तै सुरू भएको सांस्कृतिक कार्यक्रम राति अबेरमात्र सम्पन्न भएको थियो।



# भाषा र संस्कृति, हाम्रो अमूल्य निधि

सुन्दर राजचल

संस्कार र संस्कृतिलाई मानव सभ्यता विकासको परिणामको रूपमा अङ्गीकार गरिएको पाइन्छ। जहाँ संस्कार र संस्कृति जीवन्त रहन्छ, त्यहाँ मानव सभ्यता जिउँदो रहन्छ भने प्रमाण हो। सभ्यता हरेक मानव जीवनको वैयक्तिक विकासको लागि चाहिने अनिवार्य तत्त्व हो भने यसलाई निर्देश दिने काम संस्कार र संस्कृतिले प्रदान गरेको हुन्छ। यही सभ्यताको माध्यमबाट कुनैपनि व्यक्ति र समाज हुँदै सिङ्गो देशलाई अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन मद्दत गर्ने मात्रै होइन मुलुकको विकासमै यसले महत्त्वपूर्ण योगदान गरेको हुन्छ।

त्यसो त भाषा, संस्कृति र संस्कारलाई कुनैपनि देशको अमूल्य निधिको रूपमा रहेको विषयमा संस्कृतिविद्हरू तर्क गर्छन् र आम मानिसले त्यसलाई स्वीकार गर्न थालिसकेको यथार्थ सर्वविदितै छ। कुनैपनि जात जाति वा समुदायको आ-आफ्ना छुट्टै भाषा रहेका हुन्छन् भने ती भाषासँग सम्बन्धित आ- आफ्नै संस्कृति र संस्कारसमेत रहेका हुन्छन्। संस्कार संस्कृतिको उपज हो भने भाषा आपसी सञ्चारको लागि एउटा महत्त्वपूर्ण माध्यम हो। मौलिक संस्कृतिबिना मानिसको विकास सम्भव छैन। अनेक जात जाति र भाषा भाषी रहेको सिङ्गो नेपालमा भएका फरक-फरक भाषा, संस्कृति र रहनसहन हाम्रो मुलुकको छुट्टै विशेषता हो, छुट्टै मौलिक धरोहरहरू हुन्। कसैले किन्न खोजेता पनि हक हस्तान्तरण नहुने अमूल्य सम्पत्ति हुन्।

भाषा र संस्कृतिको उत्पत्ति पुर्खाको गहिरो अध्ययन अनुसन्धानबाट प्राप्त परिणाम हो। एउटा भाषा विकास वा उत्पत्तिको निम्ति हाम्रा पुर्खाले कैयौं महत्त्वपूर्ण योगदान गरेका हुन्छन्। यसको विकासको लागि र आफ्नो छुट्टै पहिचानको लागि पुर्खाले गरेको दुःखको परिणाम आजको भाषा हो, आजको संस्कृति हो। यसैको परिणामस्वरूप आजका पुस्ताले सगौरव आफ्नोपनको झझल्को दिन सकेका छन्। भाषा र संस्कृति अनि संस्कारको अभाव भयो भने मान्छेको आफ्नो पहिचान गुम्ने भय हुन्छ र यसले अन्ततः मानिसलाई कुनै अर्को भाषा र संस्कृतिको दास बनाउने गर्दछ। दास जीवनको कुनै मूल्य रहँदैन।

कुनैपनि मुलुकमा सम्पत्तिको रूपमा रहेका आ-आफ्ना समुदायको भाषाको विकास र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणका लागि भाषाको माध्यमबाट समाजमा जनचेतना फैलाउनका लागि भाषिक आन्दोलनलाई उठाउने प्रयत्नहरू निरन्तर अगाडि बढिरहेका हुन्छन्। भाषिक आन्दोलनले वर्गीय आन्दोलन उठाउन टेवा पुऱ्याएको हुन्छ। अनि वर्गीय आन्दोलनले राजनैतिक अधिकार प्राप्तिको लागि योगदान गर्दछ। साथै राजनीतिक आन्दोलनले वर्गीय मुक्तिमा ठोस योगदान गरेको हुन्छ।

यही भाषा र संस्कृतिको माध्यमबाट नयाँ पुस्ताले आफ्नो विचार निर्भिकताका साथ कसैसामु प्रस्तुत गर्न सक्ने र संस्कृतिलाई विश्वसामु फैलाएर देश र समाजको इज्जत प्रतिष्ठा बढाउन सक्ने भएका हुन्। यसो गर्न नसकिएको खण्डमा आज जसरी देशमा पश्चिमा संस्कृति र भाषा हावी भएको सर्वत्र अनुभव गरिँदैछ, यसमा गुणात्मक बृद्धि हुने सम्भावनालाई कसैले नकार्न सकिँदैन। तर नेपालको भाषिक विविधतासँगै संस्कृति र संस्कारको प्रचार र सङ्घर्षको परिणाम पश्चिमा संस्कृति र संस्कारको अत्यन्त कम प्रभाव छ भन्दा अन्यथा नहोला। अर्थात् नेपालमा पश्चिमाले चाहेको जस्तो भाषा र संस्कार हावी नहुनुमा नेपाली जनतमा रहेको भाषिक र सांस्कृतिक चेतना नै हुन् भन्दा अत्युक्ति नहोला।

मानिसका दर्शन फरक फरक हुन्छन्। नेपाल पूर्वीय दर्शनबाट प्रभावित मुलुक हो। पूर्वीय दर्शन विचार र सिद्धान्तसँग सम्बन्धित दर्शन हो। यो भौतिकवादी दर्शन पनि हो। यस दर्शनसँग समाज र जगतलाई बुझ्ने क्षमता राख्दछ। साथै समाजलाई भौतिकवादी आँखाले हेरी वस्तुगत विश्लेषणका लागि यो दर्शन अत्यन्त फलदायी रहेको पाइन्छ। जसले मानिसको बुद्धि र विचार सँगसँगै संवेगात्मक विकासमा योगदान गरेको हुन्छ। यस दर्शनले मानिसको बुझाइको क्षितिजलाई समय सापेक्ष बनाएको हुन्छ। तर, पश्चिमा दर्शन यसभन्दा फरक खालको रहेको पाइन्छ। यस दर्शनलाई दर्शन नै नमान्ने बुद्धिजीवीहरू पनि नरहेका होइनन् किनभने यसल मानिसलाई भौतिकवादी आँखाले समाज, जीवन र जगतलाई बुझ्ने मानवीय चाहनालाई गलत दिशातिर मोडिदिन्छ। जसको परिणामस्वरूप मानिसलाई भाषा, संस्कार र संस्कृतिविरुद्ध उभ्याउने चिन्ता रहन्छ। साथ साथै यसमा मानिसलाई दास बनाउने सम्भावना अधिक रहन्छ।

भाषा, संस्कृति र संस्कारको उत्पत्तिको इतिहास छोटो र सरल छैन। बरु पुर्खाको लगनशीलता, मिहिनेत,

अनुसन्धानको निष्कर्षको परिणाम हो। यसको लागि सोही किसिमको चेतना र जीवन पद्धतिको आवश्यकतासमेत रहेको हुन्छ। जो कसैले इच्छा राख्दैमा अनुसन्धान सकारात्मक दिशामा अगाडि बढ्छ भन्ने होइन। त्यसको लागि चिन्तनको आवश्यकता पर्दछ। चिन्तन र चेतनायुक्त अनुसन्धान पद्धतिले भाषा र संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान गरेको हुन्छ। अथक मिहिनेतबाट जब कुनै भाषाको विकास हुन्छ त्यसलाई जोगाइराख्न वा जीवन्तता प्रदान गर्न थप सङ्घर्षको आवश्यकता पर्दछ। यसैका लागि निरन्तर भाषिक आन्दोलनको आवश्यकता पर्न जान्छ। यस किसिमको आन्दोलन नहुने हो भने कालान्तरमा भाषा संस्कृति क्षय भएर जाने खतरा बढ्छ र यसको क्षयीकरणले आजको पुस्ताको पहिचान लोप हुने वा नासिने सम्भावना मात्र छैन बरु पुर्खाको चिन्तन र चेतनाको उपज प्राप्त परिणामसमेत नासिने डर हुन्छ। पुर्खाको योगदान मर्नु वा क्षयीकरण हुने कुनैपनि समाज र भाषाप्रेमीहरूको लागि शुभ सन्देश हुने गर्दैन।

यसरी भाषा र संस्कृतिलाई जीवन्तता प्रदान गर्ने हेतुले नै भक्तपुरमा नेपालभाषा साहित्य तःमुज्याको आयोजनामा हरेक वर्ष 'नेपालभाषा साहित्य तःमुज्या र सांस्कृतिक कार्यक्रम'को आयोजना हुने गरेको सर्वविदितै भएको कुरा हो। यो केवल दसैंको सेरोफेरोमा आयोजना गर्ने कार्यक्रमको रूपमा मात्र लिनु भाषाप्रेमीहरूप्रति गरेको अन्याय ठहरिन्छ। वस्तुतः यसैको कारण पनि नेपालमा नेपालभाषा आम नेपाली जनताको भाषाको रूपमा अगाडि बढेको मान्न सकिन्छ। असोजमा मनाइने विजया दशमीपश्चात आउने द्वादशी र त्रयोदशी गरी दुई दिन हर्षोल्लासका साथ प्रस्तुत गरिने कार्यक्रम साँच्चै नै नेपालभाषाको उन्नयनमा महत्त्वपूर्ण पाइला हो। यसमा प्रस्तुत हुने साहित्यले भाषाको प्रवर्द्धन मात्रै गर्दैन बरु देश तथा विदेशको समसायिक विषयलाई उजागर गरेर आम जनतालाई राजनैतिक रूपमा सचेत र शिक्षित पार्ने काम हुन्छ।

तः मुंज्याको डबली कामदार जनताले निर्माण गर्ने आफ्नै मौलिक शैलीको डबली हो। जहाँ कामदार जनताको परिश्रमी हातले कोरिएका साहित्य वाचन हुन्छ र त्यसैको माध्यमबाट समाजलाई प्रगतिशील दिशातिर लैजाने अठोट लुकेको हुन्छ। साथै डबलीमा प्रस्तुत हुने विषयविज्ञका महत्त्वपूर्ण सन्देशहरू समेत कुनै न कुनै हिसाबले जनताको प्रत्यक्ष जीवनसँग जोडिएको हुने गर्दछ। यसका अतिरिक्त सांस्कृतिक झाँकीहरूले भाषा सँगसँगै संस्कार र संस्कृतिलाई जोडिएको हुन्छ। फरक फरक समुदायका मानिसहरूको फरक किसिमका भाषा र संस्कृतिलाई पनि यसले स्थान दिने भएकाले भाषा संस्कृतिलाई जीवन्त राख्न अति महत्त्वपूर्ण योगदान यस कार्यक्रमले गरेको हुन्छ।

'जनता म्वासाः भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भने मूल नाराका साथ नेपालभाषा साहित्य तःमुंज्या आयोजक समितिले यो कार्यक्रम अगाडि बढाएको हो। जसको अर्थ हुन्छ जनता बाँचे मात्रै भाषा बाँचेको हुन्छ। भाषा बाँचे जनता र समाजको निम्ति गौरवको विषय हुन्छ। जनता जो राजनीतिक रूपले सचेत र सङ्गठित भएका हुन्छन् सोही जनताद्वारा भाषा र संस्कृतिको जगेर्ना गर्न सकिन्छ भने यसको सन्देश हो।

नेपालमा भएका फरक फरक भाषा, संस्कृति, धर्म र संस्कारमध्ये आज कैयौँ भाषा र संस्कृति लोप भइसकेका छन् भने कैयौँ लोप हुने क्रममा छन्। यो दुःखको कुरा हो। भाषा र संस्कृति केवल दबुमा प्रदर्शन गर्ने प्रस्तुति मात्रै हुने गर्दैनन् यसले आफ्नो पहिचानलाई समेत बोक्ने हुँदा यसको जगेर्ना सम्बन्धित जात जाति र भाषा भाषीका मानिसको लागि सरोकारको विषय हुनुपर्ने थियो। तर, पुर्खाको योगदानलाई कम आकलन गर्दा वा त्यसको महत्त्वलाई बुझ्न नसक्दा आज कतिपय भाषा र संस्कृति लोप भएका छन्। नेपालजस्तो पर्यटकीय मुलुकको लागि यो सकारात्मक सन्देश होइन। यस किसिमका लापर्वाहीयुक्त कदमले सम्बन्धित समाजमात्र होइन सिङ्गो देशको पहिचानमा समस्या खडा गर्ने सम्भावना त्यत्तिकै प्रबल रहेको हुन्छ। राजनैतिक रूपमा क्षयीकरणको दिशामा गइरहेको हाम्रो समाज र समाजका अमूल्य निधिहरूलाई यसरी नै बेवास्ता र लापर्वाही गर्ने हो भने भोलि पछुताउनुपर्ने हुन्छ। हामीसँग हाम्रो भाषा र संस्कृति भएन भने हामीसँगै केही हुनेछैन। तसर्थ यसको जगेर्ना सँगसँगै यसको विकास र प्रगतिको लागि अनि सरोकारवाला सबैपक्ष जागरुक हुनु आवश्यक छ। आफ्नो पहिचान जोगाउनका लागि पनि देखासिकीभन्दा मौलिकतामा बाँच्ने प्रयास गर्नुपर्दछ। हाम्रा अमूल्य निधिलाई हाम्रो जीवन पद्धतिको रूपमा अङ्गीकार गर्ने बानी बसाल्नुपर्दछ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# नगरपालिकाका प्रमुख र उपप्रमुखहरु

## प्रदेश नं. १






| क.सं. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | फुङलिङ | ताप्लेजुङ | अमिर मादेन (नेका) | भीमादेवी ओझा (एमाले) |
| २ | फिदिम | पाँचथर | मित्र प्रसाद काफ्ले (नेका) | राधा कृष्ण न्यौपाने (माके) |
| ३ | इलाम | इलाम | केदार थापा (नेका) | विष्णु कुमारी लिम्बु (नेका) |
| ४ | देउमाई | | सुर्य प्रसाद पोखेल (एमाले) | पवी माया राई (एमाले) |
| ५ | माई | | खम्बासिं लिम्बु (एमाले) | हिमा भण्डारी (एमाले) |
| ६ | सूर्योदय | | रन बहादुर राई (एस) | दुर्गा कुमार बराल (नेका) |
| ७ | मेचीनगर | झापा | गोपालचन्द्र बुढाथोकी (एमाले) | मीना कुमारी पोखेल (एमाले) |
| ८ | दमक | | राम कुमार थापा (राप्रपा) | रेगिना भट्टराई (नेका) |
| ९ | कन्काई | | राजेन्द्र कुमार पोखरेल (एमाले) | आसा शिवाकोटी (नेका) |
| १० | भद्रपुर | | गणेश पोखरेल (नेका) | राधा कार्की (राप्रपा) |
| ११ | अर्जुनधारा | | बलदेव सिंह गोम्देन तामाङ ( | खड्गमाया पराजुली (एमाले) |
| १२ | शिवशताक्षी | | मेगाहाङ मोथा (एमाले) | नरमाया कार्की (एमाले) |
| १३ | गौरादह | | छत्रपति सुवेदी (एमाले) | जलवर्षा राजवंशी (एमाले) |
| १४ | बिर्तामोड | | पवित्रा देवी महतारा (एमाले) | नगेन्द्र प्रसाद संगौला (एमाले) |
| १५ | बेलवारी | मोरङ | दिल प्रसाद राई (एमाले) | मिनु थापा (नेका) |
| १६ | लेटाङ | | भुपेन्द्रकुमार लावती (एमाले) | कृष्णकुमारी पोखरेल (एमाले) |
| १७ | पथरीशनिश्चरे | | मोहनप्रसाद तुम्बापो (एमाले) | देवी माया काफ्ले (एमाले) |
| १८ | रंगेली | | दिलीपकुमार अग्रवाल (एमाले) | भुमा कुमारी पराजुली (एमाले) |
| १९ | रतुवामाई | | नागेश्वरप्रसाद सिंह गगाई (नेका) | दमयन्ता देवी बुढाल (एमाले) |
| २० | सुनवर्षि | | श्यामप्रसाद राजवंशी (एमाले) | मिरादेवी दास कँवरत (एमाले) |
| २१ | उर्लाबारी | | गगा प्रसाद खरेल (एमाले) | मिना कुमारी खतिवडा (एमाले) |
| २२ | सुन्दरहरैचा | | केदार प्रसाद गुरागाई (एमाले) | अकली चौधरी (एमाले) |
| २३ | ईनरुवा | सुनसरी | केदार भण्डारी (नेका) | विनीता कुमारी मेहता (नेका) |
| २४ | दुहवी | | बेद नारायण गच्छदार (नेका) | मैनुका पोखरेल (नेका) |
| २५ | रामधुनी | | शकर लाल चौधरी (एमाले) | तारा थापा (एमाले) |
| २६ | बराहक्षेत्र | | रमेश कार्की (नेका) | नन्द कुमारी सुनुवार (एमाले) |
| २७ | पाख्रिबास | धनकुटा | ज्ञान बहादुर गुरुङ (नेका) | नमता गौतम (एमाले) |
| २८ | धनकुटा | | चिन्तन तामाङ (एमाले) | भीमा देवी खनाल (एमाले) |
| २९ | महालक्ष्मी | | धुवराज राया (नेका) | मञ्जुकुमारी कार्की(अधिकारी) (एमाले) |
| ३० | म्याङलुङ | तेह्रथुम | सञ्जयकुमार तुम्बाहाङफे (एमाले) | जमुनादेवी सुवेदी (एमाले) |
| ३१ | लालीगुराँस | | अर्जुन माबोहाङ (नेका) | जमुना मगर कार्की (नेका) |
| ३२ | चैनपुर | संखुवासभा | कृष्ण कुमार तामाङ (एमाले) | एलिना श्रेष्ठ (एमाले) |
| ३३ | धर्मदेवी | | उदय चन्द्र पौडेल (एमाले) | तारा महत (नेका) |
| ३४ | खाँदबारी | | महेश थपलिया (नेका) | महेश्वरा श्रेष्ठ(वज्राचार्य) (एमाले) |
| ३५ | मादी | | जिवन लिवेप (एमाले) | सुनिता देवी भट्टराई (एमाले) |
| ३६ | पाँचखपन | | विपीन राई (नेका) | सुमुना श्रेष्ठ (एस) |
| ३७ | भोजपुर | भोजपुर | कैलाश कुमार आले (नेका) | निर्मला शेर्पा (एमाले) |
| ३८ | षडानन्द | | सुरेन्द्र कुमार उदास (एमाले) | प्रमिला राई (माके) |
| ३९ | सोलुदुधकुण्ड | सोलुखुम्बु | नाम्गेल जाङबु शेर्पा (नेका) | गान्धी माया तामाङ (नेका) |
| ४० | सिद्धिचरण | ओखलढुंगा | तेजन खनाल (नेका) | केदार बाबु बस्नेत (एमाले) |
| ४१ | हलेसी तुवाचुङ | खोटाङ | बिमला राई (नेका) | रमेश कुमार राउत (नेका) |
| ४२ | दिक्तेल रुपाकोट | | तीर्थ राज भट्टराई (नेका) | विशन राई (माके) |
| ४३ | कटारी | उदयपुर | राजेस चन्द्र श्रेष्ठ (नेका) | गिता खड्का (एमाले) |
| ४४ | चौदण्डीगढी | | कालु मान लामा (एमाले) | मणिका देवी दुलाल (एमाले) |
| ४५ | त्रियुगा | | बसन्त कुमार बस्नेत (नेका) | महेश्वरी राई (एमाले) |
| ४६ | बेलका | | अशोक कार्की (नेका) | जीरा राई (एमाले) |

## मधेस प्रदेश




| क.सं. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | राजबिराज | सप्तरी | भिमराज यादव (जसपा) | इसरत परबिन (जसपा) |
| २ | कञ्चनरुप | | ललन प्रसाद गुप्ता (नेका) | श्रीमती मुनाकुमारी पोखेल (नेका) |
| ३ | डाक्नेश्वरी | | राम लखन मलाह (एमाले) | मीरा कुमारी यादव (एमाले) |
| ४ | बोदे बरसाईन | | आलेश कुमार सिंह (जसपा) | रेणु कुमारी साह (जसपा) |
| ५ | खडक | | जय प्रकाश चौधरी थारु (माके) | रिता कुमारी चौधरी (जसपा) |
| ६ | शम्भुनाथ | | जितेन्द्र प्रसाद गुप्ता कलवार (एस) | अनिता कुमारी चौधरी (एस) |
| ७ | सुरुङ्गा | | गीता चौधरी (नेका) | गङ बहादुर कार्की (नेका) |
| ८ | हनुमाननगर कङ्कालिनी | | बिरेन्द्र माझी (जपा) | सरितादेवी यादव सिपाहिया(जसपा) |
| ९ | सप्तकोशी | | कृष्ण प्रसाद ढकाल (नेका) | रिता कुमारी चौधरी (नेका) |
| १० | लहान | सिराहा | महेश प्रसाद चौधरी (नेका) | रामबतितर महतो (जसपा) |
| ११ | धनगढीमाई | | शिव शंकर महतो (एमाले) | संगीता कुमारी चौधरी (नेका) |
| १२ | सिरहा | | नवीन कुमार यादव (एमाले) | बबिता कुमारी शाह (एमाले) |
| १३ | गोलबजार | | श्याम कुमार श्रेष्ठ (एमाले) | मान्ती साह (एमाले) |
| १४ | मिर्चैया | | श्रवण कुमार यादव (माके) | जिवछी देवी (माके) |
| १५ | कल्याणपुर | | राम पुकार साह तेली (एमाले) | रेखा कुमारी यादव (एमाले) |
| १६ | कर्जन्हा | | भोला प्रसाद पोखरेल (एमाले) | लक्ष्मी कुमारी श्रेष्ठ (जसपा) |
| १७ | सुखीपुर | | राम औतार यादव (एमाले) | रेणु देवी साह (एमाले) |
| १८ | छिरेश्वरनाथ | धनुषा | सुख देव यादव (एमाले) | रचना श्रेष्ठ (नेका) |
| १९ | गणेशमान चारनाथ | | जित नारायण यादव (नेका) | तुलसा कुमारि पाण्डे (नेका) |
| २० | धनुषाधाम | | बालेश्वर मण्डल (नेका) | विद्या देवी भुजेल (नेका) |
| २१ | नगराइन | | बिनय कुमार यादव (नेका) | राधा देवी यादव (एमाले) |
| २२ | विदेह | | बैजन दास तत्मा (एमाले) | आशा देवि झा (एमाले) |
| २३ | मिथिला | | महेन्द्र महतो (नेका) | सुनिता सिंह बुढाथोकी (एमाले) |
| २४ | शहीदनगर | | दिनेश प्रसाद यादव (जसपा) | सुनिता कुमारी सिंह (नेका) |
| २५ | सबैला | | कारी राम यादव (माके) | रहिमा खातुन (माके) |
| २६ | कमला | | बिशेश्वर यादव (नेका) | शिला देवी मण्डल (नेका) |
| २७ | मिथिला बिहारी | | राजेन्द्र प्रसाद यादव (नेका) | शोभा देवी साह (माके) |
| २८ | हंसपुर | | प्रदीप कुमार यादव (नेका) | दुर्गा देवी (नेका) |
| २९ | जलेश्वर | महोत्तरी | सुरेश साह सोनार (जसपा) | रौशन खातुन (जसपा) |
| ३० | बर्दिबास | | प्रहलाद कुमार क्षेत्री (स्वतन्त्र) | तारा देवी (स्वतन्त्र) |
| ३१ | गौशाला | | दिपेन्द्र महतो (जसपा) | रेनु कुमारी (जसपा) |
| ३२ | लोहरपट्टी | | शैलेन्द्र कुमार यादव (नेका) | सरिता शर्मा (नेका) |
| ३३ | रामगोपालपुर | | राम दुलार साह (एमाले) | रिना देवी यादव (एमाले) |
| ३४ | मनरा शिसवा | | मोहन पाण्डेय (नेका) | शकुन्तला देवी (नेका) |
| ३५ | मटिहानी | | हरि प्रसाद मण्डल (लोसपा) | मंजु देवी (लोसपा) |
| ३६ | भँगाहा | | सजीव कुमार साह (लोसपा) | शान्ती कुमारी सिंह (नेका) |
| ३७ | बलवा | | राम बिजय महतो (लोसपा) | राम दुलारी देवी (नेका) |
| ३८ | औरही | | प्रदिप कुमार खड्का (लोसपा) | रेणु झा (लोसपा) |
| ३९ | ईश्वरपुर | | मनोज कुमार अचार्य (नेका) | रजिता देवी चौधरी (नेका) |
| ४० | मलंगवा | | नागेन्द्र प्रसाद यादव (नेका) | शकुन्तला देवी साह (नेका) |
| ४१ | लालबन्दी | | वासु देव अधिकारी (नेका) | कल्पना माया पाखीन (नेका) |
| ४२ | हरिपुर | | गोपाल पजियार (नेका) | निलम देवी राय यादव (नेका) |

| | | | | |
|---|---|---|---|---|
| ४३ | हरिपुर्वा | सर्लाही | विनोद कुमार साह तेली (नेका) | सुमित्रा देवी ग्वारनी (नेका) |
| ४४ | हरिवन | | रमेश बुढाथोकी (माके) | हरी माया घलान (एमाले) |
| ४५ | बरहथवा | | कल्पना कुमारी कटुवाल (एमाले) | रामबाबु प्रसाद साह (एमाले) |
| ४६ | बलरा | | रामा शंकर प्रसाद कुशवाहा (माके) | कोशिला देवी (माके) |
| ४७ | गोडैटा | | देवेन्) कुमार यादव (लोसपा) | अन्जना कुशवाहा (लोसपा) |
| ४८ | बागमती | | भरत कुमार थापा (माके) | लीला कुमारी मुक्तान (माके) |
| ४९ | कबिलासी | | ब्रम्ह देव राय (नेका) | पुनम कर्ण (नेका) |
| ५० | चन्द्रपुर | रौतहट | सञ्जय कुमार काफ्ले (नेका) | जयमालाकुमारी चौधरी (नेका) |
| ५१ | गरुडा | | कन्थमनी प्रसाद कलवार (एमाले) | पुनम कुमारी चौधरी (नेका) |
| ५२ | गौर | | शम्भु साह (एस) | शैल कुमारी साह (एस) |
| ५३ | बौधीमाई | | प्रदीप कुमार यादव (एस) | प्रमीला देवी (एस) |
| ५४ | बृन्दावन | | विनोद प्रसाद कुर्मी (एस) | संगिता कुमारी राम (एस) |
| ५५ | देवाही गोनाही | | प्रेमलाल साह कानु (एमाले) | परनिया देवी (एमाले) |
| ५६ | गढीमाई | | श्याम प्रसाद यादव (नेका) | स्मिता कुमारी यादव (जसपा) |
| ५७ | गुजरा | | सन्तलाल प्रसाद चौधरी (जसपा) | रत्न लामा (नेका) |
| ५८ | कटहरिया | | अजय प्रकाश (नेका) | रिता देवी (नेका) |
| ५९ | माधव नारायण | | बैजनाथ प्रसाद यादव (नेका) | निर्मला देवी रमण (जसपा) |
| ६० | मौलापुर | | रीना कुमारी साह (एमाले) | नागेन्) प्रसाद यादव (एमाले) |
| ६१ | फतुवाबिजयपुर | | गोपाल राय यादव (नेका) | अमवेया खातुन (नेका) |
| ६२ | ईशनाथ | | कौशल्या देवी (लोसपा) | मो. परवेज (लोसपा) |
| ६३ | परोहा | | शेख वकिल (नेका) | सुगन्धी गिरी (नेका) |
| ६४ | राजपुर | | मो. राजीक आलम (नेका) | जमिला असगरी (नेका) |
| ६५ | राजदेवी | | भीखारी प्रसाद यादव (एस) | राज कुमारी देवी (एस) |
| ६६ | कोल्हवी | बारा | राम प्रसाद चौधरी (नेका) | लक्ष्मी कुमारी चौधरी (नेका) |
| ६७ | निजगढ | | सुरथ पुरी (एमाले) | सोम माया थिङ (एमाले) |
| ६८ | महागढीमाई | | उपेन्द्र प्रसाद यादव (नेका) | तारा देवी कानु (नेका) |
| ६९ | सिम्रौनगढ | | किसोरीप्रसाद कलवार (लोसपा) | नजमु शेहर (लोसपा) |
| ७० | पचरौता | | जलन्धर सिंह जैसवार (एमाले) | नसिमा खातुन (एमाले) |
| ७१ | पोखरिया | पर्सा | प्रदुमन प्रसाद चौहान (एमाले) | रुवी कुमारी ठाकुर (एमाले) |
| ७२ | बहुदरमाई | | सिंगासन सा तेली (जसपा) | सुष्माकुमारी कुशवाहा (एमाले) |
| ७३ | पर्सागढी | | गोकर्ण पाठक (एमाले) | पूजा चौधरी (एमाले) |

# हार्दिक समवेदना



**स्व. हरिभगत सुवाल**

**जन्म : २०११ वैशाख ०३ | निधन : २०७९ असोज १०**

भक्तपुर नगरपालिकाको पञ्जिकरण शाखामा कार्यरत सरिता जाकिबन्जारका ससुरो बा **हरिभगत सुवाल**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# बागमती प्रदेश




| क.स. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | कमलामाई | सिन्धुली | उपेन्द्र कुमार पोखरेल (नेका) | मन्जु देवकोटा (एमाले) |
| २ | दुधौली | | दिनेश अधिकारी (माके) | चन्द्र किशोर थापा (नेका) |
| ३ | मन्थली | रामेछाप | लव श्रेष्ठ (एमाले) | ईश्वरी बस्नेत (एमाले) |
| ४ | रामेछाप | | लक्ष्मी न्यौपाने (नेका) | बालकुमारी कार्की थापा (नेका) |
| ५ | जिरी | दोलखा | मित्र बहादुर जिरेल (एमाले) | कृष्णमाया बुढाथोकी(खड्का) (एमाले) |
| ६ | भिमेश्वर | | इश्वर नारायण मानन्धर (नेका) | कमला बस्नेत (एमाले) |
| ७ | चौतारा साँगाचोकगढी | सिन्धुपाल्चोक | कृष्ण प्रसाद सापकोटा (माके) | सीता थापा (एस) |
| ८ | बाह्रबिसे | | बाल कृष्ण बस्नेत (नेका) | मञ्जु तामाङ (नेका) |
| ९ | मेलम्ची | | आइत मान तामाङ (नेका) | उमा प्रधान (एमाले) |
| १० | धुलिखेल | काभ्रेपलाञ्चोक | अशोककुमार ब्याञ्जु श्रेष्ठ (एमाले) | निराजन जंगम (नेका) |
| ११ | बनेपा | | शान्ति रत्न शाक्य (नेका) | बिमला सापकोटा दाहाल (एमाले) |
| १२ | पनौती | | राम सरण भण्डारी (नेका) | गिता बन्जारा (एमाले) |
| १३ | पाँचखाल | | महेश खरेल (नेका) | सुर्य माया दनुवार (एमाले) |
| १४ | नमोबुद्ध | | कुनसाङ लामा (नेका) | रत्न बहादुर लामा (माके) |
| १५ | मण्डनदेउपुर | | टोक बहादुर तामाङ (एस) | विश्वमणी नेपाल (नेका) |
| १६ | गोदावरी | ललितपुर | गजेन्द्र महर्जन (नेका) | मना अधिकारी (नेका) |
| १७ | महालक्ष्मी | | हरि गोविन्द श्रेष्ठ (एमाले) | लक्ष्मि महर्जन (नेका) |
| १८ | चाँगुनारायण | भक्तपुर | जिवन खत्री (नेका) | रमेश बुढाथोकी (एमाले) |
| १९ | भक्तपुर | | सुनिल प्रजापति (नेमकिपा) | रजनी जोशी (नेमकिपा) |
| २० | मध्यपुर थिमी | | सुरेन्द्र श्रेष्ठ (नेका) | विजय कृष्ण श्रेष्ठ (माके) |
| २१ | सूर्यविनायक | | बासुदेव थापा (एमाले) | सरिता भट्टराई(तिमिल्सिना) (एमाले) |
| २२ | कागेश्वरी मनोहरा | काठमाडौं | उपेन्द्र कार्की (नेका) | शान्ता थापा (एमाले) |
| २३ | कीर्तिपुर | | राज कुमार नकर्मी (नेका) | शुभ लक्ष्मी शाक्य (नेका) |
| २४ | गोकर्णेश्वर | | दिपक कुमार रिसाल (नेका) | सान्नानी लामा (एमाले) |
| २५ | चन्द्रागिरी | | घन श्याम गिरी (नेका) | बसन्ती श्रेष्ठ (एमाले) |
| २६ | टोखा | | प्रकाश अधिकारी (एमाले) | मुरारी तामाङ (नेका) |
| २७ | तारकेश्वर | | कृष्ण हरि महर्जन (नेका) | सुजना कुलकोटी (नेका) |
| २८ | दक्षिणकाली | | मोहन बस्नेत (नेका) | बसन्ती तामाङ (नेका) |
| २९ | नागार्जुन | | मोहन बहादुर बस्नेत (नेका) | सुशिला अधिकारी (एमाले) |
| ३० | बुढानिलकण्ठ | | मिठाराम अधिकारी (एमाले) | अनिता लामा (एमाले) |
| ३१ | शंखरापुर | | रमेश नापित (राप्रपा) | समिता श्रेष्ठ (नेका) |
| ३२ | विदुर | नुवाकोट | राजन श्रेष्ठ (नेका) | प्रभा बोगटी (माके) |
| ३३ | बेलकोटगढी | | जगत बहादुर गुरुङ (माके) | शिव प्रसाद दाहाल (नेका) |
| ३४ | धुनीबेंशी | धादिङ | बाल कृष्ण आचार्य (एस) | सुरज उप्रेती (नेका) |
| ३५ | निलकण्ठ | | भीम प्रसाद ढुङ्गाना (नेका) | दिपक बिश्वकर्मा (माके) |
| ३६ | थाहा | मकवानपुर | विष्णु बहादुर बिष्ट (माके) | भरत गोपाली (नेका) |
| ३७ | कालिका | चितवन | बिनोद रंग्मी (एमाले) | विमला तामाङ (एमाले) |
| ३८ | खैरहनी | | शशी कुमार खनिया (नेका) | कविता उप्रेती (एमाले) |
| ३९ | माडी | | ताराकुमारी काजी महतो (एमाले) | खेम प्रसाद महतो (नेका) |
| ४० | रत्ननगर | | प्रलाद सापकोटा (नेका) | प्रद्यप प्रसाद पाठक (एमाले) |
| ४१ | राप्ती | | शमशेर लामा (एस) | देवेन्द्र लामा (नेका) |

स्रोत : निर्वाचन आयोग

**सङ्केत**

| | |
|---|---|
| नेका-नेपाली काङ्ग्रेस | एमाले-नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| माके-नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | एस-नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) |
| जसपा-जनता समाजवादी पार्टी, नेपाल | लोसपा-लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| नेमकिपा-नेपाल मजदुर किसान पार्टी | जपा-जनमत पार्टी |

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या ११

### मिति २०७९ भाद्र २९ गते, बुधबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

### निर्णयहरू

यस वर्षको विश्व पर्यटन दिवस २०७९ असोज ११ गते, दरबार क्षेत्र, लायकु, भक्तपुरमा आयोजना गर्ने निर्णय गरियो ।

**गाईजात्राको पुरस्कार र सम्मान**

यस वर्षको गाईजात्रा पर्वमा प्रदर्शित घिन्ताङ्घिसी, परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको प्रतियोगिता सञ्चालन गर्दा प्रकाशित परिणामका आधारमा उत्कृष्ट प्रस्तुतिहरूलाई पुरस्कार वितरण समारोह २०७९ असोज ११ गते, दरबार क्षेत्र, लायकु, भक्तपुरमा आयोजना गर्ने निर्णय गरियो ।

उक्त कार्यक्रममा विभिन्न सांस्कृतिक विधामा लामो समय योगदान गर्नु हुने सांस्कृतिक गुरुहरू प्रत्येक वडाबाट २/२ जनाको दरले प्रति व्यक्ति रु.२०,०००।- (करसहित) नगद पुरस्कारसहित सम्मान गर्ने र विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने महानुभावहरूलाई पनि सोही बमोजिम नगद पुरस्कारसहित सम्मान गर्ने निर्णय गरियो ।

**समितिहरूको निर्णय अनुमोदन**

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७९।५।२१ गते**

१. भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक वाकुपति नारायण मन्दिरको छाना पुनः निर्माण गरी सुनको जलप लगाउने कार्य गर्दाको सम्पूर्ण विवरण र मन्दिरको ऐतिहासिक सन्दर्भहरू सङ्ग्रह गरी **पुस्तक प्रकाशन** गर्ने निर्णय गरियो ।

२. नेपाल संवत्को गुँलाथ्व पारुदेखि ञलाथ्व पारु (२०७९ श्रावण १३ गतेदेखि भाद्र १२ गतेसम्म) एक महिना लामो डक धलँ र सांस्कृतिक गतिविधि गर्दा खर्च व्यवस्थापनमा सहयोगका लागि गुँला डक धलं व्यवस्थापन समिति-२०७९ साकोलान, भक्तपुर-९ को पत्र बमोजिम उक्त समितिलाई नगरपालिकाको तर्फबाट नगद रु.५०,०००।- (अक्षरूपी पचास हजार रूपैयाँ) **आर्थिक सहयोग** प्रदान गर्ने निर्णय गरियो ।

३. भक्तपुरमा नाटक, ख्याल, प्रदर्शनका लागि थियटर निर्माण र स्तरोन्नति गर्ने उद्देश्यले आस्था सांस्कृतिक परिवार, लिवाली-८, भक्तपुरले आर्थिक सहयोग माग गरेकोमा उक्त संस्थालाई नगद रु. ३०,०००।- (तीस हजार रूपैयाँ) **आर्थिक सहयोग** गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित ऐतिहासिक जगनाथ क्षेत्रको पुरातात्त्विक उत्खनन प्रतिवेदन तयार गर्ने कार्यदलका टोली नेता प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठलाई उहाँको योगदानको उच्च मूल्याङ्कन गरी उहाँलाई **पारिश्रमिक**

वापत रु.१,००,०००।- (अक्षेरूपी एक लाख रूपैयाँ) प्रदान गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७९।५।२१ गते**

१. स्वंगल्हाेंदेखि क्वाछेँसम्म विरुवासहितको गमला राख्नको लागि **आवश्यक गमला र विरुवा** खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने ।

२. कुहिने र नकुहिने फोहोर अलग अलग छुट्याई सङ्कलन गर्नको लागि वडा नं. १ देखि १० सम्मका वडा कार्यालयमार्फत प्रत्येक घरलाई **हरियो र रातो बाल्टिन** उपलब्ध गराउने र आवश्यक बाल्टिन व्यवस्था गर्न जिन्सी उपशाखालाई जिम्मा दिने ।

**अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति**

**मिति २०७९।५।२७ गते**

१. भ.न.पा. क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूबाट यस समितिमा प्राप्त आवेदन अनुसार चिकित्सकसहितको टोलीबाट परीक्षण पश्चात 'क' वर्ग रातो १ जना, 'ख' वर्ग निलो ८ जना, 'ग' वर्ग पहेंलो १ जना र 'घ' वर्ग सेतो ४ जना गरी जम्मा १४ जनालाई **अपाङ्गताको परिचय पत्र दिने** निर्णय गरियो । साथै संशोधनका लागि प्राप्त आवेदन अनुसार 'ख' वर्गबाट 'क' वर्ग मा एक जना, 'ग' वर्ग बाट 'ख' वर्गमा ३ जना गरी जम्मा ४ जनालाई अपाङ्गता परिचय पत्र दिने निर्णय गरियो ।

२. २०७९ असोज २९ गते **स्वास्थ्य परीक्षण/शिविर** कार्यक्रम गर्ने निर्णय गरियो ।

३. अपाङ्गता भएका व्यक्तिहरूको लागि **खेलकुद कार्यक्रम** गर्ने निर्णय गरियो ।

**आर्थिक तथा लेखा समिति**

**मिति २०७९।५।२० गते**

१. पर्यटन शुल्क सम्बन्धमा यस समितिको मिति २०७९।४।५ गतेको निर्णयमा भक्तपुर नगर क्षेत्रभित्र प्रवेश गर्न प्रति गैर सार्कका पर्यटकलाई १५ अमेरिकी डलर वा रु.१५००।- नेपाली लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमश: वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रूपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रूपैयाँको हकमा **पर्यटक सेवा शुल्क** रु.१५००।- को सट्टा २,०००।- कायम गर्ने सिफारिस गरिएकोमा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको १५ अमेरिकी डलर वा रु.१८००।- एक हजार आठ सय नेपाली रूपैयाँ कायम गर्ने निर्णय गरियो ।

२. **एक सहकारी एक क्षेत्र सफाइ** कार्य गर्ने सम्बन्धमा छलफल हुँदा भक्तपुर नगरको सफाइलाई अझ प्रभावकारी बनाउन तपसिलमा उल्लेखित सहकारीहरूलाई तपसिलमा उल्लेखित क्षेत्र सरसफाइ कार्य गराउने निर्णय गरियो :

**तपसिल**

| वडा नं. | संस्थाको नाम | सफाइ गर्ने क्षेत्र |
|---|---|---|
| १ | ज्ञानकुञ्ज बचत तथा ऋण सहकारी संस्था लि. | भाजु पोखरी सफाइ |
| १ | श्रृजनानगर बचत तथा ऋण सहकारी संस्था लि. | १०८ रोपनी बाहिर र भित्र बोटविरुवा गोडमेल |
| २ | लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | ईताछेँदेखि खौमा ईन्द्रायणीसम्म |
| २ | ख्वप: बचत तथा ऋण सहकारी संस्था लि. | ब्यासीदेखि कासनेंसम्म |
| ३ | तलेजु बचत तथा ऋण सहकारी संस्था लि. | नासमना, कोलाछे, खौमा, घट्खा |
| ३ | समभद्दारी बचत तथा ऋण सहकारी संस्था लि. | तेखाचो, वंशगोपाल, देगमना |
| ४ | संगम बचत तथा ऋण सहकारी संस्था लि. | गहितिदेखि लेसिंखेलसम्म |
| ४ | वाराही बचत तथा ऋण सहकारी संस्था लि. | भुलांचादेखि टुरिज्ममार्केट हुँदै सूर्यविनायकचोकसम्म |
| ५ | चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | आदर्श काउण्टर पछाडिको हिटीग: |
| ५ | भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि. | भद्रकाली एरिया |
| ६ | लसकुस बचत तथा ऋण सहकारी संस्था लि. | साविक वडा नं. ९ |
| ६ | श्रमजिवी बचत तथा ऋण सहकारी संस्था लि. | साविक वडा नं. ५ |
| ७ | भीगु ख्वप: बचत तथा ऋण सहकारी संस्था लि. | हनुमानघाट |
| ७ | सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. | हनुमानघाट |
| ८ | श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. | जेलाँ एरिया |
| ८ | समदर्शी बचत तथा ऋण सहकारी संस्था लि. | महेश्वरी मन्दिर एरिया |
| ९ | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. | ब्रम्हायणी मन्दिर परिसर |
| ९ | भक्तपुर महिला बचत तथा ऋण सहकारी संस्था लि. | वाकुपती नारायण मन्दिर परिसर |
| १० | कमलविनायक बचत तथा ऋण सहकारी संस्था लि. | नगांचा एरिया |
| १० | थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि. | नागपोखरी |

**मिति २०७९।५।२७ गते**

१. मिति २०७९।५।३० गते हुने **सहकारीकर्मीहरूको भेला** हुन आह्वान सम्बन्धी सूचना प्रकाशित गर्ने निर्णय गरियो । उक्त भेला कार्यक्रममा सहभागीहरूलाई खाजाको बन्दोबस्त गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७९।५।२७ गते**

१. भक्तपुर नगरपालिकाभित्रका संस्थागत सामुदायिक विद्यालयका खेलकुद शिक्षकहरूलाई विभिन्न खेल सम्बन्धी प्रशिक्षक प्रशिक्षँण तालिम सञ्चालन गर्न र उक्त तालिमको लागि आवश्यक व्यवस्थापन गर्न युवा तथा खेलकुद समितिका संयोजक श्री श्यामकृष्ण खत्रीको संयोजकत्वमा तपसिल अनुसारको सदस्यहरू रहने गरी एक **व्यवस्थापन समिति गठन** गर्ने निर्णय गरियो -

**तपसिल**

संयोजक : श्री श्यामकृष्ण खत्री

सदस्य : श्री रामसुन्दर बासी

सदस्य : श्री सुनिता अवाल (प्रजापति)

सदस्य सचिव : श्री कृष्ण गोविन्द सुवाल

२. भक्तपुर नगरपालिकाको आयोजनामा विगतका वर्षहरूमा झैँ भक्तपुर **नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता** आयोजना गर्ने निर्णय गरियो ।

**मिति २०७९।५।२८ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ मंसिर ११-१५ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय भलिबल, फुटसल, टेबुल टेनिस, कबड्डी, उसु, कराँते, जिम्नाष्टिक, खो खो, पोर्टबल, एथ्लेटिक्स, ब्याटमिन्टन, तेक्वाण्डो, बुद्धिचाल र कसिमला पायः **प्रतियोगिता आयोजना गर्ने** निर्णय गरियो।

**मिति २०७९।५।२९ गते**

१. विद्या आर्जन सितेरियो कराँते डो शाखाको आयोजनामा २०७९ असोज १ गतेदेखि हुने तेस्रो उपत्यकाब्यापी कराँते प्रतियोगितामा यस नगरपालिकाको प्रशिक्षणका खेलाडीहरूलाई **सहभागी गराउने** र उक्त प्रतियोगितामा सहभागी खेलाडीको दर्ता शुल्क र अन्य आवश्यक व्यवस्था गर्न समितिका सदस्य श्री सुनिता अवाल (प्रजापति) लाई रु.११,५००।- पेश्की लिन लगाउने निर्णय गरियो।

च. भक्तपुर नगरपालिकाको मिति २०७९ भाद्र २९ गते बुधवारको कार्यपालिका बैठकले यस नगरपालिका क्षेत्रमा २०७२ वैशाख मसान्त अघि नै ९"X९" र ९"X१२" पिलर राखी भवन निर्माण गरेका र घर लाइन नक्सा पासको लागि पेश भएका नगरवासीहरूको नक्सा सम्बन्धमा निर्माण समितिबाट विभिन्न मितिमा देहायका नगरवासीहरूको नक्सा फिल्ड निरीक्षण गरी **तला थप नक्सा स्वीकृतिको** लागि प्रक्रिया अगाडि बढाउने भनी गरिएको निर्णय अनुमोदन गरियो-

| क्र.सं. | निवेदकको नाम/थर | निर्माण ठेगाना | कि.नं. |
|---|---|---|---|
| १. | रमा सुवाल भारी | भ.न.पा. वडा नं. ६ साविक वडा ५ | ५६१ |
| २. | यसोदा कार्की | भ.न.पा. वडा नं. १ साविक वडा १७ | ४२३ |
| ३. | उमेशकुमार तिमिल्सेना | भ.न.पा. वडा नं.१० साविक वडा ४ | १२१ |
| ४. | न्हुछेबहादुर प्रजापति समेत | भ.न.पा. वडा नं. ४ साविक वडा १२ | ७३३ |
| ५. | कृष्णलक्ष्मी गोसाई | भ.न.पा. वडा नं. ९ साविक वडा १ | ११५ |
| ६. | शैलुजा मिश्रा पोखरेल | भ.न.पा. वडा नं. १ साविक वडा १७ | ३७८३ |
| ७. | धनप्रसाद प्रजापति | भ.न.पा. वडा नं. १ साविक वडा १७ | ५२७६ |
| ८. | विष्णुकेशरी सांध | भ.न.पा. वडा नं. ८ साविक वडा २ | १७७ |

## निर्माण समिति

**मिति २०७८।०५।२७**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा एप्रोच रोड बनाउने र रिटेनिङ बाल निर्माण कार्य | ३ | बाग्मती प्रदेश समपूरक बजेट | ३०,०००,००० ।०० | | | | | | | | सूचना प्रकाशन |
| २ | हनुमानघाट सुधारिएको शवदाह गृह परिसरमा प्रतिक्षालय निर्माण कार्य | ७ | सुधारिएको शवदाह गृह | ४,६३६,०१३ ।३५ | | | | | | | | वजेटमा अपुग रकम उ.स.बाट आर्थिक सहयोग |
| ३ | कमलविनायक बस पार्कदेखि कमलपोखरीसम्मको बाटोमा हरियाली व्यवस्थापन | १० | वातावरण तथा पर्यटन | २६५,३५४।३९ | | | | | | | | |
| ४ | पर्यटन सूचना तथा सेवा केन्द्र दत्तात्रयमा शौचालयको लागि ढल निकास मर्मत | ९ | मर्मत | २२,३२०।०६ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | फोहोरमैला व्यवस्थापन स्थलमा ढल निकास सुधार कार्य | १ | मर्मत | ३३,६६९।९९ | | | | | | | | |
| ६ | गणेश मन्दिरदेखि इचाडोलसम्म ढुङ्गा छपाइ बाटो मर्मत | १ | सडक बोर्ड नेपाल | १,१९४,३१६।६६ | | | | | | | | |
| ७ | इटाछैं बाटोको छेउमा ढुङ्गा छपाइ | २ | सडक बोर्ड नेपाल | १,१९१,४२६।६१ | | | | | | | | |
| ८ | घलातेदेखि याकती मार्गसम्म इन्टरलकिङ ब्लक छपाइ बाटो मर्मत | ३ | सडक बोर्ड नेपाल | १,१८७,१९६।६६ | | | | | | | | |
| ९ | घत्खादेखि तालाक्वसम्म ढुङ्गा छपाइ बाटो मर्मत | ४ | सडक बोर्ड नेपाल | १,१८६,६९८।९९ | | | | | | | | |
| १० | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको करिडोर बाटो स्तरोन्नति कार्य | ८ | सडक बोर्ड नेपाल | १,१८९,७०५।६२ | | | | | | | | |
| | उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्वन्धमा | | | | | | | | | | | |
| १ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण (तेस्रो चरण) | ४ | नपा | ८,७८३,९०८।१७ | | | उ.स.अ. : श्री कुमार चवाल अ.स.स. : श्री पुरूषोत्तम तमखु | | | | | |
| २ | कमलविनायक पोखरीको दक्षिणतर्फको ढुङ्गाको बाउण्डरी वाल मर्मत कार्य | १० | मर्मत | ३०२,६४३।३८ | | | उ.स.अ. : श्री पुण्यराम दुमरू अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| ३ | बेखाल पाटी पुन:निर्माण कार्य | १० | नपा | ३,९००,६२७।६९ | | | उ.स.अ. : श्री रामभक्त अवाल अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| रि.लई. स्वीकृति/पेश्की फछ्र्यौंट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इखालाछी मठ पुन:निर्माण कार्य | ४ | नपा | ८,७७५,७३७।४६ | पहिलो पेश्की | २,०००,०००।०० | ३,६६३,१८७।०० | १,६६३,१८७।०० | ३,६८१,९६३।४१ | सम्पन्न | पशुपति प्रजापति | |
| | | | | | दोस्रो पेश्की | २,८००,०००।०० | ४,६१०,२००।०० | १,८१०,२००।०० | ४,७५४,३४८।१२ | | | |
| | | | | | **जम्मा** | ४,८००,०००।०० | ८,२७३,३८७।०० | ३,४७३,३८७।०० | ८,४३६,३११।५३ | | | |
| २ | भाज्या पोखरी केन्द्रमा जलेश्वर महादेव मन्दिर पुन:निर्माण र पुलको बाँकी कार्य | १ | नपा | ५,८०३,६५५।५४ | | १,९००,०००।०० | २,१०९,०९१।३८ | २०९,०९१।३८ | २,६८१,६३४।८४ | आंशिक सम्पन्न | लक्ष्मीनारायण राजलवट | |
| ३ | गयभिंद्योदेखि आदर्श बस स्टपसम्म सडकको पश्चिमतर्फ पेटी निर्माण कार्य | ५ | नपा | १,०३४,८९८।१४ | १,२८१,६००।९७ | ३००,०००।०० | ५९५,३७६।२२ | २९५,३७६।२२ | ६२४,६४८।३७ | सम्पन्न | बलराम न्हिसुतु | |
| | | | | | | ३००,०००।०० | ४४८,५६१।०५ | १४८,५६१।०५ | ६१८,६४४।३० | | | |
| | | | | | | ६००,०००।०० | १,०४३,९३७।२७ | ४४३,९३७।२७ | १,२४३,२९२।६७ | | | |

**बोलपत्र मूल्याङ्कन समिति**
**मिति २०७९।०५।१३ गते**

१. भक्तपुर नगरपालिकाबाट चालू आ.व.०७९/८० का लागि आवश्यक स्टेसनरी विभिन्न सामानहरू खरिद सम्बन्धी मिति २०७९/०४/२५ गते गो.प. दैनिकमा सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार म्यादभित्र पर्न आएका ६ (छ) थान सिलबन्दी दरभाउपत्रहरू मिति २०७९/०५/०८ मा खोलिएको मुचुल्का अनुसार सबभन्दा न्युनत्तम अङ्क कबोल गर्ने दरभाउ पत्रदाता सालघारी इन्टरप्राइजेज प्रा.लि. टिकाथली ललितपुरको कूल रु.५,६१,२७११०० (भ्याट सहित) बराबरको हुन आएको हुँदा "सार्वजनिक खरिद ऐन २०६३" को दफा (४०) उपदफा (५) र नियमावलीको नियम ( ८४) उपनियम (९) बमोजिम उक्त दरभाउपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले स्वीकृत गरी खरिद गर्न सिफारिस गर्ने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. नेपालभाषा साहित्य त:मुंज्यालाई भव्य रूपमा सम्पन्न गर्न आर्थिक सहयोग पाऊँ भनी परेको निवेदनमा छलफल हुँदा नेपालभाषा साहित्य त:मुंज्यालाई रु.७५,०००।- **आर्थिक सहयोग प्रदान** गर्ने निर्णय गरियो।

ख. भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष श्री रविन्द्र ज्याख्वले गाईजात्रा कार्यक्रम २०७९ को सांस्कृतिक विधाको मूल्याङ्कनको लागि आवश्यक खर्च गर्न रु. २,००,०००।- पेश्की लिएकोमा रु.२,५४,६२९।- खर्च गरी ल्याउनु भएकोले खर्च समर्थन गरी नपुग रकम ५४,६२९।- भुक्तानी दिई निजको नाममा रहेको **पे.फ.** गरियो।

ग. भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य श्री रोशन मैया सुवालले गाईजात्रा कार्यक्रम २०७९ को सांस्कृतिक विधाको मूल्याङ्कनको लागि आवश्यक खर्च गर्न रु. १,५०,०००।- पेश्की लिएकोमा रु.१,३२,४७५।- खर्च गर्नु भई बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको **पे.फ.** गरियो।

घ. भक्तपुर नगरपालिका वडा नं. ३ प्रशासन सहायक श्री गणेशराम सुवालले गाईजात्रा कार्यक्रम २०७९ को सांस्कृतिक विधाको मूल्याङ्कनको लागि आवश्यक खर्च गर्न रु. १,५०,०००।- पेश्की लिएकोमा रु. १,५३,८९०।- खर्च गरी ल्याउनु भएकोले खर्च समर्थन गरी नपुग रकम ३,८९०।- भुक्तानी दिई निजको नाममा रहेको **पे.फ.** गरियो।

ङ. भक्तपुर नगरपालिकाका कम्प्युटर अधिकृत श्री जौवन कोजूले मधेश प्रदेश अन्तर्गतका बारा, पर्सा, रौतहटलगायतका जिल्लाहरूको अध्ययन भ्रमणका लागि रु. १,००,०००। पेश्की लिनु भएकोमा रु.६४,५८८।- बराबरको खर्च विल भर्पाइ पेश गर्नु भई बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको **पे.फ.** गरियो।

च. भक्तपुर नगरपालिकाको बा १ क ८१५६ नं. को डोजर गाडी मर्मत गरे वापत रु. ७७,२६९।४० हाम्रो हेभी इक्वीपमेन्टलाई **भुक्तानी दिने** निर्णय गरियो।

छ. भक्तपुर नगरपालिकाको बा ३ च ८७९ नं. को फोहोरमैला सङ्कलन गर्ने गाडी मर्मत गरे वापत रु. ९३,४४९।- अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

झ. नपाको बा ३ च ७१४९ को एम्बुलेन्स गाडी मर्मत गरे वापत रु.१६,५१४।- डियरवाक अटो सर्भिसेस् प्रा.लि. लाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ. नपामा विभिन्न समयमा खाजा तथा नास्ता उपलब्ध गराए वापत दिव्य स्विट्सलाई रु.६९,०५५।- **भुक्तानी दिने** निर्णय गरियो।

ट. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत आर.के.जुस सेन्टरलाई रु.१३,८३०।- **भुक्तानी दिने** निर्णय गरियो।

ठ. तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाबाट स्वीकृत भई भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालय भक्तपुरबाट कायम भएको श्रेष्टा तथा नक्सा मध्ये नक्सा नं. १छ१ कि.नं. ८१ देखि ९९ सम्मको ब्लक र नकसा नं. १छ२ कि.नं. १ देखि ८ सम्मको ब्लकमा रहेको तपसिलको कित्ता जग्गा नकसा नं. १छ१ र १छ२ को सिमानाको बाटो उत्तरतर्फ सरेको हुँदा स्वीकृत श्रेष्टा तथा नापी नक्सा फिल्ड अनुसार फरक परेकोले देहाय बमोजिमको नक्सा तथा क्षेत्रफल संशोधन गर्ने निर्णय गरियो र सोही अनुसार कायम गर्न भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो-

| सि.नं. | सा कि.न. | नक्सा नं | कित्ता नं. | साविक क्षेत्रफल व.मि. | हाल संशोधित क्षेत्रफल व.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २६५ | १ | ८२ | ९२।९२ | ९३।५७ | |
| २ | २६६ | १ | ८८ | ११३।१० | ९७।५८ | |
| ३ | २७५ | १ | ८९ | ८७।१२ | ८६।७८ | |
| ४ | २६७ | १ | ९० | ७९।८४ | ९५।५९ | |
| ५ | २६९ | १ | ९० | ७९।८४ | ९५।५९ | |
| ७ | बिक्री | १ | ९८ | १७०।२७ | १७१।४८ | साविक कित्ता न. २५९ लाई दिएको |
| ८ | २५९ | १ | ९९ | ६७३।४२ | ५२८।०६ | |
| ९ | २५९ | २ | १ | २३०।०१ | १७२।४६ | |
| १० | २३४ | २ | २ | १७७।६६ | १७७।६६ | |
| ११ | २३५ | २ | ३ | ९३।५६ | ९३।५६ | |
| १२ | २२८ | २ | ४ | ११३।८० | ११३।८ | |
| १३ | २२९ | २ | ५ | ५०।२१ | ५०।२१ | |
| १४ | २३० | २ | ६ | ६१।१९ | ६१।१९ | |
| १५ | ७० | २ | ७ | १७६।३७ | १७६।३७ | |
| १६ | ७१ | २ | ७ | १७६।३७ | १७६।३७ | |
| १७ | खुला क्षेत्र | २ | ८ | ७५२।२६ | ९९१।०० | |

# बैठक सङ्ख्या १२

## मिति २०७९ असोज १० गते, सोमबार

### निर्णयहरू

१. यस वर्षको विश्व पर्यटन दिवसको अवसरमा देहायअनुसारका २२ जना सांस्कृतिक गुरुहरूलाई सम्मान गर्ने निर्णय गरियो–

**भ.न.पा १**

१) परमानन्द बज्राचार्य (धाँ बाजा/नायखीं बाजा)

२) गोपाल सिल्पकार (हार्मोनियम)

**भ.न.पा. २**

१) आशामरु मातां (लालाखीं)

२) सुनकुमार लाखे (धाँ बाजा/हार्मोनियम)

३) तुल्सी नारां साही (विशेष) (नायखीं)

**भ.न.पा. ३**

१) मोहन दास बाटी (दाफा भजन गीत)

२) चन्द्रलाल मानन्धर (धलक, नायखीं, पछिमा, लालाखीं)

**भ.न.पा ४**

१) राम प्रसाद भेले (दाफा भजन गीत)

२) दुर्गा प्रसाद प्रजापति (लालाखीं/दाफाभजनगीत)

**भ.न.पा ५**

१) आस बहादुर मचामसी (देवीनाच, कवांचा, जंगली, ख्या, म्हेखा, माक, सिंह प्याखं)

२) लक्ष्मीभक्त तमखु (बाँसुरी/पछिमा)

**भ.न.पा ६**

१) हरि गोविन्द कायष्थ (धल्चा भजन, हार्मोनियम, तबला)

२) अर्जुन नेपाली

**भ.न.पा. ७**

१) दयाराम वनमाला (नवदुर्गा देवगण नाच)

२) महेश्वरदास कार्जी (नृत्य)

३) पुन्य राज शाक्य (गुँला बाजा)

**भ.न.पा. ८**

१) सुकुराम फेलु (धिमे)

२) राजाभाई प्रजापति (धिमे)

**भ.न.पा. ९**

१) न्हुछे भक्त प्रजापति (दाफाभजनगीत)

२) कृष्णराम चित्रकार (लालाखीं)

**भ.न.पा. १०**

१) पुर्णबहादुर माक (धलक, पछिमा, लालाखीं)

२) रत्नबहादुर साही (नायखीं)

२. आ.व. २०७९/०८० को सामाजिक सुरक्षा भत्ता अन्तर्गत प्रथम त्रैमासिक (२०७९ श्रावण, भाद्र र असोज महिनाको) **सामाजिक सुरक्षा भत्ता** मिति २०७९ असोज १२ गतेदेखि वडा कार्यालय तथा बैंकहरूबाट वितरण गर्ने निर्णय गरियो।

### समितिका निर्णयहरू अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७९।६।९ गते**

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने महिला तथा युवा लक्षित ६ महिने आधारभूत सिलाई, ६ महिने बुटिक तथा ४ महिने पाक शिक्षा **तालिम** मिति २०७९ साल कार्तिक महिनादेखि सञ्चालनको निम्ति सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७९।६।२ गते**

१. गाईजात्रा पर्व २०७९ मा परम्परागत र आधुनिक विधाका मूल्याङ्कन समितिका पदाधिकारीहरू र गाईजात्रा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई निजहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै **मायाको चिनो** प्रदान गर्ने निर्णय गरियो।

२. यस नगरपालिकाको कानूनी सल्लाहकार श्री कृष्णप्रसाद भण्डारीको मासिक पारिश्रमिकमा मिति २०७९ असोज महिनादेखि खाईपाई आएको पारिश्रमिकको २० प्रतिशत **थप गर्ने** निर्णय गरियो।

३. नेपाल सरकारले मृगौला प्रत्यारोपण गरेका/डायलाइसिस गराइरहेका/क्यान्सर रोग निदान भएको/मेरुदण्ड पक्षघात निदान भएको बिरामीलाई प्रदान गरिने मासिक औषधी उपचार खर्च पाउन यस न.पा.को वडा कार्यालयहरूबाट सिफारिस भई आए बमोजिम बिरामीहरूको नामावलीसहित सम्बन्धित मन्त्रालयमा **निकासा माग** गरी पठाउने निर्णय गरियो।

**युवा तथा खेलकुद समिति**

**मिति २०७९।६।४ गते**

१. भक्तपुर नगरपालिकाभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका खेलकुद प्रशिक्षकहरूलाई २०७९ कार्तिक १ देखि ६ गतेसम्म पिटी, एथ्लेटिक्स, भलिबल, फुटबल, कबड्डी र खो खो खेल सम्बन्धी **प्रशिक्षक प्रशिक्षण तालिम** सञ्चालन गर्ने र उक्त तालिमको लागि विद्यालयहरूमा पत्राचार गर्ने निर्णय गरियो।

**कृषि समिति**

**मिति २०७९।६।७ गते**

१. मिति २०७९ असोज १२ गते रेबिज दिवसको उपलक्ष्यमा उक्त दिन बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म पशु शाखा कार्यालय, दूधपाटीमा कुकुर र बिरालोलाई रेबिज विरुद्धको नि:शुल्क खोप शिविर सञ्चालन गर्ने र सोको सूचना 'मजदुर' दैनिकमा प्रकाशन गर्ने र आउँदो दशै चाड लगतै भक्तपुर नगरको प्रत्येक वडामा **रेबिज विरुद्ध खोप शिविर** सञ्चालन गर्ने निर्णय गरियो।

## निर्माण समिति

**मिति २०७८।०६।१० गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हनुमन्ते खोला सुधार (धालाखुसी पुलदेखि सल्लाघारी पुलसम्म) | १ | सङ्घीय सरकार विशेष अनुदान | १९,८०३,३९५।१७ | | | | | | | | सूचना प्रकाशन गर्ने |
| २ | शित भण्डारण गृह भवन निर्माण कार्य (पहिलो चरण) | ८ | सङ्घीय सरकार समपूरक अनुदान | १०,०७१,१३७।७९ | | | | | | | | सूचना प्रकाशन गर्ने |
| ३ | इखालाछी मठ पुन:निर्माण कार्य (तेस्रो चरण) | ४ | इखालाछी मठ | ८,७५७,०१६।२८ | | | | | | | | |
| ४ | भनपा भवन अगाडिको बाटोमा ढुङ्गा छपाइ कार्य | २ | नपा भवन अगाडि ढुङ्गा छपाइ | २,३७१,०२५।७९ | | | | | | | | |
| ५ | भेलुखेलदेखि ५ नं. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत | ५ | सडक बोर्ड नेपाल तथा नपा | १,१७३,८२४।६८ | | | | | | | | |
| ६ | चोछेँदेखि छुमा गणेश मन्दिरसम्म ढुङ्गा छपाइ बाटो मर्मत | ६ | सडक बोर्ड नेपाल तथा नपा | १,१७३,०१२।१३ | | | | | | | | |
| ७ | याताबाट क्वाकचा जाने ढुङ्गा छपाइ बाटो मर्मत | ७ | सडक बोर्ड नेपाल तथा नपा | १,२९२,४३९।७५ | | | | | | | | |
| ८ | ताहामला गल्ली इटा छपाइ बाटो मर्मत | ९ | सडक बोर्ड नेपाल तथा नपा | १,२९५,०२९।४८ | | | | | | | | |
| ९ | ज्याख्व फल्चा (बेखाल) देखि महालक्ष्मी मन्दिरसम्म ढुङ्गा छपाइ बाटो मर्मत | १० | सडक बोर्ड नेपाल तथा नपा | १,२८३,६७८।९४ | | | | | | | | |
| १० | कालीघाट ढुङ्गेधारा परिसर सुधार कार्य | २ | मर्मत | ४८५,४२०।६४ | | | | | | | | |
| ११ | कालीघाट क्षेत्रको कासन खोला सुधार कार्य | २ | खोला सुधार शीर्षक | ३४०,७२३।८८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कमलविनायक स्थित चाँगु नारायण मन्दिर पुन:निर्माण कार्य | १० | मर्मत | ४४४,११७ ।२७ | | | उ.स.अ.:श्री तीर्थ मान दुमरू अ.स.स.: श्री कृष्ण नारायण दुमरू | | | | | |
| २ | इखालाछी मठ पुन:निर्माण कार्य (तेस्रो चरण) | ४ | नपा | ८,७५७,०१ ६।२८ | | | उ.स.अ. : श्री पशुपति प्रजापति अ.स.स. : श्री पुरूषोत्तम तमखु | | | | | |
| ३ | भनपा भवन अगाडिको बाटोमा ढुङ्गा छपाइ कार्य | २ | नपा | २,३७१,०२ ५।७९ | | | उ.स.अ. : श्री राम भक्त कोजू अ.स.स. : श्री न्हुछे राम कोजू | | | | | |
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तरकारी बजार व्यवस्थापन कार्य | ५ | नपा | ४,४०५, ८९७।१८ | ४,४९० ,५६८।१ ७ | १,२००,० ००।०० | १,५०१,६ २८।६७ | ३०१,६२ ८।६७ | १,६५५,० ३१।३८ | आंशिक सम्पन्न | राजाराम त्वाना बासु | |
| २ | फोहोरमैला प्रशोधन केन्द्रमा छाना तथा गटर निर्माण कार्य | ८ | फोहोर मैला प्रशोधन केन्द्र शीर्षक | ८४५,८८ ८।८८ | | २७५,०० ०।०० | ४१५,४० ६।९० | १४०,४० ६।९० | ७०२,७२ १।६६ | आंशिक सम्पन्न | दीपक जाकि बन्जार | स्थानीय हरू बाट रू.२,४ ८,०६५ ।३६ बराबर को जस्ता सहयोग प्राप्त भएको |
| ३ | शिशु स्याहार केन्द्र भवनमा रंग रोगन गरी मर्मत गर्ने कार्य | १ | मर्मत | २५२,३० ५।०२ | | ८०,००० ।०० | २२१,८० ०।०० | १४१,८० ०।०० | २३६,०२७ ।८५ | सम्पन्न | गौरव शिल्पकार | |
| ४ | पुरानो जगाती बाटोमा फुटपाथ निर्माण कार्य | ८ | नपा | २,५४४,२ ९९।७७ | पहिलो पेश्की | ७५०,०० ०।०० | ८२२,८० ७।०१ | ७२,८०७ ।०१ | १,१९३,१ २५।८३ | आंशिक सम्पन्न | लक्ष्मी प्रसाद भांग | |
| | | | | | दोस्रो पेश्की | ७५०,०० ०।०० | ८९१,२९ ७।०० | १४१,२९ ७।०० | ९४४,६८ ५।०७ | | | |
| | | | | | जम्मा | १,५००,० ००।०० | १,७१४,१ ०४।०१ | २१४,१० ४।०१ | २,१३७,८ १०।९० | | | |
| ५ | सन्तति आ.वि.मा प्लास्टर र रंगरोगन कार्य | १ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | ४३९,७१ ३।२९ | | १३०,०० ०।०० | ३७९,९५ ६।४५ | २४९,९५ ६।४५ | ५६७,४१ ३।७२ | सम्पन्न | भोजराज बस्नेत | |
| ६ | लक्ष्मी नरसिंह मन्दिर परिसर सीसीटीभी सरभिलेन्स जडान कार्य | ४ | मर्मत | १७६,६५९ ।६८ | २२७,२७ ८।०३ | ५५,००० ।०० | २१९,४२ ५।०० | १६४,४२ ५।०० | २२०,३४ ३।४० | सम्पन्न | उद्धव प्रजापति | |
| ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | चोछेंदेखि मुलाछेंसम्मको इटा छपाइ बाटो मर्मत | ६ | मर्मत | ३५५,०८ १।८३ | | सामान तर्फ | २५७,३९३ ।५१ | २५७,३९३ ।५१ | २५७,३९३ ।५१ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट |
| | | | | | | ज्याला तर्फ | ८९,४७५ ।०० | ८९,४७५ ।०० | ९७,६८८ ।३३ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य (का.उ. खा. लि. भक्तपुर शाखाबाट खानेपानीको पाइप बिछ्याउन बाटो खनेको ठाउँमा) | | | | | जम्मा | ३४६,८६ ८।५१ | ३४६,८६ ८।५१ | ३५५,०८ १।८४ | | | प्राप्त |
| २ | मुलाछेँदेखि ज्याख्व फल्चा (बेखाल) सम्मको इटा छपाइ बाटो मर्मत कार्य (का.उ.खा. लि. भक्तपुर शाखाबाट खानेपानीको पाइप बिछ्याउन बाटो खनेको ठाउँमा) | ६, १० | मर्मत | ३५८,२९ ९।७१ | | सामान तर्फ | २५९,३८ ८।२४ | २५९,३८ ८।२४ | २५९,३८ ८।२४ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ९८,१०० ।०० | ९८,१०० ।०० | ९८,८४१ ।४७ | | | |
| | | | | | | जम्मा | ३५७,४८ ८।२४ | ३५७,४८ ८।२४ | ३५८,२२ ९।७१ | | | |
| ३ | भ.न.पा. वडा नं. १ देखि १० सम्म विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (वैशाख महिनाको) | १-१० | मर्मत | २६१,४० ९।९४ | | सामान तर्फ | २०६,२७ ७।८१ | २०६,२७ ७।८१ | २०६,२७ ७।८१ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ५४,६०० ।०० | ५४,६०० ।०० | ५५,१३२। १२ | | | |
| | | | | | | जम्मा | २६०,८७ ७।८१ | २६०,८७ ७।८१ | २६१,४० ९।९३ | | | |
| ४ | भ.न.पा. वडा नं. १ देखि १० सम्म विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (जेठ महिनाको) | १-१० | मर्मत | ११८,७२ ८।७३ | | सामान तर्फ | ८८,२५० ।८२ | ८८,२५० ।८२ | ८८,२५० ।८२ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २९,९०० ।०० | २९,९०० ।०० | ३०,४७७। ९२ | | | |
| | | | | | | जम्मा | ११८,१५ ०।८२ | ११८,१५ ०।८२ | ११८,७२ ८।७४ | | | |
| ५ | डातापोल, भैरवनाथ मन्दिर, बेताल मन्दिर र वरपरका पाटी र मन्दिरको छाना सरसफाइ कार्य | ५ | मर्मत | ३९,११७। २७ | | | ३५,०००। ०० | ३५,०००। ०० | ३८,०१९। ७१ | सम्पन्न | अमानत | |

**रिटेन्सन रकम भुक्तानी तथा धरौटी फुकुवा सम्बन्धमा**

| | | | | |
|---|---|---|---|---|
| १ | भ.न.पा. वडा नं. ५ र ७ स्थित गयःभिंद्योदेखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुङ्गा छपाइ कार्य (ठेक्का नं. bktmun/works/03 /078/079) सम्पन्न गर्ने श्री तुल्सी कन्स्ट्रक्सनको रिटेन्सन रकम भुक्तानी तथा धरौटी फुकुवा गर्ने निर्णय गरियो । | | | |

## आर्थिक तथा लेखा समिति

**मिति २०७९।६।६ गते**

१. भक्तपुर नगरपालिका वडा नं. १ स्थित १०८ रोपनी चौरमा विगतमा जस्तै दशैं तिहारको अवसरमा खसी च्याङग्राको अस्थायी व्यवसाय गर्न मिति २०७९।६।११ देखि ०७९।७।१० गतेसम्म बढीमा १ महिनाको लागि स्वीकृति दिने र सोको लागि निम्न अनुसार कर दस्तुर र क्षेत्रफल कायम गर्ने निर्णय गरियो–

क. खसी, च्याङग्राको खरिदका लागि रु.२५,०००।- कर र ५००० धरौटी तथा क्षे.फ. बढीमा २०X२५ वर्गफिट सम्मको ।

ख. खसी, च्याङग्रा सफाइ गर्न तथा अन्य साना होटल र पसलका लागि रु.७,०००।- कर र ३,०००।-धरौटी तथा क्षेत्रफल १५X२० वर्गफिटसम्मको ।

२. भक्तपुर नगरपालिका वडा नं. १ स्थित भक्तपुर क्यान्सर अस्पताल, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकमलगायतका कार्यालयको काममा आउने सेवाग्राहीहरूको सवारी पार्किङ्गका कारण दुर्घटनाको संभावना र आवागमनमा समस्या देखिएकोले क्यान्सर अस्पतालको पूर्वपट्टि हाल सार्वजनिक शौचालय रहेको भवनसँगैको खाली स्थानमा सःशुल्क पार्किङ्ग व्यवस्था गर्ने र सो स्थानमा खटाउन २ जना **कर्मचारी ज्यालादारीमा व्यवस्था गर्ने** निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. नगरपालिकाबाट आयोजित गाईजात्रा कार्यक्रम २०७९ को मूल्याङ्कनका लागि आवश्यक साउण्ड सिस्टम र लाइट सिस्टम उपलब्ध गराए वापत रु.१,७४,०२०।- बास इलेक्ट्रोनिक्स ट्रेडलाई **भुक्तानी** दिएको बैठकबाट अनुमोदन गरियो।

ख. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क २९४१ नं. को बाको लोडरमा गियर लिभर लगायत अन्य मर्मत गरे वापतको रु.२०९,६१५।- हाम्रो हेभी इकुपमेन्ट वर्कशप प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित मोटर साइकल नं. ३८५८ मा आवश्यक सर्भिसिङ्ग गरे वापतको रु.३,२८५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. मिति २०७९।०४।२५ गते गाईजात्रा रुट सरसफाइ र ज्याली गर्न आवश्यक साउण्ड सिस्टम र लाइट सिस्टम उपलब्ध गराए वापत बास नेशनल साउण्ड सिस्टमलाई रु. १७,०००।- **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा २ च ६०४९ नं. को जिपमा डिजेल पम्प खोल फिट गरी मर्मत गरे वापतको रु.५४,९१८।- र बा ५ च २५२८ नं. गाडीमा आवश्यक सामान फेरे वापत रु.११,४६९।५० गरी जम्मा रु.६६,३८७।५० डियरवक अटो सर्भिसेस प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. भक्तपुर नगरपालिका कार्यालयबाट २०७९ सालको गाईजात्रा कार्यक्रममा परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताहरूलाई चिया, नास्ता तथा मन्च व्यवस्थापन गर्नको लागि गणेश राम सुवाललाई रु. १,५०,०००।- पेश्की दिएकोमा जम्मा खर्च १,५३,८९०। समर्थन गरी नपुग रकम भुक्तानी दिई निजको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

छ. जेन्यूइन स्कुलमा तत्कालीन कक्षा ८ को परीक्षा सञ्चालन गर्न श्री योगेन्द्रमान बिजुक्छेँज्यूले रु.४७,६९०। पेश्की लिई करसहित रु.५५,४००। भएको खर्च समर्थन गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

ज. मिति २०७९।०६।०१ गते विद्या आर्जन सितेरियो कराते डो शाखाको आयोजनामा तेस्रो उपत्यकाव्यापी कराँते प्रतियोगितामा सहभागी १७ जना खेलाडीहरूलाई खाना, खाजा तथा सहभागी दर्ता शुल्क वापत रु.११,१४०।- कराते प्रशिक्षक रविना सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापतको जम्मा रु.३,३००।- सुवर्ण भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. १४,६००।- झःछेँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.५,०००।- बालकृष्ण खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

के गर्दैछ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# अनुभवको आदान-प्रदान

## पाकिस्तानका प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिकामा स्वागत




भक्तपुर नगरपालिकाको सेवा प्रवाह एवम् असल अभ्यासहरूको अध्ययन गर्न भक्तपुर नगरपालिकाको अवलोकन भ्रमणमा आएका मित्रराष्ट्र इस्लामिक गणराज्य पाकिस्तानका स्वात स्थानीय सरकार प्रमुख एवं मेयर शाहीद अलीलगायतको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्तिक १ गते एक कार्यक्रमबीच पुष्पगुच्छा, खादा र भादगाउँले टोपीका साथ नगरपालिकामा स्वागत गर्नुभयो ।

स्वागत कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले जनप्रतिनिधिहरूको भ्रमणहरूको आदानप्रदानले दुई देशको मित्रतालाई अझ प्रगाढ बढाउने विश्वास राख्दै नेपाली जनता र पाकिस्तानी जनताले धेरै विषयहरूमा समान समस्याहरू भोग्दै आइरहेको बताउनुभयो ।

उहाँले सिन्धु प्रान्तमा आएको बाढीका कारण भएको क्षतिको घटनाप्रति दुःख व्यक्त गर्नुहुँदै बाढी पीडित पाकिस्तानी जनताको शिघ्र पुनःस्थापनाको लागि पाकिस्तान सरकार र त्यहाँका स्थानीय सरकारहरूलाई सफलता मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्यले स्थापना भएको कम्युनिष्ट पार्टी भएको बताउनुहुँदै पार्टीको नेतृत्व नेपालका वरिष्ठ कम्युनिष्ट नेता का. नारायणमान बिजुक्छेँ (रोहित)ले गर्दै आउनुभएको, २०७४ र २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा भक्तपुर नगरपालिकामा नेमकिपाका सबै उम्मेदवारहरूले जित हासिल गरेको अवगत गराउनुभयो ।

सोही क्रममा भक्तपुर नगरपालिकाको सङ्क्षिप्त परिचय दिनुहुँदै प्रमुख प्रजापतिले विकास निर्माण र सम्पदा संरक्षणको काम नगरपालिकाले स्थानीय जनता परिचालन गरी गर्दै आएको र स्थानीय जनतालाई रोजगारीको सृजना, संरचनामा जनताको अपनत्व र गुणस्तरीय निर्माणको कारण भनपाले स्थानीय जनताको परिचालन गरी विकास निर्माणको काम सफलतापूर्वक सञ्चालन गर्न सम्भव भएको बताउनुभयो ।

उहाँले 'उत्पादनका साधनहरू सामाजिकीकरण गर्ने, शिक्षा र स्वास्थ्य उपचारको जिम्मेवारी राज्यले लिनुपर्ने मान्यताअनुसार हामी जनप्रतिनिधिहरूले काम गर्दै आइरहेका छौँ' भन्नुभयो ।



त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाको सेवाप्रवाह र सम्पदा पुनःनिर्माणको विषय समेटेर प्रस्तुतीकरण देखाउनुभएको थियो । अन्तरक्रियामा उठेका जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै उहाँले संविधान र कानूनले स्थानीय तहलाई प्रदान गरेको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायत अन्य विकास निर्माणका कामहरू गरी जनताको सेवा गरिरहेको प्रष्ट पार्नुभयो । भक्तपुर नगरपालिकामा महिलाहरूको साक्षरता बढ्दै गइरहेको बताउनुहुँदै नगरपालिकाद्वारा सञ्चालित कलेज तथा सङ्घ–संस्थाहरूमा महिलाहरूको सहभागिता र भूमिका उल्लेख्य रहेको बताउनुभयो ।

भेटमा पाकिस्तानको स्वातका प्रमुख **शाहीद अली**ले भक्तपुर नपाले गरेको सौहार्द्रपूर्ण स्वागतको लागि धन्यवादज्ञापन गर्नुहुँदै नगरपालिकाको सेवा प्रवाह र सङ्गठन स्वरूप तथा कार्यशैलीबाट आफू निकै प्रभावित भएको बताउनुभयो । नेपाल–पाकिस्तानबीचको सम्बन्ध अगामी दिनहरूमा अझ सुमधुर रहने विश्वास प्रकट गर्नुहुँदै उहाँले भक्तपुर भ्रमण निकै उत्साहप्रद र उपलब्धिपूर्ण भएको बताउनुभयो ।





प्रस्तुतीकरणपश्चात भएको अन्तरक्रिया कार्यक्रममा पाकिस्तानका प्रतिनिधिहरूले भक्तपुरको साक्षरताको अवस्था, भक्तपुर नपाबाट सञ्चालित कलेज तथा अन्य सङ्घ संस्थाहरूमा महिला सहभागिता, नगरपालिकाको प्रशासनिक सङ्गठन संरचना, भक्तपुर नपाको स्रोत तथा बजेट व्यवस्थापन र भक्तपुर नपा र देशका अन्य स्थानीय तहहरूबीचको अन्तरसम्बन्धबारे जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रमपश्चात प्रमुख प्रजापतिले पाकिस्तानका प्रमुख अलिलाई भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र नपाका केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने उपप्रमुख जोशीले अन्य प्रतिनिधिमण्डललाई नपाको प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपामा भएको स्वागत कार्यक्रमपश्चात उपप्रमुख जोशीले प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ तथा ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको स्थलगत अवलोकन भ्रमण गराउनुभएको थियो ।

उक्त भ्रमण टोलीमा खैबर पख्तुनख्वा र पन्जाब प्रान्तमा सञ्चालित जी.आई.जेड. पाकिस्तानको स्थानीय सरकार सहयोग कार्यक्रमका कर्मचारी र स्थानीय सरकारका प्रतिनिधिहरू उपस्थित थिए । भ्रमणमा सहभागीहरूको नामावली यसप्रकार छन् :

1. Najeeb Aslam, Director PLGA Lalamusa
2. Farooq Ahmed, Deputy Director, DG LG&CD Punjab
3. Arslan Ali, Deputy Secretary (Reg.)
4. Muhammad Zaman Wattoo, Deputy Secretary DG LG&CD Punjab
5. Mehmood Masood Tamana, Director General (I&M) LG&CD Punjab
6. Sara Mohsin, Assistant Director DG LG&CD Punjab
7. Shazia Mumtaz, Assistant Director DG LG&CD Punjab
8. Sidra Hameed, Lady Councilor (Minority) Punjab
9. Salma Fahad Wazir, Assistant Director LGE&CDD KP
10. Mian Qaisar Khan, Tehsil Municipal Officer Matta Swat KP
11. Shahid Ali, Mayor City Local Government Swat
12. Syeda Qurat-ul-Ain Zaidi, Assistant Tehsil Officer Reg. LGE&CDD KP
13. Robina Shaheen, Elected Women Councilor Hairpur
14. Muhammad Usman . Director General LGE&CDD KP
15. Gouhar Ayub, Team Leader GIZ Logo-II ISB
16. Adeel Bahadur, Technical Advisor GIZ Logo-II Peshawar.
17. Sanam Irshad, Technical Advisor GIZ Logo-II
18. Pramod Aryal, LG expert Rural and Urban Consult pvt. ltd.
19. Sadikxya Acharya
20. Yadak Ojha, Project Manager, GIZ

# ‘जनप्रतिनिधिहरूको भ्रमणहरूको आदानप्रदानले दुई देशको मित्रतालाई अगाडि बढाउनेछ’

– सुनिल प्रजापति, प्रमुख भक्तपुर नपा




मित्र देश पाकिस्तानका स्वात स्थानीय सरकार प्रमुख एवं मेयर शाहीद अलीज्यूलगायत प्रतिनिधि मण्डलका सम्पूर्ण सदस्यहरूलाई सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत गर्दछौँ। पाकिस्तानका स्थानीय सरकार प्रमुखलगायतको प्रतिनिधि मण्डललाई स्वागत गर्न पाउँदा हामीलाई खुशी लागेको छ। जनप्रतिनिधिहरूको भ्रमणहरूको आदानप्रदानले दुई देशको मित्रतालाई अगाडि बढाउने विश्वास गर्दछौँ।

नेपाल र पाकिस्तान दक्षिण एशियाली विकासोन्मुख मुलुकहरू हुन्। नेपाली जनता र पाकिस्तानी जनताले धेरै विषयहरूमा समान समस्याहरू भोग्दैछन्। यो वर्षको बाढीको कारण पाकिस्तानमा धेरै जनधनको क्षति भएको दुःखद् समाचार सुन्यौँ। विशेष गरी सिन्धु प्रान्तलगायतका क्षेत्रमा भएको क्षतिको घटनाप्रति हामी दुःख व्यक्त गर्छौँ। अर्बौं डलरको क्षति हुने गरी भएको उक्त बाढी संसारमा आएको मौसम परिवर्तनकै कारण भएको वैज्ञानिकहरूको भनाइ छ। आजको यस कार्यक्रममार्फत बाढी पीडित पाकिस्तानी जनताको शिघ्र पुनःस्थापनाको लागि पाकिस्तान सरकार र त्यहाँका स्थानीय सरकारहरूलाई सफलता मिलोस् भनी कामना गर्दछौँ।

२०६२।६३ को परिवर्तनपश्चात नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देशमा रूपान्तरण भयो। नयाँ संविधान निर्माणसँगै नेपाल ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजित भयो। नयाँ संविधानअनुसार नेपालमा २०७४ सालमा पहिलो स्थानीय तहको निर्वाचन सम्पन्न भयो। उक्त निर्वाचनमा भक्तपुर नगरपालिकामा शत प्रतिशत जनप्रतिनिधिहरू नेपाल मजदुर किसान पार्टीले जित्यो। नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्यले स्थापना भएको कम्युनिष्ट पार्टी हो। यस पार्टीको नेतृत्व नेपालका वरिष्ठ कम्युनिष्ट नेता का. नारायणमान बिजुक्छेँ (रोहित)ले गर्दै आउनु भएको छ। २०७९ साल वैशाख ३० गते सम्पन्न दोस्रो स्थानीय तह निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा नेमकिपाका सबै उम्मेदवारहरूले जित हासिल गर्नुभयो। मेयर, उपमेयरलगायत ४५ जना नगरसभाका सबै सदस्यहरू नेमकिपाकै हुनुहुन्छ। हामी अधिकांश जनप्रतिनिधिहरू दोस्रो कार्यकालका लागि पुनः निर्वाचित भएका छौँ। भक्तपुर नगरपालिकामा विपक्षी राजनैतिक पार्टीहरूको उपस्थिति शून्य छ।

- ☐ भक्तपुर नगर १० ओटा वडामा विभाजित छ। २०७८ को जनगणनाअनुसार यहाँको कूल जनसङ्ख्या करिब ७९,००० छ र यो किसानहरूको वाहुल्यता भएको नगर हो। प्रत्येक वडामा १ जना वडाध्यक्ष र अरू ४ जना वडा सदस्यको निर्वाचित हुने कानूनी व्यवस्था छ। स्थानीय तहमा प्रमुख/उपप्रमुखमध्ये ५० प्रतिशत र अन्य सदस्यहरूमा ४० प्रतिशत महिला प्रतिनिधित्वको सुनिश्चितता गरिएको छ।
- ☐ नगरपालिकाको सबैभन्दा उच्च तह नगरसभा हो। नगरसभालाई संविधान र कानूनले निर्दिष्ट गरेका विषयहरूमा कानून निर्माण गर्ने अधिकार छ। स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार प्राप्त छ। संविधान र कानूनले प्रदान गरेको त्यही अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायत अन्य विकास निर्माणका कामहरू गरी जनताको सेवा गरिरहेको छ।
- ☐ भक्तपुर नगरपालिका निजी क्षेत्रलाई प्राथमिकतामा राख्दैन। उत्पादनका साधनहरू सामाजिकीकरण गर्ने, शिक्षा र स्वास्थ्य उपचारको जिम्मेवारी राज्यले लिनुपर्ने मान्यताअनुसार हामी जनप्रतिनिधिहरूले काम गर्दैछौँ।
- ☐ यस नगरपालिकामा ९२ ओटा विद्यालयहरू छन्। शैक्षिक सुधारको निम्ति भक्तपुर नगरपालिकाले शिक्षकहरूको लागि तालिम दिने, विद्यालयहरूको भौतिक सुधारको लागि आर्थिक सहयोग गर्दै आएको छ। नगरपालिकाले शिशु स्याहार केन्द्रदेखि आफ्नै स्वामित्वमा ८ ओटा ➲

# 'भक्तपुर नपाको सेवा प्रवाहदेखि प्रभावित छौं'



– शाहीद अली, प्रमुख
स्वात स्थानीय सरकार, पाकिस्तान

सर्वप्रथम भक्तपुर नपाले गरेको सौहार्द्रपूर्ण स्वागतको लागि धन्यवाद ज्ञापन गर्दछु। भक्तपुर नगरपालिकाको सेवा प्रवाह र सङ्गठन स्वरूप तथा कार्यशैलीबाट म निकै प्रभावित भएँ।

पाकिस्तानको स्वातमा स्थानीय शासन ऐन ई.स. २०१३ मा लागू भएको हो र पछि २०१९ मा संशोधन भई पहिलो पटक २०२२ मा मेयरको व्यवस्था भएको थियो। सो पश्चात पहिलो मेयरको रूपमा नाजिम आउनुभयो। उहाँ प्रत्यक्ष चुनावबाट नभई अप्रत्यक्ष रूपमा काउन्सिलबाट छानिएर आउनु भएको थियो।

अहिले मेयरको मुख्य कार्य दीर्घकालीन लक्ष्य प्रदान गर्नु, नेतृत्व दिनु र निर्देशन दिनु रहेको छ। मेयर अन्तर्गत रहेका शाखाहरूमा नागरिक प्रशासन, स्वास्थ्य र इन्जिनियरिङ्ग, कृषि, मत्स्यपालन, प्राथमिक शिक्षा, पशुसेवालगायत ११ ओटा क्षेत्रहरू छन्।

नेपाल-पाकिस्तानबीचको सम्बन्ध आगामी दिनहरूमा अझ सुमधुर हुने विश्वास व्यक्त गर्दछु। भक्तपुरका मेयर उपमेयरलगायत जनप्रतिनिधिहरूले 'स्विजरल्याण्ड' भनेर चिनिने स्वातको स्थानीय सरकारको प्रणाली बुझ्न आउनुहुनेछ भन्ने आशा व्यक्त गर्दछु र यहाँहरूलाई हाम्रो नगरमा हार्दिक स्वागत गर्ने वाचा व्यक्त गर्दछु। धन्यवाद !

*(भक्तपुर नगरपालिकाले मित्रराष्ट्र इस्लामिक गणराज्य पाकिस्तानका स्वात स्थानीय सरकारको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर नगरपालिकामा आयोजित स्वागत कार्यक्रममा स्वातका मेयर शाहीद अलीबाट व्यक्त मन्तव्यको सारसंक्षेप, २०७९ कार्तिक १ गते)*

---

➲ कलेजहरू सञ्चालन गर्दै सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ भने वडा वडामा स्वास्थ्य केन्द्रको स्थापना गरी घरदैलो नर्सिङ सेवा सञ्चालन गर्दै आएको छ। नगरपालिकाको १०० शय्याको ख्वप अस्पताल सञ्चालनमा छ। त्यहाँ न्यून शुल्कमा गुणस्तरीय स्वास्थ्य उपचारको व्यवस्था छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा भनपाले राम्रो सेवा गर्दै आइरहेको छ।

☐ विकास निर्माण र सम्पदा संरक्षणको काम नगरपालिकाले स्थानीय जनता परिचालन गरी गर्दै आएको छ। स्थानीय जनतालाई रोजगारीको सृजना, संरचनामा जनताको अपनत्व र गुणस्तरीय निर्माणको कारण भनपाले स्थानीय जनताको परिचालन गरी विकास निर्माणको काम गर्दै आएको हो। ठेकेदारहरूले सम्पदाको सांस्कृतिक महत्त्व नबुझ्ने र नाफाकै निम्ति काम गर्ने हुँदा सम्पदा पुनःनिर्माण र जीर्णोद्धारमा भनपाले स्थानीय जनसहभागितालाई नै जोड दिँदै आएको हो।

☐ यहाँका जनतालाई पाकिस्तानको राजनीति, भूगोल र इतिहासबारे कम मात्रै जानकारी छ। भनपाका साथीहरूलाई त्यहाँको वर्तमान राजनीति, आर्थिक र सांस्कृतिक अवस्थाबारे सङ्क्षिप्तमा जानकारी दिनु भए आभारी हुनेछौं।

यहाँहरूको भक्तपुर भ्रमणको आजको दिन सुखद रहोस्। पुनः एक पटक स्वागत गर्दछौं। धन्यवाद।

*(मिति २०७९ कार्तिक १ गते, मंगलबार भक्तपुर नगरपालिकाको सेवा प्रवाह एवम् असल अभ्यासहरूको अध्ययन गर्न भक्तपुर नगरपालिकाको अवलोकन भ्रमणमा आएका मित्रराष्ट्र इस्लामिक गणराज्य पाकिस्तानका स्वात स्थानीय सरकार प्रमुख एवं मेयर शाहीद अलीलगायतको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर नगरपालिकामा आयोजित स्वागत कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार संक्षेप)*

# नगरपालिका गतिविधि

## भनपाको आयोजनामा डेंगु रोगसम्बन्धी सचेतना र्‍याली

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा असोज १५ गते भनपा-१, दुधपाटीबाट शुरु भएको डेङ्गु रोगसम्बन्धी सचेतना र्‍याली भार्वाचो-वंशगोपाल-नासमना-टौमढी-सुकुलढोका-गोल्मढी-दत्तात्रय-सूर्यमढी हुँदै ख्वप अस्पतालमा पुगी सभामा परिणत भयो ।




र्‍यालीको समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले डेङ्गु रोगबाट बचन नगरवासीहरूले रोकथाममूलक एवं सुरक्षाका सम्पूर्ण उपायहरू अपनाई भक्तपुर सुरक्षित छ भन्ने सन्देश देश विदेशसम्म पुऱ्याउनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले र्‍याली जनतालाई सचेत पार्ने सन्देशमूलक कार्यक्रम मात्र हो रोगबाट नगरवासीहरूलाई बचाउन स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरू, कर्मचारीहरू र अगुवाहरूले निरन्तर जनचेतना अभिवृद्धि गरिरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

दशैंको लामो विदामा भनपाद्वारा सञ्चालित अस्पताल र स्वास्थ्य केन्द्रहरू खुला रहने जानकारी दिनुहुँदै उहाँले सकेसम्म स्वास्थ्य संस्थामा पुग्नै नपर्ने गरी आफ्नो स्वास्थ्यलाई ख्याल गरी शरीरलाई बेफाइदा नहुने गरी सेवन गर्न र खानपानमा विशेष ध्यान दिनका लागि सम्पूर्ण नगरवासीहरूलाई अनुरोध गर्नुभयो । 'हामी स्वस्थ भए मात्र समाज स्वस्थ हुन्छ र स्वस्थ समाज मात्र आत्मनिर्भर एवं सभ्य समाज बन्छ' भन्नुहुँदै प्रमुख प्रजापतिले स्वस्थ समाज निर्माणको लागि हामी सबैको प्रयास अपरिहार्य छ भन्नुभयो ।

समापन कार्यक्रममा बोल्नुहुँदै ख्वप अस्पतालका डा. **अमर प्रजापति**ले डेङ्गु रोगका लक्षणहरू ज्वरो आउने, थकान महसुस हुने, टाउको, मांसपेशी तथा जोर्नी दुख्ने र वाकवाली लाग्ने वा बान्ता हुने भएकोले यस्ता लक्षण देखिएमा चिकित्सकको सल्लाहबिना आफैले औषधी सेवन नगर्न र नजिकैको स्वास्थ्य संस्थामा गई उपचार गराउन सुझाव दिनुभयो । उहाँले यस रोगमा प्लेटलेट्सको कमीले शरीरमा इन्टरनल ब्लिडिङ्ग भई समस्या हुनसक्ने सम्भावना भएको हुँदा २-४ प्रतिशत बिरामीहरू सिकिस्त भई मृत्यु हुने खतरा समेत रहेको हुँदा यस रोगप्रति सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

र्‍यालीको शुरु गर्नुहुँदै ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले डेङ्गु रोगलाई बेवास्ता गर्न नहुने र रोग लागेका मध्ये १ प्रतिशतलाई सिकिस्त पार्न सक्ने हुँदा रोगबाट बच्न आत्मबल बढाउन आवश्यक छ भन्नुहुँदै सङ्क्रमणबाट बच्नको लागि विशेषगरी पानी जम्न नदिने तथा आ-आफ्नो घरवरपरको सरसफाइमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो ।



र्‍यालीको क्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल र भनपा-९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले डेङ्गुसम्बन्धी सचेतना अभिवृद्धि गर्नुहुँदै यस रोगबाट बच्नको लागि अपनाउनुपर्ने सुरक्षा विधिबारे जानकारी दिनुभएको थियो भने सचेतना र्‍यालीमा जनप्रतिनिधिहरू, ख्वप अस्पतालमा कार्यरत चिकित्सक एवं कर्मचारीहरू, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्रशिक्षक एवं विद्यार्थीहरू, विभिन्न सहकारी संस्थाका प्रतिनिधि एवं कर्मचारीहरू, विद्यालयका शिक्षक एवं विद्यार्थीहरू नगरपालिकाका कर्मचारीहरू, पत्रकार एवं स्वयंसेवकहरूको उपस्थिति रहेको थियो ।

# भक्तपुर नगरपालिकाको आयोजनामा शुभ विजया दशमीको उपलक्ष्यमा शुभकामना कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा शुभ विजया दशमीको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा असोज १६ गते भयो ।



प्रमुख अतिथि **सुनिल प्रजापति**ले नेपाल मजदुर किसान पार्टीको नीतिअनुसार श्रमलाई सम्मान गर्ने नगरपालिकाले अनुसरण गर्दै आएको बताउनुहुँदै अरू ठाउँमा बेइमान र ठगहरूको इज्जत गर्ने तर भक्तपुर नगरपालिकाले इमान्दार, कर्तव्यनिष्ठ, काम गरी खानेलाई इज्जत दिने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकामा समाजवादी मोडलअनुसार शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणको काम भइरहेको बताउनुभयो । उहाँले सफाइ मजदुरहरूलाई स्वास्थ्य सुरक्षाको लागि दिएको माक्स, पञ्जा र बुट लगाउन अनुरोध गर्नुहुँदै सफाइमा काम गर्ने सफाइ मजदुरहरू किटाणुहरूसँग सम्पर्कमा रहने भएकोले घरपरिवार र समाजलाई नै रोग सार्न सक्छ भन्नुभयो । उहाँले काम गर्दा बानी व्यवहार र बोलीचाली राम्रो र नरम हुनुपर्ने बताउनुहुँदै सेवाग्राहीसँग रिस गर्न नहुने साथै रिसले पतनको बाटोतर्फ लान्छ भन्नुभयो । उहाँले पद अनुसार योग्य नभए पद ओगट्नुको अर्थ नहुने र आफू राम्रो र सक्षम हुँदैमा अरूलाई हेप्न नहुने बताउनुभयो ।

उहाँले जनप्रतिनिधिहरू जनताको सेवामा दमकल र एम्बुलेन्स सरह काम गर्ने वाचाका साथ आएको हुनाले जनताको सेवामा छिटो छरितो सेवा दिन निर्देशन दिनुहुँदै विजया दशमीको शुभकामना दिनु भयो ।

कार्यक्रममा भनपा वडा ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले नेमकिपाको उद्देश्यअनुसार भक्तपुरलाई स्वच्छ सफा हराभरा र पर्यटकीय गन्तव्य स्थल बनाउन सरसफाइलाई निरन्तता दिइआएको बताउनुभयो । उहाँले पुजाको नाममा बलि दिनु र रगत पर्सिनु मेसिनरी सामान, सवारी साधन बिग्रने र खिया लाग्ने भएकोले वैज्ञानिक र भौतिकवादी दृष्टिकोणले दशैं मनाउने र कामप्रति सम्मान गर्ने गरी मनाउनुपर्ने बताउनुभयो । उहाँले कर्मचारीहरू एक ठाउँमा भेला गरी एक आपसमा मिलेर काम गर्नुपर्ने बताउनुहुँदै नगरपालिकाको भावनाबारे जानकारी दिने उद्देश्यले रचनात्मक ढङ्गले उपयोग गर्ने गरी यो शुभकामना आदानप्रदान कार्यक्रम गरेको बताउनुभयो । उहाँले कर्मचारीहरू जनता र जनप्रतिनिधिहरूको पुल वा राजदूतको काम गर्नुपर्ने बताउनुहुँदै मालिक होइन सेवकका रूपमा काम गर्न निर्देशन दिनुभयो । कार्यक्रममा भनपा वडा नं ७ का वडाध्यक्ष **उकेश कवां**ले स्वास्थ्य राम्रो तब हुन्छ जब खानपान, सरसफाइ राम्रो हुन्छ त्यसैले शुभकामनाको अर्थ तब हुन्छ जब उ स्वस्थ हुन्छ त्यसैले डेंगु, कोरोना बाहिरबाट घरमा सार्ने भएकोले सफाइ मजदुरहरू घर जाँदा सफासुग्घर भएर जानुपर्ने बतउनुभयो । उहाँले मजदुरहरूको बानीव्यवहार राम्रो हुनुपर्ने र संसारको सबभन्दा राम्रो व्यवस्था ल्याउने भनेकै मजदुरहरूले हो भन्नुहुँदै त्यसको निम्ति सिक्नुपर्ने र अध्ययन गर्नुपर्ने र शासन सत्तामा पुग्न मिहिनेत गर्नुपर्ने बतउनुभयो ।



कार्यक्रममा श्यानिटेशन उपशाखा प्रमुख दिलिप कुमार सुवाल र वडानिरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

## उपप्रमुख जोशीद्वारा डेंगुका बिरामीहरूको स्वास्थ्यबारे जानकारी



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमामा एक हप्तायता डेंगुका बिरामीहरूले बेड भरिन थालेका छन् । सोही क्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले असोज २५ गते भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा भर्ना भएका डेंगु सङ्क्रमित बिरामीहरूलाई भेटी उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभयो ।

ख्वप अस्पतालमा डेंगु रोग पहिचान भई हालसम्म भर्ना भएका ११६ जना बिरामीमध्ये १०१ जनाको उपचार पश्चात डिस्चार्ज भइसकेको तथा २ जनालाई थप उपचारको लागि अन्य अस्पतालमा रिफर गरिएको छ भने हाल १३ जना भर्ना भई उपचाररत रहेको अस्पताल स्रोतले जनाएको छ ।

अस्पतालमा भर्ना भएका डेंगुका बिरामीहरूमा उच्च ज्वरो आउने, टाउको बेस्सरी दुख्ने, प्लेटलेट्स घट्ने, अत्यधिक शरीर दुख्ने, रिंगटा लाग्ने, कमजोरी महसुस हुने, आँखाको गेडी दुख्ने, थकान महसुस हुने, बान्ता हुने, सास फेर्न गाह्रो हुने, खुट्टा सुन्निने जस्ता लक्षणहरू देखिएको पाइएको छ ।

डेंगु रोग रोकथाम तथा नियन्त्रणको लागि भक्तपुर नगरपालिकाले सचेतना ऱ्याली, नगरवासीहरूलाई डेंगु रोगबारे जनचेतना अभिवृद्धि, नगरमा विशेष सरसफाइ र औषधी (विषादी) स्प्रे छर्ने कार्य, चुन छर्किने, सरसफाइ एवं पर्चा वितरण समेत गर्दै आएको छ ।

त्यस्तै फोहोर सङ्कलन गर्ने सफाइ गाडीमार्फत डेंगु रोगबारे जनचेतना अभिवृद्धिका लागि माईकिङ गरी सूचना प्रवाह, ख्वप सः मा देंगु रोगबारे जनचेतना अभिवृद्धिका लागि विशेषज्ञ डाक्टरहरूको अन्तर्वार्ता प्रसारण, वडाका पानी जम्ने स्थानहरूमा डेंगुका लार्भा नष्ट गर्ने कार्यक्रम, १० ओटै वडाका वडा नर्सहरू र स्वास्थ्य स्वयम्सेविकाहरू परिचालन गरी घर घरमा डेंगु रोकथाम र नियन्त्रणको लागि सचेतना कार्यक्रमहरू पनि सञ्चालनमा नगरपालिकाले जोड दिँदै आएको छ ।

## डेंगु रोकथामको लागि अभियान

डेंगु सङ्क्रमणको जोखिम बढेसँगै भक्तपुर नगरपालिकाले नगरका १० ओटै वडाहरूमा डेंगु रोकथामको लागि अभियान सञ्चालन गरेको छ । सोही क्रममा नगरका विभिन्न ठाउँहरूमा डेंगु नियन्त्रणको लागि क्लोरिन छर्कने कार्य जारी छ । भक्तपुर नपाका विभिन्न टोलहरूमा क्लोरिन छर्कने कार्यमा जुट्दै नगरपालिकाका कर्मचारीहरू ।

**केही तस्वीरहरू**







## सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिजविरुद्ध निःशुल्क खोप शिविर

भक्तपुर नगरपालिकाको समन्वय र बागमती प्रदेश सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालयअन्तर्गत भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आयोजनामा भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित पशु सेवा इकाइ केन्द्रमा असोज ३० गते सामुदायिक कुकुर बन्ध्याकरण र निःशुल्क रेबिजविरुद्धखोप शिविर सञ्चालन भयो ।



उक्त शिविरको निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रेबिज प्राणघातक रोग भएको हुँदा यसको जोखिमले जनस्वास्थ्यमा ठूलो खतरा हुने बताउनुभयो ।

उहाँले रेबिजको रोकथाम गर्न शिविर सञ्चालन आवश्यक भएको बताउनुहुँदै रेबिजबारे जनचेतना फैलाएर यो सङ्ख्या न्युनीकरण गर्न सकिने धारणा राख्नुभयो ।



सोही क्रममा वरिष्ठ पशु विकास अधिकारी डा. **रामप्रकाश प्रधान**ले नेपाल सरकारले २०३० सम्ममा नेपाललाई रेबिजमुक्त बनाउने लक्ष्य लिएको बताउनुहुँदै कुकरको सङ्ख्या रेबिज रोग नियन्त्रण गर्न यो अभियान सञ्चालनमा ल्याएको बताउनुभयो ।

## कम्पोष्ट मलको प्रयोगबारे कृषक भेला




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपाबाट सी.एन.बी.एम. प्रविधिबाट उत्पादित कम्पोष्ट मल प्रयोगबारे सोमबार भक्तपुर नगरपालिकाभित्रका कृषकहरूलाई अभिप्रेरित गर्ने उद्देश्यले कृषकहरूको भेला असोज ३१ गते आयोजना गरेको छ ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले स्वच्छ र सफा वातावरणमा बस्ने सबै नागरिकको आवश्यकता र चाहना भएको बताउनुहुँदै भक्तपुर नपाले यहाँका जनतालाई सभ्य, सुसंस्कृत र स्वस्थ बनाउन नगरको सरसफाइलाई विशेष प्राथमिकता दिएर अगाडि बढिरहेको बताउनुभयो ।

फोहोर व्यवस्थापन संसारकै निम्ति चुनौतीपूर्ण बन्दै गइरहेको अवस्थामा भक्तपुर नपाले फोहोरबाट मल उत्पादन गरी यहाँका किसानहरूलाई सहुलियतमा प्रदान गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुरलाई सफा नगर बनाउने अभियानमा निरन्तर लागिपरेको बताउनुभयो ।

जनतालाई दण्ड जरिवानाभन्दा सचेतनालाई नै नगरपालिकाले जोड दिँदै आएको बताउनुहुँदै उहाँले आजभन्दा



४ वर्ष अघिदेखि कुहिने र नकुहिने फोहोर अलग अलग दिन सङ्कलनलाई प्राथमिकतामा राखी फोहोर सङ्कलन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण समितिका संयोजक **रबिन्द्र ज्याख्व**ले मौलिक प्रविधिसँग मिल्दोजुल्दो जापानी प्रविधिबाट भक्तपुर नपाले फोहोरबाट मल बनाउने कार्य गर्दै आएको बताउनुहुँदै फोहोर व्यवस्थापन राम्रोसँग गर्न सके धेरै समस्याहरू आफै समाधान हुँदै जाने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडा सदस्य **गोविन्द दुवाल**ले भक्तपुर नपाले फोहोरबाट निकालेको मल यहाँको किसानलाई मात्र नभई बहुमत जनताको समस्या समाधान गर्ने उद्देश्यले अगाडि सारेको बताउनुहुँदै नपाले गरेको काम जनताको हितमा लक्षित छ भन्नुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि समितिका संयोजक **राजकृष्ण गोरा**ले पनि बोल्नुभएको उक्त कार्यक्रममा रिकिसी कम्पोष्ट प्रा.लि.का प्रबन्ध निर्देशक **उषा गिरी**, ख्वप कलेज वातावरण विज्ञानका विद्यार्थीद्वय **रमिता तमखू** र **नसला सुवाल**, वडा सदस्य **इन्द्रबहादुर प्याठ** र श्यानिटेसन शाखा प्रमुख **दिलिपकुमार सुवाल**ले सी.एन.बी.एम. प्रविधिबाट उत्पादन गरिएको मल बनाउने प्रविधि, यसको फाइदा र प्रयोगबारे अवगत गराउनुभयो ।

## मिठाई र फलफुल व्यवसायीहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा नजिकिँदै गरेको तिहारलाई मध्यनजर गरी भक्तपुर नगर भित्र सञ्चालित मिठाई र फलफुल व्यवसायीहरूको भेला भयो ।

कार्यक्रममा नपा उपप्रमुख **रजनी जोशी**ले सत्यता र कर्तव्यनिष्ठ भई व्यवसाय सञ्चालन गर्न अनुरोध गर्नुभयो । उहाँले स्वच्छ, सफा खाद्य पदार्थमात्र बिक्रीवितरण गर्न अनुरोध गर्नुहुँदै नगरपालिका त्यसमा सहजीकरण गरिरहेको बताउनुभयो । उहाँले नाफाको निम्ति जेपायो त्यहीं नगर्न र उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी सेवाभावले व्यवसाय सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले व्यवसायी र उपभोक्ता सचेत नभई हुँदैन भन्नुभयो । उहाँले तिहार मनाउन अलमल परेको बेला सम्बन्धित र सरोकारवालाहरूको छलफलले कार्तिक ७ गते लक्ष्मी पूजा, ८ गते म्हः पूजा र ९ गते भाइटीका मनाउने निर्णय भएको बताउनुभयो ।

कार्यक्रममा अनुगमन समितिका संयाजक एवम् ३ वडाका वडाध्यक्ष **राजकृष्ण गोरा**को सभापतित्वमा सम्पन्न भएको थियो भने सभापतिको मन्तव्य राख्नु हुँदै व्यवसायीहरूको आर्थिक स्तर उकास्न र व्यवसाय राम्रो सञ्चालन गराउन, व्यवसायको राम्रो नराम्रो गुनासो सुझाबहरू जनप्रतिनिधि समक्ष गर्ने भएकोले मिठाईमा बढी रंग प्रयोग गर्ने, एउटै तेलमा बढी पकाएको अखाद्य तेल प्रयोग गर्ने, पसल दर्ता र नवीकरणबिना सञ्चालन गर्ने, ढक तराजु नवीकरण नगर्ने गरेको अनुगमनमा देखिएकोले त्यसतर्फ ध्यानाकर्षण गर्नुभयो ।

कार्यक्रममा अनुगमन समितिका सदस्य एवम् १ नं वडाध्यक्ष श्यामकृष्ण खत्री र वडानिरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नु भएको थियो । भेलामा नगरपालिकाले गर्नुपर्ने विषयमा व्यवसायीहरू देवचन्द्र बज्राचार्य, विश्वराम लवजु, अनिष श्रेष्ठ, रामकुमार पुडासैनीले पनि बोल्नु भएको थियो ।

## खेलकुद प्रशिक्षक प्रशिक्षण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका खेलकुद शिक्षकहरूलाई मिति २०७९ कार्तिक १ गतेदेखि ६ गतेसम्म हुने पिटी, एथ्लेटिक्स, भलिबल, फुटबल, कबड्डी र खोखो खेलसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम कार्तिक १ गतेबाट

शुरु भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले राजनीति देश र जनताको सेवा गर्ने माध्यम भएको बताउनुहुँदै उहाँले नागरिकहरूको सर्वाङ्गीण विकास र नयाँ पुस्तालाई विकृति र विसंगतिबाट जोगाउन खेलकुदको महत्त्व अपरिहार्य भएको बताउनुभयो ।

उहाँले शिक्षकहरू सबै क्षेत्रमा अरूको तुलनामा योग्य र सबल हुनुपर्ने बताउनुहुँदै राम्रा र योग्य शिक्षकले इमानदार र असल विद्यार्थी उत्पादन गर्ने हुँदा विद्यालयस्तरबाट विद्यार्थीहरूलाई सबल बनाउन आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपाको सेवा प्रवाहबारे राष्ट्रिय अन्तर्राष्ट्रिय जगतको ध्यान आकर्षित भइरहेको प्रसङ्ग चर्चा गर्नुहुँदै उहाँले खेलकुद र शिक्षालाई सँगसँगै अगाडि बढाउन शिक्षहरूले आवश्यक भूमिका खेल्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले भक्तपुर नपाले खेलाडी उत्पादन गर्ने प्रारम्भिक थलोको रूपमा विद्यालयहरूलाई लिइरहेको र विद्यालयस्तरबाट प्रशिक्षक उत्पादन गर्ने उद्देश्यले यो तालिमको आयोजना गरेको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूलाई सामाजिक रूपमा परिचालन गरी देशको सार्वभौमिकता रक्षा गर्ने जनशक्तिको रूपमा विकास गर्दै लानुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा तालिमका प्रशिक्षक **शान्ताबहादुर श्रेष्ठ**, भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**, खेलकुद समितिका सदस्यद्वय **सुनिता अवाल** र **रन्जना त्वाती**ले पनि बोल्नुभएको थियो ।

## निरीक्षण



उक्त प्रशिक्षक प्रशिक्षण तालिमको कार्तिक ३ गते निरीक्षण गर्नुहुँदै नगरप्रमुख सुनिल प्रजापति, भनपा-१ का वडाध्यक्ष श्यामकृष्ण खत्री, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवाल लगायत युवा तथा खेलकुद समितिका पदाधिकारीहरू ।

## खेलकुद प्रशिक्षक प्रशिक्षणको समापन तथा प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भएको ६ दिने खेलकुद प्रशिक्षक प्रशिक्षणको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा कार्तिक ६ गते सम्पन्न भयो ।




सो अवसरमा उपप्रमुख **जोशी**ले खेलको नीति, सिद्धान्त, अनुशासन, मानसम्मान गर्ने सामाजिक व्यवहारले खेलाडीमा सार्वभौमिकता, भौगोलिक अखण्डताजस्ता देशभक्तिको भावना सिकाउने बताउनुहुँदै भक्तपुर नगरपालिकाले जनताको निर्देशनबमोजिम स्वास्थ्य, शिक्षा र सम्पदा संरक्षणमा विकास भएको ख्वप मोडेल अब खेल क्षेत्रमा गर्न लागेको बताउनुभयो । उहाँले शिक्षा र खेलकुद सँगसँगै लानुपर्ने बताउनुभयो ।

नेपाल खोखो सङ्घका कार्यवाहक केन्द्रीय अध्यक्ष तथा प्रशिक्षक **प्रदिप महर्जन**ले सिकाइमा संलग्न भएका शिक्षकहरूको जिज्ञासु तथा उत्सुकताको व्यवहारले विद्यालयका विद्यार्थीहरूलाई आफूले सिकेको सीप, ज्ञान सहजरूपमा सिकाउने र उनीहरूमा आत्मविश्वासका साथ निर्णय गर्न सक्ने क्षमता वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष तथा प्रशिक्षक **विनोदचरण राय**ले मोबाइल तथा ल्यापटपजस्ता डिजिटल खेलले पार्ने असरबाट बच्न र खेलाडी तथा शिक्षकले खेलको आधारभूत नियम नबुझ्दा प्रतियोगिता सञ्चालनमा हुने असहजतालाई न्यून गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समितिका संयोजक तथा भनपा वडा नं १ का अध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाले जन्मदेखि मृत्युसम्मका जनताको आधारभूत आवश्यकता पूर्ति सहजरूपमा गराउन लागिपरेको बताउनुहुँदै भक्तपुर नगरपालिकाभित्रका कभर्ड हलहरूमा विद्यालयका विद्यार्थीहरूले नि:शुल्करूपमा प्रशिक्षित हुन र अभ्यास गर्न पाउने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष **उपेन्द्र सुवाल**, युवा तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**लगायत प्रशिक्षार्थीद्वय **पुष्पा प्रजापति** तथा **रविन खड्का**ले तालिमको आ-आफ्नो अनुभव सुनाउनुभयो ।

## भार्वाचोको शिशुस्याहार केन्द्र स्थानान्तरण

### असल व्यवहारबाट बालबालिकाहरूलाई हुर्काउनुपर्ने

भक्तपुर नगरपालिका वडा नं. को १ को वडा कार्यालयसँगै रहेको भवनमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्र भाज्या पुखुको पश्चिमतर्फको स्थानमा कार्तिक २ गतेदेखि स्थानान्तरण गरिएको छ ।



सोही अवसरमा आयोजित बृहत अभिभावक भेलामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिका तथा कर्मचारीहरूले असल व्यवहारबाट बालबालिकाहरूलाई हुर्काउने प्रयासमा लाग्नुपर्ने बताउनुभयो ।

आधुनिकतासँगै जनताको चाहनाअनुसार अगाडि बढ्न नसके विस्थापित हुने खतरा भएको बताउनुहुँदै उहाँले भवन र संरचना राम्रो हुँदैमा सेवा प्रवाह राम्रो हुने नभई त्यहाँ कार्यरत शिक्षक तथा कर्मचारीहरूको मिहिनेतमा संस्थाको प्रगति हुने बताउनुभयो ।

भक्तपुरवासी जनताले आफ्नै बलबुतामा भक्तपुरको सम्पदा पुनःनिर्माण गरी इतिहास पुनःलेखन गर्ने काम गरेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, खेलकुद आदि क्षेत्रलाई प्राथमिकतामा राख्दै समाजवादउन्मुख अभ्यास गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामी सिङ्गो समाजलाई बुद्धिजीवीकरण गर्ने अभियानमा छौँ । यस अभियानमा जनताको साथ र सहयोग पाएको खण्डमा अझ सशक्त ढङ्गले अगाडि बढ्न हामीलाई प्रेरणा मिल्नेछ ।'

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले शिक्षित र सुसंस्कृत नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले कलेज तथा शिशुस्याहार केन्द्रहरू व्यवस्थित ढङ्गले सञ्चालन गर्दै आएको बताउनुहुँदै बालबालिकालाई आफ्नो संस्कृति र सम्पदाहरूलाई माया गर्ने वातावरण सिर्जना गर्न शिक्षिकाहरूले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले कामदार वर्गका अभिभावकका बालबालिकाहरूलाई सहज रूपमा सेवा प्रदान गर्ने उद्देश्यले २०५४ सालमा स्थापना भएको शिशुस्याहार केन्द्रले प्रगति गरिरहेको बताउनु भयो ।

त्यस्तै कार्यक्रममा शिशुस्याहार तथा बाल विकास केन्द्र प्रमुख **दिपेन्द्र प्रजापति** र वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले पनि शिशुस्याहार केन्द्रबाट प्रवाहित सेवा सुविधाहरूबारे चर्चा गर्नुभयो ।

### तिहार मनाउनेबारे आग्रह

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा यस वर्षको तिहार मनाउने सम्बन्धमा कार्तिक २ गते तलेजुका पुजारी नाइकेहरूसहितको उपस्थितिमा बैठक बस्यो ।

उक्त बैठकले तलेजुका पुजारी नाइकेहरूको सुझावअनुसार २०७९ कार्तिक ७ गते साँझदेखि औंसी तिथी सुरु हुने भएकोले उक्त दिन लक्ष्मीपूजा, २०७९ कार्तिक ८ गते साँझदेखि प्रतिपदा तिथि सुरु हुने र उक्त दिन साँझ ४:५२ देखि साँझ ५:२४ सम्म सूर्यग्रहण लाग्ने भएकोले सूर्यग्रहणपश्चात उक्त दिन प्रतिपदा तिथिमा म्हः पूजा गर्ने र कार्तिक ९ गते किजापूजा गर्ने निर्णय गरेको छ ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख तथा शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य रजनी जोशी, सदस्यहरू रबिन्द्र ज्याख्व, योगेन्द्रमान बिजुक्छेँ, कृष्णप्यारी भुजु, प्रप्रअ कृष्ण गिरी, तलेजुका पुजारीहरू प्रजेश राज राजोपाध्याय, नरेन्द्रप्रसाद जोशी, महेश कर्माचार्य, पद्मलोचन कर्माचार्य, सिद्धिवीर कर्माचार्य र ज्ञानेन्द्रकृष्ण जोशीको उपस्थिति रहेको थियो ।

## भक्तपुर नपाको अनुगमन

### देकोचा, भोलाछेँ र महाकाली स्थानका मासु पसल



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकमा रहेको ६ ओटा मासु पसलहरू र वधस्थल १ ओटा असोज १३ गते अनुगमन गरियो ।

अनुगमनमा वधस्थलमा मासु भुइँमै बिगार्दा किटाणुहरूबाट सङ्क्रमित हुनसक्ने र कामदारहरूसँग एप्रोन, मास्क, पञ्जा, हेय्रनेट र बुट नभएकोले व्यवस्थित सञ्चालन गरेको नपाइएकोले सुधार नभएको बताउनुभयो ।

अनुगमनमा सम्बन्धित पसल धनीलाई पसल नवीकरण गर्न, मूल्य सूची देखिने गरी राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, भुइँ भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, मासु सफा गरेको पानी खुला रूपमा बाटोमा नछोडी निकासको व्यवस्था गर्न, फोहोरहरू सिधै ढलमा नपठाउन, सरसफाइमा ध्यान दिन, कामदारहरूलाई एप्रोन सेतो, माक्स-पञ्जा, हेयरनेट अनिवार्य प्रयोग गर्न, टेबुलमा मासु व्यवस्थापन गर्न, जीउँदो कुखुरा र वधस्थलसँगै नराख्न, मासुजन्य वस्तु प्याकिङ गर्दा खाद्य विभागबाट अनुज्ञापत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्ने, मासु झिँगा नभन्किने गरी र धूलो नजाने गरी जालीले छोपेर राख्न वा सिसाको बाकस बनाई व्यवस्थित गर्न निर्देशन दिइयो र आवश्यकलाई कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु तीन थान जफत गरियो

अनुगमनको क्रममा फेला परेका म्याद नाघेको ट्राउट माछा जफत गरी नष्ट गरियो ।

## सल्लाघारीका खाद्य पसल

अनुगमन समितिले असोज २७ गते सल्लाघारीका खाद्य पसल अनुगमन गरियो ।

अनुगमनमा म्याद नाघेको सामानहरू जफत गरी खुद्रा मूल्य अठाईस हजार रुपैयाँ बराबरको नष्ट गरियो ।

अनुगमनमा एक मिनि स्टोर २०६६ सालदेखि भक्तपुर नगरपालिकामा बिना दर्ता पसल सञ्चालन गरेकोले पसल दर्ता गर्न निर्देशन दिइयो भने सम्बन्धित पसल धनीहरूलाई प्याकेजिङ्ग सामानमा खाद्यको अनुज्ञापत्र लिएर मात्र लेबल राखी बिक्री वितरण गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निदेशन दिनुका साथै विभिन्न पसलबाट फेला परेका म्याद नाघेका सामानहरू मारी बिस्कुट, रोयल फ्रुट केक, जिरा कुकिज बिस्कुट, भुजिया, फुरनदाना, मुस्ली, डाईजेस्टिभ बिस्कुट, पशुपति पापड, फेयर एण्ड हाण्डसम, डर्मि कुल, जिलेट सेभिङ्ग क्रिम, सेन्ट, भिक्स, बेबी हेयर आयल, इन्डिका हेयर कलर, हिमालयन क्रिम, साबुदाना, दालचिनी, सिधेनुन, उपहार कुकिज, सेकुवा मसला, बिबिसी घिउ, डिडिसि घिउ, पिलाफ चामल, अनमोल धनिया, मिक्स मसला र डार्क फान्टासी चकलेट जफत गरी नष्ट गरियो भने आवश्यकलाई एक हप्ता भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

## कमलविनायकका खाद्य पसल



असोज २८ गते समितिले कमलविनायकका खाद्य पसल र मिनिमार्टको अनुगमन गरियो ।

अनुगमनमा एक बहुउद्देश्यीय सहकारी संस्थाबाट सञ्चालित डिपार्टमेन्ट स्टोर नवीकरण नगरी सञ्चालन भएको पाइयो ।

अर्को मार्टलाई पसल नवीकरण गर्न निर्देशन दियो भने एक किराना कर्न्सन 'ख' श्रेणीमा दर्ता भएकोले 'कै श्रेणीमा अपग्रेड गरी र थोक बिक्रीमा दर्ता गर्न निर्देशन दियो । त्यहाँ म्याद नाघेको फनपिल बिस्कुट जफत गरी नष्ट गरियो । त्यस्तै एक मल्टि स्टोरलाई प्याकेजिङ्ग सामानमा खाद्यको अनुज्ञापत्र लिएर मात्र लेबल राखी बिक्री वितरण गर्न र ढक तराजु नवीकरण गर्न निर्देशन दिइयो ।

## बारुद-पटाका जफत गरी नष्ट

अनुगमन समितिले कार्तिक ३ गते तिहारमा बारुदपटाका पड्काउँदा हुने हानि नोक्सानी र मानिसहरूलाई हुने क्षतिबाट बचाउन भक्तपुर नगरभित्रका पसलहरूमा बारुदपटाका बेचबिखन गरेको छ छैन अनुगमन गरियो । अनुगमनमा तास, बारुद पटाका भेटिएको संयोजक गोराले बताउनुभयो ।

पान भण्डार, पूजा सामग्री पसल, किराना पसल आदिबाट विभिन्न परिमानमा फेला परेका जुवा खेल्ने तास, विभिन्न नाम र प्रकारका बारुद-पटाका करिब दश हजार रुपैयाँ बराबरको जफत गरी नष्ट गरियो ।

सम्बन्धितलाई एक स्टोर बिनादर्ता २०७० सालदेखि सञ्चालन गरेकोले तीनदिन भित्र दर्ता गर्न, नवीकरण गर्न, पसल दर्ताको कागजात लिएर नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

## मिठाई र फलफुल पसल




समितिले कार्तिक ४ गते तिहारलाई लक्षित गरी मिठाई र फलफुल पसलको अनुगमन गरियो। अनुगमनमा मिठाई पसलको भान्छा र भाँडाकुँडा फोहोर भएको र तराजु नवीकरण नगरिएको धेरै भेटिएकोले पाँच ओटा जफत गरेको, म्याद नाघेको सामानहरू करिब हजार रुपैयाँको जफत गरी नष्ट गरिएको संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

सम्बन्धित पसलेलाई पसल नवीकरण गर्न, तराजु नवीकरण गर्न, प्याकेजिङ्ग सामानमा खाद्य विभागबाट अनुज्ञापत्र लिई लेवल राखीमात्र बिक्री वितरण गर्न, खानेकुरा र मिठाई झिँगा नभन्किने गरी र धूलो नपस्ने गरी जालीले छोप्न, मिठाईमा खाद्य रंग मात्रा मिलाई राख्न, फ्रिजमा सम्पूर्ण सामान मिसाएर नराख्न, भान्छा र पकाउने भाँडाकुँडा फोहोर भएकोले फोहोर प्रेसरकुकर र टपेस १-१ थान जफत गरी तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

त्यस्तै फलफुल तथा जुस पसल दर्ता नभएकोले त्यहीँ दर्ता गराइयो, अन्य सम्बन्धितलाई तराजु नापतौल विभागमा नवीकरण नगरेकोले १ थान जफत गरी तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिनुका साथै फेलापरेका विभिन्न परिमानका म्याद नाघेका चोकोपाई, फाण्टा, क्रिमिया बिस्कुट जफत गरी नष्ट गरियो ।

त्यस्तै कार्तिक ६ गते मिठाई पसलहरू १० ओटामा अनुगमन गरियो ।



अनुगमनमा मिठाई पसलको भान्छा फोहोर देखिएको र मिठाई पकाउने तेल धेरै पकाएर पोलार मिटरमा २० भन्दा माथिको देखाएको अखाद्य तेल नष्ट गरेको संयोजक राजकृष्ण गोराले बताउनुभयो भने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य निरीक्षक नवराज आचार्यले मिठाईमा दश केजी मैदामा एक ग्राम मात्र खाद्य रंग हाल्न पाउने र मिठाई पकाउने तेल पोलार मिटरले नाप्दा बीस रेन्जभन्दा माथिको तेल अखाद्य हुने बताउनुभयो ।

सम्बन्धितलाई मिठाई पसलको भान्छा फोहोर देखिएकोले सफा गरी फोटोसहित नगरपालिका कार्यालयमा उपस्थित भएपछि मात्र मिठाई बनाउन निर्देशन दिइयो भने प्याकेजिङ्ग सामानमा खाद्य विभागबाट अनुज्ञापत्र लिई लेवल राखीमात्र बिक्री वितरण गर्न, तराजु नविकरण गर्न पसल नविकरण गर्न, मिठाई झिँगा नभन्किने र धूलो नजाने गरी छोप्न, कामदारलाई सेतो एप्रोन प्रयोग गर्न, र विभिन्न परिमानमा खराब तेल, चास्नी, म्याद नाघेको खाद्य रंग, रंग बढी भएको पुरी, पुरानो बर्फि जफत गरी नष्ट गरियो ।

विभिन्न मितिमा भएका अनुगमनमा अनुगमन समितिका सदस्य रिता फसिकवा, ज्ञानबहादुर मानन्धरर रोशनमैया सुवाल, वडाध्यक्ष श्यामकृष्ण खत्री, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी व्याञ्जु र अर्जुन खाइत्, जिल्ला प्रशासन कार्यालयका यादवप्रसाद मिश्र र खम्मबहादुर बोगटी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य निरीक्षक नवराज आचार्य, उद्योग बाणिज्य सङ्घ भक्तपुरका गौतम सुजखु, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, नारायणप्रसाद राजथला र कृष्णमाया राजथला, महानगरीय प्रहरी परिसरका प्रहरी वरिष्ठ सहायक निरीक्षक नारायणबहादुर चुवान, प्रहरी सहायक निरीक्षक भागउरप्रसाद हरिजन, प्रहरी जवान भैरब रावट, चन्द्रबहादुर खत्री र टिकाराम यरी, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका रूपालक्ष्मी प्रजापति, सुमित्रा श्रेष्ठ र सिताराम त्वायनाको सहभागीता थियो ।

## सल्लाघारीका सहकारी संस्थाहरुको अनुगमन

भक्तपुर नगरपालिकाद्वारा गठित सहकारी अनुगमन समितिका पदाधिकारीहरूबाट भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारी स्थित विभिन्न सहकारी संस्थाहरूको कार्तिक ३ गते अनुगमन तथा निरीक्षण गरियो ।

अनुगमनको क्रममा नगरपालिका क्षेत्रभित्र सहकारी

संस्थाहरू सञ्चालन गर्न भक्तपुर नपाको अनुमति पत्र नलिई सञ्चालन गरिरहेको देखिएकोले ती सहकारी संस्थाहरूलाई नपाको अनुमति लिएर मात्र सञ्चालन गर्न निर्देशन दिइयो ।

अनुगमनका क्रममा सो क्षेत्रमा केही सहकारी संस्थाहरूले सहकारी सञ्चालनको लागि केन्द्रीय कार्यालय, ललितपुर तथा काठमाडौँको अनुमति प्राप्त गरेको तर भनपा क्षेत्रभित्र सेवा केन्द्र स्थापना गर्न नपाको सहमति नलिई सञ्चालन गरिरहेको देखियो । सहकारी संस्थाहरूले शेयर सदस्य र गैर सदस्य विभाजन गरी कारोबार गरिरहेको तथा कार्य क्षेत्र बाहिरका ब्यक्तिहरूलाई सदस्यता वितरण गरी अध्यक्षसमेत बनाई गैरकानूनी रूपमा संस्था सञ्चालन गरिरहेको पाइएकोले अनुगमन समितिका पदाधिकारीहरूले सहकारी ऐन, कानुन र नियमअनुसार मात्र कारोबार गर्न, सदस्यता वितरण गर्न र कार्य क्षेत्र भित्रका सदस्यलाई मात्र अध्यक्ष बनाउनु पर्ने लगायतको निर्देशन दिइएको थियो ।

अनुमगनका क्रममा संस्थाहरूले पदाधिकारीहरूबाट दिएको सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## पाक्षिक सरसफाइ कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रम नपुखु परिसरमा कार्तिक १५ गते भयो ।






## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विविध समाचार

## प्रतिक्रियावादीहरूको जालझेलबाट जनतालाई जोगाउनुपर्ने




'निर्वाचन जनताको राजनैतिक चेतनास्तर नाप्ने ब्यारोमिटर भएको र क्रान्तिलाई जति छेक्न चाहे पनि सधैँ छेक्न सकिँदैन ।'

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले पार्टीको भक्तपुर जिल्ला अगुवा कार्यकर्ताहरूको भेलामा कार्तिक १ गते राख्नुभएको हो ।

'पार्टी कार्यकर्ताहरू सक्रिय नभएपछि प्रतिक्रियावादी पार्टीहरूले जनतालाई जालझेलमा पार्छन् । कालाबजारिया, तस्कर, बैङ्क माफियाहरूले कानुनबमोजिमको कर तिरेकै छैनन् । उनीहरूले शासक दलहरूलाई निर्वाचनमा सहयोग गर्छन् । यसकारण, निर्वाचनपछि सामानको मूल्य बढ्छ ।' अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले अगाडि भन्नुभयो, 'देश र जनताको पक्षमा निर्वाचनलाई उपयोग गर्ने भएकोले पैसा बाँडेर मत लिनु गलत हो । जनता सचेत भएपछि क्रान्ति हुन्छ । जनता राजनीतिकरूपले सचेत नभएसम्म समाजवाद आइहाले पनि टिक्दैन । कार्यकर्ताहरू जीवित रहेसम्म सङ्घर्षलाई छोड्नुहुँदैन । सङ्घर्षलाई छोड्नु आत्मसमर्पण हो ।'

पञ्चायतकालमै राजतन्त्र र भारतीय विस्तारवाद मुख्य शत्रु भएको निष्कर्ष निकालेको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले राजतन्त्र गयो तर, भारतीय विस्तारवादको कारण नेपालीलाई दुःख भइरहेको भन्नुभयो ।

'सिद्धान्त नमिल्नेहरूको निर्वाचन गठबन्धन खिचडीमात्र हो । नागरिकता विधेयकले ट्रम्प र बाइडेनका छोरा नातिलाई नेपालको राष्ट्रपति र प्रधानमन्त्री बनाउन धोका खोल्नेछ । एमसीसी सम्झौता देशको सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवादको हस्तक्षेप हो' अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'पुँजीपति वर्गको हितमा कानुन बनाउने पुँजीवादी गणतन्त्र हो । यसकारण, कामदार वर्गको हित गर्ने समाजवादी गणतन्त्र जरुरी छ । निर्वाचनमा यही विषय जनताको बीचमा राख्नु आवश्यक छ ।'

पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभाका उम्मेदवार **प्रेम सुवाल**ले बहुदल र गणतन्त्रको ३३ वर्षयता सरकारमा गएका पार्टीहरूले सार्वजनिक ऋण २० खर्ब र व्यापार घाटा पनि २० खर्ब नै पुऱ्याएको उल्लेख गर्नुहुँदै पार्टीका कार्यकर्ताहरूलाई निर्वाचन आचारसंहिता पूर्णरूपले पालना गर्न गराउन जोड दिनुभयो ।

निर्वाचनको सिलसिलामा पार्टी कार्यकर्ताहरू देशभरिका जनतालाई राजनीतिकरूपले शिक्षित गर्न लागिपर्नुपर्ने उल्लेख गर्नुहुँदै सचिव सुवालले युक्रेनमा रुसविरुद्ध अमेरिकी साम्राज्यवादको आक्रमणको कारण रुस र युक्रेनका ४० लाख बालबालिका गरिबी रेखामुनि झरेको, संसारमा नै इन्धन र खाद्यान्न सङ्कट भएको र यसको दोषी अमेरिकी साम्राज्यवाद नै भएको स्पष्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित प्रतिनिधिहरूले देशको सीमा रक्षा र सार्वभौमिकताको रक्षाको सङ्घर्ष अघि बढाउन, देशलाई सिक्किम बनाउने, नेपाली लेण्डुपहरूलाई उदाङ्ग्याउने, कृषिमा आत्मनिर्भर बनाउन जोत्नेलाई जमिन वितरण गराउन सङ्घर्ष गर्ने, माध्यमिक शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गराउन, स्वास्थ्य सेवा निःशुल्क गराउन, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती खारेज गराउन, स्वदेशमा रोजगारी बन्दोबस्त गराउन सङ्घर्ष गर्ने उल्लेख गर्नुहुँदै सचिव सुवालले बढ्दो वातावरण प्रदूषण रोक्न देशको सन्तुलित विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

पार्टी जिल्ला समितिका अध्यक्ष एवम् बागमती प्रदेशको भक्तपुर निर्वाचन क्षेत्र नं १ (२) का उम्मेदवार **सुरेन्द्रराज गोसाई**को सभापतित्वमा भएको सो भेलाले जिल्ला उपाध्यक्ष **न्हुछेभक्त फोजू**को संयोजकत्वमा भक्तपुर जिल्ला निर्वाचन परिचालन समिति गठन गऱ्यो ।

## शुभकामना आदानप्रदान कार्यक्रम

### गरिब जनताको सेवा गर्ने उद्देश्यले चिकित्सक र कर्मचारीहरुले काम गर्नुपर्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पताल र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा बडा दशैं र दिपावलीको शुभकामना आदानप्रदान कार्यक्रम असोज १४ गते भयो।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेँले ख्वप अस्पतालप्रति जनताको विश्वास बढ्दै गएको सन्दर्भमा अस्पतालको व्यवस्थापन अझ राम्रो बनाउनुपर्ने र गरिब जनताको सेवा गर्ने उद्देश्यले अस्पतालका चिकित्सक र कर्मचारीहरूले काम गर्नुपर्ने बताउनुभयो।

अस्पतालले बिरामीलाई सहज र सुलभ रूपमा स्वास्थ्य उपचार सेवा दिन सके बिरामीको आत्मबल बलियो हुने बताउनुहुँदै उहाँले अस्पतालको विषयमा आउने रचनात्मक सुझावबारे अस्पताल व्यवस्थापन समितिले समयमै सुनुवाई गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले कर्मचारीहरूको कामको उचित मूल्याङ्कन हुनुपर्ने प्रसङग जोड्नुहुँदै कर्मचारीहरूको नियमित बैठक राखिनुपर्ने, कर्मचारीहरूलाई तालिम तथा पुन:तार्जगीको व्यवस्था हुनुपर्ने र सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

साथै अस्पतालमा आउने बिरामीहरूको लागि स्वच्छ खानेपानीको व्यवस्था गरी कर्मचारी र चिकित्सकले असल व्यवहार र भाषा प्रयोगमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले संविधान र कानुनभित्र रही काम गर्दै जनताको आधारभूत आवश्यकता पूरा गर्ने काममा विशेष जोड दिँदै आएको बताउनुहुँदै गरिब जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा सहज ढङ्गले उपलब्ध गराउने उद्देश्य ख्वप अस्पतालको रहेको बताउनुभयो।

उहाँले विकास निर्माणको काममा भक्तपुर नपाले कहिल्यै सरकारको भर नपरेको हुँदा समयमै सहज ढङ्गले काम गर्न सक्षम भएको बताउनुहुँदै भक्तपुर नपाले शिक्षा र स्वास्थ्यमा विशेष प्राथमिकताका साथ अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले डेंगु रोगको जोखिम बढेको सन्दर्भ जोड्नुहुँदै सबैको हातेमालो र सहकार्यले जुनसुकै सङ्कट सजिलै समाधान गर्न सकिने बताउनुभयो।

त्यस्तै ख्वप अस्पतालका डा. **अमर प्रजापति**ले डेंगु रोगको निश्चित उपचार नभएको हुँदा यसबाट सुरक्षित हुन समुदाय नै सचेत हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका डा. **महजेश प्रताप मल्ल**, ख्वप अस्पताल आयोजना प्रमुख **विजयराम कोजु** र ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभाग प्रमुख **इश्वरी**ले अस्पतालको सेवा प्रवाह, भवन निर्माणको प्रगति विवरण र कलेजको शैक्षिक अवस्थाबारे जानकारी गराउनुभयो।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य **रत्नसुन्दर लासिवा** र भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

## शुभकामना आदानप्रदान तथा मार्गनिर्देशन कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विजया दशमी २०७९ को उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम असोज १४ गते भयो।

नेपाल कर्मचारी एशोसियसनबाट आयोजित कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **प्रजापति**ले भक्तपुर

नगरपालिका दशभरिकै स्थानीय तहहरूका लागि उदाहरणीय हुनुमा जनप्रतिनिधि, कर्मचारी र नगरवासीहरूको एकाकार हुनु हो भन्नुहुँदै यस अवस्थामा पुग्न सक्नुमा पुस्तौँ पुस्ताको अथक प्रयास रहेको बनाउनुभयो।

उहाँले भक्तपुर नपाले सरकारको मुख नताकी आफ्नै प्रयासले गरेको विकास निर्माण र सम्पदा संरक्षण कार्यले आज विश्वमै ख्याति कमाइरहेको बताउनुहुँदै उहाँले चाडबाडमा हुने फोहोर व्यवस्थापनमा कर्मचारीहरूले विशेष ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपाले सरसफाइलाई पनि ध्यान दिँदै कुहिने फोहोरबाट मल उत्पादन गरी फोहोर व्यवस्थापन गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको समाजवादी विकास मोडल हेर्न देशभरिका जनप्रतिनिधि, विदेशी जनप्रतिनिधिहरू, मुख्यमन्त्री, मन्त्रीहरू र सांसदहरू भक्तपुरको भ्रमणमा आइरहेको चर्चा गर्नुभयो।

उहाँले अहिलेको गठवन्धन दलहरूले जसरी भएपनि नागरिकता विधेयक पारित गर्न खोज्नुले ती दलहरू भारतीय इशारामा चल्ने दल भएको स्पष्ट भएको बताउनुहुँदै देशघाती नागरिकता विधेयकका कारण देश सङ्कटमा पर्न सक्ने भएकोले देशभक्त नेपालीले यसको निरन्तर विरोध गरिरहनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले अहिले डेंगु रोगका बिरामीहरू बढिरहेको र दशैंको बेला सफाइ कर्मचारीहरूले सफाइ कार्यमा अझ बढी सचेत भई सफाइ कार्यमा लाग्नुपर्छ भन्नुभयो।

कर्मचारीहरूले विदाको समय सदुपयोग गर्न नगरपालिकद्वारा प्रकाशित राजपत्रलगायत अन्य प्रकाशनहरू अध्ययन गरी कार्यक्षमता अभिवृद्धि गर्नुपर्ने बताउनुहुँदै राजनैतिक चेतनास्तर वृद्धि भएमात्र देश विकासमा योगदान गर्न सकिने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले विश्वका मजदुरहरूको सङ्क्षिप्त इतिहास कोट्याउनुहुँदै बौद्धिक र शारीरिक श्रम गर्ने मजदुरहरू एक हुनुपर्ने बताउनुभयो। उहाँले भक्तपुर नगरपालिका उदाहरणीय बनाउनका लागि कर्मचारी, जनप्रतिनिधि र जनताको साथ र सहयोग अपरिहार्य रहेको समेत चर्चा गर्नुभयो।

कार्यक्रमका सभापति एवं नेपाल कर्मचारी एशोसियसनका अध्यक्ष **गौतम लासीवा**ले पूँजीवादी बन्दोबस्तमा कामदार वर्गको सेवा नहुने भएको हुँदा व्यापक कामदार वर्गको हितको लागि समाजवादी व्यवस्थाले मात्र सम्भव हुने बताउनुहुँदै सरकारले कर्मचारीहरूको तलबवृद्धिभन्दा मूल्यवृद्धि नियन्त्रण गर्नु आवश्यक छ भन्नुभयो।

कार्यक्रममा प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै दशैंको बेलामा सन्तुलित खानपान, नियमित व्यायाम र तनाबबाट मुक्त हुन सकेमा मात्र शुभकामना आदान प्रदानको सार्थकता हुने बताउनु भयो भने स्यानिटेशन शाखा प्रमुख **दिलिपकुमार सुवाल**ले लामो बिदाको समयमा शतप्रतिशत फोहोरको वृद्धि हुने भएकोले सरसफाइमा अझ बढी ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा एशोसियसनका सहसचिव **विकास प्रजापति** र एशोसियसनका सदस्य **रामकृष्ण प्रजापति**ले कार्यक्रमको महत्त्वबारे चर्चा गर्नुभएको थियो।

## सेवा निवृत्त शिक्षक समाजद्वारा प्रशंसापत्र तथा मेडल वितरण




सेवा निवृत्त शिक्षक समाजको आयोजनामा असोज १२ गते भएको कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय पाठ्क्रम 'ख्वपको पहिचान' विषयमा उत्कृष्ट नम्बर ल्याउने विद्यार्थीलाई सम्मान गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अध्ययनबाट प्राप्त ज्ञान जनताको हित अनुरूप प्रयोग गर्नुपर्ने बताउनुहुँदै स्थानीय पाठ्यक्रमको विषयवस्तु शिक्षकले बुझेपछि पाठ्यपुस्तक भन्दा प्रयोगात्मक रूपमा विद्यार्थीलाई प्रभावकारी रूपमा बुझाउन सकिने भन्नुभयो।

उहाँले ख्वपको पहिचान विषय अध्ययन गरेका विद्यार्थी कुनै पिएचडीवाला भन्दा कम नरहेको जानकारी दिनुहुँदै टोलटोलका सांस्कृतिक गुरुलाई विद्यालयमा प्राध्यापनको मौका दिन खोजेको बताउनुभयो।

उहाँले नागरिकता विधेयक, अंगीकृत नागरिकबाट वंशजको नागरिकता दिनु खतरापूर्ण रहेको बताउनुभयो।

अतिथि प्रजापतिले भक्तपुर नगरपालिकालाई

विश्वविद्यालय र मेडिकल कलेज खोल्न हरेक सरकारले आनाकानी गरिरहेको भन्नुभयो।

उक्त कार्यक्रममा सेवा निवृत्त शिक्षक समाजका संस्थापक अध्यक्ष **नाति कवां**, जिल्ला शिक्षा समन्वय समितिका **कर्ण बहादुर बुढाथोकी**, सम्मानित निवृत्त शिक्षक प्राध्यापक **उद्धव सुजखू**, विमोचित पुस्तकका सम्पादक मण्डलका सदस्य **ज्ञानसागर प्रजापति**ले पनि बोल्नु भएको थियो।

उक्त कार्यक्रममा २३ ओटा सामुदायिक विद्यालय र ३० ओटा संस्थागत विद्यालयबाट मेडल पाएका थिए।

सेवा निवृत्त शिक्षक समाजका संस्थापक भक्त राजभण्डारीको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा उपाध्यक्ष रामगोपाल कर्माचार्य र कोषाध्यक्ष विश्वराम कवांलगायतले बोल्नुभएको थियो।

## भ्रष्ट शासकहरूलाई सचेत जनताले चुनावमार्फत दण्डित गर्नुपर्ने



लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को पन्ध्रौं वार्षिक साधारणसभा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यतामा असोज १५ गते भयो।

प्रमुख अतिथिबाट **सुवाल**ले अहिलेको विद्यमान सहकारी क्षेत्रमा देखिएका समस्याहरूलाई औंल्याउनुहुँदै राजनीतिक रूपमा उच्च पदमा रहेका र पहुँच भएका व्यक्तिहरू नै सहकारीमा संलग्न भई ऋणको दुरुपयोग गर्दै आएको कुरा बताउनुभयो। नेताहरूले सफा राजनीति नगरेसम्म जनताले सुख नपाउने कुरा प्रष्ट्याउनुहुँदै अहिलेसम्म सिंहदरबारमा शासन गर्ने सबै शासकहरू भ्रष्ट हुँदा सचेत जनताले चुनावमार्फत दण्डित गर्नुपर्ने बताउनुभयो। नेपालका ठूला दल भारत सरकारको इसारामा चल्ने कुरातर्फ इङ्गीत गर्नुहुँदै सुवालले कृषकहरूलाई मल ल्याउन नसक्ने, देशको नदीनाला विदेशीलाई सुम्पने र नेपालको नदीमा जलविद्युत निकाल्न विदेशको स्वीकृति लिनुपर्ने, देशको उद्योग निजी क्षेत्रलाई सुम्पनेजस्ता कारणले परनिर्भर बढेको बताउनुभयो। नेपालीले हरेक कुरामा भारतको मुख ताक्नुपर्ने अवस्था सिर्जना भइरहेकोले सहकारीमार्फत उत्पादनशील क्षेत्रमा लगानी गरी विस्तारै त्यस्तो परनिर्भरता कम गर्न सकिने औंल्याउनु भयो।

साविक भनपा १५ वडाका पूर्व अध्यक्ष **रविन्द्र खर्बुजा**ले सहकारीको कार्यहरूमध्ये सदस्यहरूलाई सहकारी शिक्षाको आवश्यकताबारे चर्चा गर्नुभयो। हामीले अध्ययनलाई कहिल्यै बोझको रूपमा नलिई फुर्सदको समयलाई सदुपयोग गर्नुपर्ने कुरा राख्नुहुँदै चाडबाडको समयमा जीवनलाई सकारात्मक दिशातर्फ उन्मुख गराउने मार्गदर्शन दिने ज्ञानमूलक पुस्तकहरू पढ्न सुझाव दिनुभयो।

भनपा वडा नं. २ का वडा सदस्य **श्याम सुन्दर मातां**ले सहकारीको एकीकरण गर्नपर्ने कुरा उठिरहेको अवस्थामा प्रदेश सरकारबाट गैरकानुनी रूपमा दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई तत्काल खारेज गर्नुपर्ने कुरा बताउनु भयो।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका व्यवस्थापक **बालकृष्ण ध्वजु**ले सहकारी क्षेत्रमा आएका वर्तमान समस्यहरू गैर समुदायमा आधारित सहकारी संस्थाहरूमा देखिएकोले त्यस्ता नराम्रा घटनाहरूबाट हामी सजग रहनुपर्ने बताउनु भयो।

संस्थाका अध्यक्ष राजन जतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा मित्र साकोसहरूको तर्फबाट सिद्धि गणेश साकोसका ईश्वरमान दुमरु र तलेजु साकोसका लक्ष्मीप्रसाद गोराले शुभकामना मन्तव्य राख्नु भएको थियो।

साधारण सभामा निर्वाचन समितिबाट आगामी चार वर्षको लागि राजन जतिको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति तथा तीन सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्विरोध निर्वाचित गरिएको थियो।

## जनता नै देशको मालिक हुन्

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जनता नै यो देशको मालिक भएको बताउनुभएको छ।



इन्द्रायणी बचत तथा ऋण सहकारी संस्थाको असोज १५ गते भएको १४ औं वार्षिक साधारणसभाको प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै उहाँले शासक दलहरूले प्रजातन्त्रको नाउँमा स्वेच्छाचारी शासन सञ्चालन गरी जनतालाई माथि उठ्न दिन नचाहेको बताउनुभयो।

उहाँले कोरोनाको समयमा सहकारी संस्थाको सहयोग सराहनीय भएको उल्लेख गर्नुहुँदै अहिले भक्तपुरवासी बिरामीको लागि अक्सिजन र उपचारको लागि चाहिने रगतसमेत नगरपालिकाले निःशुल्क दिइरहेको स्पष्ट पार्नुभयो। अक्सिजन प्लान्टको लागि आर्थिक सहयोग गर्नेहरूलाई कयौं महायज्ञमा गरेको सहयोगभन्दा बढी धर्म लाग्छ। यस्ता सहयोगी भावना कायमै रहोस्, उहाँले भन्नुभयो।

उहाँले केही दिन अघि सहरी विकास मन्त्री मेटमणि चौधरीले भक्तपुरको एउटा कार्यक्रममा भक्तपुर नपाविरुद्ध बोलेको प्रसङ्ग उल्लेख गर्नुहुँदै भन्नुभयो मन्त्री चौधरीलाई भक्तपुरकोबारे केही थाहा नै छैन। न उहाँलाई आवास योजना कसरी चल्छ नै थाहा छ। स्थानीय सरकार सञ्चालन ऐनअनुसार आवास योजना सञ्चालनको अधिकारसमेत उहाँलाई थाहा रहेनछ। मन्त्रीको कुर्सीमा बस्दैमा सबै कुरा थाहा हुन्छ भन्ने होइन। भक्तपुर नपाबारे बोल्न मन्त्रीज्यूले सातपटक सोच्नु राम्रो हुन्छ। माल पाएर के गर्नु चाल पाए पो भनेको यही हो।

प्रमुख प्रजापतिले सहकारी संस्थाले सरसफाइ, स्वास्थ्य शिविरलगायत विभिन्न जनचेतनामूलक कार्यक्रमहरूका साथै विभिन्न सीपमूलक तालिमहरू दिएर सदस्यहरूलाई आत्मनिर्भर भएर काम गर्न उत्साहित गर्नुपर्छ बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले सहकारी संस्थाहरू सहकारी सिद्धान्तअनुसार सञ्चालन भए मात्रै राम्रो हुने उल्लेख गर्नुहुँदै समुदायमा आधारित संस्थालाई मात्र विश्वास गर्न आग्रह गर्नुभयो।

जिल्ला बचत तथा ऋण सहकारी सङ्घका **कृष्णगोविन्द लाखाजु**ले संस्थासित कारोबार गर्न सचेत हुनुपर्ने बताउनुभयो।

संस्थाका अध्यक्ष **गोपाल श्यामा**को सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा शिक्षाविकास साकोसका तुल्सीहरि प्रजापति, डायमण्ड साकोसका प्रतिनिधि लक्ष्मीप्रसाद फाँजुलगायत विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरूले साधारणसभा सफलताको शुभकामना दिनुभएको थियो।

कार्यक्रमको बीच बीचमा सांस्कृतिक प्रस्तुति, असल बचत कर्ताहरूलाई सम्मान तथा एसईई वा सोभन्दा माथिका कक्षाहरूमा उत्तीर्ण विद्यार्थीहरूलाई संस्थाको तर्फबाट धन्यवादपत्र हस्तान्तरण पनि गरिएको थियो।

## देउसी भैलो रनिङ्ग शिल्ड प्रतियोगिता




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शुभ दीपावली २०७९, नेपाल संवत् ११४३ र छठ पर्वको उपलक्ष्यमा इष्ट पोइन्ट एकेडेमीद्वारा आयोजित देउसी भैलो प्रतियोगिताको कार्तिक ४ गते उद्घाटन गर्नुभयो।

प्रमुख अतिथि प्रजापतिले कार्यक्रममा शुभकामना मन्तव्य राख्नुहुँदै भक्तपुर नगरपालिकाले निरन्तर रूपमा सम्पदा संरक्षण सँगसँगै कला र संस्कृतिको संरक्षण गरिरहेको अवगत गराउनुहुँदै भनपाले नगरभित्रका ९२ ओटै विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरी विद्यार्थीहरूलाई कला, संस्कृति र सम्पदा सम्बन्धी ज्ञान दिन खोजिरहेको बताउनुभयो।

उहाँले नेपालमा पार्टी प्यालेसलगायत विभिन्न क्षेत्रमा विदेशी संस्कृतिलाई भित्र्याई सांस्कृतिक अतिक्रमण भइरहेको चर्चा गर्नुहुँदै शासक दलका नेताहरूले हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाउने तथा नागरिकता विधेयक पास गरी देशलाई सिक्किमीकरण गर्न खोजीरहेको हुँदा जनता सचेत हुनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपाले नगरक्षेत्रमा विद्यालयहरूमा सांस्कृतिक गुरुहरूलाई पठाई विद्यार्थीहरूलाई अध्ययन अध्यापन सँगसँगै सांस्कृतिक गतिविधिमा अगाडि बढाउन खोजिरहेको बताउनुहुँदै इष्ट पोइन्ट एकेडेमीले निरन्तर रूपमा देउसी भैलो प्रतियोगिता सञ्चालन गरी देशको सांस्कृतिक पहिचान बचाउन गरेको प्रयत्नको लागि आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा विशेष अतिथि सप्तरी जिल्लाका न्यायाधीस **लालकाजी श्रेष्ठ**ले नेपाल विभिन्न जात जाति र धर्म संस्कृति मान्ने थलो भएको हुँदा धार्मिक सहिष्णुता र एक आपसमा सद्भाव रहीआएको चर्चा गर्नुहुँदै कार्यक्रमले सांस्कृतिक जगेर्ना गर्नुका साथै नेपालीहरू बीच सौहार्दता कायम हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापति एवं विद्यालयका संस्थापक प्रिन्सिपल **रमेशचन्द्र श्रेष्ठ**ले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुहुँदै विद्यालयहरूबीचको अन्तरसम्बन्ध कायम गर्न र विद्यार्थीहमा अन्तरनिहित प्रतिभा प्रस्फुटनको लागि विद्यालयले

कोभिडको सङ्क्रमणकालीन अवस्थाको ३ वर्ष बाहेक उपत्यकामै पहिलोपल्ट २०६५ सालदेखि देउसी भैलो कार्यक्रम आयोजना गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा प्याब्सनको तर्फबाट भक्तपुर नगर प्याब्सनका सल्लाहकार भक्तराजभण्डारी, निर्णायकहरूको तर्फबाट जीवन ढुङ्गाना र शिक्षिकाद्वय मनि भैल र देवकी लामिछानेले कार्यक्रमको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिलाई सभापति एवं प्रिन्सिपल श्रेष्ठले विद्यालयको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो ।

उक्त प्रतियोगितामा भक्तपुर जिल्लास्थित इष्ट पोइन्ट एकेडेमी, सीभीएम सेकेण्डरी स्कूल, एडभान्स एकेडेमी स्कूल, सनसाइन नेशनल स्कूल, क्रियटिभ लनर्स सेकेण्डरी स्कूल, महेन्द्र विद्याश्रम, एभरेष्ट ईङ्गलिश स्कूल, विनायक शिक्षा निकेतन र सूर्योदय सेकेण्डरी स्कूलका १० ओटा टिमले देउसी भैलो कार्यक्रममा सहभागिता जनाएको थियो ।

## सांस्कृतिक प्रहसनका विजेताहरुलाई प्रमाणपत्र वितरण




ब्यासी सांस्कृतिक समूहबाट गाईजात्रा महोत्सव २०७९ मा प्रहसन गरिएका सांस्कृतिक प्रस्तुतीहरुमा भक्तपुर नपाको मूल्याङ्कनबाट प्रथम हुन सफल गाइँचा प्याखं र सान्त्वना पुरस्कार पाएको फाकंदली प्याखंका कलाकारहरूलाई कार्तिक १ गते एक समारोहबीच भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभयो ।

ब्यासी सांस्कृतिक समूहको आयोजनामा भएको उक्त कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुर सांस्कृतिक र ऐतिहासिक पहिचान बोकेको नगर भएको बताउनुहुँदै कामदार जनताको राजनीतिक चेतनास्तर उकास्न गाइँचा मेलाई सशक्त माध्यमको रूपमा प्रयोग गर्दै आइरहेको स्मरण गर्नुभयो ।

समयसँगै नयाँ पुस्ता आधुनिकतातर्फ बढी आकर्षित हुँदै गइरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले भाषा र संस्कृति समाप्त हुनु भनेको पहिचान र इतिहास समाप्त हुनु हो, भनपाले स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्तालाई मौलिक भाषा, संस्कृति र सम्पदा संरक्षणको महत्त्वबारे प्रशिक्षित गर्दै आएको बताउनुभयो ।

भक्तपुरको शिक्षा, स्वास्थ्य, कला–संस्कृति र सम्पदा संरक्षणको माध्यमबाट कामदार वर्गको उत्थानको निम्ति निरन्तर लागिपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले पारदर्शी र आर्थिक अनुशासनलाई ध्यानमा राख्दै भक्तपुर नगरलाई भ्रष्टाचारमुक्त नगरको रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले सांस्कृतिक प्रहसनमा नयाँ पुस्ताको संलग्नता बढाउन वडाले आवश्यक भूमिका निर्वाह गरिरहेको बताउनुहुँदै वडाको काममा वडावासीहरूको सक्रिय साथ र सहयोग रहँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नेपालभाषा साहित्य तःमुंज्याका कान्छा बासुकला, नेमकिपा २ वडा एकाइ समितिका अध्यक्ष गणेशप्रसाद सुवाल, ब्यासी सांस्कृतिक समूहका संयोजक राजकुमार लघु र अजेन्द्र लघुले पनि बोल्नुभएको थियो ।

## ग:पली सफाइ कार्यक्रम




'टोलको सुधार गरौं, सभ्याताको परिचय दिऔं' भन्ने मूल नाराका साथ ग:पली टोल सुधार समितिको अयोजनामा कार्तिक १ गते गपलीमा सरसफाइ कार्यक्रम भयो ।

कार्यक्रममा ग:पली टोल सुधार समितिका अध्यक्ष रामकृष्ण प्रजापतिले सरसफाइ सभ्यताको चिह्न हो भन्नुहुँदै मानिस स्वस्थ नभईकन केही गर्न नसक्ने भएकोले शरीरलाई स्वस्थ राख्न सरसफाइ कार्यक्रम गरेको बताउनुभयो ।

उहाँले न्हूँदँ ११४३ को उपलक्ष्यमा सम्पूर्ण टोलवासीहरूको सु-स्वास्थ्यको कामना गर्नुभयो ।

कार्यक्रममा टोलवासी र विद्यार्थीहरूको सहभागीता

रहेको थियो भने बाराही डोकाफल्चादेखि सुरु गरी गपली गणेश मन्दिर, राममन्दिर, बाराही पुल र मंगलतिर्थसम्म सरसफाइ कार्यक्रम गरेको थियो। सरसफाइ कार्यक्रमको लागि भक्तपुर नगरपालिकाले च्वाफि, चुन र फिनेल सहयोग गरेको थियो।

## आधारभूत तहस्तरीय कविता प्रतियोगिता

## 'साहित्य समाजको ऐनासरह'



प्रगति पुस्तकालय र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा ११३ औं देवकोटा जयन्तीको अवसरमा कार्तिक ५ गते भक्तपुर नगरव्यापी आधारभूत तहस्तरीय कविता प्रतियोगिता भयो।

प्रतियोगिताको कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले साहित्य समाजको ऐनासरह हो भन्नुहुँदै विद्यार्थीहरूले समाजका विभिन्न पक्षलाई कवितामार्फत व्यक्त गरेको बताउनुभयो।

विद्यार्थीहरूले तालिममार्फत साहित्यिक कलालाई तिखार्दै लानुपर्ने सुझाव दिनुहुँदै उहाँले साहित्य सर्वसाधारण जनताले समेत बुझ्ने सरल र सहज हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याखव**ले नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदानबारे चर्चा गर्नुहुँदै समाजका विकृति, विसंगतिविरुद्ध र परिवर्तनका निम्ति साहित्यहरू रचना गर्न जोड दिनुभयो।

भक्तपुर नपाका नगर शिक्षा शाखा प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले सामुदायिक सिकाइ केन्द्रको काम र कर्तव्यबारे चर्चा गर्नुभयो।

निर्णायक मण्डलका प्रतिनिधि शिक्षिका एवम् साहित्यकार **रूपकेशरी उलक**ले जमिनमुनि पानी अवश्य हुने, कुनै ठाउँमा मूल फुटेर जमिनमा आउने र तर कतै कतै मेसिन लगाएर तान्नुपर्ने भनेजस्तै कसैको जन्मजात साहित्यमा रुचिहुने र कसैलाई प्रयास गराउँदै साहित्यमा तयारी गराउन सकिने विचार राख्नुभयो।

कविता प्रतियोगितामा १७ ओटा स्कूलका ४४ जना विद्यार्थीहरूले भाग लिएका थिए। सो प्रतियोगितामा महेन्द्र विद्याआश्रमकी विभूति कार्की **प्रथम**, एभरेष्ट इ. स्कूलका प्रयागराज भट्टराई **द्वितीय** र वागीश्वरी माविकी श्रेया शाही **तृतीय** हुन सफल भए।

विजयी तथा सहभागी प्रतियोगीहरूलाई अतिथि सुनिल प्रजापतिले नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो।

कार्यक्रममा जयराम कोजु, रबिन्द्र प्रजापति र श्रीराम कासिछ्वाले पनि बोल्नुभएको थियो।

## शैक्षिक स्तर खस्कनुमा प्रधानमन्त्री, शिक्षामन्त्री र जिल्ला शिक्षा अधिकारी दोषी



नेपाल संवत् ११४३ र दीपावलीको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस र ख्वप कलेज अफ लमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबीच कार्तिक ६ गते शुभकामना कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले बेइमान गर्ने अवसर नपाएसम्म इमानदार हुने प्रवृत्तिबाट शिक्षक तथा कर्मचारीहरू टाढिनुपर्ने सुझाव दिनुभयो।

मित्रमण्डली र पार्टी सदस्यको अर्थ फरक रहेको स्पष्ट पार्नुहुँदै उहाँले भन्नुभयो, 'पार्टी सदस्यले मित्रमण्डलीबाट हुने गल्तीलाई समर्थन गर्ने गर्दैन। पार्टी सदस्यले गल्ती हुनेबित्तिकै आलोचना र आत्मालोचना गर्ने गर्छ। यस अर्थमा पार्टी सदस्य गम्भीर हुनु आवश्यक छ।'

'अपराधीलाई छुटाउन, बलात्कारीलाई बचाउन, चोर-फटाहा-बदमासहरूलाई जोगाउन नेमकिपाले कहिल्यै

सहयोग गरेन; बरु त्यस्तालाई कडाभन्दा कडा सजाय गराउन नेमकिपा लागेकै कारण निर्वाचनमा बदमासहरू नेमकिपाविपरुद्ध लागेका हुन्', अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो ।

'शैक्षिक स्तर खस्कनुमा प्रधानमन्त्री, शिक्षामन्त्री र जिल्ला शिक्षा अधिकारी दोषी छन्', उहाँले भन्नुभयो ।

विकृति, विसङ्गतिलाई हटाउन र समाजलाई परिवर्तन गर्न सङ्घर्ष गर्नुको विकल्प नरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले जस्तोसुकै परिस्थितिमा पनि निरास नभई अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

'एमसीसी सम्झौता देशघाती छ । यो एक सैन्य मोर्चा भएको जानेर बुझेर नै नेमकिपाले एमसीसीको विरोधमा जनतालाई सचेत पार्दै आएको हो', उहाँले स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'गलत कार्यको विरोध गर्ने संस्कारको विकास नभएसम्म हाम्रो देश सुधिन्न; हाम्रो परिवार राम्रो हुन्न । सत्य र न्यायको पक्षमा बोल्न नसके आफ्नै आँखा अगाडि आफ्नै सन्तानको हत्या र बलात्कार हुने खतरा छ । देश जोगाउन, भविष्य राम्रो बनाउन सबैले आ–आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्छ । देशप्रति माया नभएको तर आफ्नो ज्यानप्रति माया भएको मान्छे दासजस्तै बाँच्नुपर्ने हुन्छ । त्यसैले हामी राजनीतिकरूपमा सचेत र सङ्गठित हुनुपर्छ ।'

निर्वाचनको बेला दुईतिहाइ जनसङ्ख्या सडकमा आउने भएकोले निर्वाचनको बेला जनतालाई राजनीतिकरूपमा सचेत गर्ने अवसर मिल्ने भएकोले नेमकिपाले निर्वाचनलाई उपयोग गर्दै आइरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'निर्वाचन जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' हो । क्रान्तिलाई रोक्न नै क्रान्तिविरोधी तत्त्वहरू निर्वाचनमा नेमकिपाविरूद्ध एकत्रित हुने गर्छ ।'




समाजलाई बुद्धिजीवीकरण गर्ने लक्ष्य लिई नेमकिपा अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै उहाँले समाज परिवर्तनको लागि देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने सोच भएका योग्य मानिस राजनीतिमा आउनुपर्ने धारणा राख्नुभयो ।

हामीले समस्या समाधान गर्न सकेनौँ भने नयाँ पुस्ताले झन् दुःख पाउने हुँदा उज्ज्वल भविष्यको लागि लड्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सरकारले गरेका जनविरोधी र देशघाती कदमको नेमकिपाले विरोध गरी जनतालाई सचेत गरिरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष रोहितले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने दायित्वबाट नेमकिपा कहिल्यै पछि नहट्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामीले नयाँ पुस्तालाई साम्राज्यवादविरोधी भावनाबाट शिक्षित गर्नुका साथै देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने शिक्षा दिनुपर्छ । प्राध्यापकहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय घट्नाहरूबारे नियमित छलफल र विश्लेषण गर्ने कार्यक्रम राख्नुपर्छ ।'

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्राध्यापन इज्जत, प्रतिष्ठा र सेवाको पेशा भएकोले मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

विद्यार्थीहरू असफल भएमा त्यसको दोष प्राध्यापकहरूमा पनि जाने भएकोले यसतर्फ सचेत हुनुपर्छ, उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको दृष्टिकोण, जनप्रतिनिधिहरूको मिहिनेत र शिक्षक तथा कर्मचारीहरूको मिहिनेतको कारण भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेज तथा विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढ्दै गएको धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्य 'ख्वप सर्कल' का कलेजहरूको रहेको बताउनुभयो ।

कुनै पनि सर्तमा नाफा खोज्ने निजी कम्पनीसँग हातेमालो गर्ने प्रधानमन्त्रीको विचार गलत रहेको धारणा प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

'भारतीय विस्तारवादको हेपाहा प्रवृत्ति नेपालीको लागि असह्य छ । भारत नेपाललाई आफ्नो प्रान्तको रूपमा हेर्ने दुस्साहस गर्छ । नेपालप्रति भारतको हेपाहा प्रवृत्ति बढ्नुमा शासक पार्टीहरू जिम्मेवार छन्', उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'हामी स्वाभिमानीपूर्वक बाचौँ; परिश्रमी होऔँ; निडर होऔँ ।'

नेमकिपाको सिद्धान्तअनुसार व्यवहार गर्न मिहिनेत गरिरहेको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले जनताको सेवामा समर्पित विद्यार्थी तयार गर्न सक्यौँ भने हामी सफल भएको ठहर्ने धारणा राख्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले सम्पदा र संस्कृतिमा धनी भक्तपुर नगरलाई सांस्कृतिकरूपमा जीवन्त पार्ने गतिविधि बढाउन नगरपालिका लागिपरेको बताउनुभयो ।

असल शिक्षाले मात्र मानिसलाई सुसंस्कृत पार्न सकिने भएकोले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भनपाले कलेजहरू सञ्चालन गरिरहेको र ख्वप विश्वविद्यालय पनि नगरपालिकाले नै सञ्चालन गर्ने उहाँले बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुजन माक**ले सक्षम स्थानीय निकायलाई कलेजहरू सञ्चालन गर्ने अनुमति दिई सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षाको पहुँच पु‍र्‍याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले स्वास्थ्य सचेतना अपनाई खानपान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

डेंगु रोगको प्रकोप बढिरहेकोले सचेत हुन डा. लासिवाले आग्रह गर्नुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ** र ख्वप कलेजका प्राचार्य **रूपक जोशी**ले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सहायक इन्चार्ज **गोकर्ण दुलाल**ले पनि बोल्नुभएको थियो ।

## आर्जन गरेको ज्ञानले देश र समाजको सेवा गर्नुपर्छ



वागीश्वरी मावि कक्षा १२ र वागीश्वरी कलेजको स्नातक तहका विद्यार्थीहरूको संयुक्त आयोजनामा कक्षा ११ र स्नातक प्रथम वर्षमा अध्ययनरत नवागन्तुक विद्यार्थीहरूलाई स्वागत, दीपावली, नेपाल संवत ११४३ र छठ पर्वको शुभकामना तथा सांस्कृतिक कार्यक्रम कार्तिक ६ गते विद्यालय प्राङ्गण कमलविनायक र च्याम्हासिंहमा छुट्टाछुट्टै सम्पन्न भयो ।

कमलविनायकमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले शिक्षामा मात्र जोड दिई अध्ययन गर्दा मानिस अपूरो हुने हुँदा अतिरिक्त क्रियाकलापहरूमा पनि विद्यार्थीहरूले ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

क्षमता र लगनशीलताको आधारमा विषय छनौट गरी गरेको अध्ययनले मात्र विशेषज्ञता हासिल गर्न सक्ने बताउनुहुँदै उहाँले आफ्नो भविष्य उज्ज्वल बनाउन आफूले आर्जन गरेको ज्ञानले देश र समाजको सेवा गर्नुपर्छ भन्नुभयो ।

सरकार समाजवादउन्मुख संविधानको मर्मविपरीत शिक्षा र स्वास्थ्यको जिम्मेवारीबाट पन्छिँदै गएको बताउनुहुँदै उहाँले देशमा अहिले दुई थरीको जनशक्ति उत्पादन गरी विभेद गरिरहेको बताउनुभयो ।

नेपालका लागि भारतका पूर्वराजदूत रञ्जित रेले लेखेको किताब 'काठमाडौँ डिलेमा' मा सभामुख चित्रलेखा यादव भारत भ्रमणमा रहँदा नेपाल र भारतबारे केही पनि बोल्न नसकेको वाक्यांश उद्धृत गर्नुहुँदै विद्यर्थीहरूले देश विदेशको राम्रो ज्ञान राख्यो भने कसैको सामु झुक्नुनपर्ने बताउनुभयो ।

सरकारमा बसेका कमजोर नेतृत्वका कारण भारतीय शासकको दबाबमा पारित भएको नागरिकता विधेयकले हरेक सरकारी ओहोदामा कार्यरत नेपालीलाई विदेशीद्वारा विस्थापित गरी नेपाललाई उपनिवेश बनाउन उद्दत रहेको प्रष्ट पार्नुहुँदै नागरिकता विधेयकको सबै देशभक्त नेपालीले विरोध गर्नुपर्छ भन्नुभयो ।

च्याम्हासिंहमा भएको कार्यक्रममा अतिथि वागीश्वरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर न.पा. वडा नं. ९ का वडाअध्यक्ष **रवीन्द्र ज्याख्व**ले प्रकृतिको पूजा गरी मनाउने पर्व तिहारमा अखाद्य फलफूल तथा मिठाइको प्रयोगमा सचेत हुनुपर्ने बताउनुभयो । उहाँले जीवन रहे सबै रहने भएकाले संस्कृतिमाथि व्यापार गर्ने व्यापारीबाट सतर्क रहनुपर्ने बताउनुभयो । साथै उहाँले विद्याथीहरू देशका सचेत नागरिक भएकाले यही मङ्सिर ४ गते हुने निर्वाचनमा योग्य, इमानदार र देशभक्त उम्मेदवारको छनोट गर्न आ-आफ्नो गाउँ ठाउँमा रहेका जनतालाई सही तरिकाले मतदान गर्न सिकाउनुपर्ने औँल्याउनुभयो ।

विद्यार्थी **करिना प्याठ**को सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक **कृष्णप्रसाद धन्छा,** विज्ञान सङ्कायका प्रा. डा. **सिद्धिवीर कर्माचार्य,** वागीश्वरी मावि तथा कलेजका संयोजक **ज्ञानसागर प्रजापति,** वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ,** क.व्य.स. सदस्य तथा शिक्षिका **सुशिला कर्माचार्य**लगायत शिक्षक तथा विद्यार्थीहरूले शुभकामना दिएका थिए ।

कार्यक्रमपश्चात् विद्यार्थीहरूले सांस्कृतिक गतिविधिहरू प्रस्तुत गरेका थिए ।

## समाजसेवी र संस्कृतिप्रेमी प्रजापतिको श्रद्धाञ्जली सभा

### राम्रो काम गर्ने व्यक्तिहरूकै कारण समाज पनि राम्रो हुने



विश्वकर्मा भैल प्याखंसमेतको आयोजनामा विश्वकर्मा भैल प्याखंका अध्यक्ष, समाजसेवी, संस्कृतिप्रेमी, पूर्वजनप्रतिनिधि एवम् समाजका अगुवा कृष्णभक्त प्रजापतिको कार्तिक १२ गते श्रद्धाञ्जली सभा भयो ।

उक्त सभामा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देश र जनताको निम्ति काम गर्ने व्यक्तिहरूको सधैं संस्मरण गरिरहने विश्वास व्यक्त गर्नुहुँदै राम्रो काम गर्ने व्यक्तिहरूकै कारण समाज पनि राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

नाचगान र वाद्यवादनको संरक्षण र विकासमा निरन्तर लागिपरेका सांस्कृतिक गुरु विकासप्रेमी, सामाजिक अगुवा मृतक प्रजापतिको योगदानको स्मरण गर्नुहुँदै नगर प्रमुख प्रजापतिले हाम्रो सहर, हाम्रो संस्कृति र सम्पदाको संरक्षण हामीले नै गर्नुपर्नेमा जोड दिनुभयो ।

भैल प्याखंको अभिलेख राख्नुपर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले मृतक प्रजापति देश र जनताप्रति समर्पित भएरै जनप्रतिनिधि भएर काम गरेको बताउनुभयो ।

भक्तपुर नगरलाई सांस्कृतिक नगर बनाउन, सम्पदा संरक्षण गर्न सांस्कृतिक गुरुहरूको उल्लेख्य योगदान भएको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नगर देशको मात्र होइन संसारकै निम्ति उदाहरणीय नगर बनाउनेतर्फ लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर स्वदेशी तथा विदेशीहरूको आकर्षणको केन्द्र बनिरहेको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले संस्कृतिकर्मीहरूको सम्मान गरिरहेको पनि बताउनुभयो ।

भनपा वडा नं ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले देश र जनताको निम्ति काम गर्ने व्यक्तिहरू समाजका परिचित र प्रिय व्यक्ति बन्ने विचार व्यक्त गर्नुभयो ।

समाजलाई सभ्य र सुसंस्कृत बनाउने काममा अग्रज राजनीतिक, सांस्कृतिक, सामाजिक व्यक्तित्वहरूको योगदान भएको चर्चा गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले हरेकले आ–आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्ने र स्वास्थ्य परीक्षण समय–समयमा गरिरहनुपर्ने विचार व्यक्त गर्नुभयो ।

युवाहरू कुलत र दुर्व्यसनीमा लागिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले हामीमा नागरिक भावना र सांस्कृतिक स्तर हुनुपर्छ भन्नुभयो ।

विश्वकर्मा भैल प्याखंका सचिव **सुजित प्रजापति**को सभापतिमा भएको श्रद्धाञ्जली सभामा चाख साकोसका अध्यक्ष **लक्ष्मीप्रसाद प्रजापति,** विश्वकर्मा साकोसका अध्यक्ष **शमशेर ज्याख्व, रत्नप्रसाद प्रजापति, कृष्ण प्रजापति,** तलातुंछि ल्याम्ह पुचःका अध्यक्ष **प्रज्ज्वल प्रजापति,** विश्वकर्मा सांस्कृतिक खलका संयोजक **विष्णुप्रसाद प्रजापति, किरण प्रजापतिले** दिवंगत प्रजापतिका जीवनका विविध योगदानबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रम सुरु हुनुअघि एक मिनेट मौनधारण गरिएको थियो ।

२०१६ भदौ १० गते जन्मनुभएका कृष्णभक्त प्रजापतिको निधन कार्तिक ५ गते भएको थियो । उहाँ तुल्सीभक्त प्रजापति र रणदेवी प्रजापतिका जेठा पुत्र हुनुहुन्छ ।

यसैबीच विश्वकर्मा साकोसको आयोजनामा पनि मृतक प्रजापतिको श्रद्धाञ्जली सभा भयो ।

उक्त सभामा ज्ञानसागर प्रजापति, विष्णुबहादुर मानन्धर र रवीन्द्र ज्याख्वले उहाँको योगदानबारे चर्चा गर्नुभयो ।

साकोसका अध्यक्ष शमशेर ज्याख्वको सभापतित्वमा भएको उक्त श्रद्धाञ्जली सभामा कृष्णभाइ ज्याख्वले पनि बोल्नुभएको थियो ।

## भारतको हेपाहा प्रवृतिको विरोध गर्नुपर्ने : प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापतति**ले भारतको हेपाहा प्रवृत्तिको सचेत नेपाली जनताले विरोध गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिका कर्मचारी एशोसियसनद्वारा कर्मचारीहरूलाई मतदाता शिक्षा र आचारसंहिताबारे जानकारी दिने उद्देश्यले कार्तिक १७ गते आयोजित कर्मचारी भेलालाई



सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापतिले माग्नेहरूको इज्जत नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो 'नेपाली जनताले संविधानसभामार्फत संविधान बनाउँदासमेत भारतले सहमति नभएको भनी नाकाबन्दी गऱ्यो । आफ्नो सहमतिबिना संविधान घोषणा नगर्न धम्की दियो । यो गलत छ ।'

कर्मचारीहरू हरेक कुरामा सक्षम र योग्य हुनुपर्ने बताउनुहुँदै देशलाई अगाडि बढाउन कर्मचारीहरूको महत्त्वपूर्ण योगदान हुने बताउनुहुँदै एमसीसी र नागररिकता विधेकबारे कर्मचारीहरूले थप अध्ययन गरी देशको स्वतन्त्रता र सार्वभौमिकता रक्षाको अभियानमा लाग्न पनि उहाँले आग्रह गर्नुभयो ।



कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले निर्वाचनको सङ्क्षिप्त इतिहासको चर्चा गर्नुहुँदै कर्मचारीहरूले निर्वाचनको बेलामा खेल्नुपर्ने भूमिकाबारे जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले कर्मचारीहरूलाई मतदाता शिक्षा दिनुहुँदै कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता विषयमा जानकारी दिनुभएको सो कार्यक्रममा कार्यक्रमका सभापति एवं एशोसिएसनका सचिव राजेश दिस्ती र सदस्य विकास प्रजापतिले पनि बोल्नुभएको थियो ।

## अमेरिका, बेलायत र अस्ट्रेलियाको "आणविक षड्यन्त्र" सफल नहुने




पेइचिङ, ४ अक्टोबर (सीआरआई) । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको (IAEA) सम्मेलनमा अमेरिका, बेलायत र अस्ट्रेलियाबीचको आणविक पनडुब्बी सहकार्य समस्याबारे चलाइएको बहस चर्को देखिएको छ । हाल सम्पन्न भएको अन्तर्राष्ट्रिय पारमाणविक ऊर्जा एजेन्सीको ६६ औं महासभाको अवस्थाबारे चर्चा गर्दै चिनियाँ प्रतिनिधिले उक्त कुरा बताउनुभएको हो । उहाँका अनुसार, अमेरिका, बेलायत र अस्ट्रेलियाले आणविक पनडुब्बी सहकार्यलाई वैधानिक बनाउन खोजेको संशोधित मस्यौदालाई अस्वीकार गरेका छन् । त्यो कुरा अमेरिका, बेलायत र अस्ट्रेलियाको 'आणविक षड्यन्त्र' सफल नहुने प्रतीक पनि हो ।

गत वर्षको सेप्टेम्बरदेखि यता अमेरिका, बेलायत र अस्ट्रेलियाले सँगै मिलेर आणविक पनडुब्बी सहकार्य चलाउने घोषणा गरेकाले विश्वको संवेदनशीलतालाई उत्तेजित पारेको छ । तर, ती ३ ओटा मुलुकले जुनसुकै तरिका र साधनको प्रयोग गरे तापनि विफल हुने नतिजा भोग्नुपर्छ । किनकि, उनीहरूको षड्यन्त्र अन्तर्राष्ट्रिय ऐन कानुन र परिपाटीविपरीत भएकाले मानिसको स्वीकार र मनलाई जित्न सक्दैन ।

मानव जाति एउटा अविच्छिन्न सुरक्षित समुदाय नै हो । आणविक अस्त्ररहित विश्वको स्थापना गर्ने, सँगै मिलेर शान्ति र सुरक्षाको संरक्षण गर्ने भन्ने विभिन्न मुलुकको साझा अभिलाषा नै हो । त्यो अमेरिका, बेलायत र अस्ट्रेलियाको 'आणविक षड्यन्त्र' सफल नहुने मूलभूत कारण पनि हो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

## ब्राजिलको राष्ट्रपतिमा लुला निर्वाचित

### 'ब्राजिल सही बाटोमा फर्केको छ' : लुला



दक्षिण अमेरिकी देश ब्राजिलमा आइतबार भएको राष्ट्रपति निर्वाचनको दोस्रो चरणको परिणाममा वामपन्थी उम्मेदवार तथा ब्राजिल मजदुर पार्टीका नेता लुइज इनासियो लुला दा सिल्भा विजयी हुनुभएको छ।

अत्यन्त कडा प्रतिस्पर्धा भएको निर्वाचन परिणामअनुसार ब्राजिलका जनताले वर्तमान राष्ट्रपति जायर बोल्सोनारोलाई पराजित गर्दै नयाँ राष्ट्रपतिमा पूर्वराष्ट्रपति लुइज इनासियो लुला दा सिल्भालाई निर्वाचित गरेका छन्। देशको नयाँ राष्ट्रपतिमा निर्वाचित वामपन्थी नेता लुलाले ५०.९ प्रतिशत र बोल्सोनारोले ४९.१ प्रतिशत मत प्राप्त गरेका निर्वाचन आयोगले जनाएको छ।



निर्वाचन परिणाम घोषणापछि नवनिर्वाचित राष्ट्रपति लुला


राष्ट्रपतिमा लुलासँगै उपराष्ट्रपतिमा ब्राजिल मजदुर पार्टीका अर्का नेता जेराल्डो अल्कमिन निर्वाचित हुनुभएको छ।

नवनिर्वाचित राष्ट्रपति लुलालाई विश्वका नेताहरूले बधाई दिएका छन् भने उहाँका प्रतिद्वन्द्वी बोल्सोनारोले सार्वजनिकरूपमा निर्वाचन स्वीकार गरिनसकेको नेता लुलाले बताउनुभएको छ। विजय जुलुसमा समर्थकहरूलाई सम्बोधन गर्दै राष्ट्रपति लुलाले उक्त जानकारी दिनुभएको हो।

'ब्राजिल आज सही बाटोमा फर्केको छ, प्रजातन्त्रको बाटोमा फर्केको छ र सामाजिक न्यायको बाटोमा फर्केको छ। हामी विश्वलाई भनिरहेका छौँ कि दुष्टहरूको भूमिकाको कारण ब्राजिल विश्वबाट अलग्गिन पुगेको थियो। आज विश्वसित हातेमालो गर्न ब्राजिल फर्केको छ। आज एकमात्र विजेता ब्राजिलका जनता हुन्, राजनीतिक दल, व्यक्तिगत स्वार्थ र विचारधाराभन्दा माथि उठेर लोकतन्त्रको विजय होस् भन्ने हाम्रो चाहना नै लोकतान्त्रिक आन्दोलनको विजय हो,' पूर्वराष्ट्रपति पूर्व धातु मजदुरसमेत रहनुभएका लुलाले आफ्नो जितको श्रेय जनतालाई दिँदै विजय जुलुसमा भन्नुभयो।

सन् २००३ देखि २०१० सम्म ब्राजिलको राष्ट्रपति रहेका लुलालाई सन् २०१८ को निर्वाचनमा प्रतिस्पर्धा गर्न नदिनकै लागि भ्रष्टाचारको झूटो आरोप लगाएर २०१७ देखि करिब दुई वर्ष जेलमा राखिएको थियो। उहाँलाई राजनीतिमा सहभागी हुन प्रतिबन्ध लगाइएको थियो। पाँच सय दिनभन्दा बढी समय कारागारमा बिताएपछि अदालतले उहाँलाई रिहा गर्दै उहाँमाथि लगाइएको राजनीतिक प्रतिबन्ध पनि खारेज गरिएको थियो।

ब्राजिलमा सन् १९८५ मा लोकतन्त्र पुनः स्थापना भएपछि पहिलोपल्ट पदमा रहेका राष्ट्रपति निर्वाचनमा पहिलोपटक पराजित भएका हुन्। वर्तमान राष्ट्रपति बोल्सोनारो बीस लाखभन्दा बढी मतले पराजित भएका छन्।



## दृष्य प्रदूषण हटाउन तार भूमिगत गर्नेसम्बन्धी छलफल



भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नेपाल विद्युत प्राधिकरण, ललितपुर–भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाको आयोजनामा तार भूमिगतगर्ने सम्बन्धी बैठक भनपा सभाकक्षमा कार्तिक २१ गते भयो।

बैठकमा प्रमुख प्रजापतिले नगर क्षेत्रभित्र दृष्य प्रदूषण हटाउन भक्तपुर नपाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नगरक्षेत्रमा विद्युतका तारहरू भूमिगत गर्ने उल्लेख गरेको जानकारी दिनुहुँदै सो कार्यको लागि नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने बताउनुभयो।

उहाँले घना बस्ती भएको पुरानो बजार क्षेत्र र पुराना घरहरू रहेको ठाउँमा तार भूमिगत गर्दा हुन सक्ने कम्पन र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण सम्पदाहरू भएका स्थानमा विशेष सावधानी अपनाउनुपर्ने बताउनुहुँदै तार भूमिगतको कार्य शुरु गर्नु अघि जनप्रतिनिधि र कर्मचारीहरूसँग समन्वय गर्दा सहज हुने बताउनुभयो।

कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका इन्जिनियर बीरेन्द्रकुमार झा र दिपेश श्रेष्ठले तार भूमिगतसम्बन्धी प्रस्तुतीकरण देखाउनु भएको थियो भने जनप्रतिनिधि र कर्मचारीहरूले प्रस्तुतीकरणसम्बन्धी अन्तरक्रियात्मक सेसनमा आ–आफ्नो जिज्ञासा राख्नुभएको थियो।

### नमूना मतदान

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका परिसरमा सम्पन्न जिल्ला निर्वाचन कार्यालय, भक्तपुरद्वारा आयोजित नमुना मतदानमा कार्तिक २० गते मतदान गर्नुभयो।

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको तयारी स्वरूप नमुना मतदान गरिएको हो।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशी, मुख्य निर्वाचन अधिकृत गोपालप्रसाद बास्तोला, प्रमुख जिल्ला



अधिकारी रुद्रादेवी शर्मा, भनपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, जिल्ला प्रहरी परिसर, भक्तपुरका प्र.ना.उ. राजु पाण्डे, इन्द्रबक्स गण, सूर्यविनायक ब्यारेकका सेनानी श्यामराजा विक्रम थापा, सशस्त्र प्रहरी बल गुहेश्वरीका स.प्र.उ. नर बहादुर राउत, कार्यालय प्रमुखहरू, पत्रकारहरू, नगरपालिकाका कर्मचारीहरूलगायत सर्वसाधारण गरी ११० जनाले नमुना मतदान गर्नुभएको थियो।





नमुना मतदानमा जिल्ला निर्वाचन कार्यालय र भक्तपुर नगरपालिकाका कर्मचारीहरूले मतदान कार्यमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र कर्मचारी तथा स्वयंसेवकको भूमिका निर्वाह गरेका थिए।

# संक्षेपमा

## मतदाता शिक्षा अन्तरक्रिया कार्यक्रम




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपा अन्तर्गतका १० ओटै वडामा कार्यरत वडासचिव तथा स्वास्थ्य स्वयमसेविकाहरूलाई मतदाता शिक्षासम्बन्धी अन्तरक्रिया कार्यक्रम भनपा सभाकक्षमा कार्तिक १५ गते सम्पन्न भयो। उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले सहभागीहरूलाई मार्गनिर्देशन गर्नुभयो भने मतदाता शिक्षा संयोजक एवं प्रशासकीय अधिकृत दामोदर सुवालले मतदाता प्रशिक्षणसम्बन्धी प्रस्तुतिकरण देखाउनुभएको थियो ।

## आइसक्रिम कारखानामा आगलागी



भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित आइसक्रिम कारखानामा कार्तिक १५ गते राती आगलागी भएको छ। सोहीक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सल्लाघारीमा भएको आगलागीबाट पुगेको क्षति र नियन्त्रणबारे कारखानाका साहु रामहरि खत्रीसँग जानकारी लिनुभयो। प्राप्त स्रोतअनुसार बेलुकी ७.२४ बजेतिर आगलागी भएको थियो ।

## स्वास्थ्य शिविर

भक्तपुर नपा वडा नं. ३ को आयोजनामा असोज १४ गते भएको नाक, कान, घाँटी तथा आँखा शिविरमा प्रमुख सुनिल प्रजापति सम्बोधन गर्नुहुदै ।



## शपथ ग्रहण

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति नगर परीक्षा समितिका पदाधिकारीहरूलाई एक कार्यक्रम गरी कार्तिक १७ गते शपथ ग्रहण गराउनुहुदै ।



भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## मतदाता शिक्षा




भक्तपुर नपाको आयोजनामा नगरभित्रका प्रधानाध्यापकहरूलाई मतदाता शिक्षा कार्यक्रम कार्तिक १८ गते भयो ।

## प्रधानाध्यापक गोष्ठी कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख एवं स्थानीय स्काउट संरक्षक सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा स्थानीय स्काउट भक्तपुरको आयोजनामा नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक गोष्ठी कार्यक्रम कार्तिक १८ गते सम्पन्न भयो ।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले सबै नागरिक समान हुने अनुशासित समाज निर्माण गर्न स्काउट शिक्षले महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा विद्यालयहरूमा स्काउट शिक्षा पुऱ्याउन भनपा कृयाशील छ भन्नुभयो ।

विदेशीलाई नागरिकता दिएमा नेपालीहरूको हक खोसिन्छ । नागरिकता विधेयकमा हस्ताक्षर गर्नेहरूले देशघात गरेका छन् । त्यस्ताहरू शासनमा पुगे फेरि जनताले दुःख पाउनेछन् उहाँले भन्नुभयो ।

कार्यक्रममा उपप्रमुख एवं स्थानीय स्काउट प्रमुख रजनी जोशी, वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, भनपा शिक्षा शाखा प्रमुख एवं स्थानीय स्काउट सचिव कृष्णप्रसाद कर्माचार्यले स्काउटको महत्त्वबारे बोल्नुभएको थियो ।

स्थानीय स्काउट संयोजक कृष्णसुन्दर प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा नेपाल स्काउटका पूर्व राष्ट्रिय तालिम आयुक्त एवं बागमती प्रदेश स्काउट सल्लाहकार भक्त राजभण्डारी र सहायक राष्ट्रिय प्रशिक्षक बालकृष्ण बनमालाले पनि बोल्नुभएको थियो ।

## खेलकुद प्रतियोगितासम्बन्धी छलफल




भक्तपुर नगरपालिकाको आयोजनामा कार्तिक १९ गते विभिन्न खेलका सरोकारवालाहरूको उपस्थितिमा 'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७९' सम्बन्धी छलफल कार्यक्रम ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## 2079 Ashoj Report

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1768 | 9.47 |
| 10-19. | 1585 | 8.49 |
| 20-59 | 11785 | 63.11 |
| ≥60 | 3536 | 18.94 |
| **Total** | **18674** | **100.00** |

| Department | Number | Percentage |
|---|---|---|
| CHRP- Respiratory Medicine | 1 | 0.01 |
| Cardiologist | 97 | 0.52 |
| General Ward | 105 | 0.56 |
| Physiotherapy | 129 | 0.69 |
| General Surgery OPD | 188 | 1.01 |
| Internal Medicine | 431 | 2.31 |
| Dermatology | 456 | 2.44 |
| Laboratory | 486 | 2.60 |
| Obs. & Gynaecology | 531 | 2.84 |
| Paediatric | 663 | 3.55 |
| ENT | 771 | 4.13 |
| Dental | 1024 | 5.48 |
| Orthopedic | 1712 | 9.17 |
| Emergency Ward | 2451 | 13.13 |
| General OPD | 9629 | 51.56 |
| **Total** | **18674** | **100.00** |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 668 | 3.58 |
| General | 3471 | 18.59 |
| Insurance | 14535 | 77.84 |
| **Total** | **18674** | **100** |

| District | Number | In Percentage |
|---|---|---|
| Palpa | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Rolpa | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Jumla | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Tanahun | 1 | 0.01 |
| Dhanusha | 1 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Accham | 3 | 0.02 |
| Rolpa | 3 | 0.02 |
| Lalitpur | 3 | 0.02 |
| Kailali | 4 | 0.02 |
| Ramechap | 6 | 0.03 |
| Sindhupalchowk | 9 | 0.05 |
| Kathmandu | 25 | 0.13 |
| Kavrepalanchok | 36 | 0.19 |
| Bhaktapur | 18575 | 99.47 |
| **Total** | **18674** | **100.00** |

| | |
|---|---|
| Madhyapur Thimi | 69 |
| Suryabinayak | 658 |
| Changu | 2181 |
| Bhaktapur | 15667 |
| **Total** | **18575** |


### भक्तपुर सामुदायिक आँखा केन्द्र

| महिना असोज, २०७९ | | | |
|---|---|---|---|
| मोतिबिन्दु शल्यक्रिया | ३२ | | |
| बिरामी जाँच ( OPD Service) | १७७४ | | |
| सेवा | सञ्चालन हुने दिन | सेवा सञ्चालन हुने समय | विशेषज्ञ डाक्टरको नाम |
| आँखा सेवा (तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा) | आइतबारदेखि शुक्रबारसम्म | बिहान ७ बजेबाट दिउँसो बेलुका ५:०० बजेसम्म | डा.विक्रम श्रेष्ठ |

**औषधी, खाद्यसामग्री लगायतका बस्तु किन्दा**

**म्याद हेर्ने बानी गरौं ।**

## आ.व. २०७९/८० असोज महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १७९ | १९४ | १५९ | १७१ | १५१ | १६१ | १५० | २५३ | २०२ | १६२ | २०३ | २४३ | २५५ | २२९ | १८० | २५७ |
| ■ सार्क तथा चिनियाँ | १६७ | १०४ | १११ | १५५ | ५९ | १२३ | १०१ | ७२ | ७४ | ९३ | १३६ | ७५ | १२५ | १०७ | १५४ | १८६ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३२३ | २३१ | १८२ | २३९ | ४१२ | ४६८ | ३४० | ३६९ | ४३१ | ३०९ | ४३० | ५१६ | ४७५ | ३९५ | ३९९ |
| ■ सार्क तथा चिनियाँ | २९६ | १९४ | ३५९ | ३०७ | ४५५ | २९७ | २२१ | ३०५ | २२७ | २७६ | २१८ | २५५ | ३३० | २४७ | ४२१ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७८ असोज | ४२४ | ५४० | ९६४ |
| २०७९ असोज | ८,६६८ | ६,२५० | १४,९१८ |
| प्रगति | ८,२४४ | ५,७१० | १३,९५४ |

## विश्वमा कोभिड–१९ को स्थिति (कार्तिक १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | भाद्र १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ६३५,७०७,६४७ | ६१५,१११,५४६ | ६,५९४,७३० | |
| १ | संरा अमेरिका | ९९,३७५,७२१ | ९६,९३७,७४३ | १,०९५,३१५ | १ |
| २ | भारत | ४४,६५४,६३८ | ४४,१०७,९४३ | ५२९,०७७ | २ |
| ३ | फ्रान्स | ३६,८१३,३८५ | ३५,८१३,३८५ | १५६,९९४ | ३ |
| ४ | जर्मनी | ३५,६१९,६८७ | ३३,९९९,५०० | १५३,६९४ | ५ |
| ५ | ब्राजील | ३४,८७०,३९४ | ३४,०५१,८११ | ६८८,२०५ | ४ |
| ६ | दक्षिण कोरिया | २५,६१५,६६७ | २५,०४७,०६३ | २९,२०९ | ७ |
| ७ | संयुक्त अधिराज्य | २३,८९८,४८९ | २३,५३९,९२८ | १९३,६७३ | ६ |
| ८ | इटाली | २३,५३१,०२३ | २२,८८४,७१७ | १७९,१०१ | ८ |
| ९ | जापान | २२,२९५,५९२ | २०,४९७,३६७ | ४६,६५९ | १० |
| १० | रूस | २१,४२९,५०६ | २०,८०३,११७ | ३९०,१७५ | ९ |
| ११ | टर्की | १६,९१९,६३८ | १६,८१८,४३५ | १०१,२०३ | ११ |
| १२ | स्पेन | १३,५११,७६८ | १३,९९४,९९४ | ११५,०७८ | १२ |
| १३ | भियतनाम | ११,५०२,८८५ | १०,६०३,२१२ | ४३,१६३ | १३ |
| १४ | अस्ट्रेलिया | १०,३७९,४४२ | १०,२१६,९०० | १५,६६५ | १४ |
| १५ | अर्जेन्टिना | ९,७१८,८७५ | ९,५८३,६०३ | १२९,९९१ | १५ |
| १६ | नेडरलान्ड | ८,५११,८३० | ८,४१०,८४५ | २२,८१० | १६ |
| १७ | ताइवान | ७,७१२,७२६ | ६,९३२,१४० | १२,८३१ | २३ |
| १८ | इरान | ७,५५७,६५० | ७,३३१,९५० | १४४,५७६ | १७ |
| १९ | मेक्सिको | ७,११०,९९३ | ६,३८३,६६५ | ३३०,३९२ | १८ |
| २० | इन्डोनेसिया | ६,४९३,०७९ | ६,३०९,७९० | १५८,६३१ | १९ |
| २१ | पोलान्ड | ६,३४०,४३५ | ५,३३५,९४० | ११८,१२४ | २१ |
| २२ | कोलम्बिया | ६,३०९,७१६ | ६,१३७,८७८ | १४१,८३७ | २० |
| २३ | पोर्तुगल | ५,५२०,७३१ | ५,४७२,८१८ | २५,२२८ | २२ |
| २४ | अस्ट्रिया | ५,४३९,५६७ | ५,३६०,६१९ | २०,९८१ | २५ |
| २५ | युक्रेन | ५,२९६,२५४ | ४,१४६,४२४ | ११०,००८ | २४ |
| २६ | ग्रीस | ५,१३५,२०० | ५,०७१,२१४ | ३३,५७४ | २८ |
| २७ | मलेसिया | ४,९०२,९६४ | ४,८३५,०५३ | ३६,४७५ | २६ |
| २८ | प्रजग कोरिया | ४,७७२,८१३ | ४,७७२,७३९ | ७४ | २७ |
| २९ | चिली | ४,७६०,१८६ | ४,६८४,६१२ | ६१,६७७ | ३१ |
| ३० | थाइलान्ड | ४,६९२,४४८ | ४,६४९,५०९ | ३२,९५५ | २९ |
| ३१ | इजरायल | ४,६८४,४६० | ४,६६५,३२४ | ११,७६७ | ३० |
| ३२ | बेल्जियम | ४,६१२,२३९ | ४,५१८,६३५ | ३२,९०२ | ३२ |
| ३३ | क्यानाडा | ४,३३६,८६० | ४,२१३,४८४ | ४६,३८९ | ३३ |
| ३४ | स्विट्जरल्यान्ड | ४,२११,४३८ | ४,०८६,८१३ | १४,२३७ | ३६ |
| ३५ | पेरू | ४,१५६,९२४ | ३,९३४,४०२ | २१७,०१२ | ३४ |
| ३६ | चेक गणतन्त्र | ४,१५६,९२३ | ४,१०९,४१६ | ४१,५८० | ३५ |
| ३७ | दक्षिण अफ्रिका | ४,०२८,३०८ | ३,९१२,५०६ | १०२,३११ | ३७ |
| ३८ | फिलिपिन्स | ४,००४,४६५ | ३,९२०,१६४ | ६४,०७४ | ३८ |
| ३९ | रोमानिया | ३,२८६,७३५ | ३,२१२,६०४ | ६७,१८६ | ३९ |
| ४० | डेनमार्क | ३,१३६,९४७ | ३,१२०,२५४ | ७,३४७ | ४० |
| ४१ | स्वीडेन | २,६११,५८० | २,५७८,२२१ | २०,६२८ | ४१ |
| ४२ | इराक | २,४६१,४८४ | २,४३५,७६५ | २५,३५८ | ४२ |
| ४३ | सर्बिया | २,४०४,११२ | २,३६७,८२० | १७,२४२ | ४३ |
| ४४ | हङ्गेरी | २,१४१,५१३ | २,०६१,९९९ | ४७,९३८ | ४४ |
| ४५ | सिंगापुर | २,१०२,३०२ | २,०१८,५३६ | १,६८० | ४६ |
| ४६ | बंगलादेश | २,०३५,२४० | १,९८०,८२४ | २९,४२३ | ४५ |
| ४७ | हङकङ | १,९१८,७०८ | १,७३५,१०३ | १०,३९७ | ५३ |
| ४८ | स्लोभाकिया | १,८५२,५८९ | १,८२८,९९६ | २०,६०६ | ४७ |
| ४९ | न्यु जीलान्ड | १,८५१,६८९ | १,८२९,१०६ | ३,१०३ | ४८ |
| ५० | जर्जीया | १,७८०,६११ | १,६३७,२९३ | १६,९०० | ४९ |
| ५१ | जोर्डान | १,७४६,९९७ | १,७३१,००७ | १४,१२२ | ५० |
| ५२ | आयरलान्ड | १,६७२,३१९ | १,६२६,४३४ | ८,००६ | ५१ |
| ५३ | पाकिस्तान | १,५७४,०९४ | १,५३८,६८९ | ३०,६२६ | ५२ |
| ५४ | नर्वे | १,४६४,९४६ | १,४४९,२३० | ४,२०८ | ५४ |
| ५५ | कजाखस्तान | १,३९४,७५३ | १,३८०,१५९ | १३,६९२ | ५५ |
| ५६ | फिन्लान्ड | १,३४८,७३७ | १,३०९,०५८ | ६,५६८ | ५७ |
| ५७ | बुल्गेरिया | १,२७९,०८२ | १,२३०,८९८ | ३७,८८० | ५८ |
| ५८ | लिथुआनिया | १,२६८,०४६ | १,२४९,३१२ | ९,३९३ | ५९ |
| ५९ | मोरोक्को | १,२६५,६०१ | १,२४९,१०० | १६,२८१ | ५६ |
| ६० | क्रोएसिया | १,२४६,९४७ | १,२२७,५७९ | १७,१४२ | ६० |
| ६१ | स्लोभेनिया | १,२३३,४८२ | १,२०९,५३६ | ६,८८९ | ६३ |
| ६२ | लेबनान | १,२१८,७७९ | १,०८७,५८७ | १०,७०८ | ६१ |
| ६३ | ट्युनिसिया | १,१४६,१५२ | अप्राप्त | २९,२५७ | ६२ |
| ६४ | ग्वाटेमाला | १,१४०,४९९ | १,११९,३४८ | १९,८८८ | ६६ |
| ६५ | कोस्टा रिका | १,१३३,०९६ | ८६०,७११ | ८,९९० | ६७ |
| ६६ | क्युबा | १,१११,२८५ | १,१०२,६८८ | ८,५३० | ६४ |
| ६७ | बोलिभिया | १,१०९,४४७ | १,०६७,८८६ | २२,२३९ | ६५ |
| ६८ | संयुक्त अरब इमिरेटस | १,०३७,६३६ | १,०१६,६०१ | २,३४८ | ६८ |
| ६९ | इक्वेडर | १,००८,०३५ | ९७१,००२ | ३५,९२० | ७० |
| ७० | नेपाल | १,०००,५५६ | ९८८,०१५ | १२,०१९ | ६९ |
| ७१ | बेलारूस | ९९४,०३७ | ९८५,५९२ | ७,११८ | ७१ |
| ७२ | उरूग्वे | ९९०,५६० | ९८२,१०३ | ७,५१८ | ७२ |
| ७३ | पनामा | ९९०,४१३ | ९८०,८९८ | ८,५०९ | ७४ |
| ७४ | मंगोलिया | ९८४,८२३ | ९८१,८०९ | २,१७९ | ७३ |
| ७५ | लात्भिया | ९५२,०९९ | ९३८,२६९ | ६,०५३ | ७५ |
| ७६ | अजरबैजान | ८२३,२५८ | ८१२,९८६ | ९,९४४ | ७७ |
| ७७ | साउदी अरेबिया | ८२२,४५९ | ८०८,४४८ | ९,४०७ | ७६ |
| ७८ | पारागुए | ७१७,९५५ | ६९८,३१७ | १९,६०१ | ७८ |
| ७९ | बहराइन | ६९०,१८७ | ६८६,३०३ | १,५२८ | ७९ |
| ८० | श्री लंका | ६७१,०८७ | ६५४,२६२ | १६,७८० | ८० |
| ८१ | कुवेत | ६६२,०७३ | ६५९,०१७ | २,५६८ | ८१ |
| ८२ | डोमिनिकन गणतन्त्र | ६४७,२०५ | ६४२,५७१ | ४,३८४ | ८२ |
| ८३ | म्यानमार | ६३१,६२५ | ५९७,८९८ | १९,४८२ | ८४ |
| ८४ | प्यालेस्टिन | ६२०,८१६ | ६१४,९६२ | ५,४०४ | ८३ |
| ८५ | इस्टोनिया | ६०६,४९८ | ५२४,९९० | २,७३९ | ८५ |
| ८६ | साइप्रस | ५९९,११८ | ५८९,५८९ | १,१९४ | ८६ |
| ८७ | मोल्डोभा | ५९३,२४६ | ५०४,१४२ | ११,८८७ | ८७ |
| ८८ | भेनेजुयला | ५४५,८९९ | ५३९,४५९ | ५,८२० | ८८ |
| ८९ | मीश्र | ५१५,६४५ | ४४२,१८२ | २४,६१३ | ८९ |
| ९० | लिबिया | ५०७,०५१ | ५००,५७१ | ६,४३७ | ९० |
| ९१ | इथियोपिया | ४९३,९६० | ४७२,०९८ | ७,५७२ | ९१ |
| ९२ | रियुनियन | ४७३,७२४ | ४१८,५७२ | ८९१ | ९२ |
| ९३ | कतार | ४६९,२६७ | ४६६,७१५ | ६८४ | ९५ |
| ९४ | होन्डुरस | ४५६,९८८ | अप्राप्त | ११,०३७ | ९३ |
| ९५ | आर्मेनिया | ४४५,२४२ | ४३४,२८८ | ८,७०९ | ९४ |
| ९६ | बोस्निया र | ३९९,९६३ | ३७७,७५१ | १६,१७४ | ९७ |
| ९७ | ओमान | ३९८,७७५ | ३८४,६६९ | ४,२६० | ९६ |
| ९८ | उत्तर मेसेडोनिया | ३४४,१४६ | ३३४,३३५ | ९,५६४ | ९८ |
| ९९ | केन्या | ३३९,१४७ | ३३३,०५० | ५,६७८ | ९९ |
| १०० | जाम्बिया | ३३३,६८१ | ३२९,६२९ | ४,०१७ | १०० |
| १०१ | अल्बानिया | ३३२,९६६ | ३२७,७५१ | ३,५९२ | १०१ |
| १०२ | बोत्स्वाना | ३२६,३४४ | ३२२,९५५ | २,७९० | १०२ |
| १०३ | लक्जम्बर्ग | २९७,७५७ | २८८,९११ | १,१३३ | १०३ |
| १०४ | मोन्टेनेग्रो | २८२,७६४ | २७९,४७३ | २,७८६ | १०४ |
| १०५ | अल्जेरिया | २७०,८३८ | १८२,४२१ | ६,८८१ | १०५ |
| १०६ | नाइजेरिया | २६६,१३८ | २५९,४५७ | ३,१५५ | १०६ |
| १०७ | चीन | २६०,५०६ | २५०,६४२ | ५,२२६ | १०९ |
| १०८ | जिम्बावे | २५७,८९३ | २५१,९०४ | ५,६०६ | १०७ |
| १०९ | उज्वेकिस्तान | २४४,६४८ | २४१,४८६ | १,६३७ | १०८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | ब्रुनइ | २३७,६५६ | २२२,१४० | २२५ | १११ |
| १११ | मोजाम्बिक | २३०,४७५ | २२८,१७६ | २,२२४ | ११० |
| ११२ | मार्टिनक्यू | २२३,७२८ | अप्राप्त | १,०४७ | ११२ |
| ११३ | लावस | २१६,२४३ | अप्राप्त | ७५८ | ११३ |
| ११४ | कीर्गीस्तान | २०६,४५२ | १९६,४०६ | २,९९१ | ११४ |
| ११५ | आइसलान्ड | २०६,३५६ | अप्राप्त | २१३ | ११५ |
| ११६ | अफगानिस्तान | २०३,०६३ | १८०,५७५ | ७,८२२ | ११७ |
| ११७ | एल साल्भाडोर | २०१,७८५ | १७९,४१० | ४,२३० | ११६ |
| ११८ | ग्वाडेलौप | १९६,२७० | अप्राप्त | ९९३ | ११८ |
| ११९ | माल्दिभ्स | १८५,३६४ | १६३,६८७ | ३०८ | ११९ |
| १२० | ट्रिनिडाड एन्ड | १८४,७१३ | १७९,९२७ | ४,२४९ | १२० |
| १२१ | घाना | १७०,७०७ | १६९,०३१ | १,४६० | १२३ |
| १२२ | नामिबिया | १६९,९०८ | १६५,७६३ | ४,०८० | १२२ |
| १२३ | उगान्डा | १६९,४७३ | १००,४३१ | ३,६३० | १२१ |
| १२४ | जमैका | १५१,९३१ | ९९,३९२ | ३,३२० | १२४ |
| १२५ | कम्बोडिया | १३७,९९२ | १३४,९२८ | ३,०५६ | १२५ |
| १२६ | र्वान्डा | १३२,५८४ | १३१,०६१ | १,४६७ | १२६ |
| १२७ | क्यामरून | १२१,६५२ | ११८,६१६ | १,९३५ | १२७ |
| १२८ | माल्टा | ११५,३४९ | ११३,८०९ | ८०८ | १२८ |
| १२९ | अंगोला | १०३,१३१ | १०१,१५५ | १,९१७ | १२९ |
| १३० | बार्बाडोस | १०३,०१४ | १०२,०२४ | ५६० | १३० |
| १३१ | फ्रेन्च गीयाना | ९४,२५९ | ११,२५४ | ४११ | १३१ |
| १३२ | च्यानल टापू | ९३,९८० | ९३,०७० | २०५ | १३३ |
| १३३ | प्रजातान्त्रिक गणतन्त्र | ९३,०८६ | ८३,५३४ | १,४४५ | १३२ |
| १३४ | सेनेगल | ८८,६७९ | ८६,६०९ | १,९६८ | १३४ |
| १३५ | मलावी | ८८,०७३ | ८४,९७४ | २,६८७ | १३५ |
| १३६ | आइभोरि कोस्ट | ८७,७७४ | ८६,९३३ | ८२७ | १३६ |
| १३७ | सुरिनाम | ८१,१८५ | अप्राप्त | १,३९० | १३७ |
| १३८ | फ्रेन्च पोलीनेसिया | ७६,७५८ | अप्राप्त | ६४९ | १३८ |
| १३९ | न्यू क्यालेडोनिया | ७४,३७७ | ७३,९१५ | ३१४ | १३९ |
| १४० | इस्वाटिनी | ७३,५५८ | ७२,०८८ | १,४२२ | १४० |
| १४१ | गुयाना | ७१,४३७ | ७०,१३४ | १,२८१ | १४१ |
| १४२ | बेलिज | ६८,९४३ | ६८,२३९ | ६८७ | १४२ |
| १४३ | फिजी | ६८,२६४ | ६६,३२३ | ८७८ | १४३ |
| १४४ | मडागास्कर | ६६,७४९ | ६५,२८५ | १,४११ | १४४ |
| १४५ | सुडान | ६३,४८१ | ५७,५७९ | ४,९७२ | १४५ |
| १४६ | मौरितानिया | ६३,३६४ | ६२,२५९ | ९९७ | १४६ |
| १४७ | क्याबो भर्ड | ६२,३९७ | ६१,९२३ | ४१० | १४७ |
| १४८ | भुटान | ६२,३८० | ६१,५६४ | २१ | १४८ |
| १४९ | सिरिया | ५७,३६० | ५४,१८७ | ३,१६३ | १४९ |
| १५० | बुरुन्डि | ५०,४७० | ५०,१८३ | ३८ | १५० |
| १५१ | सेशेल्स | ४९,०३५ | ४७,९९५ | १७१ | १५२ |
| १५२ | ग्याबोन | ४८,९४५ | ४८,३९२ | ३०६ | १५१ |
| १५३ | अन्डोरा | ४६,५३५ | ४६,२५१ | १५५ | १५३ |
| १५४ | पपुआ न्यू गिनी | ४५,४६५ | ४३,९८२ | ६६८ | १५५ |
| १५५ | कुरासाओ | ४५,४३४ | ४४,७२० | २८९ | १५४ |
| १५६ | अरूबा | ४३,३३४ | ४२,४३८ | २३२ | १५६ |
| १५७ | मौरिसियस | ४०,६४१ | ३८,९५७ | १,०३० | १५७ |
| १५८ | मायोत्ते | ४०,३२० | अप्राप्त | १८७ | १५८ |
| १५९ | तान्जानिया | ३९,९२० | अप्राप्त | ८४५ | १५९ |
| १६० | टोंगो | ३९,२९९ | ३८,९९७ | २९० | १६० |
| १६१ | गिनी | ३८,०४७ | ३७,११८ | ४५६ | १६२ |
| १६२ | आइल अफ मान | ३८,००८ | अप्राप्त | ११६ | १६१ |
| १६३ | बहामाज | ३७,३८६ | ३६,२७० | ८३३ | १६३ |
| १६४ | फैरोए टापू | ३४,६५८ | अप्राप्त | २८ | १६४ |
| १६५ | लेसोथो | ३४,४९० | २५,९८० | ७०६ | १६५ |
| १६६ | हैटी | ३३,८११ | ३२,१७७ | ८५७ | १६६ |
| १६७ | माली | ३२,७३३ | ३१,८९८ | ७४२ | १६७ |
| १६८ | केमान आइलान्ड | ३१,००६ | ८,५५३ | ३४ | १६८ |
| १६९ | सेन्ट लुसिया | २९,५५० | २९,०९५ | ४०४ | १६९ |
| १७० | बेनिन | २७,७८२ | २७,४६४ | १६३ | १७० |
| १७१ | सोमालिया | २७,२३७ | १३,१८२ | १,३६१ | १७१ |
| १७२ | कंगो | २४,८३७ | २४,००६ | ३८६ | १७२ |
| १७३ | टिमोर लेस्टे | २३,३०१ | २३,१०२ | १३८ | १७३ |
| १७४ | माइक्रोनेसिया | २२,२०३ | अप्राप्त | ५५ | २०७ |
| १७५ | बुर्किना फासो | २१,६३१ | २१,१४३ | ३८७ | १७५ |
| १७६ | सान मारिनो | २१,६०४ | २१,३१३ | ११९ | १७६ |
| १७७ | सोलोमन टापू | २१,५४४ | १६,३५७ | १५३ | १७४ |
| १७८ | लिक्टेन्स्टाइन | २०,६२६ | २०,४३४ | ८७ | १७९ |
| १७९ | जिब्राल्टर | २०,१२१ | १६,५७९ | १०८ | १७७ |
| १८० | ग्रेनाडा | १९,५३६ | १९,२४८ | २३७ | १७८ |
| १८१ | निकारागुआ | १८,४९१ | ४,२२५ | २२५ | १८० |
| १८२ | बर्मुडा | १८,३४० | १८,१२७ | १४८ | १८३ |
| १८३ | दक्षिण सुडान | १७,८२३ | १७,३३५ | १३८ | १८१ |
| १८४ | ताजिकिस्तान | १७,७८६ | १७,२६४ | १२५ | १८२ |
| १८५ | इक्वेटोरियल गिनी | १७,१७१ | १६,८१४ | १८३ | १८४ |
| १८६ | टोंगा | १६,१८२ | १५,६३८ | १२ | १८७ |
| १८७ | समोआ | १५,९४६ | १,६०५ | २९ | १८५ |
| १८८ | डोमिनिका | १५,७६० | १५,६७३ | ७४ | १९० |
| १८९ | जिबौटी | १५,६९० | १५,४२७ | १८९ | १८६ |
| १९० | मार्शल टापु | १५,३८९ | १५,३५८ | १७ | १८८ |
| १९१ | केन्द्रीय अफ्रिकी | १५,२६० | १४,६१५ | ११३ | १८९ |
| १९२ | मोनाको | १४,९६३ | १४,८५० | ६३ | १९१ |
| १९३ | गाम्बिया | १२,५८० | १२,१७४ | ३७२ | १९२ |
| १९४ | सेन्ट मार्टिन | १२,०२६ | १,३९९ | ६३ | १९४ |
| १९५ | ग्रीनलान्ड | ११,९७१ | २,७६१ | २१ | १९३ |
| १९६ | भनौतु | ११,९५१ | ११,९३१ | १४ | १९६ |
| १९७ | यमन | ११,९३९ | ९,१२४ | २,१५८ | १९५ |
| १९८ | क्यारिबियन नेडरलान्ड | ११,३३८ | १०,४७६ | ३६ | १९७ |
| १९९ | सिन्ट मार्टेन | १०,९२२ | १०,८२३ | ८८ | १९८ |
| २०० | इरिट्रिया | १०,१८९ | १०,०८५ | १०३ | १९९ |
| २०१ | नाइजर | ९,९३१ | ८,८९० | ३१२ | २०० |
| २०२ | एन्टिगुआ एन्ड बर्बुडा | ९,१०६ | ८,९५४ | १४६ | २०१ |
| २०३ | गिनी बिसाउ | ८,८४८ | ८,६४२ | १७६ | २०२ |
| २०४ | कोमोरोस | ८,७६२ | ८,४२१ | १६१ | २०३ |
| २०५ | लाइबेरिया | ७,९९६ | ७,६९४ | २९४ | २०४ |
| २०६ | सिएरा लियोन | ७,७५४ | ल्ख | १२६ | २०५ |
| २०७ | चाड | ७,६२७ | ४,८७४ | १९४ | २०६ |
| २०८ | ब्रिटिस भर्जिन टापू | ७,३०५ | ल्ख | ६४ | २०८ |
| २०९ | सेन्ट भिन्सेन्ट | ७,११२ | ६,६४१ | ११५ | २०९ |
| २१० | सेन्ट क्रिट्स एन्ड | ६,५४८ | ६,४८२ | ४६ | २१० |
| २११ | टर्क्स एन्ड केकोस | ६,४२९ | ६,३६४ | ३६ | २११ |
| २१२ | कूक टापू | ६,३८९ | ६,३८४ | १ | २१२ |
| २१३ | साओ टोम एन्ड | ६,२६६ | ६,१८६ | ७७ | २१३ |
| २१४ | पलाउ | ५,५१३ | ५,४९९ | ७ | २१४ |
| २१५ | सेन्ट बार्थ | ५,३२३ | अप्राप्त | ६ | २१५ |
| २१६ | नाउरू | ४,६११ | ४,६०५ | १ | २१६ |
| २१७ | अन्गिवला | ३,८६६ | ३,८४९ | १२ | २१७ |
| २१८ | किरिबाटी | ३,४३० | २,७०३ | १३ | २१८ |
| २१९ | सेन्ट पीरे मिक्वेलोन | ३,२३१ | २,४४९ | १ | २१९ |
| २२० | फक्लान्ड टापू | १,९३० | १,९३० | | २२० |
| २२१ | सेन्ट हेलेना | १,८०० | २ | | २३० |
| २२२ | मोन्टसेराट | १,४०३ | १,३७६ | ८ | २२१ |
| २२३ | मकाओ | ७९३ | ७८७ | ६ | २२२ |
| २२४ | वालिस एन्ड फुटुना | ७६१ | ४३८ | ७ | २२३ |
| २२५ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २२४ |
| २२६ | नियुए | ८५ | ८३ | | २२५ |
| २२७ | भेटिकन सिटी | २९ | २९ | | २२६ |
| २२८ | तुभालु | २३ | | | २२९ |
| २२९ | पश्चिमी सहारा | १० | ९ | १ | २२७ |
| २३० | एमएस जान्डाम | ९ | ७ | २ | २२८ |
| जम्मा | | ६३५,७०७,६४७ | ६१५,१११,५४६ | ६,५९४,७३० | |
| भाद्र १५ सम्म जम्मा | | ६०७,३३०,२५८ | ५८३,३५५,२८३ | ६,४९२,३८५ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७९।०७।१५ | | | |

# हाम्रो स्वास्थ्य

## औषधीय गुणले भरिपूर्ण करेला



करेला तीतो हुन्छ । तर औषधीय गुणले भरिपूर्ण हुन्छ । करेला पेटको लागि मात्र नभई छाला र चिनी रोगका लागि पनि फाइदाजनक मानिन्छ ।

करेलामा फोस्फोरस पर्याप्त मात्रा पाइन्छ । जसले कफ, कब्जियत र पाचन प्रणाली सम्बन्धी समस्याबाट बचाउँछ । यदि तपाईंलाई भोक लाग्दैन भने करेलाको सेवन गर्नुहोस् । यसले भोक नलाग्ने समस्याबाट पनि छुटकारा दिन्छ ।

करेलाबाट प्रचुर मात्रामा भिटामिन ए, बी र सी प्राप्त गर्न सकिन्छ । यसका साथै क्यारोटिन, बिटाक्यारोटिन, लुटिन, आइरन, जिंक, पोटासियम, म्याग्नेसियम र म्यागनिज जस्ता फ्लावोन्वाइड पनि पाइन्छ । जुन स्वस्थ शरीरका लागि निकै आवश्यक छ ।

करेलाले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । करेलाको सेवन मधुमेहका बिरामीका लागि फाइदाजनक मानिन्छ । करेला सेवनबाट हुने विभिन्न फाइदालाई यहाँ प्रस्तुत गरिएको छ :

फाइदा

**- करेलाको रसले पत्थरीको समस्या हटाउँछ**

करेलाको रस सेवनले पत्थरीको समस्याबाट छुट्कारा पाउन मद्दत मिल्छ । ताजा करेलाको रस सेवन गर्नाले पत्थरी बाहिर निस्कने गर्छ ।

**ग्यासको उपचार**

- करेलाले पाचन प्रणालीलाई स्वस्थ राख्न मद्दत गर्छ । पाचन प्रणालीलाई सही राख्नमात्र नभई करेलाको सेवन ग्यास, अपचजस्ता समस्याको समाधान पनि हो ।

**कलेजो बलियो बनाउँछ**

- करेलाको जुसले कलेजोलाई बलियो बनाउँछ । यति मात्र नभई कलेजोको सबै किसिमको समस्याबाट छुटकारा दिन पनि करेलाको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

**रोग प्रतिरोधात्मक क्षमता बढाउँछ**

- करेलामा पाइने खनिज र भिटामिनले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । रोगसँग लड्ने क्षमता बलियो हुँदा शरीरमा विभिन्न रोग लाग्ने जोखिम कम भएर जान्छ ।

**मधुमेहका बिरामीका लागि फाइदाजनक**

- रगतलाई सफा गर्नका लागि करेला अमृत समान मानिन्छ । मधुमेहका बिरामीका लागि करेलाले फाइदा दिन्छ । एक चौथाई कप करेलाको रस, यही मात्रामा गाजरको रस मिसाएर पिउँदा स्वास्थ्यका लागि फाइदाजक हुन्छ ।

स्वास्थ्यखबर

## थाहा पाइराखौँ

- सर्व प्रथम नेपालको गौचरणमा हवाइजहाज उत्रेको २००६ वैशाख ११ गते हो ।
- प्रथम विश्व युद्ध १५६१ दिन चलेको थियो ।
- फाउन्टेन पेनका आविष्कारक वारटरमेन हो ।
- नेपाल टेलिभिजनको स्थापना वि.सं. २०४१ मा भएको हो ।
- नेपाललाई सर्वप्रथम अन्तर्राष्ट्रिय स्वर्णपदक दिलाउने खेलाडी वैकुण्ठ मानन्धर हुन् ।
- बुद्धले दिएको ज्ञानको उपदेश शुक्तिपिटकमा उल्लेख छ ।
- सर्वप्रथम जयनेपाल शब्द प्रयोग गर्ने व्यक्ति शुक्रराज शास्त्री हुन् ।

सङ्कलकः न्हुछेरत्न बुद्धाचाय


## ‘भक्तपुर’ मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस् । सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ । लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला ।

**रचना पठाउने ठेगाना :**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

सम्पादकको पृष्ठ

# आफ्नो भाग्यरेखा आफै कोर्ने अवसर

प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव आउन धेरै दिन बाँकी छैन। दलहरूले चुनावी घोषणापत्र जारी गर्दै उम्मेदवारहरू प्रचारमा व्यस्त हुन थालेका छन्। सङ्घीय गणतान्त्रिक संविधान जारी भएपछिको दोस्रो संसद् र प्रदेशसभा कस्तो बनाउने ? यसको निर्णय गर्ने अधिकार र जिम्मेवारी मतदाताहरूको हो।

सार्वभौम भनिएको पहिलो संसद्को बनोटमा ठेकेदार, विभिन्न अपराधका अभियुक्त र दोषी, रोजगारको नाममा विदेशमा दास बनाउन पठाउने, शैक्षिक र स्वास्थ्य क्षेत्रका माफिया, विगतदेखि भ्रष्टाचारमा लिप्तहरू धेरै देखिएका थिए। त्यही संसद्बाट बनेको सरकारमा दलीय सिद्धान्तच्युत, फोस्रो आश्वासन दिन खप्पिस, प्रजातान्त्रिक मूल्य–मान्यतालाई पालना नगर्ने, समाजवाद उन्मुख संविधानको मर्म विपरीत पूँजीपतिवर्गको पक्षलिने, देश र जनताभन्दा आसेपासे र विदेशी शक्तिको भक्तिगर्नेहरू रहेका थिए। त्यसैको परिणाम जनआन्दोलन, शहीदको शहादत, प्रजातन्त्र र गणतन्त्र को हुर्मत लुटिएको थियो। त्यसैले जनताको दुःख कष्टमा कमी आएन। एमसीसी, एसपीपी, नागरिकताको विषयले देशकै सार्वभौमिकता, स्वतन्त्रता र स्वाधिनता सङ्कटमा पुऱ्यायो, देश फिजीकरण र सिक्किमीकरण हुने जोखिम बढ्यो। सारमा हाम्रो देशको अस्तित्वमै खतरा उत्पन्न भयो।

यस्तो धरातलीय यथार्थमा अब मतदाताले त्यस्तै संसद् बनाउन मताधिकार प्रयोग गर्ने कि देशलाई बचाउने, जनताको हितमा कानुन बनाउने सांसदहरूको संसद् बनाउनमा ? त्यो मतदाताको हातको कुरा हो।

देश सबैलाई प्यारो छ, जनताको हित सबै चाहन्छन्। तर, आफ्नो हातको मत गलत दल र उम्मेदवारलाई दियोभने जनताको चाहना र इच्छा कहिल्यै पूरा हुँदैन। त्यसको उल्टो परिणाम भोग्नुप नै हुन्छ जसरी आज भोगिरहेका छौँ।

त्यसैले, देशभक्त, जनतालाई माया गर्ने प्रत्येक मतदाताले देशघातविरुद्ध सदन र सडकमा सङ्घर्षरत, व्यापक कामदार जनताको हितमा कानून बनाउन निरन्तर आवाज उठाउने, सैद्धान्तिक अडान र निष्ठा अनुरूपको व्यवहारमा दृढ, भागबन्डा र अनैतिक सुविधाको विरोध गर्दै इमानदारीमा अब्बल पार्टी र त्यसका उम्मेदवारलाई जिताउनु समयको माग हो।

सारमा, देश र जनताको हितमा आफ्नो योगदान स्वरूप मतको सदुपयोग गरी आफ्नो भाग्यरेखा आफैले कोर्ने अवसर चुनाव हो। आगामी चुनावमा प्रत्येक सचेत र विवेकशील मतदाताले आफ्नो भाग्यरेखा आफैले कोर्ने अवसरको अधिकत्तम उपयोग गर्ने अपेक्षा छ।



भक्तपुर नपाबाट नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका खेलकुद शिक्षकहरूलाई कार्तिक १ देखि ६ गतेसम्म पिटी, एथ्लेटिक्स, भलिबल, फुटबल, कबड्डी र खोखो खेलसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम




भक्तपुर नपामा नयाँ एम्बुलेन्स